आदेश: [illegible] मुलुकि [illegible]

[illegible] प्रमाणित काठमाडौं

[illegible]

मिति: २०६१

# बाहिङ किरात जातिहरुको सामाजिक-साँस्कृतिक पक्ष र परिवर्तनको अध्ययन

(ओखलढुङ्गा जिल्ला, बरुणेश्वर गाउँ विकास समिति वार्ड नं. ७ को स्थलगत अध्ययन)

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अर्न्तगत, स्नातकोत्तर तह, समाजशास्त्र विषयको आंशिक आवश्यकता परिपूर्तिका लागि

पशुपति बहुमुखी क्याम्पसको

समाजशास्त्र तथा मानवशास्त्र विभागमा

प्रस्तुत

# शोध-पत्र


**शोधकर्ता**

टेकधन राई

क्रमाङ्क : ११५ (२०६७)

परीक्षा सिम्बल नं. २७८०१४४

त्रि.वि. रजिष्ट्रेशन नं.२४८०९-८९

पशुपति बहुमुखी क्याम्पस

समाजशास्त्र तथा मानवशास्त्र विभाग

चावहिल, काठमाडौ

# त्रिभुवन विश्वविद्यालय

# पशुपति बहुमुखी क्याम्पस

# समाजशास्त्र/मानवशास्त्र विभाग

चावहिल, काठमाडौं

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालयद्धारा निर्धारित पाठ्यक्रम अनुसार स्नातकोत्तर तह समाजशास्त्र विषयको आंशिक आवश्यकता पूरा गर्नको निमित्त मेरो निर्देशनमा टेक धन राईले **"बाहिङ किरात जातिहरुको सामाजिक-सांस्कृतिक पक्ष र परिवर्तनको अध्ययन"** शीर्षकको शोधपत्र तयार गरेको प्रमाणित गर्दै उक्त शोधपत्रको अन्तिम मूल्यङ्कनका लागि शोधपत्र मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

मिति : २०७०/११।८

...........

**खड्ग नारायण श्रेष्ठ**

(शोध निर्देशक)

समाजशास्त्र तथा मानवशास्त्र विभाग

पशुपति बहुमुखी क्याम्पस

चावहिल, काठमाडौं

त्रिभुवन विश्वविद्यालय

पशुपति बहुमुखी क्याम्पस

# समाजशास्त्र/मानवशास्त्र विभाग

चावहिल, काठमाडौं

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अर्न्तगत समाजशास्त्र विषयको स्नातकोत्तर तहका निम्ति टेक धन राईद्धारा तयार पारिएको शोधपत्र **"बाहिङ किरात जातिहरुको सामाजिक-सांस्कृतिक पक्ष र परिवर्तनको अध्ययन"** स्नातकोत्तर उपाधिका लागि उपयुक्त ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

विभागीय प्रमुख: डा. केशव कुमार श्रेष्ठ ..............................

वाह्य निरीक्षक : **राजेन्द्र पण्डित** ..............................

शोध निर्देशक : खड्ग नारायण श्रेष्ठ ..............................

# भूमिका

यस **"बाहिङ किरात जातिहरुको सामाजिक-सांस्कृतिक पक्ष र परिवर्तनका अध्ययन"** ( **ओखलढुङ्गा जिल्ला, बरुणेश्वर गाउँ विकास समिति, वार्ड नं. ७ को स्थलगत अध्ययन**) विषयक शोधपत्र समाजशास्त्र विषयको स्नातकोत्तर तह द्वितीय वर्षको आंशिक आवश्यकता पूरा गर्नका लागि तयार गरिएको हो । शोधकार्यका लागि तथ्याङ्क सङ्कलन गर्ने कार्य एक जटिल, गहन तथा संवेदनशील विषय हो । यस शोधकार्यलाई पूरा गर्नका लागि शोध विषय शीर्षकसंग सम्बन्धित तथ्यहरुको खोज अनुशन्धान गर्ने क्रममा मैले धेरै व्यक्ति, संघ-संस्थाहरुको सहयोग लिएको छु ।

सर्वप्रथम, शोधपत्र तयार गर्नका लागि मेरो शोध प्रस्तावदेखि शोधपत्र लेखनकार्यको अन्तसम्म आफ्ना अमूल्य सल्लाह सुझावहरु दिएर निर्देशन दिनुहुने मेरा आदरणीय गुरु तथा शोध निर्देशक **श्री खड्ग नारायण श्रेष्ठज्यू** प्रति हृदयदेखि नै आभार व्यक्त गर्दछु । शोधपत्र लेखन कार्यमा आफ्ना व्यस्तताको बाबजुद पनि अमूल्य समय दिएर आवश्यक मार्गनिर्देश दिनुका साथ मलाई सधैं अगाडि बढ्नका लागि प्रेरित गर्नुहुने समाजशास्त्र/मानवशास्त्र विभागका विभागीय प्रमुखज्यू प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

शोध अध्ययनका लागि प्राथमिक तथ्याङ्क सङ्कलन गर्ने क्रममा शोधकार्य स्थल ओखलढुङ्गा जिल्ला, बरुणेश्वर गा. वि. स., वार्ड नं. ७ का बाहिङ किरात समुदायका सम्पूर्ण बाहिङ उत्तरदाताहरु एवं मेरा शोधकार्यसंग सम्बन्धित आवश्यक तथ्यहरु उपलब्ध गराइ दिनुका साथ आवश्यक सल्लाह, सुझाबहरु दिइ सहयोग गर्नु हुने विशेष गरी **नक्सो बुद्धि कुमार बाहिङ, मुन्धुमी टेक बहादुर बाहिङ, बिर बहादुर बाहिङ, दिलकुमारी बाहिङ, मनकुमारी बाहिङ, इन्द्रमाया बाहिङ, बुद्धिसरी बाहिङ, कृष्ण बाहिङ, जय बहादुर बाहिङ, गंगाराज बाहिङ, देश बहादुर बाहिङ, दुजमाया बाहिङ, भुपाल बाहिङ, योगेन्द्र बाहिङ, रुद्र बाहिङ, सुनिल बाहिङ, सुमित्रा बाहिङ, बम बाहिङ, पृथ्वी सिं चाम्लीङ, जे.बि. बाहिङ, भिम बहादुर बाहिङ, इन्द्र बहादुर बानियाँ, घन बहादुर बानियाँ, राम बानियाँ** साथै प्रभु प्राथमिक विद्यालय ढुस्केका प्रधानाध्यापक **कुल बहादुर बानियाँ**, माम्खा निवासी **ढिकुरेली बाहिङ चेली ८४ वर्षिय आशलक्ष्मी बाहिङ**, रागादिप निवासी **मुन्धुमी तेजलाल बाहिङ, रागादिप खिम्ली निवासी डम्बर सिं बाहिङ** ओखलढुङ्गा निवासी **मुन्धुमी बुद्धि कुमार हृवाङ्गु** , मोली जेरे निवासी **धिरेन खाटाली बाहिङ** आदिमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

यसैगरी मलाई उच्च शिक्षासम्मको अध्ययन गरेको देख्न चाहनु हुने तथा सधैं मेरो अध्ययनमा प्रेरणादायी श्रोत बनिरहनु हुने मेरा **परमपूजनीय स्वर्गीय बुबा-आमाद्वय भैरब बहादुर राई** तथा **बिष्णु कुमारी राईज्यू** प्रति भावपूर्ण कृतज्ञाता व्यक्त गर्दै मेरा परिवारजन, नातागोता एवं शुभचिन्तकहरु प्रति पनि म कृतज्ञ छु ।

अन्तमा, मेरो यस शोधपत्र तयार गर्नमा उत्प्रेरणा जगाइ अमूल्य सल्लाह सुझाव दिनुहुने तथा अध्ययन श्रोत सामग्री उपलब्ध गरी सहयोग गर्नुहुने जिल्ला विकास समिति ओखलढुङ्गाका सदस्यज्युहरु, गाउँ विकास समितिको कार्यालय बरुणेश्वरका सचिव, पशुपति बहुमुखि क्याम्पस लाइब्रेरी रिफ्रेन्सका लाइब्रेरियन, त्रि.वि. केन्द्रिय पुस्तकालयका लाइब्रेरियन, आदिवासी जनजाति महासंघका सदस्यहरु, **बाहिङ किरात मुलुखिम संस्थाका सदस्यहरु,** किरात राई यायोक्खा केन्द्रिय कार्यालयका सदस्यहरु, **ढिकुरेली बाहिङ किरात समाज गुठीका सदस्यहरु** तथा **ओलाङ्गचुङ्गगोला गा.वि.स., ताप्लेजुङ्ग निवासी निमा दोर्जी शेर्पा तथा गंगा बान्तावा बाहिङ (ओखलढुङ्गा) साथै कम्प्युटर प्राविधिक सहयोग गर्नुहुने अंकित रुम्दाली (ओखलढुङ्गा) प्रति विशेष आभार प्रकट** गर्दछु ।

**टेक धन राई**
फोन नं. ९८४१-४२७०८९
e-mail: rumdali77@hotmail.com

मिती २०७०, माघ, २६

# विषय-सूची


| विषय | पेज नं. |
|---|---|
| (क) तालिका सूची | i |
| (ख) तस्बिर-सूची | j |
| (ग) सक्षिप्तीकरण | k |
| (घ) विशिष्ट शब्दावलीहरु | l |
| **अध्याय : एक** | |
| **परिचय** | |
| १.१.अध्ययनको पृष्ठभूमी | १ |
| १.२. समस्याको कथन | ४ |
| १.३. अनुसन्धानको उद्देश्य | ६ |
| १.४. अध्ययनको महत्त्व र औचित्य | ७ |
| १.५. अध्ययनको संगठन | ८ |
| **अध्याय : दुई** | |
| **साहित्यीक समिक्षा** | |
| २.१. पूर्वसन्दर्भ साहित्यको पुनरावलोकन | ९ |
| **अध्याय : तीन** | |
| **अध्ययन विधि** | |
| ३.१. अध्ययन क्षेत्रको छनौटको औचित्य | २४ |
| ३.२. अनुसन्धानको ढाँचा | २५ |
| ३.३. तथ्याङ्कको प्रकृति र श्रोत | २५ |
| ३.४ समग्रता र नमूना छनौट | २६ |
| ३.५. तथ्याङ्क संकलन विधि | २६ |
| **३.५.१. प्राथमिक श्रोत** | **२६** |
| ३.५.१.१. अर्न्तवार्ता अनुसूची | २६ |

३.५ १.२.अवलोकन २६

३.५.१.३. प्रमुख जानकार व्यक्तिहरुसंगको अर्न्तवार्ता २७

३.५.१.४. सामूहिक छलफल २७

**३.५.२. द्वितीय श्रोत** **२८**

३.६. तथ्याङ्को विश्वासनियता र वैद्यता २८

३.७. तथ्याङ्को प्रस्तुती र विश्लेषण २८

३.८. अध्ययनको सीमा २९

**अध्याय : चार**

**अध्ययन क्षेत्रको परिचय र जनसंख्या**

४.१ अध्ययन क्षेत्रको परिचय ३०

४.२ भौगोलिक अवस्था ३१

४.३ हावापानी ३२

४.४ राजनैतिक तथा प्रशासनिक विभाजन ३२

४.५ जनसंख्या ३३

४.६ बाहिङ किरात जाति र तिनीहरुका लिखित अलिखित इतिहास ३७

४.७ बाहिङ जातिका वंश ४१

४.८ बाहिङ किरात जातिहरुको वर्तमान बसोबास क्षेत्र ४२

४.९ बाहिङ किरात जातिहरुको धर्म, संस्कार ४४

४.१० बाहिङ जातिहरुको पेशा ४५

४.११ बाहिङ जातिमा शिक्षा ४७

४.१२ बाहिङ किरात जातिहरुको ऐतिहासिक भूमिहरु ४८

**अध्याय : पाँच**

**अध्ययन क्षेत्रका बाहिङ किरात जातिहरुको सामाजिक,**

**सांस्कृतिक पक्ष र परिवर्तनका अध्ययन**

५.१ सामाजिक पक्ष ५०

५.१.१. जनसांख्यिक विवरण ५०

५.१.२ परिवारको आकार ५३

५.१.३ नातेदारी प्रणाली ५४
५.१.४ वंश ५५
५.१.५ भाषा ५९
५.१.६ धर्म ६२
५.१.७ लैङ्गिक स्थिति ६३
५.१.८ शैक्षिक स्थिति ६५
५.१.९ स्वास्थ्य ६६
५.१.१० पेशा ६७
५.१.११ कार्यक्षेत्रका बाहिङ जातिहरुको छिमेकी र अन्य जातजातिहरुसंगको सम्बन्ध ६८
५.२ सांस्कृति, संस्कार र परम्पराहरु ७०
५.२.१ जन्म संस्कार (न्वारान) ७०
५.२.२ पास्नी ७२
५.२.३ छेवर ७२
५.२.४ गुन्युचोली ७३
५.२.५ विवाह ७३
५.२.६ मृत्यु संस्कार ७८
५.२.७ चाडपर्वहरु ८२
५.२.७ १ पूर्खा/पित्री पूजा ८२
(क) वाइलिङ्मो ८४
(ख) बकललुक्चो ८५
(ग) मोसुम ८५
(घ) ताम ८६
(ङ) हङ सिली पूजा ८७
५.२.७.२ उद्यौली उभौली पर्व ८९
५.२.७.३ भूमे/भूमि पूजा ९०
५.२.७.४ अन्य संस्कार र चाडपर्वहरु ९०

५.२.८ वस्त्रआभुषण ९१

५.२.९ गीत संगीत ९१

५.३ सामाजिक सांस्कृतिक परिवर्तनको अध्ययन ९२

(क) सामाजिक परिवर्तन ९३

(ख) सांस्कृतिक परिवर्तन ९५

**अध्याय : छ**

**सारांश, निष्कर्ष तथा सुझावहरु**

६.१ सारांश ९८

६.२ निष्कर्ष १०२

६.३ सुझावहरु १०५

**अर्न्तवार्ता अनुसूची** १०८

**सन्दर्भग्रन्थ सूची** ११४

**परिशिष्ट-१.** रोङ्बु/रुम्दाली, खालुवा तथा नेचाली बाहिङ भित्रका पाछ्रा (दोचा)हरु र तिनीहरुका दाप्चि/दाप्सि निङहरु ११७

**परिशिष्ट-२.** शोध कार्यसंग सम्बन्धित केही तस्वीरहरु ११९

**परिशिष्ट-३** अध्ययन स्थलबाट प्राप्त बाहिङ वंशावलीहरु i

# तालिका-सूची


| तालिका नं. | शिर्षक | पेज नं. |
|---|---|---|
| तालिका नं.१ | जनगणना २०६८ को जनसंख्या विवरण | ३४ |
| तालिका नं.२ | चालू शैक्षिक सत्र-२०७० मा प्रभु प्रा.वि.को विद्यार्थी विवरण | ३६ |
| तालिका नं.३ | जातका आधारमा बाहिङ जनसंख्या | ४३ |
| तालिका नं.४ | भाषाका आधारमा बाहिङ जनसंख्या | ४३ |
| तालिका नं.५ | कार्यक्षेत्रका बाहिङहरुको पेशाको विवरण | ४६ |
| तालिका नं.६ | नोकरी क्षेत्रमा संलग्न शोधक्षेत्रका बाहिङहरुको विवरण | ४७ |
| तालिका नं.७ | कार्यक्षेत्रका बाहिङ किरात जातिहरुको शैक्षिक स्थिति | ४८ |
| तालिका नं.८ | लिङ्गका आधारमा कार्यक्षेत्रका बाहिङहरुको जनसंख्या विवरण | ५१ |
| तालिका नं.९ | उमेरका आधारमा अध्ययनस्थलका बाहिङ जातिहरुको जनसंख्या विवरण | ५१ |
| तालिका नं.१० | कार्यक्षेत्रका बाहिङ किरात जातिहरुको परिवारको आकार | ५३ |
| तालिका नं.११ | परिवार प्रकारका आधारमा कार्यक्षेत्रका बाहिङहरुको परिवारको विवरण | ५४ |
| तालिका नं.१२ | चोपुनिङ र बुलामनिङ बीच भिन्नता | ५९ |
| तालिका नं.१३ | साझा र तुम्लो बाहिङ भाषा बीचको अन्तर | ६१ |
| तालिका नं.१४ | धर्मअनुसार उत्तरदाताहरु | ६२ |
| तालिका नं.१५ | परिवारमा प्रमुखको भुमिका | ६४ |
| तालिका नं.१६ | कार्यक्षेत्रका बाहिङ जातिहरुको शैक्षिक स्थिति | ६५ |
| तालिका नं.१७ | कार्यक्षेत्रका बाहिङहरुको पेशाको विवरण | ६७ |
| तालिका नं.१८ | कार्यक्षेत्रका बाहिङहरुमा प्रचलित विवाह मन पराउने उत्तरदाताहरुको संख्या | ७६ |

# तस्बिर-सूची


| तस्बिर नं. | फोटो शीर्षक | पेज नं. |
| --- | --- | --- |
| तस्बिर नं.१ | पचहत्तर जिल्ला भित्र ओखलढुङ्गा जिल्ला | ११९ |
| तस्बिर नं.२ | ओखलढुङ्गा जिल्लाको नक्सा | ११९ |
| तस्बिर नं.३ | ओखलढुङ्गा जिल्लाको सदरमुकाम नामाकरण गरिएको "ढुङ्गा" | १२० |
| तस्बिर नं.४ | बाहिङ पूर्खा रोङ्बु र खालुवाको बसोबास स्थल "रुम्जाटार" | १२० |
| तस्बिर नं.५ | शोधकार्य स्थल ढिकुर, ढुस्के गाउँ | १२१ |
| तस्बिर नं.६ | परम्परागत बाहिङ घर | १२१ |
| तस्बिर नं.७ | आधुनिक बाहिङ घर | १२१ |
| तस्बिर नं.८ | नक्सो बुद्धिकुमार बाहिङका साथमा अन्य उत्तरदाताहरु | १२२ |
| तस्बिर नं.९ | ताम पूजाका लागि तयारी गरिदैं | १२२ |
| तस्बिर नं.१० | मोसुम पूजा थान | १२३ |
| तस्बिर नं.११ | ताम पूजामा बिमारीले नक्सोबाट आशिष थाप्दै | १२३ |
| तस्बिर नं.१२ | कठूवा | १२३ |
| तस्बिर नं.१३ | पित्री पूजामा उपस्थित बाहिङ महिलाहरु | १२४ |
| तस्बिर नं.१४ | सामूहिक छलफलमा उपस्थित बाहिङहरु | १२४ |
| तस्बिर नं.१५ | सदरमुकामबाट कार्यक्षेत्र जोड्ने सडक | १२५ |
| तस्बिर नं.१६ | परम्परागत भेषभुषामा बाहिङ महिलाहरु | १२५ |
| तस्बिर नं.१७ | बाहिङ महिलाहरुको गरगहना | १२५ |
| तस्बिर नं.१८ | बाहिङ जातिमा दशैं | १२६ |
| तस्बिर नं.१९ | बाहिङ जातिमा तिहार | १२६ |
| तस्बिर नं.२० | उत्तरदाताहरु आश्लक्ष्मी र बिर ब.साथमा शोधकर्ता | १२७ |
| तस्बिर नं.२१ | बाहिङ वंश सम्बन्धी ज्ञाता इन्द्र ब. बानियाँ | १२७ |
| तस्बिर नं.२२ | सामूहिक छलफलमा बाहिङ अग्रजहरु | १२७ |
| तस्बिर नं.२३ | शोधकर्ताका स्वर्गीय बुबाआमाद्धय | १२७ |

# संक्षिप्तीकरण

ई.पु. = ईसा पूर्व

कि.मी. = किलोमिटर

कि.रा.या. = किरात राई यायोक्खा

गा.वि.स. = गाउँ विकास समिति

जि.वि.स. = जिल्ला विकास समिति

त्रि.वि. = त्रिभुवन विश्वविद्यालय

नं. = नम्बर

प्रा. वि. = प्राथमिक विद्यालय

बा.कि.मु. = बाहिङ किरात मुलुखिम

मा.वि. = माध्यमिक विद्यालय

वि.सं. = विक्रम सम्वत्

## विशिष्ट शब्दावली

इक्के = हाम्रो ।

कठुवा = ठेकी जस्तो काठको रक्सी राख्ने भाँडो ।

किःमो = विवाहमा जन्ती जाँदा राती जग्गे वरिपरि बसेर बुढापाकाले गाउने परम्परागत गीत

क्रिङ्माल्वागुम = बाहिङ महिलाले लगाउने परम्परागत चोलो ।

खिम = घर ।

खिस्तो = बाहिङ भाषाबाट ढुस्के गाउँको नाम ।

खुवालाप्खा = मर्ने मान्छेलाई दिइने अन्तिम खाना ।

गल/सिप्खा = रक्सी ।

गाँधा = नक्सोले पित्री पूजा गर्दा दुवै काँधबाट तल छातीमा क्रस हुनेगरी कम्मरसम्म भ्फारिएको पटुकाको कपडा ।

ग्रो/मानिमा = भ्याम्टो ।

ङाबुचा = नक्सोलाई मुन्धुम सम्बन्धी आवश्यक सल्लाह दिने मुन्धुमज्ञाता ।

ङासी = पित्रीपूजा गर्दा बाहेक अन्य समंयमा प्रयोग गरिने साधारण किसिमको जाँड ।

चाम्फुरी = पित्रीपूजा गर्दा नक्सोले टाउको वरिपरि लगाउने सुनखरीको बोटबाट बनेको विशेष प्रकारको माला ।

चिः = पित्रीपूजा गर्दा बाहिङ जातिले मात्र प्रयोग गर्ने विशेष किसिमको जाँड ।

चिःचा = पित्रीपूजा गर्दा जाँडको रेखदेख, बाँडफाँड गर्ने व्यक्ति ।

चुरीख्वासी = हङ सिली पूजा गर्दा राँगो बाँध्न बनाइएको बुट्टेदार काठको किला ।

चोपुनिङ = बास्तविक नाम ।

जरोभ्फसी = भेषभुषा ।

ज्वाले = डालोजस्तो बाँसको चोयाले बनेको भाँडो ।

जाचोमोक्चो = भातखुलाइ ।

जुतो = सुँगुरको मल/दीसा ।

भ्फाम्चा/जाम्चा = धामी/भ्फाक्री ।

तुम्लो = रीति

तुम्लोचा = रीतिजान्ने व्यक्ति ।

दलकुम = विवाहको जन्ती विदाई गर्नु पूर्व गाइने गीत ।

दाप्सी/दप्ची निङ = गोत्रीय नाम ।

देल = गाउँ ।

धो = उच्च पहाडीभेक/चिसो ठाउँ/लेक ।

नक्सो/नक्स = बाहिङ जातिहरुको जातीय पूरोहित ।

पाछ्रा/दोचा = उपथर ।

पियालक्चो = पित्रीपूजा गर्दा नक्सोले टाउकोमा मयुरको प्वाँखले बनेको श्रीपेजको रुपमा लगाउने बस्तु ।

पिरुम = अदुवा ।

पुपुम = चिण्डो ।

पो = सुँगुर ।

पो लुक्चो = पित्रीपूजामा सुँगुरलाई विशेष किसिमले चोख्याउने ।

बकल लुक्चो = चुल्हो चोख्याउने ।

बुलामनिङ = मान्छे मरेपछि राखिने नाम ।

बेर्तिलाप्खा = मरेको मान्छेलाई दिइने सामल ।

भूमिपुत्र = जंगल फडानी गरी पहिला बसोबास गर्ने मान्छे ।

भुली = चौरी गाईको पुच्छर/चमर ।

मुन्धुम = अलिखित रुपमा रहेको किरात धर्मग्रन्थ ।

मोका = पित्रीभात ।

मोक्ते = नक्सोले पित्रीपूजा गर्दा लगाउने कोट, जुन अल्लोको धागोबाट हातेतानमा बुनिएको हुन्छ ।

मोसुम = पित्री/पूर्खा पूजा

मोसे = पित्रीका लागि चढाएको मासु ।

युक्सी = नुन ।

रङ्वे = बाँसको टुक्राबाट बनेको सासको भरमा बजाउने बाजा ।

रदु/रोदु = राई ।

लहबिरे = पित्रीपूजा गरी सकेपछि अग्रजहरुले गाइने गीत ।

लिङ्खाम = जाँड बनाउने औषधी/मर्चा ।

लिफे = साकेला सिली नाँच्दा हातमा समातेर लिइ नाचिने काठबाट बनेको खुकुरीको नमुना ।

लो = कुरा

लोरो = मुन्धुम ।

वाइलिङ्मो = घरचोख्याउने ।

वाचेरसुरा = विउविजन ।

साइग्रा = महिलाले कपाल बाट्दा लगाउने धागो ।

सारीथार्मा = नक्सोले पित्रीपूजा गरीदिए वापत उपहार स्वरुप नक्सोलाई दिइने वस्तु ।

सारी दि:पिक्चो = पित्रीमा चढाउने ।

सिली = नाँच ।

सेरी = चामल ।

हङ = सातदिन सातरात गरिने पित्रीपूजा/सप्ताहा ।

हेङमाला = केराको पात ।

हेल्पो = सम्धि ।

हेल्मो = सम्धिनी ।

अध्याय : एक

# परिचय

## १.१. अध्ययनको पृष्ठभूमि

भौगोलिक दृष्टिकोणले नेपाल एक सानो मुलुक भए तापनि यहाँको भू-बनावट, हावापानी, वनस्पती, जातजाति, धर्म, संस्कृति, रहनसहन, भाषा आदिको दृष्टिकोणबाट हेर्दा नेपाल विशाल तथा विविधताले भरीपूर्ण छ । भनाइनै छ कि नेपाल आफैमा एक सानो विश्व रहेकोछ । (Nepal is a small world in itself)

नेपालको राष्ट्रियता नेपाली भएतापनि यो नेपालीपनभित्र विविध धर्म, संस्कार, रहनसहन, चाढपर्व, रीतिरिवाज, भाषा, संस्कृति मान्ने विविध थरीका जातजातिहरु परापूर्वकालदेखि नेपाल भूमिलाई आफ्नो मातृभूमि मानेर बसिरहेका छन् । अथवा पृथ्वीनारयण शाहको दिव्योपदेश अनुसार "नेपाल चार वर्ण छत्तीस जातको साझा फूलबारी हो ।" नेपालमा बस्ने सबै जातजातिहरुले आफ्नो पहिचानका लागि परापूर्वकालदेखि चलिआएको चालचलन रीतिरिवाज, धर्म संस्कृतिलाई जोडतोडका साथ संरक्षण गर्न जागरुकता देखाएका छन् । अझ प्रथम जनआन्दोलन-२०४६ पछि पूर्नस्थापना भएको प्रजातन्त्रमा बनेको २०४७ सालको संबिधानले प्रदत्त मौलिक अधिकार एवं दोश्रो जनआन्दोलन-२०६२/६३ पछि बनेको *अन्तरिम संबिधान-२०६३ को धारा ३* मा "बहुजाति, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त, समान आकाङ्क्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, अखण्डता, राष्ट्रियहित तथा समृद्धिप्रति आस्थावान् रही एकताको सूत्रमा आवद्ध सबै नेपाली जनता समष्टि रुपमा राष्ट्र हो ।" भनी नेपाल राष्ट्रको परिभाषा गरीएकोछ भने सोही संबिधानको मौलिक हक अर्न्तगत समानताको हक खण्डमा सबै नागरिक कानूनको नजरमा समान हुनेछन् भन्ने वाक्यले आज सम्पूर्ण जातजातिहरु आफ्ना स्थानबाट आफ्नो संस्कृतिको पहिचान गराउन एकजुट भएर अगाडि बढिरहेका छन् । यसैक्रममा "आदिवासी जनजाति भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको जाति वा समुदायलाई सम्झनु पर्छ ।" भनी *आदिवासी जनजाति राष्ट्रिय प्रतिष्ठान ऐन- २०५८* को दफा २ मा परिभाषा गरिएको छ भने "यो महासन्धी स्वतन्त्र देशहरुका ती आदिवासी जनजातिमा लागू हुन्छ, जसको सामाजिक, साँस्कतिक र आर्थिक अवस्थाहरुले

उनीहरुलाई ती देशका अन्य राष्ट्रिय समुदायहरु भन्दा पृथक देखाउँछ र जसको अवस्था पूर्ण वा आँशिक रुपमा उनीहरुको आफ्नै रीतिरिवाज वा परम्परा वा विशेष कानुन वा नियमहरुद्धारा संचालित हुन्छ " भनि अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धी नं. १६९ को अनुच्छेद-१ मा आदिवासी जनजातिसम्बन्धी प्रावधान रहेकोछ । "जनजाति भन्नाले हिन्दूवर्णाश्रम बाहिरका गैरखसभाषी तथा पैतृक संस्कार मान्ने जातीय समुहहरुलाई जनाउछ ।" *(गुरुङ -२000)*

हाल आदिवासी जनजातिहरुलाई नेपाल सरकारले जम्मा ५९ समूहमा सूचिकृत गरी राजपत्रमा प्रकाशित गरेको छ भने अन्य आदिवासी जनजातिहरु सूचिकृतका लागि संघर्षरत छन् ।

बाहिङ जातिको विषयमा विश्लेषण गर्नु भन्दा पूर्व "किरात" जातिको बारेमा विश्लेषण गर्नु आवश्यक देखिन्छ । यसर्थ, इतिहासकार बालचन्द्र शर्माको "नेपालका ऐतिहासिक रुपरेखा" पुस्तकको पाना नं. ३४ र ३५ मा उल्लेख गरिए अनुसार "हिमालय पर्वतको सर्वाधिक प्राचीन जातिमध्ये किरात पनि एक हो । किरातहरु प्राचीन कालमा भोटदेखि नै हिमालय वारी आएका हुन् । किरात अनुश्रुति अनुसार पहिले भोट स्थित ताशी रब्का भन्ने ठाउँको गोठालाको चौरी गाई हराएछ । गोठालाहरु बालेङ्चुङ (ओलाङ्चुङ) बाट याङमा घाँटीतिर खोज्न आएछन् । यसरी चौरी गाईको गोठालाहरुको एक समूह हिमाल पार गरी दक्षिण भागको उब्जाउ फाँटमा बसोबास गरी त्यही शासन गर्न थालेका थिए । इस्वी सम्बत्को प्रारम्भतिर भारतबाट गएका जातिहरुद्धारा किरातहरुलाई तराइतिर झर्न रोक लगाएकोले किरातहरुको बसोवास स्थल नेपालको पूर्वी पहाड रहेको पाइन्छ । किरातका दुई सन्तान थिए । तिनीहरु मध्ये एक सन्तान तमोर नदीको वरिपरि बसोबास गरे, जसलाई "किरात लिम्बु" भनिन्छ भने अर्को सन्तान अरुण नदी र यहाँदेखि पश्चिमतिर बसोबास गरे, जसलाई "किरात राई" भनिन्छ । किरातका यी दुई मुख्यसन्तानहरुमध्ये किरात राईका सन्तानहरु पनि विस्तारै फरक फरक भौगोलिक बनावट भएको स्थानमा बसाइँ सरेर बस्ने क्रममा त्यहीको स्थानीय हावापानी भू-बनौट अनुसारको भाषा रहनसहन विकास-विस्तार गरेको पाइन्छ । जसका कारण किरात राई जातिका भाषा फरकफरक रहेको साथै उनीहरु धेरै प्रकारका थर, उपथर गोत्रमा बाँडिएका छन् ।" किरात राई अर्न्तगत बान्तावा, चाम्लिङ, बाहिङ, थुलुङ, कुलुङ, सोताङ, नाछिरीङ, साङपाङ, खालीङ, दुमी, वम्बुले, जेरो आदि गरी जम्मा २८ थरमा विभाजित रहेको कुरा किरात राईहरुको छाता संस्था "किरात राई यायोक्खाले उल्लेख गरेको छ । *(निप्सुङ-२०४८)* अरुण नदी वरिपरि बसोबास गर्ने किरात जातिहरु मध्ये रोङ्बु/रुङ्बु नामगरेका सन्तान आदिमकालमै बसाइँ सरेर बस्नेक्रममा वल्लो किरात प्रदेश अर्न्तगत "टारबारी" मा

सर्वप्रथम बसोबास गरेकोले सो टारबारीको नाम सोही रोङ्बु/रुङ्बुबाट "रुम्जाटार" रहनगएको र यहाँ बसोबास गर्ने रोङ्बु/रुङ्बुका सन्तानहरुलाई "रुम्दाली किरात" भन्ने गरिएको किम्वदन्ती पाउनुका साथै यस रुम्जाटारमा किरातका अर्का सन्तान खालुवा/खालिवा पनि आएर बसोबास गर्न थालेपछि रोङ्बु/रुङ्बु र खालुवा/खालिवाको सन्तानहरुलाई संयुक्तरुपमा "बाहिङ किरात" जाति नामकरण गरिएको हो भन्ने अग्रजहरुको अनुश्रुति रहेकोछ । उनीहरुको आफ्नै मौलिक मातृभाषा रहेको छ, जसलाई बाहिङ भाषामा "लो" भनिन्छ भने आफ्नो मातृभाषा अनुसार आफ्नो बाहिङ किरात जाति चिनाउन "रदु" शब्द प्रयोग भएको पाइन्छ । बाहिङ किरात जातिहरुको आफ्नो मौलिक भाषा, रहनसहन, लवाइखवाइ, संस्कृति संस्कार एवं लिखित अलिखित इतिहासहरु रहेको पाइन्छ, जसको कारण यिनीहरु पनि नेपालका आदिवासी जनजातिहरुमध्ये एक हुन् । तापनि नेपाल सरकारले हालसम्म जनजातिको सूचीमा सूचीकृत गरेको छैन । त्यसैले नेपाल सरकारको जनजाति सूचीमा सूचिकृत हुनका लागि संस्थागत भै संघर्षरत अवस्थामा रहेका पाइन्छ ।*(मिम्खा-२०६३)*

"बाहिङ किरात जातिभित्र पनि फरक-फरक पाछा/दोचा (थर उपथर) हरु जस्तै थाम्रोचा, हजुपाचा, युन्बुचा, दुङमोचा, दिलिङवाचा, रोकेचा, पियाचा, रल्लोचा, र्म्यासाचा, नाम्र्व्यासाचा, मुनारी, तोनीमी, सुस्तोचा, रिपोचा, रिनाम्साचा गरी ५९ भन्दा माथि रहेकाछन् भने वर्तमान समयमा उनीहरु वल्लो किरात प्रदेश हालको ओखलढुङ्गा जिल्लाको हर्कपुर, राँगाद्धिप, बरुणेश्वर, विगुटार, अँधेरी, रुम्जाटार, बर्नालु, मोली, केत्तुके, वाक्सा, माम्खा, ओखलढुङ्गा, रातमाटे, भदौरे, तलुवा, आदि गाउँ विकास समितिहरुमा परापूर्वकालदेखि बसोबास गर्दै आएको छन् भने सोलुखुम्बु जिल्लाको नेचाबतासे, सल्यान, तिङला र खोटङ जिल्लाको लामिडाँडा, चिउरीवास, अर्खौले, नवलपुर आदि गाउँमा पनि परापूर्वकालदेखि नै बसोवास गरेको पाइन्छ । बसाइ सराइको क्रममा बाहिङ किरात जातिहरु संखुवासभा, ताप्लेजुङ्ग, इलाम, भोजपुर, सिन्धुली, उदयपुर, सुनसरी, मोरङ, झापा, काठमाडौं उपत्यका लगायत मुलुकका विभिन्न ठाउँहरुमा स्थायीरुपमा बसोबास गरेको पाइन्छ र मुलुक बाहिर रोजगारीको शिलशिलामा भारत, हङ्कङ, बेलायत, अमेरीका आदि मुलुकमा गएका बाहिङ किरातहरुमध्ये अधिकांश उतैको नागरिकता लिएर बस्नथालेको अभिलेखहरु पाइन्छ ।" *(मिम्खा-२०६८)* समग्रमा भन्नु पर्दा अरुन नदी वरीपरीबाट बसाइसरेर वल्लो किरात प्रदेश अर्न्तगत "रुम्जाटार" मा सबभन्दा पहिला बाहिङ जातिहरु बसोबास गरेको इतिहास रहेतापनि समय परिस्थिति रोजगारी सुविधा आदिका कारण हाल यिनीहरु देश विदेशमा छरिन पुगेको पाइन्छ ।

राष्ट्रिय जनगणना-२०६८ को अन्तिम नतिजा अनुसार नेपालमा १,२८,४९,०४१ (४८.५%) पुरुष र १,३६,४५,४६३ (५१.५०%) महिला गरी २,६४,९४,५०४ कुल जनसंख्या रहेको मध्ये बाहिङ किरात जातिहरु जातका आधारमा १,४४४ पुरुष र १,६५२ महिला गरी कुल ३,०९६ जना मात्र रहेका छन् भने सोही अभिलेखमा मातृभाषा बोल्नेको आधारमा भने ५,४१७ पुरुष र ६,२४१ महिला गरी कुल ११,६५८ जना बाहिङ किरात जाति रहेका छन्, जसले कुल जनसंख्याको ०.०४ प्रतिसत भागमात्र ओगटेको छ । *(तथ्याङ्क विभाग - २०६९)* भौगोलिक क्षेत्रका आधारमा बाहिङ किरात जातिहरु सबैभन्दा बढि पूर्वी पहाडी प्रदेशमा र विकाश क्षेत्रको आधारमा पूर्वाञ्चल विकास क्षेत्रमा बसोबास गरेको पाइन्छ, जुन उत्पत्तिको हिसाबले वास्तविक र सान्दर्भिक पनि देखिन्छ ।

## १.२. समस्याको कथन

विश्वका अल्पविकसित मुलुकहरु मध्ये नेपाल एक रहेको छ । नेपालमा सामाजिक, आर्थिक, शैक्षिक दृष्टिकोणले २५ प्रतिसत भन्दा बढी नेपालीहरु सिमान्तीकृत, पिछडिएका र उत्पीडित अवस्थामा रहेका छन् । सांस्कृतिकरुपमा नेपाल र नेपाली जनता धनी रहेको भएतापनि ती सांस्कृतिक प्रथा परम्पराहरुलाई आदिमकालमा जे जस्तो किसिमले चलनचल्तीमा ल्याइयो, ती प्रथा परम्पराहरु वर्तमान समयमा पनि जस्ताको तस्तै व्यवहारमा अभ्यास गर्दा संस्कारको सट्टा कूसंस्कार, रीतिको सट्टा कूरीति बन्न गई नेपाली समाजलाई नकारात्मक असर पारेको छ । अन्धविश्वास, अन्धपरम्परा, कूप्रथा, कूरीतिको कारण नेपाली समाजको सामाजिक संरचना असन्तुलीत अवस्थामा रहेको छ । यसको मूल कारण अशिक्षा, अज्ञान्ता, बेरोजगारी, गरिबी आदि रहेका छन् ।

नेपालको विभिन्न जातजातिहरुमध्ये बाहिङ किरात जाति पनि एक सिमान्तीकृत, उत्पीडित, पिछडा वर्ग भित्र पर्ने आदिवासी जनजाति हो । अन्य जनजातिहरुको जस्तै बाहिङ किरात जातिहरुको पनि धेरै प्रकारका सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक, राजनैतिक समस्याहरु रहेका छन् । हाल बाहिङ किरात जातिहरु नेपालका तराइ, पहाड, हिमाल लगायत मुलुक बाहिरसमेत बसाइ सरेर बसोबास गरेको तथ्याङ्क देखिएतापनि यिनीहरुको मुख्य उद्गम थलो वल्लो किरात प्रदेश अर्न्तगत हालको ओखलढुङ्गा जिल्लाको पश्चिम मोलुङ्ग खोलादेखि पूर्वमा दुधकोशीसम्म र सोलुखुम्बु जिल्लाको दक्षिणी भेग प्रमुख रहेको छ । यसमा पनि "आदिम कालमा बाहिङ किरातका पुर्खाहरु रुङबु/रोङबु र खालुवा हालको रुम्जाटारमा सबैभन्दा अगाडि बसोबास गर्दै आएकोले यस ठाउँको नाम "रोङबु" बाट

"रुम्जाटार" रहन गएको किम्बदन्ती पनि पाइन्छ । ओखलढुङ्गाको रुम्जाटारमा रहदाबस्दादेखि नै बाहिङ पुर्खाहरुले आफ्नो समुदायमा बोल्ने भाषा (पाइ लो/वाइ लो/रदु लो/यीक्के लो), संस्कृति, रीतिरिवाज, रहनसहन, चाडपर्व, परिवार, नातागोता आदि सामाजिक संस्थाहरुको विकास गरेको पाइन्छ ।" *(मिम्खा-२०६८)* यिनीहरुको भाषा-संस्कृति अन्य जनजातिहरुको भन्दा पृथक रहेकोले यिनीहरु पनि नेपालका आदिवासी जनजातिहरुमध्ये एक हुन् । बाहिङ किरात जातिहरुको विषयमा अध्ययन अनुसन्धान गर्नु एक सरल र सहजकार्य नभए पनि यिनीहरुको इतिहासदेखि वर्तमानसम्मको सामाजिक सांस्कृतिक पक्षका अवस्था र यसमा भएका सकारात्मक नकारात्मक परिवर्तका बारेमा खोज अनुशन्धानमा लाग्नु आज नितान्त आवश्यक विषय भएको कारण यसलाई कोट्याउने प्रयास यस शोधमा गरिएको छ । ।

"सगरमाथा अञ्चल, ओखलढुङ्ग जिल्ला एक मध्य पहाडी जिल्ला हो । यस जिल्लाको क्षेत्रफल १,०७४ वर्ग कि.मी. रहेकोछ" *(पार्श्वचित्र-२०६९)* भने यस जिल्लामा राष्ट्रिय जनगणना-२०६८ अनुसार विभिन्न भाषाभाषी, धर्म संस्कृति मान्ने कुल १,४७,९८४ जनसंख्या रहेको छ । कुल जनसंख्यामध्ये एक भाग बाहिङ किरात जातिले पनि ओगटेको छ । *(तथ्याङ्क विभाग -२०६९)*

ओखलढुङ्गा जिल्ला, बरुणेश्वर गाउँ विकास समितिमा जम्मा ९ ओटा वडाहरु छन्, जहाँ जातीय हिसाबले भन्नु पर्दा ब्राहमण, क्षेत्री, आदिवासी जनजाति, दलित आदि सबै जातजातिहरु परापूर्व कालदेखि आ-आफ्नो समुदाय बनाएर व्यवस्थितरुपमा बसोबास गर्दै आएका छन् । बरुणेश्वर गाउँ विकास समिति वार्ड नं. ७ भित्रको दक्षिणी-पश्चिम क्षेत्रमा बानियाँ क्षेत्रीहरु ६५ घरधुरी र कार्की क्षेत्री जाति ४ घरधुरीमा रहेका छन् भने वडाको उत्तर-पूर्वी भागमा ४० घरधुरी आदिवासी जनजाति भित्र पर्ने बाहिङ किरात जातिहरु परापूर्वकालदेखि एकल समुदायमा रहेका छन् । अतः इतिहासदेखि वर्तमानसम्ममा बरुणेश्वर गाउँ विकास समिति वडा नं. ७ का बाहिङ किरात जातिहरुमा के कस्ता सामाजिक सांस्कृतिक व्यवहारहरुले निरन्तरता पाइरहेको छ ? के कस्ता सामाजिक सांस्कृतिक व्यवहारहरुमा परिवर्तन देखा परेको छ ? यस विषयमा स्थलगत अध्ययन-अनुशन्धान गरी समस्याको पहिचान गर्नुका साथ समाधानका उपायहरु खोज्ने प्रयास यस शोधमा गरिएको छ । यसर्थ, यो अनुसन्धान प्रस्तावभित्र समस्याको कथन अर्न्तगत निम्न प्रश्नहरुमा केन्द्रित रही समाधानका उपायहरु खोज्ने काम गरिएको छ ।

(क) ओखलढुङ्गा जिल्ला बरुणेश्वर गाउँ विकास समिति वार्ड नं. ७ मा बस्ने बाहिङ किरात जातिको सामाजिक आवस्था कस्तो छ ?

(ख) उनीहरुको सांस्कृतिमा के-कस्ता संस्कारगत कार्यहरु पर्दछन् ?

(घ) अन्य जातजातिहरुसंग भएको सम्बन्धले यिनीहरुको सामाजिक सांस्कृतिक संस्कारमा के-कस्तो परिवर्तन ल्याएको छ ?

(ङ) यी जातिको पारिवारिक बनौट कस्तो छ ?

(छ) राजनैतिक परिवर्तनले बाहिङ किरात जातिको सामाजिक-सांस्कृतिक मान्यताहरुमा के कस्तो परिवर्तन ल्याएको छ ?

## १.३. अनुशन्धानको उद्देश्यहरु

प्रत्येक विषयको अध्ययन अनुशन्धान गर्नुको आ-आफ्नै उद्देश्यहरु रहेका हुन्छन् । यस शोध अध्ययनको मुख्य उद्देश्य ओखलढुङ्गा जिल्ला, बरुणेश्वर गाउँ विकास समिति वार्ड नं. ७ मा बसोबास गर्ने बाहिङ किरात जातिहरुका सामाजिक सांस्कृतिक संस्कारहरुको अवस्था र परिवर्तनको बारेमा स्थलगत अध्ययन गरी निष्कर्षमा पुग्ने काम गरिएकोछ । यसर्थ, यो शोध अध्ययन कार्य पूरा गर्नका लागि निम्न उद्देश्यहरु तय गरिएका छन् :-

(क) बरुणेश्वर गाउँ विकास समिति वार्ड नं. ७ मा परापूर्वकालदेखि बस्ने बाहिङ किरात जातिहरुको सामाजिक पक्षको अध्ययन ।

(ख) उनीहरुको सांस्कृतिक पक्षको अध्ययन ।

(ग) उनीहरुको समुदायमा देखा परेको सामाजिक, सांस्कृतिक परिवर्तनको अध्ययन गरी निष्कर्ष निकाल्ने काम गरिएकोछ ।

## १.४. अध्ययनको महत्त्व र औचित्य

कुनै पनि अध्ययनको महत्त्व आफैंमा महत्त्वपूर्ण हुन्छ । नेपाल एक बहुजाति, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषताले भरिपूर्ण एक स्वतन्त्र, अखण्ड राष्ट्र हो । प्रत्येक जातजातिको सांस्कृतिक परम्परा रहनसहनले नेपालको राष्ट्रिय गौरवको प्रतिनिधित्व गर्नुका साथै समाजलाई व्यवस्थित राख्न महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । बाहिङ किरात जातिहरु पनि यही विविधताले भरिपूर्ण नेपाली समाजभित्र एक अभिन्न अङ्गका रुपमा रहेका छन् । यिनीहरुका संस्कृति, रीतिरिवाज, परम्पराले समाजमा बेग्लै किसिमको महत्त्व बोकेको छ । यसको अध्ययन गर्नु पर्ने आवश्यकता एकातिर छ भने अर्कोतिर समाजशास्त्रीय तथा मानवशास्त्रीय दृष्टिकोणबाट बाहिङ किरात जातिहरु कति आफ्ना धर्म संस्कृतिमा अडिग छन् र कति परसंस्कृतिकरण भएका छन् भन्ने कुराको अध्ययन गर्नु उत्तीकै महत्त्वपूर्ण देखिन्छ । बाहिङ किरात जातिहरुको सामाजिक सांस्कृतिक उत्थान गर्ने उद्देश्य लिएर बाहिङ किरात मुलुखिम नामक संस्था २०६१ सालमा नेपाल सरकारबाट स्वीकृति लिई स्थापना गरिसकिएको छ । यस संस्थाले बाहिङ किरात जातिको सामाजिक, सांस्कृतिक एवं भाषाको विकास गरी त्यसको संरक्षण सम्बर्धन गर्न गराउन जनचेतनामुलक कार्यक्रमहरु गर्दै आइरहेको छ । यो बाहिङ किरात जातिहरुको लागि एकताबद्ध एवं संस्थागत हुने महत्त्वपूर्ण थलो हो । तापनि संस्थाले देश विदेशमा बसाइँ सरेर बस्ने सम्पूर्ण बाहिङ जातिहरुको शुक्ष्म अध्ययन अनुसन्धान गर्न सकेको छैन । यसकारण बाहिङ किरात जातिहरुको सामाजिक सांस्कृतिक पक्षको महत्त्व बुझ्नका लागि शुक्ष्म अध्ययन अनुसन्धान गरी त्यसमा देखिएका परिवर्तन पक्षहरुको समेत व्याख्या विश्लेषण गर्नु पर्ने आवश्यक छ, जसका लागि सम्पूर्ण बाहिङ किरात जातिहरुले आ-आफ्नो समुदायको सामाजिक-सास्कृतिक विषयको शुक्ष्म अध्ययन अनुशन्धान गरी निष्कर्ष निकाल्न सकेमा भावीसन्ततीहरुका लागि महत्त्वपूर्ण कदम हुनेछ । यसर्थ, अध्ययन क्षेत्रका बाहिङ किरात जातिहरुले आफ्नो परम्परागत सामाजिक व्यवहार र सांस्कृतिक रहनसहनको जर्गेना गरेका छन् छैनन् भन्ने विषयमा स्थलगत अध्ययन गरी निष्कर्ष निकाल्ने काम गरिएको छ । यसबाट थोरै भए पनि बाहिङ किरात जातिहरुको सामाजिक सांस्कृतिक पक्षको बारेमा खुलस्त पार्ने कार्य भएकोले अध्ययनको औचित्य पुष्टि हुन्छ ।

## १.५. अध्ययनको संगठन

यस अध्ययन अर्न्तगत ओखलढुङ्गा जिल्ला, बरुणेश्वर गाउँ विकास समिति वार्ड नं. ७ मा बसोबास गर्ने बाहिङ किरात जातिहरुको सामाजिक, सांस्कृतिक पक्ष र त्यसमा भएका परिवर्तनका बारेमा अध्ययन अनुशन्धान गरिएकोछ, जसका लागि अध्ययनको संगठन निम्न अनुसार छन् :-

(क) पहिलो अध्यायमा अध्ययन विषयको परिचय, जसमा पृष्ठभूमि, समस्याको कथन, उद्देश्य, महत्त्व, औचित्य र संगठन रहेका छन् ।

(ख) दोश्रो अध्यायमा अध्ययन विषयको सैद्धान्तिक पक्षको पूर्वसन्दर्भ सामग्रीहरु, जसमा यस शोध अध्ययनसँग सम्बन्धित पूर्वसाहित्यीक कृतिहरुको पुनरावलोकन गरी समिक्षात्मक लेखन कार्य रहेको छ ।

(ग) तेश्रो अध्यायमा अध्ययन विधि, जसमा अध्ययन क्षेत्र छनौटको औचित्य, ढाँचा, प्रकृति र श्रोत, नमूना छनौट, तथ्याङ्क संकलन विधि, विश्वासनियता एवं वैद्यता, तथ्याङ्कहरुको मापन विश्लेषण प्रक्रिया र अध्ययनका सिमाहरु रहेका छन् ।

(घ) चौथो अध्यायमा अध्ययन क्षेत्रको अवस्थिती, पृष्ठभूमि एवं बाहिङ किरात जातिको ऐतिहासिक परिचय र उनीहरुका जनसंख्या, धर्म, संस्कार, पेशा, शिक्षा आदि विषयहरुको विश्लेषण गरिएको छ ।

(ङ) पाँचौ अध्यायमा शोध कार्यक्षेत्रका बाहिङ किरात जातिहरुको सामाजिक सांस्कृतिक पक्षहरुको अवस्था र त्यसमा भए गरेका परिवर्तनका बारेमा विश्लेषण गरिएको छ ।

(च) छैटो अध्यायमा अध्ययनको सारांश, निष्कर्ष तथा सुझावहरु रहेका छन् ।

# अध्याय : दुई

# साहित्य समिक्षा

## २.१. पूर्वसन्दर्भ साहित्यको पुनरावलोकन :

कुनै पनि अनुशन्धानका लागि सो अनुशन्धानसँग सम्बन्धित पूर्वसाहित्यहरुको पुनरावलोकन गर्नु पर्दछ । पूर्वसाहित्यको पुनरावलोकन नगरी गरिएको अनुशन्धान अधुरो एवं अपुरो हुन जान्छ । यसर्थ यस शोध अध्ययनसँग सम्बन्धित स्वदेशी विदेशी विज्ञ तथा संघ संस्थाहरुद्धारा प्रकाशित पुस्तक, प्रतिवेदन, लेखरचना अनुशन्धान प्रतिवेदन साथै सरकारी गैरसरकारी स्तरबाट प्राप्त दस्तावेजहरुको पुनरावलोकन गरिएकोछ ।

मुलत नेपालमा समाजशास्त्र तथा मानवशास्त्र विषयको अध्ययन शुरु भएको धेरै वर्ष भएको छैन । यसकारण यस विषय अर्न्तगत रहेर अनुशन्धान गर्ने नेपाली पुराना विज्ञहरु त्यत्ती धेरै रहेको पाइदैन । तर हाल आएर नेपालका विश्वविद्यालयहरुले आफ्ना आङ्गिक क्याम्पसहरुमा समाजशास्त्र तथा मानवशास्त्र विषयमा स्नातकोत्तर तहसम्मको अध्ययन अध्यपन गर्न गराउन थाले पछि हाल विभिन्न उपागमन, दृष्टिकोण भित्र रहेर यस विषयमा अध्ययन अनुशन्धान गर्ने नेपाली विज्ञहरुको संख्या धेरै देखा परिसकेका छन् । यसर्थ तिनै नेपाली तथा विदेशी विज्ञहरुद्धारा सृजना गरिएका साहित्यिक कृतिहरु मध्ये शोध कार्यसंग सम्बन्धित साहित्यिक कृतिहरुको पुनरावलोकन यहाँ गरिएकोछ ।

समाजशास्त्री डा. गोपाल सिंह नेपालीले संरचनात्मक प्रकार्यवाद उपागमन प्रयोग गरेको भएतापनि सन् १९५७-१९५८ सम्म काठमाडौं पाँगाका नेवार समुदायमा कार्यक्षेत्र अध्ययन गरी जनजाति वर्णनका रुपमा *नेवारहरु : हिमाली समुदायको प्रजाति-समाजशास्त्रीय अध्ययन १९६५* पुस्तक लेखेका छन् । यस पुस्तकको समिक्षा गर्दा नेवारका सम्पूर्ण सांस्कृतिक प्रथाहरुले यस्तो खालको संस्थागत जटिलताको निर्माण गरेको छ, जहाँ समाजका सम्पूर्ण व्यक्तिहरुले एकताको महसुस गर्दछ । किनभने नेवार जातिहरु गोर्खाली वा पर्वते जातिहरु भन्दा संख्यात्मक रुपमा थोरै भए पनि यिनिहरु सांस्कृतिकरुपले धनी र शक्तिशाली छन् । नेवार जातिहरु आर्यन वा मंगोलियन के हुन् स्पष्ट नभए पनि एकातिर आर्यन भारोपेली भाषा लिपि प्रयोग गर्ने र अर्कातिर मंगोलाइड शारीरिक बनौट भएका तिब्बती-ब्रमन भाषा लिपि प्रयोग गर्नेहरु छन् । धार्मिक दृष्टिकोणबाट नेवार जातिहरु हिन्दू र बौद्ध मार्गी

रहेको भएतापनि बौद्धमार्गीहरुमा गुम्बीय परम्परा नभएको साथै सम्पूर्ण हिन्दू, बुद्ध धर्मका देव देवीहरुको पूजा आरधाना समानरुपले गर्नुका साथ पशुपंछी, नदी, रुख, भूमि आदिलाई समेत प्रतिकात्मकरुपमा पूजा गर्ने गरेको तथ्य प्रस्तुत गरेका छन् । नेवार जातिमा कामका आधारमा जातीय स्तरीकरण गरिएको , उनीहरुको सामाजिक, धार्मिक, सांस्कृतिक संस्कारहरु सम्पन्न गर्न विभिन्न किसिमका जातीय गुठी संगठनहरुको स्थापना गरी, सो गुठीले नेवारी समाजलाई एकतामा बाध्ने, सांस्कृतिक संस्कारहरुलाई निरन्तरता दिने महत्त्वपूर्ण भुमिका खेल्ने गरेको, नेवार समाजमा स्थानीयदेखि राष्ट्रियस्तरसम्मका अनगिन्ती चाडपर्व, जात्राहरु रहेको, जुन धार्मिक भन्दा बढी सामाजिक संस्कारहरु रहेको छन् । सम्पूर्ण चाडपर्व जात्रा आदिलाई व्यवहारमा अभ्यास गराउने सम्पूर्ण काम गुठी संगठनले गर्ने हुँदा नेवार जाति बीच सामाजिक सांस्कृतिक एकता कायम गर्ने प्रमुख भुमिका गुठीको रहेको छ । नेवार जातिमा सजातीय विवाहलाई परम्परादेखि नै मान्यता दिइएको भएतापनि सन् १९५० को राजनैतिक परिवर्तन पछि शुरु भएको आधुनिक शिक्षाले नेवार युवाहरुमा नयाँ सोचको विकास भएको र अर्न्तजातीय विवाह गर्ने गरेको पाइनु, तर यस अर्न्तजातीय विवाहले नेवार समाजमा पुरातनवादी र आधुनिकतावादी बीच सामाजिक सांस्कृतिक द्वन्द्व ल्याएको कुरा लेखकले प्रस्तुत गरेका छन् ।

प्रयाग राज शर्माले संरचनात्मक प्रकार्यबाद उपागमनमा रहेर *"जात, सामाजिक गतिशिलता र संस्कृतिकरण : नेपालको पुरानो वैधानीक ऐन-१९७७"* कृति लेखेका छन् । यो लेखकको कुनै कार्यक्षेत्र अध्ययन नभई द्धितीय श्रोत विधिद्धारा राणा कालीन कानुनमा भएका जाति व्यवस्था र संस्कृतिकरणको बारेमा विश्लेषण गरिएको लेख हो । यस कृतिमा भारतीय समाजशास्त्री श्री निवासले भारतमा सामाजिक परिवर्तनको सन्दर्भमा प्रयोग गरेका संस्कृतिकरण नेपालमा राणाले कानुन नै बनाएर नेपाली समाजमा लागु गरेको, जसलाई पुरानो वैधानिक कानुन वा पुरानो मुलुकी ऐन भनिन्छ भनी विष्लेशण गरेका पाइन्छ । पुरानो मुलुकी ऐन अनुसार नेपाली समाजमा रहेका विभिन्न धर्म, संस्कृति, संस्कार मान्ने, भाषा बोल्ने जातजातिहरुको धर्म संस्कृति र भाषा लोप गराएर सम्पूर्ण जनजातिहरुलाई हिन्दु धर्म र संस्कृतिमा समाहित गर्ने उद्देश्य राखेको देखिन्छ र यसका लागि ऐनमा नै जातीय विभाजन गरी अनुलोम (Hypergamy) विवाहलाई प्राथमिकता दिएको, जसले गर्दा नेपालका अधिकांश जनजातिहरुले आफ्नो परम्परागत संस्कृति मान्न छाडेर हिन्दु संस्कृतिमा संस्कृतिकरण भै अभ्यास गरेका छन् । तर ऐनले जनजातिहरुलाई अनुलोम विवाह गर्नु बाहेक अन्य सामाजिक आर्थिकस्तर वृद्धि गर्ने सुबिधा प्रदान गरेको पाइन्न भनी लेखकले विश्लेषण गरेका छन् । यसर्थ हिन्दू संस्कृतिमा आबद्ध हुँदा जनजातिहरुको

आफ्ना केही मौलिक संस्कृति लोप भएतापनि परम्परागत जनजातीयता (Ethnicity) भने लोप हुन पाएको छैन । आदिमकालदेखि बसोबास गर्दै आएका स्थानबाट बसाइँसरी नयाँ स्थानमा गएर बसोबास गर्ने जातिहरुले त्यहाँको स्थानीय हावापानीबाट प्रभावित भै आफ्ना रहनसहनमा परिवर्तन गरेतापनि बसाइँ सरेर जानेहरुको जनजातीय पहिचान (Ethnic Identity) भने सँगै लगेका हुन्छन् । जस्तै काठमाडौंका नेवारहरु काठमाडौं बाहिर वा नेपालबाहिर वा भारतमा गएर बस्दा आफ्नो भाषा भन्दा बढी हिन्दी भाषा बोले तापनि जातीयताको सवालमा उनीहरु आफ्नै जात र गोत्रलाई निरन्तरता दिन्छन् । यसर्थ नेपालमा  संस्कृतिकरणको सट्टा आधुनिकीकरण र पश्चिमीकरणले स्थान जमाउने देखिन्छ भनी शर्माको निष्कर्ष रहेको छ  भने शर्माकै अर्को *"नेपाली संस्कृति र समाज-२००४"* नामक कृति पनि द्वितीय श्रोत विधिमा रहेर लेखिएको हो । यस कृतिमा नेपाली समाजका संस्कृतिहरु भौगोलिक धरातलले प्रभाव पारेको भएतापनि वर्तमान समयमा परसंस्कृतिकरणले प्रभाव पार्दै गएको छ भन्ने निष्कर्ष पाइन्छ ।

यसैगरी विभिन्न सामाजशास्त्रीय उपागमन/सिद्धान्त अर्न्तगत रहेर विदेशी समाजशास्त्रीहरुले पनि नेपाली समाज, संस्कृति, जातजाति, रहनसहन, भाषा आदिको विषयमा स्थलगत/कार्यक्षेत्र अध्ययन गरी विभिन्न समयमा कृतिहरु प्रकाशित गरेको पाइन्छ । ती मध्ये शोध अध्ययनलाई सार्थक बनाउनका लागि केही विदेशी विज्ञहरुको साहित्यीक कृतिहरुको पुनरावलोकन गरी समिक्षा प्रस्तुत गरिएको छ ।

William F. Fisher (२००१) ले जातीयता र जातीय पहिचान उपागमनभित्र रहेर थाक खोला क्षेत्रका थकाली समाजमा कार्यक्षेत्र अध्ययन गरी तयार पारेका पुस्तक *"तरल सीमाहरु : नेपालमा पहिचानको निमार्ण र रुपान्तरण"* हो । यस पुस्तकलाई पनि शोध अध्ययनलाई सार्थकता प्रदान गर्नका लागि पुनरावलोकन गरिएको छ, जुन पुस्तकको समिक्षा यसप्रकार रहेको छ । थकालीहरु आफ्नो जातीय पहिचानका खोजमा छन् र आफ्नो संस्कृति र इतिहासलाई प्रष्ट पार्न चाहन्छन् । किनकी इतिहासमा थकालीहरु हिन्दू अनुयायी नभएर केवल छद्‌म धर्म निरपेक्षी थिए । मुलतः थकालीहरु परम्परागतरुपमा बौद्धमार्गी भएतापनि उनीहरुले हिन्दुवादलाई समेत आत्मासाथ गरी आफ्नो संस्कृति र पहिचान कायम राख्दै नयाँ संस्कृतिको अभ्यास गर्न सक्षम भएकाले थकालीहरुको सांस्कृतिक सिमाहरु जहिले पनि तरल र लचिला (Fluid and Flexible) रहेको पाइन्छ । थकाली शब्दले ठाउँको नाम र जात दुवैलाई बुझाउने हुँदा थकालीहरुमा स्थान र मानिसबीच अन्योन्याश्रित सम्बन्ध रहेको छ । थकालीहरु कुल र उपकुलमा विभाजित रही छिमेकी समुदायसँग भौगोलिक, सांस्कृतिक र सामाजिक सिमाहरु राख्दै एक

अर्कामा कडा प्रतिस्पर्धा गर्दछन् । राज्यको राजनैतिक संयन्त्र परिवर्तनसँगै थकालीहरुको संस्कृतिमा पनि परिवर्तन भएको पाइन्छ । जस्तै १९ सौ शताब्दीसम्म बौद्ध मार्गी र जनजातिका रुपमा रहेका थकाली जातिहरु २० सौ शताब्दीमा नुनको व्यापार गर्नका लागि सुब्बा पदसमेत राज्यबाट पाउन सफल भएका र यसै शताब्दीदेखि हिन्दुवादमा समाहित हुन पुगेका उनीहरु हाल हिन्दु, बुद्ध, जाति र जनजातिका रुपमा बहु पहिचान प्राप्त जातिका रुपमा परिचित छन् । थकालीहरु मिलसार एवं बाहिरी आयआर्जन गर्ने स्वभावका कारण इतिहासदेखि वर्तमान समयसम्ममा एक भौगोलिक क्षेत्रको बासस्थान छाडी देश विदेशमा यत्रतत्र छरिएर रहेका छन् । थकाली वंशजहरु विभिन्न धार्मिक विधि अपनाउने भएकाले उनीहरुमा संस्कारगत विविधता पाइन्छ । तर यसरी वंशज र धर्मका आधारमा विभाजित थकाली जातिहरुलाई एकताको सूत्रमा बाँध्नका लागि सन् १९८३ मा राष्ट्रियस्तरको *"थकाली सेवा समाज"* स्थापना गरी सो संस्थाले थकाली समाज र संस्कृतिका प्रर्वद्धन र संरक्षण गर्नु मुख्य उद्देश्य रहेको छ । थकाली जातिको निर्माण कसरी भयो ? भन्ने सवालमा अनुशन्धानकर्ताले ३ फरक कुराहरु उल्लेख गरेका छन् जसमा (१) थकालीहरु बौद्ध मार्गी थिए, पछि हिन्दु अनुयायी भए, (२) थकालीहरु हिन्दु अनुयायी नभएर केवल छद्म धर्म निरपेक्षी थिए र (३) थकालीहरु नत हिन्दु नत बौद्ध मार्गी नै थिए बरु विभिन्न अवस्थामा विभिन्न किसिमले देखा पर्दथे । थकाली संस्कृतिको विषयमा निष्कर्ष दिदै लेखकले लेखेका छन् कि थकालीहरु संस्कृतिकरण (Sanskritized), संस्कृति विमुखिकरण (Unsnskritized) र पश्चिमीकरण (Westernized) भएर पनि आफ्नै परम्परागत सांस्कृतिक अभ्यासहरुलाई जीवन्तता दिइरहेका छन् । थकालीहरु बीच अन्य धर्म संस्कृतितिर उन्मुख भए तापनि उनीहरुमा आफ्नो संस्कृति पहिचानका लागि निरन्तर लागी पर्न सक्ने सक्षमता भएकाले देश विदेशमा छरिएर बसोबास गरिरहेका थकालीहरुलाई एकताको सुत्रमा बाँध्ने कार्य र संस्कृतिलाई पुनः सवलिकरण गरेर पहिचानको अवसर मिलेको छ । लेखकले पुस्तकको अन्तमा एक थकालीको "थकाली संस्कृति कालीगण्डकी जस्तै अविरल बगिरहेको छ ।" भनाई उदृढ गरेका छन् ।

James F. Fisher (१९८६) विनिमय उपागमन अर्न्तगत रही सन् १९६८-६९ सम्म धौलागिरी अञ्चल, डोल्पा जिल्लाको काईके भाषा बोल्ने ताराङपुर गाउँमा कार्यक्षेत्र अध्ययन गरी लेखेको पुस्तक *"हिमालपारीका व्यापारीहरु : उत्तर पश्चिम नेपालको अर्थतन्त्र, समाज र संस्कृति"* हो । यस कृतिमा डोल्पा जिल्लाको ताराङपुर (काल्पनिक गाउँ) भौगोलिक रुपमा भिन्न हुनाका साथै राजनैतिक, भौगोलिक, खानपान, भाषिक र किम्वदन्तीय रुपमा समेत सिमान्तीकृत छ । यद्यपी यो दिनप्रतिदिन

रुपान्तरित हुँदैछ, जुन रोमाञ्चकारी र अवरोधकारी दुवै छ । तराङपुर गाउँ वृहत रुपमा आत्मनिर्भर समुदाय भए पनि नुनको अभावले गर्दा अन्य समुदायसँग अन्तरनिर्भर पनि रहनु परेको छ । मुलतः उत्तरमा तिब्बत र दक्षिणमा भारतसँग । तारङपुरेहरुको मुख्य पेशा कृषि भएतापनि व्यापार पनि उनीहरुको व्यवसाय हो । उनीहरुको विनिमय प्रणाली शुरुमा *वस्तु-वस्तु-वस्तु* चक्र वा *अन्न-नुन-अन्न चक्र* रहेको भएतापनि यातायात संचारको विकाससँगै स्थानीय क्षेत्रमा अर्न्तराष्ट्रिय सम्पर्क बढ्दै जादा ताराङपुरेहरुको विनिमय प्रणाली *वस्तु-नगद-वस्तु*मा रुपान्तरण भएको छ । धार्मिकरुपमा बौद्ध हिन्दु र अन्य स्थानीय जनजातिहरुको विविधताको मिश्रण भएतापनि यसलाई संस्कृतिकरण वा तिब्बतीकरण नभनेर त्रिकोणीकरण भनिएको छ । स्थानीय समुदाय बौद्ध र हिन्दु दुवै धर्मबाट प्रभावित रहेको र उनीहरुका बच्चाको नाम हिन्दु र बौद्ध परम्परा अनुसार राखिने भएतापनि तिब्बतसँगको वस्तु-वस्तु विनिमय प्रणालीको घट्दो दर र दक्षिण तराइ र भारतसँगको बढ्दो व्यापारका कारण वर्तमान समयमा हिन्दु नाम मात्र राख्ने चलन बढी मात्रामा रहेको निष्कर्ष लेखकको रहेको छ । तर ताराङपुरेहरुले सांस्कृतिक सम्पर्क र परिवर्तनलाई आत्मासाथ गरे पनि सांस्कृतिक विनिमयले ताराङपुरेहरुलाई बाहिरी संसारसँग आवद्ध गराएको विश्लेषण यस लेखमा पाइन्छ ।

अर्जुन गुणरत्नेले *"धेरै बोली, एउटै मानिस, नेपालमा थारु पहिचानको निर्माण"* जातीयता र जातीय पहिचान उपागमनभित्र रही सन् १९९१ मा विशेष गरी चित्तवन र दाङ जिल्लालाई लेखकले कार्यक्षेत्र बनाइ त्यहाँका थारु जातिहरुको समाज र संस्कृतिका बारेमा विश्लेषण गरेका कृति हो । यस कृतिमा जातीयता एक विशिष्ट ऐतिहासिक प्रक्रियाको उपज हो, जसले समाजको अनुभवलाई आकार दिन्छ भन्दै थारुहरु सामाजिक, सांस्कृतिक, ऐतिहासिक प्रक्रियाको समिश्रणको नतिजा स्वरुप थारु जातिमा जातीय चेतनाले आकार लिइ हामी एक हौ भन्ने भावना प्रेरित भएको छ भनी विष्लेशण गरेको पाइन्छ । जातीयतालाई प्राचीन र आधुनिक दुई सिद्धान्तमा वर्गिकरण गरी कुनै पनि जातिमा चेतनाको आकार लिनु उनीहरुको सामाजिक, ऐतिहासिक अर्न्तक्रियाको परिणाम भएको र थारु जातिको पहिचान निर्माण हुनमा साझा सांस्कृतिक प्रतिकहरु भन्दा सांस्कृतिक श्रम, जमिनको स्वामित्व समस्या, बसाइँ सराइको प्रभाव, शिक्षाको प्रचार, यातायात सञ्जाल विस्तार, थारु विशिष्ट वर्गको भुमिका, थारु कल्याणकारी सभा र उनीहरुको राज्यसँगको सम्बन्धहरुले महत्त्वपूर्ण भूमिका खेलेको छ, जसका कारण थारु जातिले स्थानीयस्तरको पहिचानबाट बृहतस्तरको पहिचानसमेत कायम गर्न सफल भएको कुरा लेखकले यस लेखमा विश्लेषण गरेका छन् । नेपालको तराई राजनीति र आर्थिक दृष्टिकोणले महत्त्वपूर्ण

रहेको छ र थारु जातिहरु तराइ क्षेत्रमा आदिमकालदेखि बसोबास गर्ने एक प्रमुख आदिवासी जनजाति भएकाले तराइमा भारत र पहाडबाट पछि बसाइ सरेर बस्ने जातिहरु भन्दा उनीहरु आफ्ना पहिचान बनाउन सफल भएका छन् । राणा, पञ्चायत र हालको बहुदलीय प्रजातन्त्रले राज्यको स्वरुपमा रुपान्तरण गर्दै गए अनुसार थारु जातिमा पनि चेतना अभिवृद्धि भै उनीहरु स्थानीयस्तरबाट राष्ट्रियस्तरसम्मको पहिचान बनाउन सफल भएका छन् । भारत र पहाडबाट तराइमा बसाइँ सरेर बस्ने जातिहरुले थारुहरुको जमिन माथिको स्वमित्व गुमाउदै जानु साथै विभिन्न किसिमका शोषणहरु हुनुले थारु र बसाइँ सरेर बस्ने जातिहरु बीच द्वन्द पैदा हुनका साथ थारु समुदाय मै जनजागरण र राजनैतिक प्रतिष्पर्धाले द्वन्दको वातावरण ल्याएको र यसलाई समाधान गर्न "थारु कल्यणकारी सभा"को प्रमुख भूमिका रहेको ठहर लेखकले गरेका छन् । किनभने थारु कल्याणकारी सभा थारु विशिष्ट व्यक्तिहरुबाट सञ्चालित भएकोले समुदायमा यसले चेतना अभिवृद्धिका कार्यहरु गर्ने हुँदा यसको सकारात्मक भूमिका रहेको छ । सभाले थारुहरुको संस्कृति, भाषा विभिन्न सामाजिक संस्कार एवं थारु पहिचानको निर्माणका लागि प्रत्यक्ष, अप्रत्यक्ष भूमिका खेलेको कुरा लेखमा समेटिएको छ ।

Mark Liechty, (२००८) ले काठमाडौ साँखुका नेवार समुदायको सन् १९८८-९१ सम्म कार्यक्षेत्र अध्ययन गरी युवा, आधुनिकता र विश्वव्यपीकरण उपागमनमा रहेर लेखेका *"सुहाउदो आधुनिकता : काठमाडौंका मध्यम वर्गीय संस्कृतिको निर्माण"* पुस्तक हो । यस पुस्तकमा वर्तमान युवाहरुले अवलम्वन गर्दै आएको नयाँ संस्कृतिका कारण पुराना मूल्यमान्यताहरु लोप हुँदै गएको अवस्था छ । वर्तमान विश्वव्यापीकरण, आधुनिकीकरण, नवउदारीकरणको प्रभाव नेपाली समाजमा पनि प्रत्यक्ष परेको, जसका लागि लेखकले काठमाडौं, साँखुका नेवार जाति भित्र रहेको जातीयता र लैङ्गिकतामा देखिएको विरोधाभाषलाई प्रस्तुत गरेका छन् । काठमाडौंमा आधुनिक पेशा, व्यापार र शिक्षाको कारण परम्परागत उच्च जात र निम्न जात भनेर गरिएको जातीय वर्गिकरण र जातअनुसारको काम भन्ने मान्यतामा नवउदारवादले तुषारापात गरी दिएको छ साथै नवउदारवादले काठमाडौंमा भित्राएको संस्कृति संस्कार, भेषभुषाले परम्परागत नेवार समाजमा नकारात्मक असर परेको छ । उच्च जात भनाउँदाहरु आफ्ना परम्परागत जातीय मूल्य मान्यताका कारण आज वेरोजगार बन्नु पर्ने अवस्था सृजना भएको लेखिकाले उल्लेख गरेका छन् । यसरी आधुनिक, विश्वव्यापी, नवउदारवादी अर्थतन्त्रले मुलत : अर्थबजार विस्तार गर्छ, जसको कारण जहाँ बजार विस्तार हुन्छ, त्यहाँको समाज र संस्कृतिमा परिवर्तन हुने कुरा समेत यस लेखमा पाइन्छ ।

Sherry B. Ortner (१९७८) ले संस्कारगत उपागमन विधिको प्रयोग गरी सन् १६६-६८ को बीचमा सोलुखुम्बु जिल्लाको ज्याम् गाउँको कार्यक्षेत्र अध्ययन गरेर *"शेर्पा : तिनीहरुको संस्कार"* पुस्तक लेखेका छन् । जुन पुस्तकमा सोलुखुम्बुका शेर्पा जातीहरुको संस्कारका बारेमा कार्यक्षेत्र अध्ययन गरी शेर्पा संस्कृतिको निश्चित संस्कारको अर्थहरुको विश्लेषणबाट शेर्पा समाजको प्रकृति बुझिन्छ भनि जनजातीयवर्णन गरेका छन् । किनभने शेर्पा जातिहरु बुद्धमार्गी हुन्, तर बुद्ध धर्म मान्ने तरिका स्थानअनुसार फरक रहेको हुन्छ । यही फरक प्रचलनलाई नै सम्प्रदाय भनिन्छ । त्यसमध्ये शेर्पा जातिले मान्ने बुद्ध धर्म सम्प्रदाय अन्य स्थानका बुद्धमार्गी सम्प्रदायहरुको भन्दा फरक रहेको छ, जुन रुढीवादी वा पुरातनवादी रहेकोछ । यस सम्प्रदायमा व्यक्तिवादिता र गैरसामाजिक तत्त्वहरुको प्रभुत्व रहेको छ, जुन तत्त्वहरुले गर्दा परिवार, विवाह र वृहत तहका सामाजिक पारस्पारिकताका बन्धनहरुलाई त्यागेको हुन्छ । यसले सामाजिक जीवनका मूल्यमान्यताहरुलाई प्रतिकूल प्रभाव पार्ने हुँदा बुद्ध धर्मका अनुयायीहरुमा अलगाव पैदा भएको पाइन्छ । नेपालका शेर्पा जातिहरु पुरातनवादी बुद्ध धर्म सम्प्रदाय अर्न्तगत पर्ने हुँदा शेर्पा जातिभित्रबाट बनेका भिक्षुहरु मुलतः समाजबाट टाढा रहने, सामाजिक संस्कारहरु गर्दा मात्रै समाजमा उपस्थित हुने, आजीवन अविवाहित रही परिवारदेखि टाढा रही गुम्बीय एकल जीवन विताउनु पर्ने जस्ता कठोर नियमभित्र बस्नु पर्ने बाध्यता रहेकोले शेर्पाहरुको धार्मिक आस्थामा रहेको गैरसामाजिक तत्त्वहरुले सामाजिक संरचना, सामाजिक संस्था र सिङ्गो समाजलाई असर पुऱ्याउने भएकाले त्यसको समाधानका रुपमा शेर्पा समाजमा विभिन्न प्रकारका सांस्कृतिक संस्कारहरु जस्तै "निउग्नी" सम्पन्न गरिने निष्कर्ष लेखिकाको अध्ययनबाट देखिन्छ । यसर्थ शेर्पा समाजमा संस्कारहरु सामाजिक सन्तुलन कायम राख्नका लागि समाधानका उपायहरु हुन् भन्ने निष्कर्ष लेखबाट पाइन्छ ।

यसैगरी David H. Holmberg (१९८९) ले नुवाकोट र रसुवाको बीचमा पर्ने ताम्डुसाङ गाउँको तामाङहरुको १९७५-७७ सम्म वर्णात्मक र संस्कारगत उपागमनभित्र रही जनजातिवर्णन विधिद्वारा अध्ययन अनुशन्धान गरी *"क्रमतामा बिरोधाभाष : नेपालमा तामाङहरु बीचका किम्वदन्ती संस्कार र विनिमय"* कृति प्रकाशीत गरेका हुन्, जुन पुस्तकमा तामाङ जातिका संस्कृतिहरु अद्धितीय र सार्वजनिक हुन्छन् र यसलाई बुझ्न सघनवर्णनको आवश्यकता हुन्छ, जहाँ जनजाति वर्णन भन्दा अझ भित्र घुसी बुद्धमार्ग, धामीझाक्री, बलिप्रथा मिलेर बनेको जटिल संस्कारगत क्षेत्रको संरचना रहेको हुन्छ साथै यस्तो संरचनाले तामाङहरुको सामाजिक विनिमयहरुको तर्कहरु र विरोधाभाषहरु माथि हुने

सम्बन्धमा समेत जोड दिने गर्दछ भनी वर्णन गरेका छन् । मुख्यतया तामाङ जातिहरु धार्मिकरुपमा बौद्ध मार्गी हुन् । तर यो नै उनीहरुको सम्पूर्णता भने होइन । किनकी तामाङ जातिहरु बौद्ध धर्म मान्नुका साथ साथ तन्त्रमन्त्र, धामीझाक्री र पशुबली दिएर आफ्ना संस्कारहरुको पूजाआजा गर्छन् । धर्मशाश्त्रमा बलिप्रथा महापाप हो भनी विरोध गरिएको भएतापनि तामाङहरु बलिप्रथा छाडे ब्रहमाण्ड र समाज बीचको सन्तुलन बिग्रिने कुरामा विश्वास गर्दछन् । तामाङहरु आफ्ना धर्म संस्कृति संस्कारहरु लामा, लाम्बु, बोम्बोको समिश्रणबाट सम्पन्न गर्दछन् । समिश्रणवाद धार्मिक मान्यता विपरित छ, जुन विरोधाभाषपूर्ण कुरा पनि हो । जातीय व्यवस्थाको उदय, गोत्रको उदय, मृत्युसंस्कार, दशैमा बलि दिने प्रथा धार्मिक व्यवस्था विरुद्धका कार्य भए पनि संस्कारगत अभ्यास विना समाज अस्तित्वमा रहन सक्दैन । यसर्थ तामाङहरु सामाजिक व्यवस्थामा विरोधाभाष हुँदाहुँदै पनि संस्कार र पर्वहरु मनाउछन् । तामाङहरु बौद्धमार्गी भएपनि अन्य बौद्धमार्गीहरु भन्दा भिन्न देखिन्छन् जस्तै तामाङ भिक्षु भिक्षुणीहरु गुम्बामा बस्दैनन् साथै उनीहरुको गुम्बा पनि हुँदैन । तामाङहरुको सांस्कृतिक पर्व "छेचु" हो । यो दश दिनसम्म मनाइन्छ, यो पर्व अन्य जनजातिहरु भन्दा भिन्न पहिचान दिने माध्यम हो भन्ने सारांश लेखकको लेखमा पाइन्छ ।

जर्मन समाजशास्त्री Martin Gaenszle (२०००) ले *"उत्पत्ति र बसाइँ : पूर्वी नेपालका मेवाहाङ राई जातिहरुको नातेदारी, पौराणिक कथा र जातीय पहिचान"* नामक पुस्तक मेवाहाङ किरात जातिको बारेमा बृहत अध्ययन गरी सन् १९९१ मा जर्मन भाषामा र सन् २००० मा अंग्रेजी भाषामा पुस्तक प्रकाशित गरेका छन् । उनको यो अध्ययन १९८४-८५ मा मुलत पूर्वी नेपालको संखुवासभा जिल्लाको बालागाउँको कार्यक्षेत्र अध्ययन गरी त्यहाँका मेवाहाङ किरात जातिहरुको संस्कारहरुको बारेमा वर्णन गर्दै सम्पूर्ण किरात समुदायको जातीय पहिचानको बारेमा तयार गरिएको अध्ययन हो । अनुशन्धानकर्ताले मेवाहाङ किरातहरुको शरद ऋतुमा मनाइने संस्कार/परम्पराहरुको प्रत्यक्ष अवलोकन गरी संस्कार सम्पन्न गर्ने पूजारीहरुको अलिखित रुपमा रहेको मुन्धुम वाचन सुनी उनीहरुको अवाजले पाठ्यगत र परम्परागत सम्पत्तिलाई उजागर गर्नुका साथ किरात जातिका सामाजिक जीवनमा महत्त्वपूर्ण भुमिका खेल्ने कुरा उल्लेख गरेका छन् । किरातहरुको नातागोता तथा पौराणिक कथाहरुको अभ्यास परीक्षणसमेत गर्ने कोसीस गरेका छन् । यसैका आधारमा अनुशन्धानकर्ताले "मुन्धुम" किरातहरुका सांस्कृतिक पहिचान दिने अलिखित तर महत्त्वपुर्ण ग्रन्थ हो भन्ने निष्कर्ष दिएका छन् । मेवाहाङ किरातको जनजातीयवर्णनले देखाउछ कि मेवाहाङ किरात जातीय पहिचान एकरुपी नभएर

बहुरुपी रहेको छ । भौगोलिक र भाषिक रुपमा बाहिङ किरात, थुलुङ किरात र वम्बुले किरातहरु मेवाहाङ किरात जातिका नजिकका छिमेकी जातिहरु हुन् ।

राई वास्तविक थर नभएर यिनीहरुलाई दिएको पदावी हो, जसरी क्षेत्रीलाई काजी मानेर सम्बोधन गरिन्छ । *(विष्ट-२०३२)*

प्राचीन आर्य सामाजिक व्यवस्थामा किरातहरुको जस्तो स्थान भए तापनि यो निर्विवाद छ कि प्रारम्भदेखि नै भारतको उत्तरपूर्वी भागमा किरातहरु आफ्नो बलियो शासन कायम गरेर आर्यहरुको निकट सम्पर्कमा आएका थिए । अर्जुनले धनुर्विद्याको विशेषज्ञान किरात प्रदेश मै प्राप्त गरेको कुरा महाभारतबाट सिद्ध छ । आर्यहरुका त्रिदेवमध्ये शिवको किरातेश्वरुपको चर्चा पनि किरात जातिको विशेषताको परिचय हो । *(बालचन्द्र- २०२२-पा.३४)*

प्राकृत भाषामा यसलाई चिराइता भनिन्छ, पुरानो बंगाली भाषामा यसलाई किराँत वा चिरेता भन्दछन्, जुन औषधीसंग जोडिएको छ, जसबाट त्यो प्राप्त हुन्थ्यो, तिनलाई किराँत मानिन्थ्यो । *(प्रपन्नचार्य-सन् १९५२)*

किराँत जातिलाई किरात आडि अर्थात किराँती भनेका छन् । *(शर्मा-२०४९)*

किरात शब्द किरिआत, किरजथ, किरयात शब्दको अपभ्रंशरुप मानिन्छ । हिमालय पर्वत श्रृङ्खला नै उत्पति आदिस्थल मानिआएका राई, लिम्बु, सुनुवार जातिका पुर्खाहरु नै किरात थिए । करीव तीन हजार वर्ष अघि मंगोलियनहरुले दक्षिणपूर्व क्षेत्रलाई चीन राज्य स्थापना गरेका थिए । यसैका एक शाखा छुट्टिएर भारतीय समथर भूमि ब्रहमापुत्र नदी परिसर तर्फ बस्न पुगे । त्यही वंशहरुलाई आर्यहरुले सौमरवंश वा किरात वंश भनेका इतिहास पाइन्छ । उनीहरु अन्य जातिसँगको विवादका कारण तिब्बतको दक्षिणपूर्वी भागबाट पहाडतर्फ बसाइँ सरेका वा मध्यएसिया हुँदै उपमहाद्धीपबाट हिमाली क्षेत्र प्रवेश गरेका पाइन्छ । यसरी हिमालयको दक्षिण उच्च पहाडी भूभागमा आवाद रहेका तिब्बत बर्मेली परिवारका भाषा बोल्ने जनजातिहरुको एउटा समूह किरात हुन् भन्ने मत रहेको पाइन्छ । महाभारतको युद्धमा नेपाल उपत्यकामा किरात राजाले भाग लिएको वर्णन वेदमा समेत पाइन्छ भने किरातहरुले नेपाल उपत्याकामा २९ देखि ३२ पुस्तासम्म राज्य गरेको इतिहास छ, जो लिच्छवीहरुको आगमन पछि पराजित भएर पूर्व क्षेत्रतिर गएको पाइन्छ । पूर्वी नेपालमा गएर बसेका किरातहरुको

क्षेत्रलाई तीन क्षेत्रमा विभाजन गरिएको छ, जसमा अरुण नदीदेखि पूर्व मेची नदीसम्मको भूभागलाई पल्लो किरात (लिम्बुवान क्षेत्र), अरुण नदीदेखि पश्चिम सुनकोशी नदीसम्मको भूभागलाई माँझ किरात (खम्बुवान क्षेत्र) र सुनकोशीदेखि पश्चिम र त्यस वरपरका सुनुवारहरुको इलाकालाई वल्लो प्रदेश भनिएको छ । किरात जातिलाई भूमि पुत्र पनि भनिन्छ । किनकी उनीहरु नेपालमा सबैभन्दा पहिले आएर यस जंगल मुलुकलाई फँडानी गरेर बसोबास गरेका थिए भनिन्छ । नेपालको पूर्वी भेक किरात जातिको एक ऐतिहासिक थलो मान्न सकिन्छ । उनीहरुको धर्म संस्कृति, रीति, भाषा, लिपि, साहित्य आफ्नै किसिमको मौलिकता र अस्तित्वमा रहेको पाइन्छ । किरातीहरु सिरिजङ्गा लिपि प्रयोग गर्दछन् भने उनीहरुको धर्मशास्त्र किरात मुन्धुम रहेकोछ । मुन्धुम मौखिक ग्रन्थ हो । किरातहरु ४ वर्णाश्रम भित्र पर्दैनन् । किरातहरु मूर्ति पुजक नभएर प्रकृति पुजक (Animist/Nature Worshiper) हुन् । उनीहरुले भूमी पूजा, हरियाली प्रकृति, वर्षेनी बाली लगाउँदा र उठाउँदा, उद्यौंली र उभौंली पूजा गर्दछन् । देवताको पूजा गर्दा अस्थायी थान थपना (प्रतिमा) थापेर सम्पन्न गरी सके पछि थान तत्कालै भत्काएर सेलाउने परमपरा छ । किरातको एउटा हाँग किरात राई जातिहरु हुन् । राई भन्ने खास जात नभएर गाउँको ठूलोठालु, मुखिया भन्ने पद जनाउँछ । यिनीहरु ३०/३२ प्रकारका थर उपथरमा विभाजित छन् । यिनीहरु आफ्नो थर अनुसारको भाषा बोल्दछन् । अथवा किरात राई जति थरमा विभाजित छन्, त्यती नै प्रकारका भाषा बोल्दछन् । *(के.सी.-२०६६, पाना १७-१८)*

राई भनेको शब्द एउटा जात नभएर पद हो । पृथ्वीनारायण शाहको शासनकालमा राज्य व्यवस्था मिलाउन गाउँको मालपोत असूल तहसिल गरी सरकारी ढुकुटीमा जम्मा पार्ने बाहुन, क्षेत्रीलाई मुखीया, किरातीलाई राई पगरी तथा लिम्बु किरातीलाई सुब्बा भन्ने पद दिएर काम लगाएको पाइन्छ । त्यस समय उक्त पदलाई पगरी मानिन्थ्यो, अरुले राई सुब्बा लेख्न पाइदैन थियो । राईले किराती र सुब्बाले लिम्बु लेख्नु पर्दथ्यो । लिम्बुले सुब्बा र किरातीले राई लेखेको खण्डमा नपाएको पगरी पाए भनी तीन महिना कैद राख्ने व्यवस्था राणा कालको पुरानो मुलुकी ऐनमा प्रष्ट उल्लेख भएको पाइन्छ । किरातीहरुले २००७ साल अघि तालुकदार "राई" र तालुकदारबाहेकले "जिमी" थर लेख्नु पर्थ्यो । २००७ साल पछि भने अन्यले पनि राई लेख्न थालेको हो । लिच्छवी काल भन्दा अगाडि नेपाल उपत्यकामा शासन गर्ने किराती शासकहरु राई र लिम्बु दुबैका एउटै पूर्खाहरु थिए । लिच्छवीहरुले किराती शासकहरुसंग युद्ध गर्दा लिच्छवीहरुले किराती राजालाई पराजित गरे र नेपाल उपत्यकामा लिच्छवीहरुले शासन शुरु गरे भने युद्धमा पराजित किराती शासकहरु बनेपा आएर बसे । त्यसपछि

मोराहाङ्गले एक समुह किरातीहरुलाई साथमा लिएर बिराटनगरतिर लागे र सोही ठाउँलाई राज्य बनाएर बसेकाले हालको बिराटनगरको "मोरङ" किराती राजा मोराहाङ्गबाट अपभ्रम्स भएको मानिन्छ र एक समूह किरातीहरु बनेपाबाट वल्लो किरात प्रदेश हालको ओखलढुङ्गा जिल्लाको विभिन्न ठाउँमा राज्यकायम गरेर बसेको इतिहास पाइन्छ । वर्तमानमा केही प्रसिद्ध किरात राजाहरुको नामबाट अपभ्रम्स भएका ओखलढुङ्गा जिल्लाका गाउँहरुको नाम पाइन्छ जस्तै किराती राजा "च्यामा" बाट "च्यानाम" गाउँ, राजा "बुगा" बाट "बुग्नाम" गाउँ, राजा "तोला" बाट "तलुवा" गाउँ, राजा "च्यामाजीत" बाट "चिसंखु" । चिसंखु २०१८ साल अघिसम्म पूर्व ३ नं. ओखलढुङ्गाको थुम (सदरमुकाम) रहेको थियो । *( बल ब.-२०६३)*

राई नेपालका अति प्राचीन आदिवासी जनजाति हुन् । तर "राई" शब्द जाति नभएर यो एक "पद" हो, जुन गोरखाका राजा पृथ्वीनारायण शाहले नेपाल एकिकरण अभियान चलाउदा "खम्बु" किराती राजालाई पराजित गर्न नसके पछि, खम्बु राजालाई जसरी भए पनि आफ्नो पक्षमा पार्नु पर्ने आवश्यक देखेर वि.सं. १८३१ मा खम्बु राजालाई राई पद दिइ खम्बु राज्य नेपालमा गाभेका थिए । पृथ्वीनारयण शाहले खम्बुलाई राई पद दिदैं खम्बु क्षेत्रका मालपोत संकलन गर्ने जिम्मेवारी दिएका थिए । यसर्थ राई पद मालपोत संकलन गर्ने पद भएतापनि हिन्दु राज्य नेपालका अन्य शासकहरुले खम्बु किरातका सन्तानहरुलाई "राई" जाति लेख्न लगाएका थिए । किरातका सन्तानहरु खम्बु लगायत लिम्बु, सुनुवार, याक्खा, धिमाल आदि थिए । उनीहरु कालान्तरमा पूर्वी पहाडबाट बसाइँ सरेर भिन्न भिन्न भौगोलिक क्षेत्रमा बसोबास गर्न थाले । विशेष गरी खम्बु किरातका सन्तानहरु फरकफरक भौगोलिक क्षेत्रमा बसोबास गर्दा विभिन्न थर उपथरमा विभाजित हुन् पुगे भने बोल्ने भाषा किरात सबैले तिबेटो बर्मन परिवार (Tibeto-Burman Family) अर्न्तगतकै भाषा बोल्ने भएतापनि खम्बु किरात भित्रका जति थर उपथरहरु छन्, ती सबैले आफ्ना उपभाषा (Dialect) बोल्ने गर्दछन् । किरातहरुको लेख्या भाषा लिपि किरात शासनकाल पछिका शासकहरुले मेटिदिएकोले हाल लेख्या भाषा पाइदैन तापनि कथ्य भाषामा भने धनी जातिका रुपमा परिचित छन् । किरातहरुको धर्मशास्त्रको रुपमा "मुन्धुम" रहेकोछ, जुन अलिखित, तर प्रमुख मानिन्छ । किरातहरु पुर्खा पुजक (Ancentors worshiper) र प्रकृति पूजक (Nature worshiper) मानिन्छन् । किनकी यिनीहरु नदी, रुख, पशु, ढुङ्ग, माटो, प्राचीन पूर्खा (सुम्नीमा र पारुहाङ) आदिको पूजा गर्दछन् । यिनीहरु आफुलाई सुम्नीमा आमा र पारुहाङ बाबुका सन्तान ठान्दछन् । यिनीहरु आदिमकालदेखि नै धार्मिक सहिष्णुता कायम राख्ने जाति भएकाले उनीहरुको

समाजमा हिन्दू, बुद्ध धर्मले पनि फस्टाउने मौका पाएको छ । खम्बु किरात जातिका सन्तानहरुको परम्परागत बसोबास स्थलमध्ये वल्लो किरात प्रदेशको ओखलढुङ्गा, सोलुखुम्बु क्षेत्रमा बाहिङ, वम्बुले, नाछिरिङ, थुलुङ, कुलुङ, सोताङ आदि सन्तानहरुको थलो हो भने माँझ किरात प्रदेशको भोजपुर, खोटाङ, उदयपुर क्षेत्रमा बान्तावा, चाम्लिङ आदिको परम्परागत बसोबास थलो हो । *(दाहाल-२००३)*

बाहिङ किरात जातिका साथमा अन्य मंगोलाइड समूहहरु प्राचीन किरात वंशीहरु हुन् । प्रथम इस्वीको ५०० वर्ष अगाडि किराती राजाहरुले आफ्नो शासन पश्चिममा काठमाडौं उपत्याकासम्म विस्तार गरेका थिए, जो पछाडि पश्चिमबाट आएका मानिसहरुले उनीहरुको शासनमाथि आक्रमण गरे । *(McDougal-१९७९)*

परम्परागत रुपमा किरातहरुको बसोबास स्थल लिखु नदीको पश्चिम रामेछाप जिल्लाको केन्द्र भागदेखि पूर्वमा इलाम पाँचथर जिल्लाभित्र पर्ने नेपालको पूर्वी पहाड रहेको छ भने केही छरिएका किराँतहरु मध्य र पश्चिम नेपालमा पनि बसेका छन् । यसको अलावा नेपाल बाहेक दार्जिलिङ, सिक्किम, आसाम, नागाल्याण्ड, मनिपुर र भुटानमा पनि बसोबास गरेका छन् । *(Gaenszle-२०००)*

समाजशास्त्री तथा भाषाविद् Dr. Moureen B. Lee (2005) द्वारा ओखलढुङ्गा र सोलुखुम्बु जिल्लाका बाहिङ किरात जातिहरुको बस्तीमा रहि ९ वर्ष लामो कार्यक्षेत्र अध्ययन गरी बाहिङ किरात जातिहरुको सामाजिक, सांस्कृतिक र भाषाको अवस्थाका बारेमा *"Bayung Rai : A Sociolinguistic Survey"* कृति तयार गरेका छन् । जुन कृतिमा भौगोलिक आधारमा किरात जातिको पूर्खाहरुका सन्तान तीन क्षेत्रमा परापूर्वकालदेखि नै बसोबास गर्दै आएका छन् । जसमध्ये “किरात सुनुवार” जातिहरु ओखलढुङ्गा जिल्लाको पश्चिमदेखि रामेछाप जिल्लासम्मको क्षेत्रमा बसोबास गर्दछन्, जसलाई विगतमा “वल्लो किरात प्रदेश” भनिन्थ्यो । यसै गरी इलाम र पाँचथर जिल्ला वरिपरिको क्षेत्रलाई “पल्लो किरात प्रदेश” भनिन्छ, जहाँ “किरात लिम्बु” जातिहरुको परम्परागत बसोबास थलो मानिन्छ भने वल्लो किरात प्रदेश र पल्लो किरात प्रदेशको बीच भागलाई “माँझ किरात प्रदेश” को नामले चिनिन्छ । यस माँझ किरात प्रदेश अर्न्तगत “किरात राई” जातिहरु परापूर्वकालदेखि बस्दै आएका छन् । किरात राई जातिहरु अन्य जनजातिहरु जस्तै पृथक पहिचान र भाषा भएका जनजातिहरु हुन् । अन्य किराती समूहहरु जस्तै यिनीहरुले पनि प्राचीन नेपालमा शासन गरेको पाइन्छ । यस जातिको प्रतिष्ठा, बहादुरीता, कुशलता आजसम्म पनि जीवित रहेको छ । बाहिङहरु किराती राई

भित्रका एक सन्तान वा शाखा हुन् । परम्परागत रुपमा बाहिङ किरातहरुको बसोबास क्षेत्र ओखलढुङ्गा जिल्लाको पूर्वी भाग र सोलुखुम्बु जिल्लाको दक्षिणी भाग भित्र पर्ने वल्लो किरात प्रदेशको पहाडी क्षेत्र रहेको छ । उनीहरुको नजिकमा पर्ने छिमेकी किरात जातिहरुमध्ये पश्चिममा किरात सुनुवार, पूर्वमा किरात चाम्लिङ, उत्तरमा किरात थुलुङ र दक्षिणमा किरात वम्बुले र जेरो रहेका छन् भनी अनुशन्धानकर्ता लि ले उल्लेख गरेकी छिन् ।

बाहिङ किरात जातिको विषयमा तत्कालिन बेलायती राजदूत Brain Houghtson ले सन् १८५७-५८ मा ओखलढुङ्गा जिल्लाको विगुटार, राँगाद्विप र ओखलढुङ्गा वरिपरिको क्षेत्रमा बसोबास गर्ने बाहिङ किरात जातिका बारेमा स्थलगत अध्ययन गरी Bahing Vocabulary and Grammer कृति *(अप्रकाशित)* मा " किराती भाषा नेपालको पूर्वी हिमालय क्षेत्रमा बोलिन्छ, जसमध्ये पूर्वी नेपालको ओखलढुङ्गा जिल्लामा किरात/किराती भाषा बोल्नेहरु बाहिङ हुन्, जसलाई किराती भनेर बुझिन्छ । परम्परागत रुपमा किरातीहरु तीन क्षेत्रमा विभाजीत छन् : पल्लो किरात, माँझ किरात, वल्लो किरात ।" *(मिम्खा-२०६८)*

Goerg Van Driem (१८८०) ले सन् १९९० देखि १९९१ मा पुन: ओखलढुङ्गा वरिपरिका बाहिङ किरात समुदायको स्थलगत अध्ययन गरी *"Bahing and the Proto Kiranti Verb"* कृति प्रकाशन गरेका छन्, जुन कृतिमा उनले बाहिङ जातिहरुले बोल्ने मातृभाषाको उत्पत्ति र अन्य किरात जातिहरुले बोल्ने भाषामा प्रयोग भएका व्याकरणहरुका बीच तुलनात्मक अध्ययन गरी सबै किरात जातिहरुले बोल्ने भाषाहरुको उत्पत्ति तिबेटो बर्मन परिवार (Tibeto-Burman Family) रहेको भनी व्याख्या गर्नुका साथ कथ्य भाषाको रुपमा रहेको बाहिङ भाषालाई लेख्या भाषाको रुपमा विकास गर्नमा सहयोग गरेका छन् । *मिम्खा-२०६८)*

सन् २००५ मा भाषा केन्द्रिय विभागबाट बाहिङ भाषाको अध्ययन गरी २६ सय शब्दको *"The Documentation of Bahing Language"* नामक दस्तावेज तयार गरिएको छ, जुन दस्ताबेजलाई भाषा विशेषज्ञहरुको रायसल्लाह सुझाब लिइ बाहिङ किरात जातिहरुको संगठन *"बाहिङ किरात मुलुखिम"* द्वारा **बाहिङ-नेपाली-अंग्रेजी** भाषामा शब्दकोश प्रकाशन गर्नका लागि आफ्नो कार्य अगाडि बढाइ सकेको छ । *(मिम्खा-२०६८)*

आदिवासी किरात बाहिङ पुर्खाहरु पाई, रुङबु (रोडबुढा) रुम्दाली, खालुवा, रेन्दु र ह्वासालीका सन्तानहरुलाई बाहिङ भनेर चिनिन्छन् । यी जातिहरु पनि नेपालका अन्य आदिवासीहरु जस्तै आर्थिक,

सामाजिक, राजनैतिक, शैक्षिक, लगायतका विभिन्न विषयमा पछाडि पारिएका र परेका छन् । उनीहरुको उद्‌गम थलो वल्लो किरात प्रदेशको ओखलढुङ्गा र सोलुखुम्बुको दक्षिण-पश्चिममा रहेको छ । *(धिरेन-२०६८)*

बाहिङ किरात जातिहरुको भाषा साहित्य, धर्म, लिपि, कला, संस्कृति र संस्कारको साथै जैविक विविधताको संरक्षण सम्बर्द्धनका लागि स्थापना भएको राष्ट्रिय स्तरको सामाजिक संस्था बाहिङ किरात मुलुखिम हो । *(मिम्खा-२०६३)*

बाहिङ किरात जातिहरुको जन्म, विवाह, मृत्यु संस्कार आफ्नै मौलिक परम्परागत भाषा शैलीमा आफ्नै जातीय नक्सो/नाक्सो (पूरोहित) बाट गरिने भएकोले अलिखित रुपमा रहेको मुन्धुमलाई विभिन्न बाहिङ गाउँ नक्सो/नाक्सो, तुम्लोचा (मुन्धुमज्ञाता) हरुको राय सल्लाह सुझाव लिइ लिखित रुप दिइ परसंस्कृतिकरण भएर बस्न बाध्य बाहिङ किरातहरुलाई समेत आफ्ना संस्कार मान्न सजिलो होस् भन्ने उद्देश्यका साथ "बाहिङ तुम्लो (मुन्धुम/रीति)" किताब लेखेको छु । *(ह्वाङ्गु-२०६९)*

बाहिङ किरातहरुको परापूर्वकालदेखि नै आफ्नो मुन्धुम भाषा, धर्म संस्कृतिहरु अलिखित भइ आएकोले आज बाहिङ किरात जातिहरुको मौलिक भाषा, संस्कृति, संस्कारहरु लोप हुदै गएको देखिन्छ । आज एक्काइसौं शताब्दीमा आई पुग्दा पनि बाहिङ किरातहरुले आफ्नो मुन्धुम अलिखित नै राखे भोलिका पिँढीहरुले आफ्नो धर्म, संस्कृति, संस्कारहरु साथै आफ्ना पहिचान समेत गुमाउने छन् । त्यसो हुँदा बाहिङ किरातहरुको मौलिक संस्कृति संस्कारहरु बचाई राख्ने उद्देश्यले लोरो तुम्लो किताव लेख्ने प्रयास गरिएको हो । *(तेजलाल-२०६४)*

बाहिङ किरात जातिमा मानव र धर्ती, मानव र पशुपक्षी बीच कस्तो परम्परागत अन्तर सम्बन्ध छ भन्ने विषयमा सोलुखुम्बु जिल्लाका बाहिङ किरात जातिका धर्मगुरु (पूजारी) हरुसंग साक्षात वार्तालाप गरी *"सोलुखुम्बु जिल्लाका बाहिङ जातिमा प्रचलित पौराणिक कथाहरुको संकलन र अध्ययन"* विषयमा शोध पत्र मुगामाया राई (२०५५) द्वारा त्रिभुवान विश्वविद्यालयमा प्रस्तुत गरिएको छ, जुन शोधमा शोधकर्ताले बाहिङ मुन्धुममा सृष्टिको बिहानी मिर्मिरेमा मानव र खेतीपातीको शुरुवात लगायत मानव र पशुपंक्षीको सम्बन्ध केवल बाहिङहरुको मात्र नभएर सम्पूर्ण मानव समुदायको प्रारम्भिक कालदेखि हालसम्म अन्यौन्याश्रित सम्बन्ध कायम भएको देखिन्छ भनि निष्कर्ष दिनु भएको छ ।

बाहिङ किरात मुलुखिम संस्थाको *विधान-२०६१* को दफा २ को उपदफा १४ बमोजिम, "बाहिङ किरात जाति र समुदाय भन्नाले बाहिङहरुको पुर्खा खालुवा (खालीवा), रङबु (रुङबुढा/रुम्दाली) हरुका सन्तान भित्रका दोचा (थर) हरु थाम्रोचा, हजुपाचा, युन्बुचा, दुङमोचा, दिलिङवाचा, रोकेचा, पियाचा, रल्लोचा, र्म्यासाचा, नाम्र्व्यासाचा, मुनारी, तोनीमी, सुस्तोचा, रिपोचा, रिनाम्साचा गरी ५९ भन्दा माथि रहेका दोचा (थर) जो बाहिङ भाषा बोल्ने किरात सभ्यता भित्रका फरक जातिलाई जनाउछ।"

मोहनराज राई (सन् २०११) ले *"Socio-Economic Condition of Bahing Kirat Community"* विषय शिर्षकमा ओखलढुङ्गा जिल्ला, मोली गा. वि.स.को कार्यक्षेत्र अध्ययन गरी शोध पत्र तयार गर्नु भएको र उहाँले आफ्नो अध्ययनमा मोली गा.वि.स.का बाहिङ किरात समुदायको सामाजिक आर्थिक अवस्थाका बारेमा विश्लेषण गर्नु भएको छ।

राम बानियाँ (२०६५) ले पनि *"बाहिङ किरात महिलाहरुको सामाजिक, आर्थिक, सांस्कृतिक, राजनैतिक क्षेत्रमा पितृसत्तात्मक संरचनाले पारेको प्रभाव"* शिर्षकमा शोध पत्र तयार गर्नु भएको र सो शोधमा बाहिङ किरात महिलाहरुको सामाजिक, आर्थिक, सांस्कृतिक आदि क्षेत्रमा पितृसत्तात्मक संरचनाले पारेको सकारात्मक र नकारात्मक प्रभावका बारेमा विश्लेषण गरिएको छ।

जातीय पहिचानसंग भाषाको प्रमुख भूमिका रहेकोले यसको संरक्षणलाई निरन्तरता दिँदै भावी पुस्तामा हस्तान्तरण गर्दै जानु, लोप हुन लागेको बाहिङ मातृभाषालाई पूर्नजीवन दिइ र मातृभाषामै पठनपाठन गर्न पूर्वाधारको एक आधारशिलाको रुपमा *"बायुङ बर्नमाला नुङ् रेक्चोम् तरीकाके सेन्चोम लो द (बाहिङ बर्णमाला तथा लेखन पद्धतिको परिचय)* पुस्तक प्रकाशन गरिएको छ। *(बा.कि.मु-२००९)*

अध्याय : तीन

# अनुशन्धान विधि

## ३.१. अध्ययन क्षेत्र छनौटको औचित्य

वल्लो किरात प्रदेश अर्न्तगत ओखलढुङ्गा जिल्ला वरिपरिदेखि पूर्व र सोलुखुम्बु जिल्लाको दक्षिणी भेग बाहिङ किरात जातिहरुको उद्गम थलो हो भनेर इतिहासका पानाहरुमा उल्लेख गरिएको पाइन्छ । मुलुकमा यी जातिहरुको आफ्नो मौलिक भाषा, रीतिरिवाज, संस्कार, संस्कृति, परम्परा, भेषभुषा आदि छन् । तर शिक्षा स्वास्थ, यातायात सञ्चार, रोजगार आदि संरचनाहरुको विकास विस्तारले यी जातिहरुमा दिनप्रतिदिन आफ्नो उद्गम थलो छाडेर मुलुकका अन्य सुविधा सम्पन्न क्षेत्र लगायत मुलुक बाहिरसमेत बसाइँ सर्ने क्रम तिब्र रहेकोछ । यसरी बसाइँसराइँको कारण उद्गम थलोमा बस्ने बाहिङ किरात जातिहरुको मौलिक सामाजिक सांस्कृतिक पहिचान कत्तिको जीवन्त छ ? कतै यिनीहरुको मौलिक भाषा संस्कृति, संस्कार लोप हुने अवस्थामा त छैन ? किनकी बसाइ सरेर जाने बाहिङ किरात जाति मात्रै होइन, अन्य जातजातिमा पनि आधुनिकीकरण, संस्कृतिक विमुखीकरण, पश्चिमीकरण, परसंस्कृतिकरण आदिको कारण मौलिक संस्कृति दिनप्रतिदिन लोप हुँदै गइ रहेका उदाहरणहरु धेरै पाइन्छ ।

त्यसकारण, यस शोध अध्ययनको लागि सगरमाथा अञ्चल, ओखलढुङ्गा जिल्ला, बरुणेश्वर गाउँ विकास समिति वार्ड नं. ७ लाई शोध अध्ययनका लागि कार्यक्षेत्रको रुपमा छनौट गरिएको थियो, जुन क्षेत्र बाहिङ किरात जातिहरुको उद्गम थलोमध्ये एक मानिन्छ । शोध अध्ययनका लागि कार्यक्षेत्र तोकिएको स्थलमा गई बाहिङ किरात जातिहरुको सामाजिक सांस्कृतिक पक्षको अवस्था र त्यसमा देखिएका परिवर्तनहरुको बारेमा सत्यतथ्य तथ्याङ्क संकलन गरी संकलित तथ्याङ्कहरुबाट पत्ता लागेको यथार्थ समस्याहरुको पहिचान गरी सोको समाधानको लागि निष्कर्षमा पुग्न आवश्यक उपाय पत्ता लगाउने उद्देश्यले यो क्षेत्रलाई अध्ययन क्षेत्रको रुपमा छनौट गरिएको छ । यस स्थललाई नै अध्ययन स्थल छनौट गर्नुको औचित्य निम्न बुँदाहरुले पुष्टि गर्दछन् :-

☞ बाहिङ किरात जातिको विभिन्न सामाजिक, सांस्कृतिक संस्कारहरुको अध्ययन गर्ने रुची भएकोले ।

☞ यस अध्ययन क्षेत्र शोधकर्ताको जानकारीको क्षेत्र भएकोले ।

☞ नेपालका सिमान्तीकृत र पिछडिएका जनजातिहरु मध्ये बाहिङ किरात जाति पनि एक जाति भएकोले, उनीहरुलाई थोरै भए पनि शिक्षाप्रति हौसला प्रदान गरी आफ्ना समाज संस्कृतिको संरक्षण गर्नमा आफै सजक हुन पुगोस् भन्ने लागेर ।

## ३.२. अध्ययनको ढाँचा

यस शोध अध्ययनको लागि छनौट गरिएका अध्ययन क्षेत्रमा गई बाहिङ किरात जातिहरुको सामाजिक, सांस्कृतिक पक्षको अवस्था एवं त्यसमा देखिएका १५ वर्ष समय अन्तरालमा भएका परिवर्तनहरुका बारेमा कार्यक्षेत्र अध्ययन गरी प्राथमिक तथ्याङ्क संकलन गर्नुका साथै शोधकार्यसँग सम्बन्धित द्वितीय श्रोतहरुबाट संकलित तथ्याङ्कहरुको व्याख्या र विश्लेषणका लागि वर्णात्मक र दीर्घकालीन (Descriptive and Longitudinal) स्वरुपको अनुशन्धान ढाँचा (Research Design) अवलम्बन गरिएको थियो ।

## ३.३. तथ्याङ्कको श्रोत र प्रकृति

यस शोध अध्ययनमा प्राथमिक र द्वितीय दुवै श्रोतको प्रयोग गरिएको छ । प्राथमिक श्रोत अर्न्तगत अनुशन्धानकर्ता स्वम् अध्ययन क्षेत्रमा गई कार्यक्षेत्र अध्ययन गरी तथ्याङ्क संकलन गरेको थियो भने द्वितीय तथ्याङ्कका रुपमा बाहिङ किरात जातिसँग सम्बन्धित स्वदेशी, विदेशी विज्ञहरुद्वारा लेखिएका साहित्यीक कृति, लेख, रचना, पुस्तक, पत्रपत्रिका एवं केन्द्रिय तथ्याङ्क विभागबाट प्रकाशित तथ्याङ्क, स्थानीय निकाय (जिल्ला विकास समिति, गाउँ विकास समिति) बाट प्राप्त अभिलेखहरुको उपयोग गरिएको छ र यस अध्ययनलाई पूर्ण बनाउन गुणात्मक तथा संख्यात्मक प्रकृतिको साधनहरु (Tools) पनि प्रयोग गरिएको थियो ।

## ३.४. समग्रता र नमूना छनौट

छनौट गरिएको अध्ययन स्थलमा बाहिङ किरात जातिहरु जम्मा ४० घरधुरी मात्रै रहेकोले घरधुरी संघणन सर्भे (Household Census Survey) विधिद्वारा तथ्याङ्क संकलन गरिएको छ ।

## ३. ५. तथ्याङ्क संकलन विधि

शोधकर्ताले अनुशन्धान कार्यमा प्राथमिक र द्वितीय दुवै प्रकारको तथ्याङ्क संकलन विधि अपनाइएको थियो ।

### ३.५.१ प्राथमिक श्रोत

शोधकर्ताले प्राथमिक श्रोत अर्न्तगत रहेर अनुशन्धान कार्य गर्दा निम्न किसिमका तथ्याङ्क संकलन विधिहरु अपनाएका छन् :-

#### ३.५.१.१ अर्न्तवार्ता - अनुसूची

अनुशन्धानकर्ता एवं शोधकर्ताका लागि भरपर्दो तथ्याङ्क संकलन गर्ने प्राथमिक श्रोतमध्ये अर्न्तवार्ता-अनुसूचीलाई महत्त्वपूर्ण विधि मानिन्छ । शोधकार्यलाई निष्कर्षमा पुऱ्याउनका लागि शोधकर्ता स्वयंले तयार पारेको प्रश्नहरुको आधारमा तोकिएको कार्यक्षेत्रका बाहिङ किरात जातिहरुलाई उनीहरुको जातीय समुदायको सामाजिक-सांस्कृतिक पक्ष र परिवर्तनसंग सम्बन्धित विषयहरुमा शोधकर्ता र उत्तरदाताहरुको समय र अवस्थालाई मध्यनजर गर्दै ४० घरधुरीका बाहिङ परिवारमध्ये प्रतिघर १ जना (घरमुली) का दरले जम्मा ४० जना व्यक्तिहरुसंग अर्न्तवार्ता लिइ सत्य तथ्य पत्ता लगाउने गरी तथ्याङ्क संकलन गरिएको थियो ।

#### ३.५.१.२ अवलोकन

शोधकर्ताले कार्यक्षेत्र अध्ययन मिति २०७० साल असोज २४ गते देखि कात्तिक २६ गतेसम्म गरेको थियो, जुन अनुशन्धान गर्ने समय र कार्यक्षेत्रका बाहिङ किरात जातिहरुको कतिपय सामाजिक, सांस्कृतिक संस्कारहरुको अभ्यास गर्ने समय फरक समयमा पर्न गएकोले अर्धसहभागिमुलक एवं असंरचित (Quasi participant and Unstructured) अवलोकन विधि अपनाइएको छ । किनकी

कतिपय विषयमा अनुशन्धानकर्ता स्वयं सहभागि भएको र कतिपय विषयमा असहभागि भै तथ्याङ्क संकलन गर्नु परेको थियो । यसर्थ यस शोधकार्यमा बरुणेश्वर गाउँ विकास समिति वार्ड नं. ७ का बाहिङ किरात जातिका सामाजिक-सांस्कृतिक पक्ष र तिनीहरुमा आएको परिवर्तका बारेमा अर्न्तवार्ताबाट प्रष्ट हुन नसकेका कतिपय विषयहरुको सम्बन्धमा अर्धसहभागिमुलक एवं असंरचित (Quasi participant and Unstructured) अवलोकन विधि अपनाइ तथ्याङ्क संकलन गरिएको छ । शोधकार्यसँग सम्बन्धित विषयको अवलोकन गर्ने क्रममा अध्ययन क्षेत्रका बाहिङ किरात जातिहरुले गर्ने संस्कारमध्ये एक "वाइलिङमो" *(घर चोख्याउने संस्कार)*, यी जातिहरुका सांस्कृतिक चाड पर्वमा लगाइने वस्त्रआभुषणहरु र तिहारमा खेलिने देउसीभैलो कार्यक्रम शोधकर्ता स्वयंसहभागि भै अवलोकन गरिएको थियो ।

### ३.५.१.३ प्रमुख जानकार व्यक्तिहरुसंगको अर्न्तवार्ता

शोधकार्यका लागि तथ्याङ्क संकलन गर्ने क्रममा बाहिङ किरात जातिहरुको सामाजिक, सांस्कृतिक परम्परा, रीतिरिवाज, संस्कार आदिका बारेमा धेरै जानकारी हुने व्यक्तिहरु जस्तै बुढापाका, शिक्षक, पूजारी, सामाजिक कार्यकर्ता आदिसँग भेट गरी उनीहरुसँग अर्न्तवार्ता लिइ तथ्याङ्क संकलन गर्ने काम गरिएको थियो । जसमा शोधकर्ताले बरुणेश्वर गाऊँ विकास समिति वार्ड नं. ७ निवासी ६६ वर्षिय टेक ब. बाहिङ, ८७ वर्षिय इन्द्र बहादुर बानियाँ, सोही वडा स्थित प्रभु प्राथमिक विद्यालयका प्रधानाध्यापक कुल बहादुर बानियाँ, ओखलढुङ्गा जिल्ला माम्खा-४ निवासी ८५ वर्षिय आशलक्ष्मी राई, बरुणेश्वर गाउँ विकास समितिको कार्यालयका सचिव रमेश धमलासँग विशेष अर्न्तवार्ता लिइ तथ्याङ्कहरु संकलन गरिएको थियो ।

### ३.५.१.४ सामूहिक छलफल

शोधकर्ताले कार्यक्षेत्रमा तथ्याङ्क संकलन गर्दा विभिन्न अनुशन्धान विधिहरु अपनाइ तथ्याङ्कहरु संकलन गरेको भएतापनि ति तथ्याङ्कहरुलाई अझ विश्वसनीय बनाउनका लागि मिति २०७० कार्त्तिक २० गते कार्यक्षेत्रका प्रत्येक घरधुरीका घरमुलीहरुलाई उनीहरुको *"ढिकुरेली बाहिङ किरात समाज"* नामक गुठीसंस्थान भवनमा भेला गरी शोधकार्यको विषयमाथि सामुहिक छलफल गरिएको थियो ।

### ३. ५.२. द्वितीय श्रोत

शोधकार्यलाई निष्कर्षमा पुऱ्याउन प्राथमिक श्रोतका साथ द्वितीय श्रोतहरुको पनि अध्ययन गर्नुपर्ने हुन्छ । यसका लागि शोधकर्ताले बाहिङ किरात जातिसंग सम्बन्धित विज्ञहरुको लेख रचना, साहित्य, पुस्तक, पत्रपत्रिका, एवं सरकारी, गैरसरकारी निकायहरुबाट प्रकाशित हुने तथ्याङ्क, अभिलेख आदि संकलन गरी द्वितीय श्रोतका रुपमा उपयोग गरेको छ ।

## ३.६. तथ्याङ्कको विश्वासनियता र वैधता

तथ्याङ्कलाई विश्वासनियता र वैधता प्रदान गर्नका लागि विभिन्न विधिहरु अपनाइ अनुशन्धान स्थलका बाहिङ किरात जातिको सामाजिक, सांस्कृतिक पक्ष र परिवर्तनसंग सम्बन्धित तथ्याङ्कहरु संकलन गर्ने उद्देश्यले शोधकर्ता आफै अध्ययन क्षेत्रमा उपस्थित भइ घरधुरी सर्भेक्षण, अर्न्तवार्ता, अवलोकन आदि अध्ययन विधिबाट प्राथमिक तथ्याङ्कहरु संकलन गरेको हुँदा यसको वैधता तथा विश्वासनियता स्वत प्रमाणित हुन्छ भने प्राथमिक श्रोतबाट संकलन गरिएका तथ्याङ्कका आधारमा मात्र शोध कार्य पुरा हुन नसक्ने हुनाले द्वितीय तथ्याङ्कलाई पनि प्रयोग गरिएको छ । द्वितीय तथ्याङ्कको प्रयोग गर्दा प्रत्येक तथ्याङ्कहरुको श्रोत अनिवार्य खुलाइएको छ । हुन त द्वितीय तथ्याङ्कको वैधता एवं विश्वासनियता औपचारीक नभए पनि श्रोत खुलाए पछि अनौपचारीक रुपमा यसलाई वैद्य एवं विश्वासनिय मानिएको छ ।

## ३. ७. तथ्याङ्कको प्रस्तुति र विश्लेषण

विभिन्न अनुशन्धान पद्धतिबाट संकलित तथ्यङ्कहरुलाई पुन : अध्ययन र प्रशोधन गरिएको छ र यसपछि प्रकृति र स्वाभावको आधारमा संकलित तथ्याङ्कहरुलाई विभिन्न समूहमा विभाजन गरी तथ्याङ्कशास्त्रीय विधिहरु जस्तै सम्पादन, साँकेतिकरण, वर्गीकरण, तालिकीकरण आदिको प्रयोग गरी व्याख्या र विश्लेषण गरिएको छ ।

## ३. ८. अध्ययनको सिमा

कुनै पनि अध्ययनको आफ्नो निश्चित सिमा हुन्छ, जुनसुकै शोधकर्ताले पनि सिमित क्षेत्र भित्र रहेर शोधकार्य गर्नुपर्ने हुन्छ। शोधकर्ताको सिमित श्रोत साधन, मानवशक्ति एवं समयका बाबजुत पनि शोधयोजना बनाएको हुन्छ। यो शोध अध्ययन, सिमाको हिसावले ओखलढुङ्गा जिल्ला, बरुणेश्वर गाउँ विकास समिति वार्ड नं. ७ मा बसोबास गर्ने बाहिङ किरात जाति समुदायको सामाजिक-सांस्कृतिक पक्ष र त्यसमा देखिएका परिवर्तनमा सिमित रहेकोछ भने शोधका लागि प्राथमिक श्रोत संङ्कलन मिति २०७० असोज २४ गतेदेखि कात्तिक २६ गतेसम्म स्थलगत अध्ययन गरिएको थियो। यो शोध अध्ययनले सम्पूर्ण बाहिङ किरात जातिको प्रतिनिधित्व नगरे पनि बरुणेश्वर गाउँ विकास समिति वार्ड नं. ७ सिमा भित्रका बाहिङ किरात जातिको भरपर्दो अध्ययन हो। यो अध्ययनको निष्कर्षले उल्लेखित क्षेत्रका बाहिङ किरात जातिहरुका लागि सामान्यीकरण गर्न सक्दछ।

अध्याय : चार

# अध्ययन क्षेत्रको परिचय र जनसंख्या

## ४.१ अध्ययन क्षेत्रको परिचय

पूर्वाञ्चल विकास क्षेत्र अर्न्तगत सगरमाथा अञ्चलका ६ वटा जिल्लाहरुमध्ये पूर्वी पहाडी भेगमा अवस्थित ओखलढुङ्गा जिल्ला त्रेता युगका राजा जनकद्धारा शासित मिथिला राज्यमा पर्दथ्यो भन्ने किम्बदन्ती पाइन्छ । महाभारत कालमा भीमले यहाँ रहेको ओखल जस्तो गहिरो खोपिल्टो ढुङ्गामा मुसलको सहायताले धानकुटी खाएकाले यसको नाम "ओखलढुङ्गा" रहन गएको जनविश्वास छ ।

अर्को किम्बदन्ती अनुसार किराँतकालमा वल्लो किरात अर्न्तगत पर्ने यो जिल्ला लिच्छवी राजा मान्देव प्रथमको राज्यमा पर्दथ्यो भने मल्ल कालमा राजा रण मल्लको पालामा भादगाउँद्वारा ओखलढुङ्गा शासित थियो । मल्लकालिन राजा लक्ष्मी नरसिंह मल्लले राज्य विस्तार गर्न काजी भीम मल्ललाई यस ठाउँमा पठाएका थिए । भिम मल्लको फौजले पूर्व विजय गर्दै यस जिल्लामा आइपुग्दा यहाँ राज्य चलाइ रहेका किरातलाई लखेटेर उनीहरुबाट लुटेको धान यहाँ रहेको ओखल जस्तो ढुङ्गामा कुटेर भात पकाइ खाएको र त्यही ढुङ्गाको नामले यो ठाउँको नाम ओखलढुङ्गा रहन गएको भन्ने जनश्रुतिमा उल्लेख गरिएको छ । उक्त ढुङ्गाको ओखल हालको ओखलढुङ्गा गाउँ विकास समिति वार्ड नं. ६ मा सिद्धिचरण पार्कसंगै सुरक्षित छ । यस किम्बदन्तीसंग सम्बन्धित भमल ठाना, चन्दने खोला तथा गढी डाँडा हालसम्म पनि अस्तित्वमा रहेका छन् । कवि सिद्धिचरण श्रेष्ठले आफ्नो प्रसिद्ध कविता "मेरो प्यारो ओखलढुङ्गा" यही जिल्लाको सर्न्दभमा रचेका हुन् । *(पार्श्वचित्र-२०६९)*

यस भूमिमा अभिरवंशी, गोपालवंशी एवं किरातवंशीले राज्य गरेको पाइन्छ । वल्लो किरात भनिने यस क्षेत्रबाट किरातीहरुलाई लखेटी मल्लहरुले शासन गर्न कोसीस गरे पनि किराती शासकहरुलाई पुरै लखेट्न सकेका थिएनन् । तर पृथ्वीनारायण शाहको एकिकरण अभियानमा भने किराती शासकहरुलाई पुरै पराजय गरी ओखलढुङ्गालाई नेपालमा गाभेको कुरा इतिहासमा उल्लेख छ । पृथ्वीनारायण शाहको एकिकरण अभियान पछि भिमसेन थापाको प्रशासनिक विभाजन अर्न्तगत ३९ जिल्ला मध्ये पूर्व ३ नं. ओखलढुङ्गाको नामले यस जिल्लाको जन्म भएको हो । वि.सं. २०१८ सालको

प्रशासनिक विभाजनपूर्व हालको सोलुखुम्बु, ओखलढुङ्गा र खोटाङ जिल्ला पूर्व ३ नं. ओखलढुङ्गा अर्न्तगत पर्दथे भने यसको थुम *(सदरमुकाम)* चिसंखु रहेको थियो । तत्कालिन राजा महेन्द्रको शासनकालमा वि.सं. २०१८ साल वैशाख १ गतेका दिन नेपाललाई १४ अञ्चल, ७५ जिल्लामा प्रशासनिक विभाजन गर्दा ओखलढुङ्गा सगरमाथा अञ्चलको एक जिल्ला हुन गएको छ । हालसम्म यो कायमै रहेको छ । यदि भविष्यमा देश संघियता शासन प्रणाली अर्न्तगत प्रशासनिक विभाजन गर्दा हालको ओखलढुङ्गा जिल्ला कुन संघिय राज्य अर्न्तगत पर्ने हो ? यसको राजनैतिक प्रशासनिक हैसियत के हुने हो ? यो भविष्यमा बन्ने सविंधानले नै निश्चित गर्ने छ ।

## ४.२ भौगोलिक अवस्था

ओखलढुङ्गा जिल्लालाई भौगोलिक विविधताले भरिपूर्ण जिल्लाको रुपमा चिनिन्छ । विश्व मानचित्रमा नेपाल २६° २२" (मिनेट) उत्तरदेखि ३०° २७" उत्तरी अक्षांशमा र ८०° ४" पूर्वदेखि ८८° १२" पूर्वी देशान्तरका बीचमा १,४७,१८१ वर्ग किलोमिटर वा ०.०३ प्रतिसत क्षेत्रमा फैलिएको छ भने नेपालका ७५ जिल्लाहरुमध्ये ओखलढुङ्गा जिल्ला विश्वमान चित्रमा २७° ८" उत्तरदेखि २७° ३२" उत्तरी अक्षांश र ८६° ११" पूर्वदेखि ८६° ४१" पूर्वी देशान्तरका बीचमा फैलिएको छ । उचाइको हिसाबले यो जिल्लाको अवस्थिति समुद्र सतहबाट करिव ३९० मिटर जोर्तिघाटदेखि ३,६२७ मिटर लाम्जेडाँडासम्मको उचाइ रहेको छ । पाखा-पखेरा, जंगल, खोल्सा-खोल्सी, खोँच, लेक-बेँसी, टार तथा अन्य प्राकृतिक सम्पदाहरुले भरिएको यस जिल्लाको कुल क्षेत्रफल १,०७४ वर्ग किलोमिटर रहेको छ । *(पार्श्वचित्र-२०६९)* यस जिल्लामा लाम्चेडाँडा, ताक्लुभञ्ज्याङ, गौरीवन, थुम्की, भुसुने, तीनतले, देउराली, पाल्ले, ककनीडाँडा, चाङ्गेथानडाँडा, थामडाँडा आदिलाई प्रसिद्ध एवं रमणिय ठाउँहरु मानिन्छन् भने रुम्जाटार, रामपुरटार, गामनाङटार, जरायोटार, सोक्मेटार, कुइभिरटार, हर्कपुरटार, माफिटार, बिगुटार र देवीटार जस्ता उच्चसमस्थली वा टारहरु प्रसिद्ध मानिन्छन् ।

ओखलढुङ्गा जिल्लालाई भौगोलिक धरातलिय दृष्टिकोणले तीन प्रदेशमा वर्गीकरण गरिएको छ । जसमध्ये लेकाली प्रदेशले २० प्रतिसत, पडाडी प्रदेशले ५६ प्रतिसत र बेँसी र टार प्रदेशले १५ प्रतिसत भूमि ओगटेको छ । यहाँ फराकिलो समथर भूमि कम रहेतापनि दुधकोशी, लिखुकोशी, सुनकोशी, मोलुङखोला, लिपेखोला, पोत्तिङखोला, सिस्नेखोला, ठोट्नेखोला, पङ्खुखोला जस्ता नदी तथा खोलाहरुले बनाएको स-साना बेँसीहरुका साथ रुम्जाटार, रामपुरटार, गामनाङटार, जरायोटार, सोक्मेटार,

कुइभिरटार, हर्कपुरटार, माझिटार, बिगुटार र देवीटार जस्ता टारहरु खेतीयोग्य भूमिका रुपमा रहेका छन् । समुद्री सतहदेखि ३९० मिटर उचाइमा रहेको जोर्तीघाट यस जिल्लाको सबैभन्दा होचो ठाउँ हो भने ३,६२७ मिटर उचाइमा रहेको लाम्चेडाँडा सबैभन्दा अग्लो ठाउँ हो । जिल्ला सदरमुकाम ओखलढुङ्गा १,८४९ मिटर उचाइमा अवस्थित छ भने शोध अध्ययन स्थल बरुणेश्वर गा.वि.स. वार्ड नं. ७ को उचाइ १,५७७ मिटर रहेको छ । *(गा.वि.स.अभिलेख-२०६६)*

## ४.३ हावापानी

ओखलढुङ्गा जिल्लाको हावापानी चार भागमा विभाजन गरिएको छ । जसमा उष्ण हावापानी एक हजार मिटरभन्दा तलको भू-भागमा पाइन्छ भने उपोष्ण हावापानी एक हजार देखि दुई हजार मिटरसम्म, न्यानो समशितोष्ण हावापानी दुई हजार देखि २ हजार ९४० मिटरको उचाईसम्म र शितोष्ण हावापानी २ हजार ९४० देखि ३ हजार ६२७ मिटरसम्मको उचाईमा पाइन्छ । जिल्ला सदरमुकाम ओखलढुङ्गामा उपोष्ण प्रकारको हावापानी पाइन्छ भने शोध अध्ययन स्थल बरुणेश्वर गा.वि.स. वार्ड नं. ७ मा पनि सोहि प्रकारको हावापानी पाइन्छ ।

## ४.४ राजनैतिक तथा प्रशासनिक विभाजन

राजनैतिक तथा प्रशासनिक आधारमा ओखलढुङ्गा जिल्ला नेपालको पूर्वाञ्चल विकास क्षेत्र, सगरमाथा अञ्चलमा पर्दछ । यस जिल्लाको पूर्वमा खोटाङ जिल्ला रहेको छ । यी दुई जिल्लाको सिमाना दुधकोशी नदी हो भने पश्चिममा रामेछाप जिल्लासँग लिखु (हिमगंगा) नदी, दक्षिणमा सिन्धुली र उदयपुर जिल्लासँग सुनकोशी नदीले सिमा छुट्याएको छ । उत्तरमा सोलुखुम्बु जिल्लासँग भने नेचाडाँडा, खानीडाँडा, पीके र लाम्जे डाँडाले सिमाना छुट्याएको छ । राजनैतिक तथा प्रशासनिक कार्यका लागि यस जिल्लालाई २ वटा निर्वाचन क्षेत्र, ११ वटा इलाका, र ५६ वटा गाउँ विकास समितिमा विभाजन गरिएको छ । जसमा निर्वाचन क्षेत्र नं. १ अर्न्तगत इलाका नं. १ देखि ६ सम्म र ३० वटा गाउँ विकास समितिहरु पर्दछन् । ती गाउँ विकास समितिहरुको नाम यसप्रकार छन् :- कुइभीर, पोखरे, दियाले, सेर्ना, रातमाटे, माम्खा, रुम्जाटार, भदौरे, तलुवा, ठुलाछाप, बर्णालु, अँधेरीनारायणस्थान, सल्लेरी, ओखलढुङ्गा, ज्यामिरे, बरुणेश्वर, कुन्तादेवी, हर्कपुर, प्राप्चा, श्रीचौर,

जन्तरखानी, बिगुटार, राँगाद्विप, पात्ले, भुसिंगा, रावादोलु, खिजीकाती, खिजीचण्डेश्वरी, खिजीफलाटे, रगनी हुन् । निर्वाचन क्षेत्र नं. २ मा इलाका नं. ७ देखि ११ सम्म र २६ वटा गाउँ विकास समितिहरु रहेका छन् । ती गाउँ विकास समितिहरु : पोकली, टारकेराबारी, गामनाङटार, यसम, नर्मदेश्र, सिंहदेवी, रानीवन, पलापु, कालिकादेवी, फेदीगुठ, बिलन्दु, फूलबारी, बलखु, सिस्नेरी, मुलखर्क, च्यानाम, कटुञ्जे, टोक्सेल, थाक्ले, मानेभञ्ज्याङ, माधबपुर, ऊबु, वाक्सा, मोली, केत्तुके, बेतिनी रहेकाछन् । यी ५६ वटा गाउँ विकास समितिहरु मध्ये क्षेत्रफलको आधारमा सबभन्दा ठूलो पात्ले गा.वि.स रहेको छ, जसको कुल क्षेत्रफल ५९.५ वर्ग कि.मि. रहेको छ र सबभन्दा सानो गा.वि.स. प्राप्चा रहेको छ, जसले मात्र ५.३ वर्ग कि.मि. भूमि ओगटेको छ । *(पार्श्वचित्र-२०६९)*

## ४.५ जनसंख्या

केन्द्रिय तथ्यांक विभागको जनगणना-२०६८ को अन्तिम नतिजा अनुसार नेपालमा जम्मा ५४,२७,३०२ घरधुरी रहेका छन्, जहाँ १,२८,४९,०४१ (४८.५%) पुरुष र १,३६,४५,४६३ (५१.५०%) महिला गरी २,६४,९४,५०४ कुल जनसंख्या रहेको छ । सोही जनगणनाको अभिलेख अनुसार ओखलढुङ्गा जिल्लामा ३२,५०२ घरधुरी रहेको छ भने ६८,६८७ पुरुष र ७९,२९७ महिला गरी जम्मा १,४७,९८४ जनसंख्या गरेको छ, जुन राष्ट्रिय जनगणना-२०५८ को आँकडासँग तुलना गर्दा ओखलढुङ्गा जिल्लाको जनसंख्या २०६८ मा ६,६७४ महिला र २,०४४ पुरुष गरी जम्मा ८,७१८ ले जनसंख्या कम देखिन्छ । किनभने जनगणना २०५८ मा यस जिल्लामा ७५,३६१ जना पुरुष र ८१,३४१ जना महिला गरी जम्मा १,५६,७०२ जनसंख्या थियो । यसर्थ यस जिल्लामा जनसंख्याको बृद्धिदर ऋणात्मक रहेको छ । राष्ट्रिय जनगणना-२०६८ को आँकडा अनुसार नै ओखलढुङ्गा जिल्ला भित्र रहेका ५६ वटा गाउँ विकास समितिहरु मध्ये सबभन्दा बढी पलापु गा. वि. स. मा २,३७७ जना पुरुष र २,८५४ जना महिला गरी जम्मा ५,२३१ जनसंख्या रहेको छ भने सबभन्दा कम प्राप्चा गा.वि.स.मा ५६० जना पुरुष र ६६६ जना महिला गरी जम्मा १,२२६ मात्र जनसंख्या रहेको छ । शोधकर्ताले अध्ययनका लागि छनौट गरेको बरुणेश्वर गा.वि.स. मा भने १,५७६ जना पुरुष र १,८१२ जना महिला गरी जम्मा ३,३८८ जनसंख्या रहेको आँकडामा देखिन्छ । *(जनगणना-२०६८)*

प्रस्तुत जनसंख्याको व्याख्यात्मक विवरणलाई तालिकामा निम्न अनुसार देखाइएको छ ।

तालिका नं. १

जनगणना २०६८ को जनसंख्या विवरण

| विवरण | महिला | प्रतिसत | पुरुष | प्रतिसत | कुल | प्रतिसत |
|---|---|---|---|---|---|---|
| नेपाल | १,३६,४५,४६३ | ५१.५० | १,२८,४९,०४१ | ४८.५ | २,६४,९४,५०४ | १०० |
| ओखलढुङ्गा जिल्ला | ७९,२९७ | ५३.५८ | ६८,६८७ | ४६.४२ | १,४७,९८४ | १०० |
| बरुणेश्वर गा.वि.स. | १,८१२ | ५३.४८ | १,५७६ | ४६.५२ | ३,३८८ | १०० |

श्रोत: *केन्द्रिय तथ्याङ्क विभाग-२०६९*

ओखलढुङ्गा जिल्ला ब्राहमण, क्षेत्री, राई, तामाङ, गुरुङ, मगर, बाहिङ, वाम्बुले, थुलुङ, हायु, सुनुवार, शेर्पा, माझि, जिरेल, चेपाङ, कामी, दमाई, सार्की आदि जातजातिहरुको साझा बसोबास थलो हो। *(पार्श्वचित्र-२०६९)*

शोधकर्ताले शोधपत्रका लागि छनौट गरेको अनुशन्धान स्थल यसै जिल्लाको बरुणेश्वर गाउँ विकास समिति हो। यस गा.वि.स. को बारेमा भन्नु पर्दा यो जिल्ला सदरमुकामदेखि लगभग ३ कोस पश्चिममा पर्दछ भने सिमा जिल्ला सदरमुकाम रहेको ओखलढुङ्गा गा.वि.स. सँग जोडिएको छ। जिल्ला विकास समितिको कार्यालय ओखलढुङ्गा र गाउँ विकास समितिको कार्यालय बरुणेश्वरबाट प्राप्त तथ्याँकीय आँकडाका आधारमा भन्नु पर्दा बरुणेश्वर गा.वि.स. को कुल क्षेत्रफल १७.९ वर्ग कि.मि. वा १,७९२.२१ हेक्टर रहेको छ। यस गा.वि.स.लाई दक्षिण-पश्चिममा हर्कपुर र प्राप्चा गा.वि.स.सँग मोलुङ खोलाले, उत्तर-पश्चिममा राँगाद्धिप र बिगुटार गा.वि.स.सँग पोक्तीङ खोलाले, पूर्वमा ओखलढुङ्गा गा.वि.स.सँग लिपेखोलाले सिमा छुट्याएको छ र दक्षिण-पूर्वमा कुन्तादेवी गा.वि.स.सँग भने जमिन नै सिमाना रहेको छ। भौगोलिक बनावटको आधारमा भन्नु पर्दा यस गा.वि.स.को दक्षिण-पश्चिमतर्फ मोलुङखोलाले बनाएको बेँसी र त्यसैसँग जोडिएको सम्म परेको फाँटिलो उर्वरा रामपुरटार रहेको छ भने रामपुरटारदेखि उत्तर-पूर्वतर्फ विस्तारै उचाई बढ्दै गएको उत्तर-पश्चिम ढाल परेको भिरालो पाखो बारीहरु मिलेर बिगुटार गा.बि.स.सँग जोडिएको छ र पूर्वतर्फ लिपेखोलाको किनारीभागमा उर्वर बेँसी रहेको छ , जसलाई बाह्रबीसे र टेकानपुर भनिन्छ। उचाइ र हावापानीको आधारमा भन्नुपर्दा मोलुङ बेँसी, रामपुरटार, बाह्रबीसे क्षेत्रमा कम उचाइ र गर्मी हावापानी पाइन्छ। रामपुरटारदेखि उत्तर-पूर्व भागमा बढी उचाइ र चिसो हावापानी पाइन्छ।

प्रशासानिक कार्य सुबिधाको लागि यस गा.वि.स.लाई ९ वटा वडाहरुमा विभाजन गरिएकोछ। राष्ट्रिय जनगणना-२०६८ अनुसार यस गा.वि.स.मा ८०९ घरधुरी रहेका छन् भने १,५६७ जना पुरुष र १,८१२ जना महिला गरी जम्मा ३,३८८ जनसंख्या रहेको छ। यस गा.वि.स.मा ब्राहमण, क्षेत्री, बाहिङ, शेर्पा, राई, नेवार, तामाङ, मगर, कामी, दमाई, सार्की, घर्ती आदि जातजातिहरु बसोबास गर्दछन्। यस गा.वि.स.का मानिसहरुको मुख्य पेशा कृषि रहेको छ। हाल ओखलढुङ्गा-रामपुर, ओखलढुङ्गा-राँगाद्धिप र रामपुर-कटुञ्जे कच्ची सकड यातायात विस्तार भएकोले दिनप्रतिदिन व्यापार पेशाले पनि निकै फस्टाउने मौका पाएको छ। शिक्षाको क्षेत्रमा भन्ने हो भने यस गा.वि.स.मा प्राथमिक विद्यालय ८ वटा, निम्न माध्यमिक विद्यालय २ वटा र माध्यमिक विद्यालय २ वटा र उच्च माध्यमिक विद्यालय १ वटा सामुदायिक विद्यालयहरु सञ्चालनमा रहेका छन्। *(गा.वि.स.प्रोफाइल-२०६९)* जिल्लाका अन्य गा.वि.स.हरुसँग तुलना गर्दा शिक्षाको स्थिती राम्रो देखिन्छ। मुलतः रामपुरटारमा बसोबास गर्ने ब्राहमण जातिहरु शिक्षामा अव्वल मानिन्छन्। राजनैतिक क्षेत्रमा पनि यस गा.वि.स. निकै अगाडि छ। त्यसमा पनि ब्राहमण जातिहरु नै राजनैतिक क्षेत्रमा अगाडि छन्। जस्तै पञ्चायतकालिन टिम्बुरबोटे काण्डमा मृत्युदण्ड पाएका शहिदहरु राम लक्ष्मण यस गा.वि.स.का थिए भने वि.सं २०५१ र २०५६ सालको संसदीय निर्वाचनमा क्षेत्र नं. १ बाट निर्वाचित सांसदहरु क्रमसः चन्द्रकान्त दाहाल र होमनाथ दाहाल यसै गा.वि.स.का बासिन्दाहरु थिए। स्वास्थ्य सेवा क्षेत्रमा भने गा.वि.स. भित्र १ वटा स्वास्थ्य चौकी रहेको छ भने प्रत्येक वडामा १-१ जना महिला स्वास्थ्य स्वयं सेविकाहरुको व्यवस्था गरिएको पाइन्छ। गा.वि.स.सँगै जोडिएको ओखलढुङ्गा गा.वि.स.को सोब्रु गाउँमा एक सुविधासम्पन्न मिसन अस्पताल रहेकोले स्वाथ्य सेवा क्षेत्रमा पनि खासै समस्या देखिदैन्। यस गा.वि.स.को ठूलो समस्या भनेको विद्युत रहेको छ। यस समस्यालाई समाधान गर्नका लागि गा.वि.स.का प्रत्येक घरधुरीबाट रु. ७,०००/- का दरले २०६७ सालमा रकम संकलन गरी १०० किलोवाटको **मोलुङखोला कात्तिके लघु जलविद्युत आयोजनाको** निमार्णकार्य शुरु गरिएको भएतापनि हालसम्म उक्त आयोजना सम्पन्न हुन सकेको छैन्। यसकारण सदरमुकामसँग जोडिएको गा.वि.स. भए पनि यहाँका मानिसहरु टुकी बत्ती बाल्नु पर्ने बाध्यता हालसम्म रहेको छ। गा.वि.स. को प्रत्येक वडामा पाइपलाइनबाट खानेपानीको व्यवस्था गरिएको छ भने सञ्चार क्षेत्रमा यहाँ इलाका हुलाक कार्यालय रहेको छ भने नमस्ते, एनसेल, स्काई जस्ता मोबाइ सेवा सञ्चालनमा रहेका छन्। सुरक्षा निकाय अर्न्तगत यस गा.वि.स.मा इलाका प्रहरी कार्यालय स्थापना गरिएको छ।

शोधकर्ताले शोधकार्यका लागि छनौट गरेको स्थल यस गा.वि.स.को वार्ड नं ७ हो । यसर्थ अध्ययनका शिलशिलामा प्राप्त प्राथमिक तथा द्वितीय श्रोतहरुको आधारमा यस वडाको चर्चा गरिएको छ । यस वडाको पश्चिममा सोही गा.वि.स. को ५ र ६ नं., पूर्वमा ८ नं., उत्तरमा ९ नं. वडा र दक्षिणमा कुन्तादेवी गा.वि.स.को वडा नं. ७ रहेका छन् । भौगोलिक दृष्टिकोणबाट दक्षिण भेगमा समथर बेँसी उत्तर पश्चिममा केही भिरालो र पाखो बारीले बनेको छ भने यस वडाको अधिकांस भाग लगभग १,५७७ मिटर उचाइमा रहेकोले केही चिसो प्रकारको हावापानी पाइन्छ । यो वडा जिल्ला सदरमुकामदेखि ५ किलोमिटर उत्तर-पश्चिममा अवस्थित छ । भौगोलिक धरातल र हावापानी अनुसार यहाँका मानिसहरुको मुख्य पेशा खेती किसान रहेको छ, जसमा उनीहरुले कोदो मकै, फापर, गहुँ, धान आदि खाद्यान्नबाली उत्पादन गर्दछन् । यस वडामा बाहिङ किरात जातिहरु ४० घरधुरी, बानियाँ क्षेत्री ६५ घरधुरी र कार्की क्षेत्री ४ घरधुरी गरी जम्मा १०९ घरधुरी रहेको छ । उच्च शिक्षा हाँसिल गर्नेहरुको संख्या धेरै नभएतापनि माध्यमिक शिक्षा हाँसिल गर्नेहरुको संख्या भने धेरै रहेको छ । वडा भित्र एक मात्र प्रभु प्राथमिक विद्यालय रहेको छ, जहाँ शैक्षिक सत्र २०७० मा कुल विद्यार्थी संख्या १२ जना छात्रा र १६ जना छात्र गरी जम्मा २८ जनामात्र विद्यार्थीहरु रहेको आँकडा विद्यालयका प्रधानाध्यापक कुल बहादुर बानियाँद्वारा उपलब्ध गराइएको थियो । विद्यालयमा विद्यार्थी संख्या कम हुनको कारण बारे प्रधानाध्यापकलाई प्रश्न गर्दा उहाँले जवाफमा, "छिमेकी ५ नं. वडामा गणेश माध्यमिक विद्यालय रहेको, जहाँ बालशिक्षादेखि कक्षा १० सम्म पढाइ हुने, तर प्रभु प्राथमिक विद्यालयमा कक्षा ३ सम्ममात्रै पढाइ हुने र गाउँका ठुला विद्यार्थीहरु मा.वि.मा पढ्न जाँदा अभिभावकहरुले ठूलो बच्चाहरुको साथमा साना बच्चाहरुलाई पनि साथमा उतै पठाउने गरेका । जसको बच्चा कक्षा ४ भन्दा कममा पढ्ने छन्, उनीहरुमात्रै प्रभु प्रा.वि. मा भर्ना हुने हुँदा विद्यार्थीसंख्या कम रहेको जानकारी दिनुभएको थियो । चालू शैक्षिक सत्र २०७० मा प्रभु प्राथमिक विद्यालयको विद्यार्थी विवरण तालिका अनुसार रहेको छ ।

**तालिका नं. २**

**चालू शैक्षिक सत्र २०७० मा प्रभु प्राथमिक विद्यालयको विद्यार्थी विवरण**

| कक्षा | छात्रा | प्रतिसत | छात्र | प्रतिसत | जम्मा | प्रतिसत |
|---|---|---|---|---|---|---|
| १ | ६ | ३३.३३ | १२ | ६६.६७ | १८ | १०० |
| २ | ३ | ४२.८६ | ४ | ५७.१४ | ७ | १०० |
| ३ | ३ | १०० | - | - | ३ | १०० |
| **जम्मा** | **१२** | **४२.८६** | **१६** | **५७.१४** | **२८** | **१००** |

श्रोत: *कार्यक्षेत्र अध्ययन-२०७०*

यस वडालाई विद्युतले हाससम्म छुन सकेको छैन । केही घरधुरीले बैकल्पिक सौर्य उर्जा प्रयोग गर्ने गरेका छन् । सञ्चार सेवा अर्न्तगत मोबाइल फोनको सुविधा रहेको छ । ओखलढुङ्गा-रामपुर, ओखलढुङ्गा- राँगाद्धिप कच्ची सकड बिस्तारले यस वडालाई पनि छोएको हुँदा यातायात विकास राम्रै रहेको पाइन्छ । स्वास्थ्य सेवा सुबिधा वडाभित्र नभएतापनि वडासँगै जोडिएको ओखलढुङ्गा गा.वि.स.को सोब्रुमा United Mission To Nepal संस्थाले स्थापना गरेका मिसन अस्पताल रहेको छ । यो वडामा पानीको स्रोत एकदमै कम छ । विशेष गरी चैत्र-बैशाख शुक्खा महिनामा यहाँ खानेपानीको साह्रै समस्या रहेको छ । तर हाल **"ढुस्के-लामिडाँडा-थापाचउर खानेपानी आयोजना"** सञ्चालनमा आएदेखि खानेपानीको समस्या खासै छैन । तर कहिलेकाही पाइपको पानी बिग्रीएर पानी आएन भने खानेपानीको हाहाकार हुन्छ । सडक बिस्तारको कारण हाल यस वडाका मानिसहरु पनि दिनप्रतिदिन बजार व्यवस्थापन गरी व्यापार व्यवसायमा अग्रसर हुनथालेको पाइन्छ भने विद्युत अभावका कारण उद्योग कलकारखानाहरु भने हालसम्म एउटा जेनेरेटरबाट सञ्चालिन कुटानीपिसानी मिल बाहेक अन्य स्थापना हुन सकेको पाइदैन ।

## ४.६ बाहिङ किरात जाति र तिनीहरुका लिखित अलिखित इतिहासहरु

आदिवासी जनजातिभित्र पर्ने बाहिङ किरात जाति किरात बंश मध्येका एक हुन् । यसर्थ बाहिङ जातिहरुको बारेमा चर्चा गर्नु भन्दा अगाडि बाहिङ जातिहरुको उत्पत्ति विकास कसरी भयो भन्ने विषयमा शोधकर्ताले अनुशन्धानका क्रममा संकलन गरेका प्राथमिक तथा द्धितीय श्रोतका आधारमा यहाँ चर्चा गरिएको छ ।

इतिहासकार बालचन्द्र शर्मा (२०२२) को *"नेपालको ऐतिहासिक रुपरेखा"* पुस्तकको पाना ३४ र ३५ मा उल्लेख गरिए अनुसार किरात जातिहरु प्राचीन मंगोलाइड परिवारका जातिहरु हुन् । यिनीहरु प्राचीन महाभारतकालमा भोटदेखि नै हिमाल पार गरी नेपालको पूर्वी पहाडी क्षेत्रमा आएर बसोबास गर्न थालेका हुन् । किरात अनुश्रुती अनुसार किरातहरु भोटको टासी/तासी रब्का भन्ने ठाउँमा चौरी गाई पाल्ने गर्दथे । एक दिन किरातहरुका एउटा चौरी गाई हरायो, सो चौरी गाई खोज्न किरात गोठालाहरु बालेङचुङ *(हाल ओलाङचुगोला)* हुँदै याङमा घाँटीतिर आए । त्यसमध्ये गोठालाहरुको एक समूह हिमालपार गरी दक्षिणी भागको उब्जाउ फाँटमा आए र त्यही बसोबास गर्न थाली शासनसमेत गर्न थाले । इस्वी सम्बत्को प्रारम्भतिर भारततिरबाट गएका जातिहरुले किरातहरुलाई तराईतिर झर्न

रोक लगाएकोले किरातहरुको बसोबास क्षेत्र तमोर र अरुण नदीको वरिपरि सिमित रहन गयो । किरातका दुई सन्तान थिए । तिनीहरु एक भाइ तमोर नदीको वरिपरि बसोबास गरे, जसलाई "किरात लिम्बु" भनिन्छ र अर्को भाइ अरुण नदी र त्यहाँदेखि पश्चिममा बसोबास गरे, जसलाई "किरात राई" भनिन्छ । किरातका यी दुई सन्तानहरुमध्ये किरात राईहरु विस्तारै फरक फरक भौगोलिक बनावट भएका स्थानमा बसाइँ सरेर बस्ने क्रममा त्यहाँको स्थानीय हावापानी, भू-बनावट अनुसारको मातृभाषा, भेषभुषाको प्रयोग गर्न थालेको पाइन्छ । जसको कारण किरात राई जातिहरुको मातृभाषा भौगोलिक क्षेत्र अनुसार फरकफरक रहेको छ । उनीहरु धेरै प्रकारका थर, उपथर, गोत्रमा बाँडिएका छन् । जस्तै चाम्लिङ, बान्तावा, थुलुङ, कुलुङ, बाहिङ, वम्बुले, जेरो, सोताङ, हायु, खालिङ, दुमी, साङ्पाङ, नाछिरिङ, अठपहरिया, आदि गरी २८ भन्दा बढी थरमा किरात राईहरु विभाजित रहेको उनीहरुको साझा संगठन किरात राई यायोक्खाले उल्लेख गरेको छ । *(निप्सुङ-२०४८)*

यही अरुण नदीको वरिपरि बसोबास गर्ने किरात जातिहरु मध्ये रोङ्बु/रुङ्बु नाम गरेका एक भाइ सन्तान आदिमकालमै बसाइ सरेर बस्ने क्रममा वल्लो किरात प्रदेश अर्न्तगत "टारबारी" मा सर्वप्रथम बसोबास गरेकाले सो ठाउँका नाम सोही रोङ्बु/रुङ्बुको नामबाट "रुम्जाटार" रहन गएको हो । यहाँ बसोबास गर्ने रोङ्बुका सन्तानहरुलाई "रुम्दाली" किरात भन्ने गरिएको छ साथै यस रुम्जाटारमा अर्को किरातका सन्तान खालुवा/खालिवा पनि आएर बसोबास गरेको र यही रोङ्बु/रुङ्बु र खालुवा/खालिवाका सन्तानहरुलाई "बाहिङ" भनिएको हो भन्ने जनश्रुति पाइन्छ । उनीहरुले आफ्नै मौलिक मातृभाषाको विकास गरेका छन्, जसलाई बाहिङ भाषाबाट "लो" भनिन्छ भने बाहिङ भाषाबाट बाहिङ जातिहरुलाई "रदु/रोदु" भनिन्छ । *(लि-२००५)*

वर्तमान बाहिङ किरात जातिहरुका पुर्खाहरु रोङ्बु र खालुवा रुम्जाटारमा कसरी बस्न थाले, यी दुई बीचको नातासम्बन्धले अहिलेका बाहिङ किरात जातिहरुबीच कस्तो नातदारी प्रणालीको विकास गरेको छ भन्ने विषयमा शोधकर्ताले शोधकार्यका लागि संकलन गरेका तथ्यहरुको आधारमा चर्चा गर्नु आवश्यक देखिन्छ । बाहिङ अग्रजहरु तथा नक्स/नक्सो (बाहिङ जातिको जन्मदेखि मृत्युपर्यन्तसम्मका संस्कार गर्ने आफ्नै जातीय पुजारी/पुरोहित) हरुका अनुश्रुती अनुसार प्राचीनकालमा आदिबासी बाहिङ पुर्खाहरु रोङ्बु र खालुवा रुम्जाटारमा भेट हुनु एउटा संयोग थियो । प्राचीनकालमा अहिलेको रुम्जाटारलाई घनाजङ्गलले ढाकेको थियो । बाहिङ पुर्खामध्येका एक खालुवा त्यही जङ्गलमा बस्थ्यो र उसले ठानेको थियो कि त्यो जङ्गलमा उ बाहेक अरु कोही बस्दैनन् । तर खालुवाले एक दिन त्यही

जङ्गलमा रातोमाटो जोतेर आएको सुँगुर भेट्यो । उसले सुँगुरलाई देखेर अचम्म मान्यो कि उ बाहेक अरु पनि त्यहाँ बस्दा रहेछन् भनेर खालुवाले आफ्नो जिज्ञासा मेटाउन सुँगुरको पिछा गर्न थाल्यो । सुँगुरको पछि लाग्दै जाँदा खालुवाले मान्छे बस्दै गरेको एउटा झुपडी देख्यो । त्यो मान्छेसँग खालुवाले परिचय गऱ्यो र त्यो झुपडीमा बस्ने मान्छे अरु कोही नभएर बाहिङहरुको अर्को पुर्खा रोङ्बु थियो । यी दुबै अरुण वरिपरिबाट बसाइँ सरेर आएका किरातका सन्तानहरु थिए । दुवैजना बीच परिचय भएपछि रुम्जाटारमा रोङ्बु र खालुवासँगै बस्न थाले । समय वित्दै गएपछि, यी दुई बीच रुम्जाटारमा को अगाडि बस्दैआएको भन्ने विषयमा विवाद चल्न थाल्यो र यस विवादलाई उनीहरुले सजिलै समाधान गर्न सकेनन् । त्यसपछि उनीहरुले बाजी थापे । पहिलो बाजी थियो कि दुवैको घरको अगेनोको खरानी जोख्ने जसको खरानी बढी हुन्छ उही अगाडिदेखि बसेको मान्नु पर्ने । रोङ्बु बाठो थियो । त्यसैले बाजी जित्नका लागि उसले जङ्गलबाट ल्याएको दाउरा रातभरी बाल्यो र अर्को दिन खरानी जोख्दा रोङ्बुकै खरानी धेर भयो र उसले बाजी जित्यो । तर यो बाजीको नतिजाबाट खालुवा सन्तुष्ट नभएकोले फेरि उनीहरुले दोश्रो बाजी राखे कि दुवैजनाले सुँगुर पाल्ने हुनाले दुवैको सुँगुरको जुतो *(मल वा दीसा)* जोख्ने, जसको सुँगरको जुतो बढी हुन्छ उही बिजेता वा रुम्जाटारमा पहिलादेखि बस्न थालेको ठान्नु पर्ने । यसपटक पनि रोङ्बुले आफ्नो चतुऱ्याइ देखाएछ कि उसले जङ्गलबाट रुखका जराहरु खोजेर ल्याइ सुँगुरको जुतोमा मिसाइ दिएछ र अर्को दिन जुतो जोख्दा रोङ्बुकै सुँगुरको जुतो बढी भै खालुवाले फेरि बाजी हार्न पुगेछ । तर खालुवाले यो निर्णयलाई मान्न अस्वीकार गरी फेरि अर्को बाजी राख्ने उसैले प्रस्ताव राखेछ । प्रस्ताव थियो कसले आफ्नो *दाप्ची/दाप्सी निङ (गोत्र वा वंश चिनाउने नाम, यसैको आधारमा बाहिङ जातिका छोराछोरीहरुको परम्परागत विवाह गरिन्छ)* लामो भन्न सक्छ भन्ने । खालुवाले आफ्नो दाप्ची/दाप्सी निङ *"ओङ्खोलु खोरोक्पा, तेपायु सिरोङ्मा, ओङ्खोलु खोरोक्पा, तेपायु नायुङ्मा, ओङ्खोलु खोरोक्पा, सिबिसे फियोङ्मा"* हो भनेछ र यसको जबाफमा रोङ्बुले आफ्नो दाप्ची/दाप्सी निङ, *"हनिसे, जुम्नीसे, भक्पालु सिरिक्सा, थाम्लेवा, वालेखा, नाम्बुमा, रिम्निवा, द्याम्निवा दोरिङ्वा, वातुलु वायुङ्मा, बुदुलु दरिता, खारुतेम्बा बालायो"* हो भनेछ । यसमा पनि रोङ्बुले नै लामो दाप्सि/दाप्चि निङ भनेकोले बाजी उसैको पोल्टामा गएछ । यस बाजीबाट पनि खालुवालाई चित्त बुझेको थिएन । एकातिर रोङ्बु र खालुवा रुम्जाटारमा को अगाडिदेखि बस्दै आएको भन्ने विषयमा दुई बीच विवाद थियो भने अर्कोतिर यी दुबै पहिलो चोटी बाबु बन्न लागेका थिए । फेरि खालुवाले रोङ्बुसँग अन्तिम बाजीको प्रस्ताव राख्यो र भन्यो कि हामी दुईको, जसको छोरा जन्मिन्छ त्यो नै रुम्जाटारमा पहिला आएको र जसको छोरी जन्मिन्छ त्यो पछाडि आएको ठान्नु पर्ने । खालुवाको यो

प्रस्तावलाई रोङ्बुले स्वीकार गऱ्यो । अन्तत : खालुवाको छोरा जन्मियो नाम "हवासाली" राखियो भने रोङ्बुको छोरी जन्मियो र नाम "निनाऱ्याङ्मा" राखियो । यसपटक भने खालुवाले बाजी जित्यो, जुन बाजीबाट दुवैजना सन्तुष्ट भए र उनीहरुबीचको रुम्जाटारमा को अगाडिदेखि बसेको भन्ने विवाद अन्त्य गरे । त्यसपछि रोङ्बु र खालुवा एकआपसमा भातृत्वको सम्बन्ध स्थापना गरी रुम्जाटारमा बस्न थालेको पाइन्छ । बाहिङ अग्रजहरुको अनुश्रुति के पनि रहेको छ भने रोङ्बु धेरै चलाख थिए र उनी तान्त्रीक विधि जान्दथे । उनको शरीरमा तान्त्रीक विधी प्रयोग गरेर उड्न पनि सक्थे । जब रोङ्बु र खालुवाले भूमि विवाद समाधान गरी भातृत्वको साइनो स्थापना गरे, त्यसपछि, उनीहरु बीच आफ्ना छोराछोरी हवसाली र निनाऱ्याङ्मा ठूलो भए पछि विवाह गरिदिने सहमति गरे, किनकी त्यस समय रुम्जाटारमा रोङ्बु र खालुवा बाहेक अरु कोही घर परिवार थिएनन् । यसकारण हवसाली र निनाऱ्याङमा बीच विवाह गर्नु बाहेक उनीहरुका लागि अर्को विकल्प थिएन । *(मिम्खा-२०६३)*

बाहिङ पूर्खाहरु रोङ्बु र खालुवाका समयमा खेती प्रणालीको विकास भएको थिएन । यसर्थ उनीहरु खाद्यान्नका लागि जङ्गलमा जङ्गली जनावरहरुको सिकार गर्ने, रुम्जाटारको पूर्वतर्फ बग्ने ठोट्ने खोला र पश्चिमतर्फ बग्ने सिस्ने खोला वरिपरि कर्कलो, सिस्नु, गिट्ठा, भ्याकुर, जरा आदि संकलन गर्ने गर्दथे भने घरपालुवा जनावरको रुपमा सुँगुर पाल्ने गर्दथे भनी बाहिङ अग्रज बुद्धिकुमार ह्वाङ्गु भन्नु हुन्छ । उहाँको भनाइ अनुसार खाद्यान्न संकलन गर्ने कार्यमा हवासाली र निनाऱ्याङ्मा पनि आफ्ना बुबाहरुलाई सहयोग गर्न जङ्गल, खोलातिर जाने गर्दथे । *(नोटः- रोङ्बु र खालुवा, हवसाली र निनाऱ्याङमाको नाम वर्तमान बाहिङ किरात जातिमा परम्परागत मागी विवाह गर्दा केटीको घरमा केटा पक्षले केटीका आफन्तहरुको अगाडि रक्सी राखी हातजोडी केटी माग्न प्रस्ताव गर्दा शुरुवाती शब्दको रुपमा अनिवार्य उच्चारण गरिने शब्द)* जब उनीहरु ठूलो भए र एक अर्कामा नजिक हुँदै जाँदा एकदिन हवसाली र निनाऱ्याङमा प्रेममा फस्न पुगे । यही प्रेम प्रसंगको कारण एकदिन हवसालीले निनाऱ्याङमालाई आफ्ना बाबुहरुलाई थाहै नदिइ भगाएर अज्ञात स्थानतिर लग्यो । महिनौ दिनसम्म पनि उनीहरु घर फर्केनन् । खालुवा दम्पती छोरा हवासालीलाई चारैतिर खोजे । तर छोराको कुनै पत्तो पाउन सकेनन् । यसैले उनीहरु दुवै चिन्तीत भए । तिनीहरुले आफ्नो छोरालाई पक्कै रोङ्बुले माऱ्यो भनी रोङ्बुमाथि शंका गरे । आफ्नो छोराको केही अत्तोपत्तो नपाउदा उनीहरुको शंका झन बढेर गयो । अब रोङ्बुले हामीलाई पनि मार्छ भनी खालुवा दम्पतीले आफ्नो ज्यानको चिन्ता लिनथाले । उनीहरु सजक हुन थाले । रोङ्बु घरको ढोका फुटाइ भित्र नछिरोस भनी आफ्ना घरको ढोका कडा काठले मर्मत गरे ।

खालुवा दम्पती आवश्यक काम परेको समय बाहेक अन्य समय घरभित्रै लुकेर बस्न थाले । एकदिन अचानक घरबाहिरबाट आफ्नो छोरा हवासालीको आवाजमा ढोका खोल्नुस् भनेर बोलाएको सुने । तर उनीहरुले आफ्ना छोरालाई बिर्सी सकेका थिए । छोराको जस्तो आवाज सुनेर उनीहरु झन् डराएका थिए । किनकी यो पक्कै रोङ्बुले हामीलाई मार्नका लागि बनाएको चाल हो भनेर । हवसाली र निनाच्याङ्मा घरबाहिर उभिएर बाबुआमासँग ढोका खोल्नुस् भन्दै पटकपटक अनुरोध गरिरहेका थिए, तर उनीहरुले सुनेको आवाज छोरा कै हो भनेर विश्वास नभएकाले ढोका खोलि दिएनन् । छोरा हवासालीले उनीहरुलाई बाहिर आइ छोरासँग भेट गर्नोस भनी अनुरोध गरे, तर खालुवा दम्पती विश्वस्त भएनन् । उनीहरुले ढोका अगाडि बसेको शंकास्पद व्यक्तिलाई "हाम्रा छोरा मरेको धेरै दिन भयो" भनि जवाफ दिए । पटकपटक ढोका खोल्ने अनुरोध छोराको आवाजमा आएकोले आफ्नो छोरा हवासाली हो वा होइन भनी निश्चित गर्नका लागि उनीहरुले त्यो अपरिचित व्यक्तिलाई हत्केला थाप्न लगाए र तिनीहरुले उसको हत्केलामा थुकी दिए र भने यदि यो थुक चाट्यो भने तिमी हाम्रो छोरा हवासाली हौ, यदि चाटेनौ भने तिमी हाम्रो छोरा होइनौ र हामी तिमीलाई स्वीकार गर्दैनौ । खालुवा दम्पतीले जे भने त्यो हवासालीले गऱ्यो । यसबाट उनीहरु निश्चित भए कि यो नै हाम्रो छोरा हो भनेर । त्यसपछि खालुवा दम्पती घर बाहिर निस्किए । आँगनमा आफ्नो छोरा हवासाली रोङ्बुको छोरी निनाच्याङ्मा साथ देखेर धेरै खुशी भए । खालुवाले रोङ्बुको छोरी निनाच्याङ्मालाई आफ्नो बुहारीको रुपमा स्वीकार गर्नका लागि आफ्ना सबै किसिमको तुम्लो (रीत) हरु रोङ्बुलाई बुझाए र आफ्नो घरमा पनि रीतपूर्वक संस्कारहरु गरे, जुन रोङ्बुले झाडीमा लुकेर हेरी राखेका थिए । खालुवालाई संस्कारमा धनी देखेर रोङ्बु उनीसँग प्रभावित भए । यसप्रकार रोङ्बु र खालुवाले अगाडि गरेका बाचा अनुसार आफ्ना छोराछोरी हवसाली र निनाच्याङमाको रितपूर्वक विवाह गरिदिए र बाहिङ किरात समुदायमा परम्परागत विवाह संस्थाको जन्म दिएका छन् भनी बाहिङ अग्रजहरुको भनाइ रहेको छ । *(मिम्खा-२०६३ र २०६८, तुम्लोयालो-२०५४, ली-२००५)*

## ४.७ बाहिङ जातिका वंश

हाल बाहिङ किरात जातिहरु तीन फरक वंश (Lineage) मा बाँडिएका छन् । जसमा (१) रोङ्बु/रुम्दाली बाहिङ, (२) खालुवा बाहिङ र (३) नेचाली बाहिङ *(नेचाली बाहिङ भन्नाले रोङ्बु र खालुवाको सन्तान बाहेकका किरातहरु सोलुखुम्बु जिल्लाको नेचामा बसाइ सरी आएर बाहिङ भाषा, रीतिरिवाज, संस्कार मान्ने समूह)* । यी तीनै बाहिङ वंशहरु पनि विभिन्न थर, उपथर, पाछा गोत्र

(Clan, Sub-clan) मा विभाजित छन्, जसमध्ये रुम्दाली बाहिङ वंश भित्रका पाछा (दोचा)हरु हजुपाछा, थाम्रोचा, दिलिङपाछा (वाचा), दिर्वुचा, युन्वुचा, दुङ्मोचा, रोकेचा, खारादिवुर्चा, मुपुचा आदि हुन् । खालुवा बाहिङ वंश भित्र पर्ने पाछा (दोचा) हरु तोलोचा, मोप्लोचा, रिपुचा, तोनिमी, सुस्तोचा, मुनारी, ह्वलिन्दी, जोइलुङ, मुलुवा, चाङगाचा, आदि हुन् भने नेचाली बाहिङ वंश भित्र पर्ने पाछा ( दोचा) हरु नाम्र्व्यासाचा, सेचोचा, रल्लोचा, लुतिचा, आदि रहको पाइन्छ । यी पाछा *(थर, उपथर)* हरु प्रायः उमेरको हिसाबले वा बसोबास गर्ने स्थान वा काम अनुसार पुरुष बाहिङको नामबाट राख्ने गरिन्छ । यी रुम्दाली, खालुवा र नेचाली बाहिङ वंशभित्र पर्ने पाछा दोचाहरुको दाप्चि/दाप्सिनिङ *(गोत्रीयनाम, जो छोराछारीको परम्परागत विवाह गर्दा अनिवार्य चाहिने)* परिशिष्ट अर्न्तगत राखिएको छ । *(लि-२००५, पा.-११)* यो दाप्चि/दाप्सिनिङ प्राय : एउटा वंशको सात पुस्तासम्म एउटा नामले पुरुषतर्फलाई पुकार्ने गरिन्छ, यो नाम पुरुषको पद वा चरित्र वा कामका आधारमा राखिन्छ । *(डम्बर-२०७०)*

## ४.८ बाहिङ किरात जातिहरुको वर्तमान बसोबास क्षेत्र

बाहिङ किरात जातिहरुको पुर्खाहरु रोङ्बु र खालुवाको प्राचीन बसोबास स्थल वल्लो किरात प्रदेश हालको ओखलढुङ्गा जिल्ला अर्न्तगत पर्ने रुम्जाटार रहेको भएतापनि, सो ठाउँमा दिनप्रतिदिन पानीको अभाव हुँदै जादा उनीहरुका सन्तानहरु क्रमसः रुम्जाटार वरिपरिका ठाउँहरुमा बसाइँ सरेर बसोबास गरेको पाइन्छ । हाल यी जातिहरुका सन्तानहरु ओखलढुङ्गा जिल्लाका ५६ वटा गाउँ विकास समितिमध्ये हर्कपुर, रागाद्धिप, बरुणेश्वर, बिगुटार, अँधेरी, रुम्जाटार, बर्नालु, मोली, केतुके, वाक्सा, माम्खा, ओखलढुङ्गा, रातमाटे, भदौरे, तलुवा, कुइभिर, दियाले, सेर्ना मानेभञ्ज्याङ, कुन्तादेवी, ठुलाछाप आदि गा.वि.स. हरुमा बसोबास गरिरहेका छन् भने सोलुखुम्बु जिल्लाको नेचाबतासे, सल्यान, तिङला आदि गाउँहरुमा बाहिङ बस्ती रहेको छ । खोटाङ जिल्लाको अर्खोले, लामिडाँडा, चिउरीबास, नवलपुर गाउँमा, संखुवासभा जिल्लाको दिदीङ, मकालु, तुङखालिङ, पाथीभरा, मुलखर्क गाउँमा, र ताप्लेजुङ, भोजपुर, इलाम, सिन्धुली, उदयपुर, सुनसरी, मोरङ, झापा, काभ्रे, काठमाडौं उपत्यका आदि ठाउँ लगायत मुलुकका अन्य ठाउँहरुमा पनि बसाइँ सरेर बसोबास गर्ने गरेको पाइन्छ । बाहिङ किरात जातिहरु मुलत : बेलायत र भारतीय सेना र सिंगापुर पुलिसमा भर्तीहुने जातिका रुपमा परिचित जाति हुन् । यसमा पनि प्रथम तथा द्धितीय विश्व युद्धमा अधिकांश बाहिङ युवाहरुलाई राणा सरकारले बेलायत तर्फबाट युद्ध लड्नका लागि बृटिस कम्पनी सरकारलाई हस्तान्तरण गरेको थियो । यस युद्धमा बाहिङ युवाहरुले बृटिस पक्षबाट बहादुरीताका साथ जापान, जर्मन सैनिकसँग युद्ध गरी बहादुरीताका तक्मा

पनि पाएको इतिहास रहेको छ । जसमा क्याप्टेन अगमसिङ राई जो ओखलढुङ्गा रातमाटे निवासी बाहिङ हुन्, उनले सन् १९४४ मा जापानसँग बर्मामा युद्ध गर्दा बहादुरीता देखाएकोले बेलायत सरकारबाट उनलाई "भिक्टोरीया क्रस" जस्तो विशिष्ट तक्माले सम्मान गरिएको छ । यसरी भारतीय र बेलायत सैनिकमा जाने अधिकांश बाहिङ जातिहरु हाल उताकै नागरिक भएर बसोबास गर्न थालेकोले बाहिङ किरात जातिहरु मुलुक बाहिरसम्म पनि रहन पुगेका छन् । *(मिम्खा-२०६८)*

हाल बाहिङ किरात जातिहरु कति संख्यामा रहेका छन् भन्ने विषयमा बाहिङ किरात जातिहरुको जातीय संगठन **"बाहिङ किरात मुलुखिम"** को प्रारम्भिक सर्भेक्षण अनुसार देश विदेशमा गरी लगभग ५०-६० हजारको संख्यामा रहेको दाबी गरिएको भए तापनि राष्ट्रिय जनगणना-२०६८ को अन्तिम नतिजा अनुसार बाहिङ किरात जातिहरुको संख्या तल तालिकामा उल्लेख गरिए अनुसार रहेको छ ।

**तालिका नं. ३**

**जातका आधारमा बाहिङ जनसंख्या**

| विवरण | संख्या | प्रतिसत |
|---|---|---|
| महिला | १,६५२ | ५३.३६ % |
| पुरुष | १,४४४ | ४६.६४ % |
| जम्मा | ३,०९६ | १०० % |

श्रोत : *केन्द्रिय तथ्याङ्क विभाग-२०६९*

**तालिका नं. ४**

**भाषाका आधारमा बाहिङ जनसंख्या**

| विवरण | संख्या | प्रतिसत |
|---|---|---|
| महिला | ६,२४१ | ५३.५३ % |
| पुरुष | ५,४१७ | ४६.४७ % |
| जम्मा | ११,६५८ | १०० % |

श्रोत : *केन्द्रिय तथ्याङ्क विभाग-२०६९*

## ४.९ बाहिङ किरात जातिहरुको धर्म संस्कार

किरात वंशी बाहिङ जातिहरुको धर्म हिन्दु, बुद्ध, आत्मावाद (Animism) र झाक्रिवाद (Shamanism) को समिश्रण रुपबाट बनेको छ । हिन्दुहरुको दशै-तिहार यी जातिहरुले मानेको देख्दा यिनीहरु हिन्दु अनुयायी नै हुन् कि जस्तो लाग्छ । तर दशै-तिहार मनाउनका कारण उनीहरुका छिमेकीहरु हिन्दु धर्मलम्बी भएकाले उनीहरुबाट प्रभावित भै दशैं तिहारमा आफन्तहरुसँग भेटघाट गरी रमाइलो मनाउने उद्देश्यले दशैतिहार मान्ने गरेको तथ्य पाइन्छ । दशैतिहार बाहेक हिन्दुधर्म अर्न्तगतका अन्य चाँड पर्वहरु यी जातिहरु मनाउदैनन् । सत्यनारायणको पूजा भने ब्राहमण पुरोहितबाट गर्ने चलन रहेको छ । यसबाहेक बाहिङ किरात जातिहरुले आत्मवाद (प्रकृतिपुजक) र धामिझाक्रीवादको समिश्रणबाट आफ्ना धार्मिक, सामाजिक, सांस्कृतिक संस्कार एवं चाढपर्वहरु मनाउने गर्दछन्, जसलाई उनीहरु "किरात धर्म" भन्दछन् भने अलिखित रुपमा रहेको मुन्धुम उनीहरुको वेद वा धर्मशास्त्र हो ।

बाहिङ किरात जातिहरु ढुङ्गा, माटो, आगो, पानी, वायु आदि प्राकृतिक वस्तुहरुलाई भगवानको प्रतिकात्मक (Symbolic) रुप मानेर पूजा गर्दछन् । जन्मदेखि मृत्युपर्यन्तसम्मका धार्मिक, सामाजिक, सांस्कृतिक संस्कार तथा पर्वहरु बाहिङ जातिभित्रका नक्स/नक्सो (*पुरोहित*) द्वारा आफ्ना ङाबुचा ( मुन्धुमका ज्ञाता) को सहयोगबाट आफ्नै मातृभाषामा मुन्धुम (*अलिखित धार्मिकग्रन्थ*) वाचन गरी सम्पन्न गर्ने परम्परा छ । यसरी पूजा गर्ने बाहिङ पुरोहित/पूजारीलाई भौगोलिक क्षेत्र अनुसार नक्सो/नक्स/ नाक्सो भनिन्छ । यस जातिमा मान्छे मरेर गए पनि उसको आत्मा मर्दैन । यसर्थ मरेको मान्छेको किरिया गरेको रात आफ्नै जातिका धामी/झाक्री बोलाई मरन परेको घरमा चिन्ता (*धामीबस्ने)* गर्ने प्रचलन रहेकोछ । जसलाई जीवित मान्छे र मरेको मान्छे बीच बाटो फरक वा बाटो काट्ने भनिन्छ । किनकी जबसम्म मान्छे मरेको घरमा धामी बसाइदैन, तबसम्म मरेको मान्छेको आत्मा परिवारमै रहन्छ, जुन आत्माले परिवार र छिमेकीलाई समेत दु:ख दिइरहन्छ भन्ने विश्वास बाहिङ जातिमा व्यापक रहेको पाइन्छ । यसले गर्दा बाहिङ किरात जातिमा धामी झाक्रीवाद (Shamanism) निकै प्रभावकारी प्रथाको रुपमा लिइएको पाइन्छ ।

नक्सो र धामी बीच फरक विशेषता रहेको छ । नक्सो आफ्ना वंश भित्र कै हुनुपर्छ, जसले आफ्ना वंशभित्र कुनै शुभ (विवाह), अशुभ (मृत्यु), पित्री (पूर्खा) संस्कारहरु गर्नुपरेमा मुलपुरोहितको रुपमा उपस्थित भै मुन्धुममा भएका शब्दहरु स्मरण गर्दै वाचन गरी तोकिएका कार्य सम्पन्न गर्नु पर्दछ

। यसर्थ नक्सो बाहिङ भित्रका मुन्धुम स्मरण गरी वाचन गर्न सक्ने जो कोही बाहिङ व्यक्ति बन्नसक्छ, तर जो नक्सो बन्छ, उसले बाहिङ जातिभित्रका धर्म, संस्कृति, संस्कार अनिवार्य मानेको हुनुपर्छ, साथै स्वजातीय विवाह गर्नु पर्छ र खसीबाखका मासु खानु हुदैन । तर धामी/झाक्री जो कोही बन्न सक्दैन, अन्य जातिहरुको जस्तै तान्त्रीक विधिद्धारा भूत, वर्तमान, भविष्य बताउनसक्ने बाहिङ जाति हुनुपर्छ । यसले बाहिङ समुदायमा कसैको मृत्यु भयो भने त्यो मृतकको किरिया आफन्तले गरिदिएको रात मृतकको घरमा ढोल ड्ङग्रोसहित उपस्थित भै धामीबसी मृतकको आत्मालाई परिवार टोल छिमेकबाट यमलोकतिर पठाउने काम गर्नु पर्दछ । गाउँ समाजमा कोही दुःख विमार भएमा झारफुक गर्न कोही आएमा गरिदिने काम गर्दछन् भने अन्य समयमा भने समुदायका अरु मानिसहरुले गर्ने आय आर्जनका काम गर्दछन् । नक्सो र धामीले आफ्ना कार्यहरु घरभित्र अगेनामा रीति अनुसार ढुङ्गका तीनवटा चुल्हो गाँडिएको हुन्छ । ढुङ्गाको चुल्होलाई कूलदेवता ~~मारुहाङ्मानि~~ अगेनाको छेउमा बसेर पूजा गर्नु पर्दछ ।

## ४.१० बाहिङ जातिहरुको पेशा

अन्य जातजातिहरु जस्तै बाहिङ किरात जातिहरु पनि परम्परागत कृषि पेशामा नै निर्भर रहेका छन् । यी जातिहरुको बसोबास स्थल प्रायः पहाडको भिरालो (पाखो) जमिन र चिसो र शुक्खा हावापानी पाइने ठाउँमा रहेको हुन्छ । यसकारण अधिकांश बाहिङ जातिहरु कोदो, मकै, फापर, गहुँ, जौ, आलु आदि जस्ता बालीहरुको खेती गर्दछन् भने केही नदी, खोला किनारमा बस्ने बाहिङ जातिहरुले धान खेती पनि गर्ने गरेका छन् । खेतीपातीका साथ यिनीहरुले पशुपालन पनि गर्ने गर्दछन् । जसमा भैसी, गाईगोरु, सुँगुर, कुखुरा आदि घरपालुवा जनावरहरु पाल्ने गर्दछन् । यी जातिहरुले बाखा पालन गर्नु हुँदैन, बाखा पाल्यो र त्यसको मासु खायो भने पित्री पूर्खाहरु रिसाउछ भन्ने प्रथा रहेको छ । कृषिबाट उत्पादित बस्तुहरु प्रायः जीवन निर्वाहका लागि मात्र प्रयोग गर्दछन् । कृषि बाहेक यस समुदायको अर्को पेशा जाँड रक्सी उत्पादन गरेर स्थानीयस्तरमा बिक्री गर्नु रहेको छ ।

विश्वव्यापी आधुनिकीकरणले ल्याएको सामाजिक, सांस्कृतिक परिवर्तनहरुको प्रभाव यस बाहिङ समुदायमा पनि परेको पाइन्छ । समुदायमा विकास विस्तार भएको यातायात, विद्युत, शिक्षा जस्ता पूर्वाधारहरुको कारण केही बाहिङ युवाहरु कृषि पेशालाई छाडेर सानातिना घरेलु उद्योग, व्यापार जस्ता नयाँ किसिमको व्यवसायतिर दिनप्रतिदिन आकर्षित हुन थालेका छन् । बाहिङ समुदायमा महिला पुरुष बीच समान्ता देखिए तापनि कामको आधारमा महिला पुरुष बीच असमान्ता रहेको छ । जस्तै घरभित्र

खाना पकाउने, घाँसदाउरा, पानी ल्याउने काम प्राय: महिलाले गर्नु पर्छ भने घरबाहिरको काम भने पुरुषले गर्नु पर्ने देखिन्छ । अधिकांश बाहिङ युवाहरुको प्रथम रोजाइको पेशा भनेको बृटिस र भारतीय सेना र सिङ्गापुर पुलिसमा भर्ती हुनु हो भने दोस्रो रोजाईको पेशा नेपाल प्रहरी वा सेनामा भर्ती हुनु हो । यदि यी पेशाहरुमा असफल भएमा अन्य मुलुकहरु जस्तै मलेसीया, साउदी अरब, दुबई, कतार, कुवेततिर काम गर्न जाने वा आफ्ना परम्परागत कृषि पेशालाई निरन्तरता दिने गर्दछन् । निजामती सेवातिर खासै चासो दिएको देखिदैन । शोध अनुशन्धान स्थलका ४० घरधुरीमा जम्मा १७७ जना बाहिङ जातिहरु रहेको र तिनीहरुको पेशा तलका तालिकामा देखाइए अनुसार रहेको छ ।

**तालिका नं. ५**

**कार्यक्षेत्रका बाहिङहरुको पेशाको विवरण**

| विवरण | संख्या | प्रतिसत |
|---|---|---|
| कृषि | ११४ | ६४.४१ |
| नोकरी (सेवा) | २८ | १५.८२ |
| व्यापार | ५ | २.८२ |
| उद्योग | - | - |
| १० वर्षभन्दा मुनिका परनिर्भर बालबालिकाहरु | २६ | १४.६९ |
| ७० वर्ष भन्दा माथिका परनिर्भर बृद्धबृद्धाहरु | ४ | २.२६ |
| **जम्मा** | १७७ | १०० |

श्रोत: *कार्यक्षेत्र अध्ययन-२०७०*

प्रस्तुत तालिकामा देखाइएको तथ्याङ्कलाई विश्लेषण गर्नु पर्दा ११४ जना वा ६४.४१ प्रतिसत परम्परागत निर्वाहमुलक कृषि पेशामा संलग्न रहेका छन् भने नोकरी र साधारण व्यापारमा क्रमश: २८ र ५ जना वा १५.८२ प्रतिसत र २.८२ प्रतिसत संलग्न रहेको पाइन्छ । यसैगरी १० वर्ष भन्दाकम उमेर समुहका बालबालिकाहरु तथा ७० वर्ष भन्दा बढी उमेर समुहका बृद्धबृद्धाहरु जो परनिर्भर जीवन निवार्हगर्ने समुह भित्र पर्दछन् उनीहरुको संख्या क्रमश:२६ जना र ४ जना वा १४.६९ प्रतिसत र २.२६ प्रतिसत रहेका पाइन्छ ।

नोकरी वा सेवा क्षेत्रमा संलग्न बाहिङहरु मध्ये नेपाल प्रहरीमा ३ जना पुरुष, भारतीय सेनामा ८ जना पुरुष, बृटिस सेनामा ९ जना पुरुष, मलोसीयामा ६ जना पुरुष कार्यरत रहेको पाइएता पनि निजामती सेवामा एक जना पनि नभएको तथ्य स्थलगत अध्ययनका क्रममा पाइयो । नोकरी वा सेवाक्षेत्रको पेशालाई तालिकामा देखाइएको छ ।

तालिका नं. ६

**नोकरी क्षेत्रमा संलग्न शोधक्षेत्रका बाहिङहरुको विवरण**

| विवरण | संख्या |
|---|---|
| नेपाल प्रहरी | ३ |
| भारतीय सेना | ८ |
| बृटिस सेना | ९ |
| मलेशीया | ८ |
| जम्मा | २८ |

श्रोत: *कार्यक्षेत्र अध्ययन-२०७०*

## ४.११ बाहिङ जातिमा शिक्षा

बाहिङ किरात जातिमा शिक्षाको प्रभाव एकदमै कम भएको पाइन्छ । यसो हुनुको कारण अधिकांश बाहिङ अभिभावकहरुले शिक्षाको महत्त्व नबुझ्नु र मानसिक भन्दा शारीरिक कामलाई प्रधान ठान्नु रहेको छ, साथै युवा पुरुषहरुको एस.एल.सी. वा १२ कक्षासम्म पढ्ने उमेर र सेनामा भर्तीहुने उमेर एकै (१८ वर्ष) हुने हुँदा सेनामा भर्ती हुने चक्करले १२ कक्षा भन्दा माथिको पढाइलाई उनीहरुले भुलिदिने गर्दछन् । पुरुषको जस्तै महिलाहरुको पनि उच्चशिक्षा हाँसिल गर्नमा समस्या रहेको छ, जव महिलाहरु १२ कक्षासम्म पढ्छन्, त्यही बेला अभिभावकले उनीहरुको विवाह गरिदिन्छन् । विवाह गरिसकेपछि महिलाहरुको पढाइमा पनि पूर्णबिराम लाग्दछ ।

तर वैदेशीक रोजगार, समुदायमा विकास भएको पूर्वाधार एवं प्रजातान्त्रिक राजनैतिक प्रणालीको कारणले वर्तमान समयमा बाहिङ युवाहरु पनि शिक्षाप्रति चासो राख्न थालेको पाइन्छ भने अभिभावकहरुमा पनि आफ्ना छोराछारीलाई शिक्षित बनाउनु पर्छ भन्ने चेतना आएको छ । जसले गर्दा केही बाहिङ युवाहरु विभिन्न विषयमा उच्चशिक्षा हासिल गरिरहेका छन् । तर अन्य जातजातिको

तुलनामा भने यो नगण्य मानिन्छ । शोध अनुशन्धान स्थलका १७७ जना बाहिङहरु मध्ये ३५ जना महिला र ३२ जना पुरुष जम्मा ६७ जनाले एस.एल.सी. र सो भन्दा माथिको कक्षामा शिक्षा लिइरहेका तथ्य प्राप्त गरिएको थियो, जुन विवरणलाई तल तालिकामा देखाइएको छ ।

**तालिका नं. ७**

**कार्यक्षेत्रका बाहिङ किरात जातिहरुको शैक्षिक स्थिति**

| तह | महिला | प्रतिसत | पुरुष | प्रतिसत | जम्मा | प्रतिसत |
|---|---|---|---|---|---|---|
| माध्यमिक तह | १९ | ५१.३५ | १८ | ४८.६५ | ३७ | १०० |
| उच्च माध्यमिक तह | ८ | ४७.०६ | ९ | ५२.९४ | १७ | १०० |
| स्नातक तह | ७ | ६३.६४ | ४ | ३६.३६ | ११ | १०० |
| स्नातोकोत्तर तह | १ | ५० | १ | ५० | २ | १०० |
| जम्मा | ३५ | ५२.२४ | ३२ | ४७.७६ | ६७ | १०० |

श्रोत: कार्यक्षेत्र अध्ययन-२०७०

## ४.१२ बाहिङ किरात जातिहरुको एतिहासिक भूमिहरु

बाहिङ किरात मुलुखिमका विशिष्ट संरक्षक तथा भूतपूर्व मन्त्री स्वर्गीय बल बहादुर बाहिङ राईका अनुसार पृथ्वीनारायण शाहको एकिकरण अभियान समयसम्म वल्लो किरात प्रदेश हालको ओखलढुङ्गा जिल्ला अर्न्तगत बाहिङ किरातहरुको आफ्नै राज्य थियो । पृथ्वीनारायण शाहको सैनिकहरुसँग लडाइ गरी राज्यलाई जोगाउने उद्देश्यले बाहिङ किराती राजाले चार किल्लाको व्यवस्था गरेका थिए । जसमा (१) तलुवागढी, (२) बुङनामगढी, (३) चिसंखुगढी र (४) च्यानामगढी थिए । आफ्ना जमिनलाई शाहको हातमा पर्न नदिनका लागि किराती सैनिकहरुले बहादुरीताका साथ पृथ्वीनारायण शाहका सैनिक माथि आक्रमण गरेका थिए । किरातीहरुले पृथ्वीनारायण शाहको शासनलाई अस्वीकार गरे पछि वर्तमान चार्खु ओखलढुङ्गाका पोखेल ब्रह्मणहरुलाई किरातहरुको जासजुसीका रुपमा पृथ्वीनारायण शाहले पठाइएका थिए । पोखेलहरुले आवश्यकता अनुसार शाहको गोप्य सेवा गरेवापत बाहिङ किपट जग्गा प्राप्त गर्दथे । किरातीहरुलाई पराजित गर्न नसकेपछि उनीहरुको विरुद्धमा शाहले षडयन्त्रको योजना बनायो । किरातसँग दुधकोशीको किनारमा भेट गरी मित लगाउने भन्ने प्रस्ताव राख्न पृथ्वीनारायण शाहले आफ्ना प्रतिनिधिहरुलाई किरात कहाँ पठाएको थियो । सो प्रस्ताब किरातीहरुले स्वीकार गरी

तोकिएको स्थानमा सबै किराती विशिष्ट व्यक्तिहरु भेला भएका थिए । तर त्यहाँ बैमान प्रतिपक्षहरुले सबै किरातीहरुलाई मार्ने योजना बनाएका थिए । तिनीहरुले बालुवामुनी तरवार, लाठी, भालाहरु लुकाएर राखेका थिए । जब संस्कार अनुसार किरातीहरुले कार्यक्रममा शीर झुकाए, त्यही बेला चारै तिरबाट पृथ्वीनारायण शाहका सेनाले आक्रमण गर्न थाले र त्यसै बखत अधिकांश किरात शासकहरुलाई मारिदिए । यसप्रकार मित्रताको नाटक रची धोखापूर्ण तरिकाले किरातीहरुको जमिन शाहहरुले कब्जा गरेका थिए । केही किरातीहरु भने राज्यका पूर्वी भागतिर भागी ज्यान जोगाएर घर आए भने केही त्यही बसेका थिए । *(मेखराज बाहिङको खोजबाट साभार)*

## १. तलुवागढीको चार किल्लाहरु

गोरुमारेभञ्ज्याङ, ओखेनीभञ्ज्याङ, जोर चिलाउने, रतुवापानी, चुचेढुङ्गा, दमाइथला, भऱ्याङडाँडा, डुम्रेखोला, बाङ्गेसल्ला, रम्बुआ, ठोट्नेखोला, माम्खाढिक, रुम्जाटार, सिस्नेखोला, लामसोती, आदि ठाउँ तलुवागढीका ऐतिहासिक सिमाहरु हुन् । यी ठाउँहरुको बीचमा गढी अवस्थित थियो, जुन गढी अहिलेसम्म पनि संरक्षणको पर्खाइमा रहेको छ । यस गढीका नाइके (सरदार) तोला बाहिङ थिए ।

## २. बुङनामगढीका चार किल्लाहरु

बाहिङ किराती राजा बुङ्गाको राज्यलाई बुङ्नामगढी भनिन्छ । यसको सिमाना तोला किरातको सिमाना वा बेतीनी उत्तर, ठोट्नेखोला पश्चिम, मोलुङखोला पूर्व र उत्तरमा मोलुङखोलाको किनारसम्म बुङ्गा बाहिङ किरात राजाको राज्य फैलिएको थियो ।

## ३. चिसंखुगढीका चार किल्लाहरु

ठोट्नेखोला पूर्व, दुधकोशी उत्तरपश्चिमदेखि थुलुङ जुवाहाङसम्मको सिमा चिसंखुगढीको थियो । यस क्षेत्रमा बाहिङ राजा च्यामाजित थिए ।

## ४. च्यानामगढीका चार किल्लाहरु :

बाहिङ किरात राजा च्यामाको राज्य लिखुनदीबाट फैलिएर पूर्वमा सुनकोशी, उत्तरमा मोलुङ दोभान, उत्तरपश्चिममा मोलुङखोलासम्म फैलिएको थियो । *(मिम्खा-२०६३ पा. २९)*

अध्याय : पाँच

# अध्ययन क्षेत्रका बाहिङ किरात जातिहरुको सामाजिक, सांस्कृतिक पक्ष र परिवर्तनको अध्ययन

## ५.१ सामाजिक पक्ष

ओखलढुङ्गा जिल्ला, बरुणेश्वर गाउँ विकास समिति वार्ड नं. ७ का बाहिङ किरात जातिहरुको समुदायमा शोधकर्ताले शोधअध्ययनका लागि २०७० साल असोज-कात्तिक महिनामा कार्यक्षेत्र अध्ययन गरेको थियो । उक्त अध्ययनका समयमा विभिन्न समाज़शास्त्रीय, मानवशास्त्रीय उपगमन तथा तथ्याङ्कशास्त्रीय विधिहरुको सहायताले कार्यक्षेत्र स्थलका बाहिङ किरात जातिहरुको सामाजिक सांस्कृतिक पक्षहरुसंग सम्बन्धित प्राथमिक तथ्यहरु संकलन गरेको थियो । त्यही सङ्कलित तथ्यहरुको आधारमा निम्न उप शिर्षकहरुमा सामाजिक पक्षका विषयमा विश्लेषण गरिएको छ ।

### ५.१.१. जनसांख्यिकी विवरण

मानव उत्पत्तिसंगै समाजको पनि उत्पत्ति भएको हो । आज संसारमा जे जति मानवबस्तीहरु छन्, ती सबै बस्तीहरुलाई मानवसमाज भनिन्छ । जनसंख्या मानवसमाज निर्माणको अभिन्न तत्त्व हो । यसर्थ शोधकर्ताले शोध अनुसन्धान गर्ने क्रममा बरुणेश्वर गा.वि.स. वार्ड नं. ७ का बाहिङ किरात जातिहरुको समुदायको कार्यक्षेत्र अध्ययन गरेको थियो । बरुणेश्वर गा.वि.स. ९ वटा वडामा प्रशासनिक विभाजन गरिएको छ । राष्ट्रिय जगणना-२०६८ अनुसार यस गा.वि.स.मा विभिन्न जातजातिबाट १,५७६ जना पुरुष र १,८१२ जना महिला गरी ३,३८८ जनसंख्या रहेको छ ।

शोध अध्ययनका लागि छनौट गरिएका वडा नं. ७ मा मिति २०७० साल कात्तिक २६ गतेसम्म बानियाँ क्षेत्री ६५ घरधुरी, कार्की क्षेत्री ४ घरधुरी र बाहिङ किरात ४० घरधुरी गरी जम्मा १०९ घरधुरी रहेको कार्यक्षेत्र अध्ययनका क्रममा शोधकर्ताले घरधुरी संख्याको तथ्याङ्क सङ्कलन गरेको थियो भने शोध अध्ययनसंग सम्बन्धित यस वडामा बसोबास गर्ने बाहिङ किरात जातिहरुको जनसंख्या घरधुरी संघणन सर्भेक्षण (Household Census Survey) विधिद्धारा तथ्याङ्क सङ्कलन गरिएको थियो । मिति २०७०

कात्तिक २६ गतेका दिनसम्म सङ्कलन गरिएको यस जातिहरुको ४० घरधुरीभित्र महिला पुरुष गरी कुल जनसंख्या तलको तालिकामा उल्लेख गरिए अनुसार रहेको छ ।

**तालिका नं. ८**

**लिङ्गका आधारमा कार्यक्षेत्रका बाहिङ किरात जातिहरुको जनसंख्या विवरण**

| विवरण | संख्या | प्रतिसत |
|---|---|---|
| महिला | ८९ | ५०.२८ |
| पुरुष | ८८ | ४९.७२ |
| जम्मा | १७७ | १००.०० |

श्रोत: *कार्यक्षेत्र अध्ययन - २०७०*

**तालिका नं. ९**

**उमेरका आधारमा अध्ययनस्थलका बाहिङ किरात जातिहरुको जनसंख्या विवरण**

| उमेर समूह | महिला | प्रतिसत | पुरुष | प्रतिसत | जम्मा | प्रतिसत |
|---|---|---|---|---|---|---|
| ०-१० | ११ | १२.३६ | १५ | १७.०५ | २६ | १४.६९ |
| १०-२० | २३ | २५.८४ | २१ | २३.८६ | ४४ | २४.८६ |
| २०-३० | १५ | १६.८५ | १३ | १४.७७ | २८ | १५.८२ |
| ३०-४० | १८ | २०.२३ | १२ | १३.६४ | ३० | १६.९५ |
| ४०-५० | ९ | १०.११ | १५ | १७.०५ | २४ | १३.५६ |
| ५०-६० | १० | ११.२४ | ८ | ९.०९ | १८ | १०.१७ |
| ६०-७० | - | - | ३ | ३.४१ | ३ | १.६९ |
| ७० र सो भन्दा माथि | ३ | ३.३७ | १ | १.१४ | ४ | २.२६ |
| जम्मा | ८९ | १००.०० | ८८ | १००.०० | १७७ | १००.०० |

श्रोत: *कार्यक्षेत्र अध्ययन (घरधुरी सर्भेक्षण)-२०७०*

**तालिका नं. ८** मा उल्लेख गरिएको आँकडालाई हेर्दा महिला भन्दा एक जनाले मात्र पुरुषको संख्या कम देखिन्छ । राष्ट्रिय जनगणना २०६८ अनुसार संख्याका आधारमा सींगो नेपाल राष्ट्र र बरुणेश्वर गा. वि.स. को जनसंख्यमा लैङ्गिक असमान्ता जति धेरै देखिन्छ । त्यो आँकडासंग तुलना गर्दा अध्ययनस्थलका बाहिङ किरात जातिभित्र त्यती धेरै लैङ्गिक असमान्त देखिदैन । तर शोधकताले

कार्यक्षेत्रभित्र घरधुरी सर्भेक्षण गर्ने क्रममा भने कुनै घरधुरीमा महिलाहरुको संख्या बढी, कुनै घरधुरीमा पुरुषहरुको संख्या बढी भएको तथ्य प्राप्त गरेको थियो । यसर्थ यहाँ के कुरा निष्कर्षको रुपमा प्रस्तुत गरिन्छ भने कार्यक्षेत्र स्थलका बाहिङ किरात जातिहरुको लैङ्गिकता समग्र अध्ययनबाट समान देखिए तापनि वैयक्तिक अध्ययनबाट भने लैङ्गिक असमान्ता देखिन्छ ।

कार्यक्षेत्र स्थलका बाहिङ किरात जातिहरुको जनसंख्या विवरण उमेरगत आधारमा पनि सङ्कलन गरिएको थियो । यसरी उमेरगत आधारमा सङ्कलन गरिएको जनसंख्या विवरणलाई १० वर्गान्तरमा राखी माथि **तालिका नं. ९** मा प्रस्तुत गरिएको छ । प्रस्तुत तालिकालाई सर्सर्ती हेर्दा कार्यक्षेत्रका बाहिङहरुमध्ये १० देखि २० वर्ष उमेर समुहका महिला पुरुष दुवैको जनसंख्या अन्य उमेर समुह भन्दा बढी रहेको छ । त्यसपछि २० देखि ३० वर्ष र ३० देखि ४० वर्ष उमेर समुहका पनि अन्य उमेर समुहहरुभन्दा बढी रहेको छ । तर ६० वर्ष भन्दा माथि उमेर समुहका बाहिङ जनसंख्या भने एकदमै कम रहेको छ । ६० वर्ष भन्दा माथि उमेर भएकाहरु मध्ये ३ जना महिला र ४ जना पुरुष गरी जम्मा ७ जनाको संख्या मात्र रहेको तथ्य पाइयो । शोधकर्ताले ६० वर्षभन्दा माथि उमेर समुहका मानिसहरु कम संख्यामा हुनुको कारण पत्तालगाउनका लागि घरमुली उत्तरदाताहरुसंग जिज्ञासा राख्दा उत्तरदाताहरुमध्ये बिर बहादुर बाहिङको उत्तर अन्यको भन्दा सान्दर्भिक थियो । त्यसैले उहाँको उत्तरलाई नै यहाँ साभार गरिएको छ , "कतिपय बाहिङ पुरुषहरु विवाह गरेर श्रीमती, छोराछोरी गाउँमै छाडेर मुगलान (परदेश) लागेका, तर परिवारलाई छाडेर हिडे पछि लामो समय (३०-४० वर्ष) सम्म पनि बेखबर रहेका, जिउँदै छन् वा मरेर गई सके केही थाहा नभएको, गाउँमा छोराछोरी ठूलो भएर आफ्नो छुट्टै परिवार बनाई सकेको, जो गाउँमै बसेका महिला पुरुषहरु थिए, उनीहरु बिमारी पर्दा अस्पताल नजिक भएर पनि उपचारका लागि अस्पताल जान नमानी धामी झाक्रीहरुको मात्र भर पर्दा ५०-६० वर्षको वरिपरिमा नै उनीहरुको पनि मृत्यु हुने गरेकोले यस गाउँमा बृद्धहरु धेरै नभएको, तर अहिले गाउँमा जो ६० वर्ष भन्दा माथि बाँचेका बृद्धबृद्धाहरु छन्, उनीहरु भने सबै स्वास्थ्य अवस्थामा रहेका छन्, किनभने उनीहरुलाई आफ्ना परिवारका सदस्यहरुले ठिक समयमा खानाको व्यवस्था गरिदिने, बिरामी हुँदा अस्पताल लगेर उपचार गराउने गरेका छन् ।" यसैगरी ० देखि १० वर्ष उमेर समुहका बच्चाहरुको संख्या पनि अन्यको तुलनामा कम देखिन्छ नि भन्ने प्रश्नमा उत्तरदाता बिर बहादुर बाहिङकै जवाफ यस्तो थियो कि "पहिलाको मान्छेहरु अनपढ थिए, उनीहरुलाई परिवारको संख्या कति हुनुपर्छ भन्ने थाहा थिएन, तर अहिलेका मान्छे पढीलेखेका, देश विदेश घुमेका र परिवारको संख्या कति हुँदा

सुखी परिवार हुन्छ भन्ने बुझेकाले पनि धेरैको बालबच्चा २ देखि ३ जनामात्रै हुने गरेकोले पनि बच्चाहरुको संख्या कम भएको हो ।"

## ५.१.२ परिवारको आकार

समाजशास्त्रीय तथा मानवशास्त्रीय दृष्टिकोण अनुसार परिवार श्रीमान, श्रीमती, छोराछोरीहरुको संगठनात्मक स्वरुप हो, जुन रक्तसम्बन्ध (Consanguinal) र विवाह (Affinity) बाट स्थापना भएको हुन्छ । परिवारभित्र रहेका सदस्यहरुबीच भावनात्मक र शारीरिक अन्तरसम्बन्ध रहेको हुन्छ । परिवार शुक्ष्म सामाजिक संस्था भएतापनि यसले बृहत सामाजिक संस्थाको निर्माण गर्नमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । परिवारको सदस्य संख्या र परिवारभित्रको नाता सम्बन्धका आधारमा परिवारको आकार निर्धारण गरिएको हुन्छ । शोधअध्ययन क्षेत्रका बाहिङ किरात जातिभित्र ४० घरधुरी रहेका परिवार संख्याको दृष्टिकोणले कुनै घरधुरीमा १-२ जनामात्रै र कुनै घरधुरीमा ८ जनाभन्दा माथिसमेत रहेको शोध अनुशन्धानका क्रममा पाइएयो, जसको तथ्यङ्किय विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. १०**

**कार्यक्षेत्रका बाहिङ किरात जातिहरुको परिवारको आकार**

| परिवारको आकार | घरधुरी संख्या | परिवारको संख्या | प्रतिसत |
|---|---|---|---|
| २ जना | ६ | १२ | ६.७८ |
| ३ जना | ४ | १२ | ६.७८ |
| ४ जना | १२ | ४८ | २७.१२ |
| ५ जना | १३ | ६५ | ३६.७२ |
| ६ जना | १ | ६ | ३.३९ |
| ७ जना | १ | ७ | ३.९५ |
| ८ जना र सो भन्दा माथि | ३ | २७ | १५.२६ |
| जम्मा | ४० | १७७ | १०० |

श्रोत : *कार्यक्षेत्र अध्ययन- २०७०*

प्रस्तुत तालिका अनुसार शोध अध्ययन क्षेत्रका बाहिङ किरात जातिहरुको परिवारको आकारलाई विश्लेषण गर्नु पर्दा ४० घरधुरीमध्ये सबैभन्दा बढी ५ जना परिवार भएका १३ घरधुरी रहेका छन् भने ४ जना घरधुरी भएका १२ घरधुरी छन् । जहाँ जनसख्या क्रमश: ६५ र ४८ जना रहेका छन् । २ जना परिवार रहेको ६ घरधुरी र ३ जना परिवार रहेको ४ घरधुरी रहेका छन् । ६ र ७ जना परिवार संख्या भएका १-१ घरधुरी रहेको तथ्याङ्कले देखाएको छ । ८ वा ८ जना भन्दा बढी परिवार संख्या भएका घरधुरीहरु जम्मा ३ रहेको छ ।

अध्ययक्षेत्रका बाहिङ किरात जातिहरुको पारिवारीक संरचना एवं आकार प्रकारका बारेमा उत्तरदाताहरुले जे जस्तो उत्तर दिएको भएतापनि शोधकर्ता आफैंले स्थलगत अध्ययन अवलोकन गर्ने क्रममा पारिवारीक संरचनाका बारेमा तथ्य सङ्कलन गरेको थियो, जहाँ अधिकारका आधारमा पितृसत्तात्मक (Patriarcal), निवासस्थानका आधारमा पितृस्थानीय (Patrilocal) र वंशको आधारमा पितृवंशीय (Patrilineal) परिवार रहेको पाइन्छ । यसैगरी परिवारको किसिममा ४० घरधुरी मध्ये ३२ घरधुरी एकल परिवार (Nuclear family) र ८ घरधुरी संयुक्त परिवार (Joint family) रहेको पाइन्छ । अध्ययन स्थलबाट सङ्कलित तथ्यलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ११

परिवार प्रकारका आधारमा कार्यक्षेत्रका बाहिङ परिवारको विवरण

| परिवारको प्रकार | घरधुरी | प्रतिसत | परिवार संख्या | प्रतिसत |
|---|---|---|---|---|
| एकल परिवार | ३२ | ८० | १२९ | ७२.८८ |
| संयुक्त परिवार | ८ | २० | ४८ | २७.१२ |
| जम्मा | ४० | १०० | १७७ | १०० |

श्रोत: *कार्यक्षेत्र अध्ययन-२०७०*

## ५.१.३ नातेदारी प्रणाली

मानिस एक सामाजिक प्राणि हो, किनकी मानिस एक्लै बाँच्न सक्दैन । उसलाई परिवार, समाजको आवश्यकता पर्दछ । जब मानिस पारिवारिक, सामाजिक, सांस्कृतिक बन्धनमा बाँधिन पुग्छ । त्यसबेला उसले विभिन्न किसिमका नातेदारीहरुको भूमिका निर्वाह गर्नु पर्दछ । मुलत : नातेदारी प्रणाली दुई किसिमले स्थापन हुन्छ, जसलाई रक्तसम्बन्ध नातेदारी (Consanguinal Kinship) र विवाह

सम्बन्धी नातेदारी (Affinial Kinship) भनिन्छ । परिवारमा नातेदारीको भूमिका महत्त्वपूर्ण हुन्छ । किनभने नातेदारीकै कारणले छोराछोरीहरुको विवाह तय गरिन्छ । शोध अध्ययन स्थलका बाहिङ किरात जातिमा पनि रक्तसम्बन्ध नातेदारी (Consanguinal Kinship) र विवाह सम्बन्धी नातेदारी (Affinial Kinship) दुबै किसिमको नातेदारी प्रणालीलाई महत्त्वका साथ लिने गरेको तथ्य कार्यक्षेत्र अध्ययनका क्रममा देखियो । यस जातिहरुमा रक्तसम्बन्ध नातेदारीलाई बाबुपट्टीको नाता जसलाई "हाडनाता" र विवाह सम्बन्धी नातालाई आमापट्टीको नाता जसलाई "दुधफोरा नाता" भनी सम्बोधन गरेको पाइयो । हाडनाताभित्र बाबुपट्टीका घटीमा सात पुस्तासम्मलाई जनाउँछ, सात पुस्ता भित्रका जति सन्तानहरु हुन्छन्, तिनीहरु एकले अर्कालाई एकै सन्तान र एकै गोत्र मान्नु पर्ने, कुनै व्यक्तिको मृत्यु भयो भने सबैले नुन/जुठो बार्नु पर्ने परम्परा रहेको पाइयो भने दुधफोरा नाता अर्न्तगत भने आमाकै कोखबाट जन्मिएका छोरा-छोरी र उनीहरुका पनि छोरा-छोरीको विवाह आमाको माइतीहरुको सन्तानमा नहुने परम्परा रहेको अथवा शोध अध्ययन क्षेत्रका बाहिङ किरात जातिमा फूपुचेला मामा चेली (Cross Causin) विवाह प्रथा नरहेको तथ्य अनुशन्धानका क्रममा पाइयो । उत्तरदाता गंगा बाहिङका अनुसार "बाबु र छोराको ससुराल एकै परिवारमा हुनुहुदैन ।" कार्यक्षेत्रका बाहिङ किरात जातिहरुको अति सम्मानित नाता सम्धी-सम्धी वा हेल्पो-हेल्मो *(सम्धी-सम्धिनी)* वा सन्धिनी-सम्धिनी रहेको र अति लज्जालु तथा ठट्यौली नाता रिमी-रिवा *(सोल्टिनी-सोल्टि)* पाइयो भने अन्य नाता सामान्य अरु जातिहरुको जस्तै रहेको पाइयो ।

## ५.१.४ वंश

शोधकर्ताले कार्यक्षेत्रका बाहिङ किरात जातिहरुको पूर्खा/वंशको बारेमा अर्न्तवार्ता सूचीमा नै प्रश्न राखी उत्तरदाताहरुबाट उत्तर लिने काम गरेको थियो । तर सबै उत्तरदाताहरुको जवाफ कार्यक्षेत्र स्थल बरुणेश्वर गा.वि.स. वार्ड नं. ७ मा पूर्खाहरुको पालादेखि नै बसोबास गर्दै आएको, तर कति पुस्ता भयो भन्ने प्रश्नको जवाफमा धेरै वर्ष पहिलेदेखि नै हो, तर कति वर्ष वा कति पुस्ता भयो भन्ने विषयमा भने थाहा नभएको भन्ने जवाफ पाइएको थियो । यसरी आफ्ना वंश वा पुर्खाहरु कहिलेदेखि त्यस ठाउँमा बसोबास गर्न थाले, उनीहरुको पुर्खाहरुको नाम के थियो भन्ने बारेमा थाहा नहुनुको कारणहरु धेरै रहेको शोधकर्ताले कार्यक्षेत्रमा घरधुरी सर्भेक्षण गर्दा उत्तरदाताहरुबाट पायो । त्यसमध्ये वंशावली लेखेर राख्ने चलन नहुनु, पित्री/पुर्खापूजा वर्षमा एकपटक पौष महिनामा गर्दा नक्सो (पुरोहित) र ङाबुचा/तुम्लोचा (*मुन्धुमका ज्ञाता, पित्री पुजा गर्दा नक्सलाई मुन्धुम सिकाउने*) हरुले अलिखित

मुन्धुम उचारण गर्ने, त्यसबेला उनीहरुले पुर्खाहरुको नाम स्मरण गर्दै भन्ने, तर त्यो नाम चोपुनिङ *(वास्तविक नाम)* नभनेर बुलामनिङ *(बाहिङ जाति मरे पछि मरेको दिनबाट जीवित हुँदा उसको चरित्र वा कामलाई आधार मानेर राखिने मृत्यु पछिको नाम)* भन्ने, त्यो पनि अशिक्षाको कारण टिपोट गरेर राख्ने चलन नभएको, वर्तमान धेरै बाहिङ युवाहरुलाई आधुनिकता र पश्चिमी संस्कृतिले प्रभाव पार्न थालेको हुँदा आफ्ना परम्परागत रीति रिवाज संस्कृतिप्रति खासै चासो नदेखाउने जस्ता कारणहरु प्रमुख देखिन्छ । अध्ययन स्थलका बाहिङ किरात जातिहरुको पूर्खा वा वंशहरुको विषयमा घरधुरी सर्भेक्षण तथा अर्न्तवार्ताबाट यकिन गर्न नसके पछि शोधकर्ताले त्यसै गाउँका बाहिङ संस्कृति, संस्कार, रीति, परम्पराप्रति चासो राख्ने र कार्यक्षेत्र स्थलका बाहिङ जातिहरुको पित्री/पूर्खापूजा गर्दा देखि विवाह मृत्यु आदि संस्कारहरुमा उपस्थित भै नक्सोलाई समेत आवश्यक मुन्धुमको विषयमा सल्लाह दिनु हुने प्रमुख जानकार व्यक्ति ६६ वर्षका टेक बहादुर बाहिङसंग मिति २०७० साल कात्तिक १० गतेका दिन उहाँकै घरमा भेटगरी शोधकार्य स्थलका बाहिङ पूर्खा/वंशहरुका बारेमा आफूलाई थाहा भएको बताई दिन अनुरोध गर्दा उहाँको जवाफ यस्तो थियो । "यस ढिकुरे (शोधकार्य क्षेत्र) का बाहिङ किरातहरु रोङ्बु र नेचाली बाहिङका सन्तानहरु हुन् । त्यस मध्ये रोङ्बुका मिजे नामक एक भाइ छोरा रुम्जाटार छाडेर मिझिम *(लामासोती गाउँ, हाल ओखलढुङ्गा गा.वि.स. वार्ड नं. ४ मा पर्छ)* मा आई बसेको थिए । उनले त्यहाँ एउटा बाहिङ दिलिङवाचा समुदाय बसालेका थिए । मिजेका धेरै भाइ छोराहरु थिए । त्यसमध्ये एक भाइ विवाहित छोराको अचानक मृत्यु भएको, त्यसपछि उसको श्रीमती हादिखाम्नीको सम्बन्ध देवरसँग हुन पुगी हादिखाम्नी दुईजीऊकी भइन् । तर देवर भाउजूबीचको सम्बन्धलाई उनीहरुका परिवार, नाताहरुले संस्कार विपरित भनी दुईजीऊकी हादिखाम्नीलाई गाउँ (मिझिम) निकाला गरी उसको माइती नेचा, सोलुमा पठाइदिएका थिए । हादिखाम्नीले माइतमा बस्दा नै छोरा जन्माउन पुगेका थिए । त्यस समय बाहिङ जातिहरुको मुख्य पेशा पशुपालन भएकोले छोरा ठूलो भए पछि उसलाई धो *(लेकमा गोठाला बसेकाले धोयुङ्मा भनिएको अनुश्रुति, जुन नाम चोपुनिङ हो वा बुलामनिङ प्रष्ट नभए पनि वर्तमान कार्यक्षेत्रका बाहिङहरुले पित्री/पूर्खा पूजा गर्दा मुन्धुम उचारणको शुरुवात धोयुङ्माका सन्तान हामी................................ भनी सम्बोधन गर्ने गरेका)* मा बस्तुगोठालो गर्न पठाइयो । तर धो गोठालो गर्न गोठमा पुग्ने वित्तिकै गोठका बस्तुहरु धमाधम बिमारी हुँदै मर्न थालेकोले, उसलाई पुनः मामा घरमा नै गोठमालिकले फिर्ता पठाए । मामाघर नेचामा आमाछोरा केही वर्ष बसे, जब भान्जा धोयुङ्मा उमेरदार भयो । त्यसपछि मामाहरुले बहिनी हादिखाम्नी र भान्जा धोयुङ्मालाई पुनः आफ्नै गाउँ मिझिम (लामासोती) पठाए । मिझिममा आए पछि त्यहाँका रोङ्बुका सन्तान दिलिङ्वाचा

पाचा/दोचाहरुले तिमीहरु हाम्रै सन्तान हौ, तर तिमीहरुलाई यस मिझिम गाउँमा बस्ने अनुमति छैन । यहाँबाट अन्यत्र गएर बस । तिमीहरुले सामाजिक सांस्कृतिक संस्कारहरु गर्दा वंशको आवश्यकता परेमा हामी आइ दिउँला भनी फेरि आमाछोरालाई गाउँबाट निकाला गरे । गाउँ निकाला गरे पछि आमाछोरा मिझिमदेखि उत्तर पश्चिम खिस्तो (ढुस्के) गाउँमा आए, जहाँ रोङ्बुका अर्का सन्तानहरु अगाडिदेखि नै आएर बसेका थिए । उनीहरुसँग भेटगरी आफ्ना सबै दुःख पोखे पछि, हादिखाम्नी र धोयुङ्मा आमाछोराको कुराबाट खिस्तोका रोङ्बुका सन्तानहरु प्रभावित भै हामी पनि बसाइ सरेरै आएका रोङ्बुका सन्तान हौ । तिमीहरु पनि हाम्रै सन्तान रहेछौ । त्यसैले तिमीहरुलाई पनि हामी बस्ने खेती गर्ने ठाउँ दिन्छौ । त्यहाँ गएर बस र खेती गरी खाऊँ भन्दै *"आजदेखि तिमीहरु आमाछोराको ढिकुरे बास, आरुबोटे चास"* भनेर तोकिदिए । त्यसपछि आमाछोरा खुशी हुँदै ढिकुरे *(शोधकार्य क्षेत्रको बास्तविक नाम, जो बरुणेश्वर गा.वि.स. वार्ड नं. ७ को समग्रभागलाई खिस्तो ढुस्के भनिन्छ भने ढुस्के गाउँको उत्तर पूर्वी तर्फ अलि माथि उठेको जमिनको समथर भागलाई ढिकुरे भनिन्छ ।)* मा गएर घर बनाएर बसेछन् भने आरुबोटे *(जो गा.वि.स. को ९ नं. वडा अर्न्तगत चिसो हावापानी पाइने ठाउँ)* मा खेतीपाती गर्न थाले । केही वर्ष वितेपछि धोयुङ्माको तोङ्मासेमा मनिमासँग विवाह भयो । यिनीहरुका सन्तानहरु हाल ढिकुरेमा ३७ घरधुरीमा बसेका छन् भने अन्य कतिपय उहिले नै मुगलान गएर बेपत्ता अवस्थामा छन् ।

धोयुङ्माले पनि आफ्ना पाछा/दोचा (उपथर) मिझिमकै पूर्खाहरुको दिलिङपाछा/बाचा राख्यो भने दाप्चि/दाप्सि निङ *(गोत्रीय नाम)* ***देम्निबा दोरिङ्वा वाबुलु वायुङ्मा*** राख्यो । धोयुङ्माको सन्तानहरु सूरबिर, मनजिते, अभिकर्ण, सुवाडे, मोस्टे/मोस्ते...................... आदि रहेको अनुश्रुति रहेको छ । धोयुङ्मा कै पालामा सोलु नेचाबाट खाल्केपा *(वर्तमान समयमा पित्रीपूजा गर्दा उचारण गरीने)* नाम गरेका एक बाहिङ परिवार बसाइ सरेर ढिकुरेमा आएका थिए । खाल्केपालाई धोयुङ्माले *"ढिकुरे बास, घंघरुबारी चास"* भनि घरबनाउन घडेरी र खेती गर्न बारी दिए । खाल्केपाका सन्तानहरु धेरै भाइ भएतापनि धेरैजसो गाउँ छाडेर मुगलान पसेकाले हाल तीन घरधुरीमात्र रहेका छन् । खाल्केपाका सन्तानहरुले पनि धोयुङ्माको दिलिङपाछा रीति रिवाज भित्रै रहेर आफ्ना सामाजिक सांस्कृतिक संस्कारहरु मान्दै आएले हाल यिनीहरुलाई पनि दिलिङबाचा कै एक अंग (दाजुभाइ) का रुपमा लिइएको छ ।"

धोयुङ्मा र खाल्केपाका वंशहरु धेरै पुराना भएतापनि शोध अनुशन्धानका क्रममा अपुरै भएपनि उत्तरदाताहरुबाट प्राप्त भएका वंशावलीहरु परिशिष्ट अर्न्तगत राखिएको छ ।

प्रस्तुत प्रमुख जानकार व्यक्ति टेक बहादुर बाहिङसंगको कुराकानीबाट प्राप्त जानकारी तथा शोधकर्ताले स्थलगत अध्ययन गर्दा अवलोकन गरिएका ठाउँहरुको तुलना गर्दा अन्य तथ्यहरु जे जस्तो भएतापनि धोयुङ्माले बनाएर बसेको ढिकुरेको घर हाल नरहेतापनि जुन ठाउँ उनको घडेरी भनेर तोकिएको थियो, त्यस ठाउँमा घरको गाह्रो लगाउँदा प्रयोग गरिने ढुङ्गाहरु पाइनु र धोयुङ्माका सन्तान भनिएकाहरुको आरुबोटेमा पूर्ख्यौली जमिन अहिले पनि सबैको हुनु, घंघरु (हाल गैरी) बारीमा कसैको नहुनु र खाल्केपाका सन्तानहरु भनिएकाहरुको आरुबोटेमा कसैको जमिन नहुनु तर घंघरुबारीमा भने सबैको पैत्रिक सम्पत्तिका रुपमा जमिन हुनुले रोङ्बु र खाल्केपा फरक बाहिङ वंशहरु थिए भन्ने कुराको पुष्टि हुन्छ ।

धोयुङ्मा रोङ्बु बाहिङ भित्रका दिलिङबाचा उपथरका हुन् । उनीहरुका वंश/पूर्खाहरु मिझिम (*लामासोति*) का दिलिङबाचा हुन् भन्ने कुरालाई पुष्टि गर्ने क्रममा शोध कार्यक्षेत्रका ७७ वर्षिय पाका उमेरका देश बहादुर बाहिङले शोधकर्तालाई यसरी आफ्ना अतित सुनाएका थिए कि आजभन्दा ३०-४० वर्ष अगाडिसम्म आफ्नो गाउँ ढिकुरेमा पित्रीपूजा, विवाह, मृत्यु संस्कारहरु गर्नका लागि नक्सो, ङाबुचा हरु मिमिझ देल *(गाउँ)* का दिलिङबाचाहरुलाई ल्याउनु पर्थ्यो साथै मिझिममा पनि पित्रीपूजा, विवाह, मृत्यु संस्कार गर्दा हाम्रा गाउँ *(शोधस्थल)* का दिलिङबाचा दाजुभाइहरु सबै जानुपर्थ्यो । तर मिझिमका नक्सो ङाबुचाहरु धेरै पाको उमेर भएपछि उनीहरु हिड्न नसक्ने कारण देखाउदै उनीहरुले नै मेरा काकाका छोरा बुद्धिराजका कान्छा छोरा चन्द्र बहादुर बाहिङलाई नक्सो बनाएका थिए । उनको २०६७ सालमा निधन भयो र त्यसपछि हाल मेरो माहिला छोरो बुद्धिकुमार बाहिङ वि.सं. २०६८ सालदेखि यस गाउँको नक्सो *(पूजारी)* भएका छन् ।

शोधकार्य स्थलका बाहिङ जातिहरुलाई आफ्ना वंश/पुस्ताहरुको नाम धेरैलाई थाहा नहुनुको अर्को कारण यस जातिमा कोही मर्‍यो भने मृतकको दाहसंस्कार गर्ने दिन उसको चोपुनिङ (वास्तविक नाम) को सट्टा बुलामनिङ *(मरेपछि बोलाउने पित्री/मुन्धुम नाम)* राख्ने चलन रहेको अनुशन्धानका क्रममा पाइयो । बुलामनिङ राख्दा मृतक जिउँदो रहदा उसको चरित्र वा काम वा रुपरंग वा आनिबानीका आधारमा राख्ने चलन रहेको पाइन्छ भने यो प्रत्येक वर्ष पौष महिनामा गरिने

पित्री/पूर्खापूजामा मात्र मुन्धुमज्ञाताहरुले स्मरण गरी उचारण गर्ने हुँदा अन्य समयमा स्मरण गर्न नै गाह्रो हुने गरेको पाइयो । यी जातिहरुको चोपुनिङ र बुलामनिङ बीचको फरक अध्ययन स्थलको बाहिङ ४२ वर्षका गंगाराज बाहिङबाट दिइएको उदाहरण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १२**

**चोपुनिङ र बुलामनिङ बीच भिन्नता**

| चोपुनिङ (वास्तविक नाम) | बुलामनिङ (मृत्युभएको दिनदेखि बोलाउने नाम) |
|---|---|
| काहिला धन बहादुर | छालुन्दु हारिप्सा |
| काहिली रिममाया | छालुन्दुसेमा सिप्खायोमा |
| जन्तरे भैरब बहादुर | लुन्दुसे हारिता |
| जन्तरी विष्णु कुमारी | लुन्दुसेमा रिम्नीसेल्नीमा |

श्रोत : *कार्यक्षेत्र अध्ययन (गंगाराज बाहिङ)-२०७०*

## ५.१.५ भाषा

भाषा मानिसको सामाजिक सांस्कृतिक एवं जातीय पहिचान गराउने माध्यम हो । जात, भौगोलिक क्षेत्र अनुसार भाषा धेरै प्रकारका हुन्छन् । जन्म दिने आमाले बोल्ने वा एउटा जाति भित्र बोलिने भाषालाई मातृभाषा भनिए तापनि नेपालको अन्तरिम सम्बिधान २०६३ ले मातृभाषालाई राष्ट्रिय भाषा र एउटा राजनैतिक सिमाभित्र बसोबास गर्ने सबै जातजातिहरुले बुझ्ने बोल्ने साथै सरकारी कामकाजमा प्रयोग हुने लेख्या भाषालाई राष्ट्र भाषा भनि परिभाषा गरेको छ । नेपालमा नेपाली भाषालाई राष्ट्र भाषाका रुपमा चिनिन्छ भने अन्य भाषाहरुलाई राष्ट्रिय भाषाका रुपमा । एक राष्ट्रमा बोलिने भाषा अन्य राष्ट्रहरुमा पनि बोलिन्छ भने त्यसलाई अन्तर्राष्ट्रिय भाषा भनिन्छ । वर्तमान नेपाली समाजमा बस्ने विभिन्न जातजातिहरुले आफ्नो मौलिक धार्मिक, सामाजिक, सांस्कृतिक रीतिरिवाज संस्कार, प्रथा, परम्पराहरुलाई जोगाइ आफ्नो जातीय पहिचान गराउनका लागि मातृभाषाको विकास गर्न परिवार, जातीय समुदाय देखि शिक्षा क्षेत्रमा समेत लागू गरी रहेका छन् । किनभने मातृभाषा एउटा जातिलाई आफू त्यस मुलुकको आदिवासी जनजाति हुँ भनी जातीय पहिचान गराउने माध्यमका रुपमा रहेको कुरा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन-२०५८ को दफा २·को परिभाषा खण्डमा व्याख्या गरिएको छ ।

शोध अध्ययन स्थलका बाहिङ किरात जातिहरुसँग पनि भाषाको विषयमा कुराकानी हुँदा त्यहाँ बसोबास गर्ने सबैले आफ्ना जातीय समुदायभित्र परापुर्वकालदेखि नै आफ्नो मातृभाषा बाहिङ बोल्ने गरेको जवाफ पाइयो । शोधकर्ताले कार्यक्षेत्रका बाहिङहरुको घरधुरी सर्भेक्षणका लागि भ्रमण गर्दा बाहिङ परिवारका बच्चा, युवा, बृद्धा सबैले आफ्नो मातृभाषा बोल्ने गरेको पाइयो भने शोधकर्ता पनि बाहिङ भाषा बोल्ने र बुझ्ने भएकोले अधिकांश उत्तरदाताहरुसँग बाहिङ भाषामा नै उनीहरुका सामाजिक सांस्कृतिक संस्कारहरुको बारेमा कुराकानी गर्दा वा अर्न्तवार्ता लिदा उत्तरदाताहरुले खुलेर जवाफ दिन सकेका थिए । कतिपय उत्तरदाताहरु नेपाली भाषा बोल्ने बुझ्ने भएतापनि लेख्या शैलीमा तयार गरिएको अर्न्तवार्ता अनुसूचीका प्रश्नहरु पढेर सुनाउँदा नबुझ्ने तर त्यसलाई बाहिङ भाषामा रुपान्तरण गरी दियो भने ए ! यो पो ! भनी अचम्म मान्दै हाँसी हाँसी सोधिएका प्रश्नहरुको उत्तर दिने गर्दथे । जस्तै अर्न्तवार्ता अनुसूची नं. ४ को प्रश्न "तपाइको पारिवारिक संरचना कस्तो छ ?" को अर्थ धेरै उत्तरदाताहरुले नबुझ्ने तर यसलाई शोधकर्ताले बाहिङ भाषामा रुपान्तरण गर्दै "ईनी के परिवार गेक्सो बने दुम्आ ब ?" भनी प्रश्न पढी सक्दा "एकल वा संयुक्त" भन्ने उत्तर आइसक्थ्यो ।

बाहिङ भाषा टिबेटो-बर्मन लिपि परिवार अर्न्तगत नै पर्ने भएतापनि भौगोलिक फरकपनाको कारण अन्य खम्बु किरातहरु जस्तै बान्तावा, चाम्लिङ, थुलुङ, कुलुङ आदिका भाषासँग भने धेरै फरक रहेको पाइन्छ । बाहिङ किरातहरुले आफ्नो थर अनुसार टिबेटो-बर्मन लिपि भित्र रहेर उपभाषा बोल्ने गरेको पाइयो । *(लि-२००५)* शोध कार्यक्षेत्रका बाहिङहरुको मातृभाषा पनि अध्ययनका क्रममा दुई प्रकारको पाइयो । जुन निम्न रहेका छन् :-

(१) तुम्लो/पित्री/मुन्धुम भाषा (Ritual Language)

(२) पारिवारीक तथा साझा भाषा (Family and Common Language)।

तुम्लो/पित्री/मुन्धुम भाषा बाहिङ जातिहरुले गर्ने जन्म, विवाह, मृत्यु एवं पित्री संस्कारहरुमा नक्सो र ङाबुचाहरुले मात्र उचारण गर्न सक्ने भाषा हो । यो भाषा जो कोहीले सुन्ने वित्तिकै बुझ्न कठिन हुन्छ भने पारिवारिक तथा साझा भाषा बाहिङ जातिभित्रका बच्चा, युवा, बृद्धा सबैले परिवार र समुदायका सदस्यहरुबीच सधैं बोल्ने साझा तथा व्यवहारिक भाषा हो । यो बाहिङ किरातभित्रका सबैले बुझ्ने भाषा हो । यही भाषाका आधारमा बाहिङ जातिहरु दैनिक आफ्ना दुःख सुखहरु एकअर्कामा आदन प्रदान गर्ने गर्दछन् भने यो बोल्न र बुझ्न सजिलो पनि छ । त्यसैले यसलाई कतिपय उत्तरदाताहरुले बोलिचालिको भाषा पनि भन्ने गरेको थिए । अध्ययन स्थलका बाहिङहरुको तुम्लो/पित्री/मुन्धुम भाषा र

पारिवारिक तथा साझा बाहिङ भाषा बीचको फरकका बारेमा तलका तालिकामा दिइएको उदाहरणबाट पुष्टि गर्ने कोसिस गरिएको छ :

**तालिका नं. १३**

**साझा र तुम्लो बाहिङ भाषा बीचको अन्तर**

| नेपाली | पारिवारिक तथा साझा बाहिङ भाषा | तुम्लो/पित्री/मुन्धुम भाषा |
|---|---|---|
| खुकुरी | बेथो | गिजो |
| रक्सी | गल | सिप्खा |
| जाँड | ङासी | चि |
| जेठो | आङाचा/बाबु | तङ्‌दिसे |
| माहिलो | आलोचा/माइला | लुन्दुसे |
| साहिलो | आनोक्पे/साइला | छालुन्दु |
| कान्छो | नोक्पे/कान्छा | सिविसे |

श्रोत : *कार्यक्षेत्र अध्ययन (बिर ब. बाहिङ ) -२०६३*

अध्ययनको क्रममा कार्यक्षेत्रका बाहिङ किरात जातिहरुको भाषा जीवित नै रहेको पाइए तापनि दुवै भाषाहरु कथ्य वा मौखिकरुपमा मात्रै उचारण गरिने, लेख्या रुप भने एकदमै कम पाइयो । यसर्थ यस भाषालाई बढीमात्रामा लेख्या रुप दिएर संरक्षण गर्न सकेको खण्डमा जो बाहिरी समुदायबाट बसाइ सरेर यस समुदायमा आउँछन् । उनीहरुका लागि र भविष्यका बाहिङ पीडिहरुका लागि सजिलो हुने देखिन्छ । किनभने अहिलेदेखि नै कतिपय अभिभावकहरुले आफ्ना बालबालिकाहरुलाई मातृभाषाको सट्टामा दोस्रो भाषा *(नेपाली)* शुद्ध बोलोस् भनेर सानैदेखि दोस्रो भाषा बोल्न लगाउने गरेकोले कतै भविष्यमा बाहिङहरुको मातृभाषा लोप हुने त होइन ? साथै वर्तमान समयमा मानिसहरु एकठाउँबाट अर्को ठाउँमा बसाइँ सरेर जाने, अर्न्तजातीय विवाह गर्ने, गाउँ छाडेर शहरमा बस्ने जस्ता विभिन्न कारणले गर्दा मानिसहरु दिनप्रतिदिन अरुकै समाज र संस्कृतिमा घुलमिल हुन पुगी आफ्नो मातृभाषा, संस्कृतिदेखि टाढा हुन गइरहेको सर्न्दभमा कार्यक्षेत्रका बाहिङ किरात जातिहरु पनि अछुतो रहेका छैनन् । हालसम्म बाहिङ भाषामा लेखिएर प्रकाशित पुस्तकहरु निम्न रहेका छन् :- (१) बाहिङ लोरा तुम्लो, *( २०६४),* (२) किरात बाहिङ (वायुङ) तुम्लो *(२०६९),* (३) बायुङ बर्नमाला नुङ रेक्चोम् तरिकाके सेन्चोम लोद (२००९), (४) इक्के कथा (हाम्रो कथा) (२००९) आदि ।

## ५.१.६ धर्म

मानिसले धर्मलाई समाज, जाति, स्थान, परिस्थिती अनुसार फरक फरक ढंगले हेर्ने, बुझ्ने र मान्ने गरेको पाइन्छ । शोध अध्ययनका लागि छनौट गरिएको कार्यक्षेत्र बरुणेश्वर गा.वि.स. वार्ड नं. ७ ढिकुरेका बाहिङ किरात जातिहरुको पनि धर्मप्रति समान विचारधारणा एवं समान अभ्यास रहेको पाइएन । कार्यक्षेत्रका ४० घरधुरी बाहिङ किरातहरुमध्ये त्यहाँको सामाजिक, सांस्कृतिक पक्षको बारेमा छलफल गर्नका लागि ४० घरमुलीलाई उत्तरदाताको रुपमा छनौट गरिएको थियो । ती ४० जना उत्तरदाताहरुको धार्मिक विवरण तालिकामा उल्लेख गरिए अनुसार रहेको छ ।

**तालिका नं. १४**

**धर्म अनुसार उत्तरदाताहरु**

| धर्म | संख्या | प्रतिसत |
|---|---|---|
| हिन्दू | २२ | ५५ |
| बुद्ध | १ | २.५० |
| किरात | १७ | ४२.५० |
| जम्मा | ४० | १०० |

श्रोत : *कार्यक्षेत्र अध्ययन-२०७०*

प्रस्तुत तालिकामा देखाइए अनुसार शोध अध्ययन स्थलका जम्मा ४० बाहिङ उत्तरदाताहरुमध्ये २२ जना (५५ प्रतिसत) हिन्दू धर्म मान्ने, १७ जना (४२.५० प्रतिसत) किरात धर्म मान्ने र १ जना ( २.५० प्रतिसत) बुद्ध धर्म मान्ने रहेका छन् । तर शोधकर्ताले अध्ययन अवलोकन तथा उत्तरदाता बाहेक कार्यक्षेत्रका अन्य बाहिङ किरातहरुसँग पनि धर्मका बारेमा कुराकानी गरेको थियो । उत्तरदाताहरु एवं **अवलोकनबाट के देखियो भने कार्यक्षेत्रका बाहिङ किरात जातिहरु मुख्यरुपले किरात धर्म नै मान्ने गर्दछन् । उनीहरुले हिन्दू धर्म मान्नुको खास कारण उनीहरुको छिमेकी हिन्दू धर्म मान्ने क्षेत्री जातिहरु रहेकाले बाहिङहरु पनि हिन्दूहरुको दशैं तिहार रमाइलो चाड लागेकोले मान्ने गरेको तथ्य पाइयो साथै दशैं र तिहार चाडलाई हिन्दू, बुद्ध, किरात धर्म लेखाउने सबै बाहिङ उत्तरदाताहरुको घरमा मान्दै गरेको अवलोकन गरिएको थियो** । यी जातीहरुले दशैं आउनुपूर्व घर लिपपोत, रङ्गरोगन गर्ने फूलपातिदेखि नवमीका दिनसम्म राँगो, सुँगुर काट्ने, घरमा नकाटे छिमेकीबाट ल्याउने, बालबच्चाहरुलाई नयाँ कपडा किनीदिने, सबै परिवारका सदस्यहरु भेला भएर मिठोमिठो परिकार बनाएर खाने दशमीको दिन ठूला

मान्यजनहरुबाट सानाहरुले सेतो टिका थाप्ने, आफन्त कहाँ जाने, भेटघाट गर्ने आदि गरी दशैं मानेको शोधकर्ताले अवलोकन गरेको थियो भने सोह्रश्राद्ध, फूलपाती भित्र्याउने, कालरात्री मान्ने चलन भने नभएको पाइयो । तिहारमा भने दशैंको भन्दा अलि बढी हिन्दू विधि प्रयोग भएको पाइयो । किनभने तिहारमा यी जातिहरुले कुकुर तिहारका दिन कुकुरलाई टिका र फूलमाला लगाइदिने, गाई तिहारका दिन गाईको पूजा गर्ने, लक्ष्मी पूजाका दिन लक्ष्मीको पूजा गर्ने, गोर्बधन पूजाका दिन गोरुको पूजा र भाइटिकाका दिन दिदी बहिनीहरुले दाजुभाइलाई टिका र फूलमाला लगाइ दिने गरेको शोधकर्ताले प्रत्यक्ष अवलोकन गरेको थियो । दशैं तिहार बाहेक अन्य हिन्दू धर्म अनुसारको चाड पर्व एवं संस्कारहरु कार्यक्षेत्रका बाहिङहरुले मान्ने गरेको पाइएन । यी जातिहरु हिन्दू धर्मलम्बी होइनन्, किरात धर्मलम्बी हुन् भन्ने तथ्य के बाट पुष्टि हुन्छ भने दशैं तिहार नमान्दा र पित्री पूजा नगर्दा के हुन्छ भन्ने प्रश्नमा सबै उत्तरदाताहरुको एउटै जवाफ थियो कि **दशैं तिहार मानेन भने घर पुरानो देखिन्छ र बालबच्चाहरु नरमाइलो मान्छन्, तर पित्री/पूर्खा पूजा गरेन भने पित्री/पूर्खाहरु रिसाउछन् । यदि पित्रीहरु रिसाए भने घर परिवार र समुदायमा अशान्ति हुन्छ, दुःख बिमार पर्छ, खेतीपाती, पशुपंछीहरु सप्रिदैनन्, समयमा पानी पर्दैन** । त्यसैले प्रत्येक वर्ष पौष महिनामा ठूलो सानो जस्तो भए पनि पित्री पूजा गर्नु पर्छ भने गाई बस्तु सप्रियोस् भन्ने कामनाका लागि मंसिरमा उद्यौली (सूसू) र बैशाखमा उभौली (सूसू) पर्व मान्नै पर्छ भन्ने भनाई रहेको थियो । एक जना उत्तरदाताले आफू बुद्ध धर्म मान्नुको कारण बाहिङ किरात जातिहरु जातीय कट्टरतामा अडिग रहेका जातिहरु हुन् । किनभने बाहिङ जातिका छोरामान्छेले विवाह गर्दा किरात जातिभित्रको सजातीय नै गर्नु पर्छ । यदि कसैले किरात जाति बाहेक अन्य जातिको विवाह गरेको छ भने उसलाई पित्री पूजा गर्दा उ लगायत उसको श्रीमती छोराछोरी कसैलाई पनि घरभित्र पस्न दिइदैन । अर्न्तजातीय विवाह गर्ने परिवारमा कसैको मृत्यु भयो भने पनि उसको मृत्यु संस्कार किरात धर्म अनुसार गरिदैन । अप्रत्क्ष रुपमा अर्न्तजातीय विवाह गर्ने परिवारलाई कार्यक्षेत्रका बाहिङ जातिमा सामाजिक सांस्कृतिक बहिष्कार गरिएको हुन्छ । यसर्थ आफूले बुद्ध धर्म मान्ने जातिको छोरीसँग अर्न्तजातीय विवाह गरेकोले र बुद्ध धर्ममा भने यस्तो भेदभाव नभएकोले आफूले पनि श्रीमतीको माइतीतिरको बुद्ध धर्म नै मानेको हो भनी स्पष्ट पार्नु भएको थियो ।

### ५.१.७ लैङ्गिक स्थिति

कार्यक्षेत्र स्थलका बाहिङ किरात जाति भित्रको लैङ्गिक स्थिति बुझ्नका लागि छोराछोरीमा भेदभाव छ वा छैन भन्ने प्रश्न उत्तरदाताहरुलाई सोधिएको थियो । जसको उत्तर सबै उत्तरदाताहरुले

भेदभाव छैन, समान छन् भन्ने दिएका थिए । अर्को प्रश्न परिवारमा प्रमुखको भूमिका कसले निभाउँछ ? भन्ने थियो । जसमा उत्तरदाताहरुले तालिकामा देखाइए अनुसारको जवाफ दिएका थिए ।

**तालिका नं. १५**

**परिवारमा प्रमुखको भूमिका**

| भूमिका | उत्तरदाता संख्या | प्रतिसत |
|---|---|---|
| पुरुष | २० | ५० |
| महिला | १० | २५ |
| दुबैले बराबरी | १० | २५ |
| जम्मा | ४० | १०० |

श्रोत : *कार्यक्षेत्र अध्ययन-२०७०*

प्रस्तुत तालिकामा उल्लेख गरिएको तथ्याङ्कलाई विश्लेषण गर्दा कार्यक्षेत्रका बाहिङ किरात जातिमा परिवारको प्रमुखको भूमिकामा महिला र पुरुष बीच सन्तुलन देखिदैन । किनकी ४० उत्तरदाताहरुलाई सोधिएको प्रश्नमा २० जना वा ५० प्रतिसत उत्तरदाताले परिवारको प्रमुख पुरुष हुने, १० जना वा २५ प्रतिसतले महिला हुने र १० जना वा २५ प्रतिसतले दुवैले बराबरी भूमिका निर्वाह गर्ने भनी उत्तर दिएका छन् । अर्कोतिर छोरा र छोरी बीचमा भेदभाव नरहेको कुरा पनि उत्तरदाताहरुले दिएका छन् । झट्ट हेर्दा र बुझ्दा कार्यक्षेत्रका बाहिङ किरात जातिभित्र लैङ्गिक स्थिति केही सामाजिक सांस्कृतिक पक्षहरुमा समानता देखिन्छ । जस्तै खानाखादा परिवारका सबै सदस्यहरु सबै उपस्थित भएर एकैचोटी खाने, बस्तुलाई घाँसपात महिला पुरुष वा छोराछोरी जसले सक्यो, उसले गर्ने । विवाह, मृत्यु संस्कारमा महिला पुरुष दुवै उपस्थित भएर सहयोग गर्ने, गाउँ समुदायमा सभा सम्मेलन भयो भने महिला पुरुष दुवै उपस्थित भै आफ्नो बिचारहरु राख्न पाउने, छोरा र छोरी दुवैलाई विद्यालय पठाउने आदि जस्ता लैङ्गिक समान्ताहरु पाइन्छ । तर शोधकर्ताले कार्यक्षेत्रका बाहिङ समुदायभित्रको लैङ्गिक स्थिति बुझ्न अर्धसहभागिमुलक र असंरचित अवलोकन विधि (Quisi Participant and Unconstructured Observation Method) पनि अपनाएको थियो । सो विधिबाट लैङ्गिक स्थितिका बारेमा के पत्ता लाग्यो भने कतिपय सामाजिक सांस्कृतिक, आर्थिक कार्यमा महिला पुरुष बीच असमान्ता देखिन्छ । जस्तै चुल्हाचौकामा बसेर खाना पकाउने काम, घर लिपपोत गर्ने, पाहुनालाई स्याहार्ने, बच्चालाई स्याहार्ने, नाङ्लो निफन्ने जस्ता घरभित्र र घर वरिपरिका आर्थिक दृष्टिकोणले

अनुत्पादक, समयको हिसाबले असिमित र स्वास्थ्यको हिसाबले हानिकारक काममा ४० उत्तरदाताहरुको घरमा प्रायः सबै काम महिलाले गरेको पाइन्छ साथै विवाह, मृत्यु संस्कारमा पनि बाँड्ने काममा महिलाहरु नै बढी खटिएका पाइन्छ । पुरुषहरु भने घर बाहिरका काममा जाने, त्यो पनि आर्थिक हिसाबले उत्पादक र समयको हिसाबले सिमित भएर काम गर्ने हुँदा कतिपय परिवारमा पुरुषको रवाफ अलि बढी नै रहेको पाइन्छ ।

## ५.१.८ शैक्षिक स्थिति

सामाजिक चेतना जगाउने, ज्ञानको विकास विस्तार गर्ने, दक्ष र सक्षम मानव शक्तिको विकास गर्ने आदि उद्देश्य पूर्ति गर्ने सामाजिक संरचना शिक्षा हो । शोध कार्यक्षेत्रका बाहिङ किरात जातिहरुको विगत शैक्षिक स्थितिलाई हेर्दा खासै शिक्षा क्षेत्रमा चासो राखेको पाइन्न । किनभने १५ वर्ष भन्दा अगाडिसम्म अध्ययन स्थलका बाहिङ जातिहरुमा उच्चशिक्षा हाँसिल गर्ने व्यक्ति २ जना पुरुष मात्र रहेको तथ्य अध्ययनका क्रममा भेटिएको थियो । तर वर्तमान प्रजातान्त्रिक शासन प्रणालिको प्रभाव बाहिङ जातिमा पनि परेकोले पढ्नु र पढाउनु पर्छ भन्ने चेतना जागेको पाइन्छ । जुन कुरा शोधकर्ताले कार्यक्षेत्रका उत्तरदाताहरु मार्फत श्रोत सङ्कलन गर्नेक्रममा तालिकामा दिइए अनुसारको तथ्य प्राप्त गरेको थियो ।

**तालिका नं. १६**

**कार्यक्षेत्रका बाहिङ किरात जातिहरुको शैक्षिक स्थिति**

| तह | महिला | प्रतिसत | पुरुष | प्रतिसत | जम्मा | प्रतिसत |
|---|---|---|---|---|---|---|
| प्राथमिक तह | ८ | ३०.७७ | १८ | ६९.२३ | २६ | २२.८१ |
| निम्न माध्यमिक तह | ९ | ४२.८६ | १२ | ५७.१४ | २१ | १८.४२ |
| माध्यमिक तह | १९ | ५१.३५ | १८ | ४८.६५ | ३७ | ३२.४६ |
| उच्च माध्यमिक तह | ८ | ४७.०६ | ९ | ५२.९४ | १७ | १४.९१ |
| स्नातक तह | ७ | ६३.६४ | ४ | ३६.३६ | ११ | ९.६५ |
| स्नातोकोत्तर र सो भन्दा माथिको तह | १ | ५० | १ | ५० | २ | १.७५ |
| जम्मा | ५२ | ४५.६ | ६२ | ५४.४ | ११४ | १०० |

श्रोत: *कार्यक्षेत्र अध्ययन-२०७०*

कार्यक्षेत्रका बाहिङ किरात जातिहरुको शैक्षिक स्थितिलाई तालिकामा देखाइए अनुसार विश्लेषण गर्नु पर्दा प्रगतिउन्मुख (Progressiveness) देखिन्छ । किनभने विगत १५ वर्ष अगाडि २ जना पुरुषमात्रै समुदायमा उच्च शिक्षा हाँसिल गरेका व्यक्तिहरु रहेकोमा १५ वर्षपछि वर्तमानमा उच्च माध्यमिक तह र सो भन्दामाथि १६ जना महिला र १४ जना पुरुषहरुले अध्ययन गरिरहेको तथ्याङ्क भएकोले शैक्षिक स्थिति राम्रो देखिन्छ । माध्यमिक तह र सो भन्दामुनिका कक्षाहरुमा पनि अध्ययन गर्नेहरुको संख्या उल्लेख्य रहेको तथ्याङ्क पाइन्छ । विगतमा कार्यक्षेत्रका बालबालिकाहरु विद्यालय नजानु र वर्तमान समयमा बढी जानुको मुख्य कारण विगतमा समुदाय नजिक विद्यालय नहुनु, अहिले हुनु, विगतमा टाढा पढ्न जानका लागि यातायात असुविधा हुनु, अहिले भने समुदायभित्रै यातायात सुविधा हुनु, पहिलाका बाहिङहरु प्रायः खेतीपातीमा निर्वाह गर्थे भने वर्तमान बाहिङहरु खेतीपाती बाहेक वैदेशीक रोजगार, व्यापार व्यवसायतिर संलग्न हुने हुँदा, उनीहरुमा आफ्ना बालबालिकाहरुलाई पढाउने आर्थिक श्रोतका साथ चेतना पनि जागेको पाइयो ।

यसैगरी दिइएको तालिका अनुसार कार्यक्षेत्रका बाहिङहरुले छोरा छोरी वा महिला पुरुष दुवैलाई समान शिक्षाको अवसर दिएको अध्ययनका क्रममा पाइयो । यसर्थ प्राथमिक तहदेखि उच्च तहसम्म नै कार्यक्षेत्रका बाहिङ महिला र पुरुषले पढ्न पाएका छन् ।

## ५.१.९ स्वास्थ्य

शोध कार्यस्थलका बाहिङ जातिहरुको स्वास्थ्य राम्रो अवस्थामा नै रहेको पाइयो । तर घरधुरी सर्भेक्षणबाट सङ्कलन गरिएको उमेरगत जनसंख्याबाट भने के देखियो भने ६० वर्ष भन्दामाथिका जनसंख्या र सो भन्दा कम उमेरका भन्दा एकदमै कम रहेको पाइएकोले यस विषयमा कार्यस्थलका उत्तरदाताहरुसँग शोधकर्ताले जिज्ञाशा राखेको थियो । उनीहरुको जवाफ पहिलाका बूढापाकाहरु आफ्नो स्वास्थ्यलाई भन्दा कामलाई बढी महत्त्व दिने गर्ने गर्दथे । कहिले कही बिमारी हुँदा स्वास्थ्य सेवा केन्द्र वा अस्पताल लान खोज्दा नमान्ने, गाउँकै धामीझाक्रीहरुबाट झारफुक गराउने गर्दथे । कार्यक्षेत्रका बाहिङ जातिमा जाँड रक्सी आफ्नै घरमा उत्पादन गर्ने, पाहुना आउदा होस् वा आफु पाहुन जादादेखि बारीमा काम गर्न जादा वा जन्म, विवाह, मृत्यु, पित्री आदि संस्कार गर्दा होस् यी जातिहरु जाँड रक्सी अनिवार्य एवं अनियन्त्रीत रुपमा सेवन गर्ने गर्दा कतिपयले अकालमै पनि ज्यान गुमाउन पुगेको स्थलगत अध्ययनका क्रममा पाईयो । तर अहिलेका बाहिङ युवा पुस्ताहरुमा स्वास्थ्य प्रति सचेतना

आएको पाइन्छ । किनभने समुदायमा कोही बिमारी पर्ने वित्तिकै स्वास्थ्य सेवा केन्द्र वा अस्पतालमा उपचारका लागि लगी हाल्ने, भर्खर जन्मिएका बालबालिकाहरुलाई बाल्यवस्थामा लगाउनु पर्ने सबै किसिमका खोपहरु नियमित लगाइ दिने, गर्भवती महिलाहरु स्वस्थ्य स्वयं सेविका तथा स्वास्थ्यकर्मीहरुको सल्लाहा अनुसार समयसमयमा अस्पताल जाने र स्वास्थ्य परीक्षण गराउने साथै बच्चा पनि अस्पताल मै जन्माउने आदि कारणले गर्दा कार्यक्षेत्रका बाहिङ जातिहरुको बिगत १५ वर्ष अगाडिको स्वास्थ्य स्थितिसँग वर्तमान स्वास्थ्य स्थिति तुलना गर्दा धेरै राम्रो रहेको पाइन्छ । अधिकांश बाहिङहरुले जाँड रक्सी सेवन गर्न बन्द गरेको समेत तथ्य अध्ययनका क्रममा पाइयो ।

## ५.१.१० पेशा

कार्यक्षेत्रका बाहिङ किरात जातिहरुको मुख्य पेशा परम्परागत एवं जीवन निर्वाहमुलक खेतीपाती र पशुपालन नै रहेको भएतापनि कार्यक्षेत्रका सामाजिक तथा सांस्कृतिक विषयसंग सम्बन्धित तथ्यहरु उपलब्ध गर्न गराउनका लागि समुदायका ४० बाहिङ घरधुरीको शोधकर्ताले घरधुरी संघण सर्भेक्षण मिति २०७० असोज २४ गते देखि कात्तिक २६ गतेसम्म गरेको थियो । उक्त सर्भेक्षणबाट १७७ कुल जनसंख्या रहेको तथ्य सङ्कलन गरेको थियो, कुल जनसंख्यामध्ये १० वर्ष उमेरसमुह भन्दा मुनिका बालबालिकाहरु २६ जना र ७० वर्षभन्दामाथि उमेरसमुहका बृद्धबृद्धाहरु ४ जना रहेका छन् । यी बालबालिका र बृद्धबृद्धाहरु परनिर्भर जीवन (Dependent life) व्यथित गर्ने समुहहरु हुन् भने यिनीहरु बाहेक १४७ जना बाहिङ महिला पुरुषहरुले अँगालेका पेशाहरुको तथ्याङ्क सङ्कलन गरिएको थियो, जसको तथ्याङ्किय विवरण तालिकामा उल्लेख गरिएको छ :

**तालिका नं. १७**

**कार्यक्षेत्रका बाहिङहरुको पेशाको विवरण**

| विवरण | संख्या | प्रतिसत |
|---|---|---|
| कृषि | ११४ | ६४.४१ |
| नोकरी (सेवा) | २८ | १५.८२ |
| व्यापार | ५ | २.८२ |
| उद्योग | - | - |
| १० वर्षभन्दा मुनिका परनिर्भर बालबालिकाहरु | २६ | १४.६९ |
| ७० वर्ष भन्दा माथिका परनिर्भर बृद्धबृद्धाहरु | ४ | २.२६ |
| जम्मा | १७७ | १०० |

श्रोत: *कार्यक्षेत्र अध्ययन-२०७०*

प्रस्तुत तालिकामा उल्लेख गरिएको विवरणलाई विश्लेषण गर्दा कार्यक्षेत्रका ४० घरधुरीका १७७ जनसंख्यामध्ये ११४ जना वा ६४.४१ प्रतिसतको आम्दानीको श्रोत वा पेशा कृषि रहेको पाइन्छ । तर उनीहरुको कृषि प्रणाली परम्परागत तथा निर्वाहमुलक रहेको छ । २८ जना वा १५.८२ प्रतिसतका आम्दानीको श्रोत नोकरी *(सेवा)* रहेको छ । मुलत कार्यक्षेत्रका बाहिङ पुरुषहरु वैदेशिक *(भारतीय सेना, बेलायती सेना, नेपाल प्रहरी, खाडी मुलुक, मलेशीया)* रोजगारीमा रहेको पाइयो भने ५ जना वा २.८२ प्रतिसत बाहिङहरु साधारण व्यापारमा संलग्न रहेको तथ्य पाइन्छ । तर उद्योग धन्दामा हालसम्म कुनै पनि बाहिङहरु संलग्न रहेको तथ्य पाइएन भने २६ जना वा १४.६९ प्रतिसत १० वर्षभन्दा कम उमेर समुहका बालबालिका र ४ जना वा २.२६ प्रतिसत ७० वर्षभन्दा बढी उमेर समुहका बृद्धबृद्धाहरु जो परनिर्भर जीवन व्यथित गर्ने समुहका मानिसहरु रहेको पाइन्छ ।

## ५.१.११ कार्यक्षेत्रका बाहिङ जातिहरुको छिमेकी र अन्य जातजातिहरुसँगको सम्बन्ध

शोध कार्यका लागि छनौट गरिएका बरुणेश्वर गा.वि.स. वार्ड नं. ७ का बाहिङ किरात जातिहरुको छिमेकीसँग सम्बन्ध कस्तो छ ? के के कुरामा सहयोग लेनदेन हुन्छ भनि छुट्टाछुट्टै उत्तरदाताहरुलाई सोधिएको प्रश्नमा सबै उत्तरदाताहरुले छिमेकीहरुसँगको सम्बन्ध राम्रो रहेको बताएका थिए । उनीहरुको बाहिङ छिमेकीहरुसँग आर्थिक, सामाजिक, सांस्कृतिक सबै क्षेत्रमा सरसहयोग तथा लेनदेन हुने गरेको छ । छिमेकमा कुनै प्रकारको भैपरी समस्या पर्न गएमा जसरी भए पनि आर्थिक, भौतिक सहयोग गर्ने गरेको, आर्थिक लेनदेन मुलत नगद सापटी, ऋण र अन्न, नुन, तेल आदि जस्ता बस्तु पैंचो र सट्टापट्टा गर्ने गरेको उत्तरदाताहरुबाट उत्तर पाइएको थियो । खेतीपाती धेरै जसोले “पर्म” गरेर लगाउने गरेको पाइयो । उत्तरदाता मनकुमारी बाहिङका अनुसार कसैको घरमा विवाह भएमा प्रत्येक बाहिङ घरधुरीले २ पाथी चामल र २ बोतल *(लिटर)* रक्सी सह्रौ सहयोगस्वरुप बुझाउन पर्ने सोही रीति बमोजिम मृत्यु हुँदा मृतकको किरिया गर्दा प्रत्येक घरधुरीले रु. १०० नगद, १ माना चामल, १ बोतल जाँड र एक अँगालो दाउरा सहयोग गर्नु पर्ने प्रथा रहेको छ । समाजमा कुनै प्रकारको सामाजिक सांस्कृतिक संस्कारहरु कसैको घरमा गर्नु पऱ्यो भने प्रत्येक घरधुरीको कम्तीमा १ जना सदस्य अनिवार्य उपस्थित भै आफूले सकेको काम सघाउँनु पर्ने परम्परा रहेकोले यी जातिहरु बीचको सम्बन्ध राम्रो देखिन्छ ।

यस प्रसंगमा कार्यक्षेत्रका उत्तरदाताहरुलाई समुदायमा बाहिङ जाति बाहेक अन्य जातजातिहरु बसोबास गरेका छन् वा छैनन् ? छन् भने उनीहरुसँगको सम्बन्ध कस्तो छ भनी प्रश्न सोधिएको थियो । यसको जवाफमा उत्तरदाताहरुले समुदायमा बाहिङ बाहेक बानियाँ क्षेत्री र कार्की क्षेत्री जातिहरु बसोबास गरेको, ती सबै जातिहरुसँग सबै उत्तरदाताहरुको सम्बन्ध राम्रो रहेको छ भन्ने पाइयो । त्यसमा पनि बानियाँ क्षेत्री जातिहरु बाहिङहरु जस्तै परापूर्वकालदेखि कार्यक्षेत्रमा बसोबास गर्दै आएकाले उनीहरुसँग धेरै घनिष्टताको सम्बन्ध रहेको पाइयो । किनभने बानियाँ र बाहिङहरुको जग्गा जमिन प्रायः एकै ठाउँमा हुने हुँदा, यी दुई जातिहरु खेतीपाती गर्दा सँगसगै हुने, एक अर्कामा पर्म गरेर खेतीबाली लगाउने उठाउने गरेको पाइयो । बाहिङ र क्षेत्री जाति बीच धर्म संस्कृति फरक रहेतापनि विवाह, दशैं, तिहारमा यी दुई जाति बीच एक अर्काको कार्यक्रममा सहभागि भै कार्यक्रमलाई हौसला बढाउने गरेको तथ्य पाइयो । कार्यक्षेत्रमा बस्ने बाहिङ र क्षेत्री जाति बीचको सम्बन्धका बारेमा नजिकबाट बुझ्नका लागि शोधकर्ताले बानियाँ क्षेत्री समुदायका अग्रज ८७ वर्षिय इन्द्र बहादुर बानियाँलाई उहाँकै घरमा मिति २०७० कात्तिक ७ गते भेट गरेको थियो । भेट पछिको कुराकानीको क्रममा उहाँले बाहिङ किरात र बानियाँ क्षेत्री यस गाउँमा को अगाडिदेखि बसेको हो । यो कुरा यकिनसाथ भन्न सकिन्न । तर आफूले थाहा पाएदेखि यी दुई जातिका पितापुर्खाहरु यस गाउँमा बसोबास गर्ने गरेको । दुवै जातिका पूर्खाहरु पशुपालन र खेतीपाती गर्ने गर्थे । अझ खेतीपाती भन्दा पनि बढी पशुपालन गर्ने गर्थे । दुवै जातिका बाउ बाजेहरु गाई भैसी पाल्थे । गर्मी मौसम *(चैत्र देखि असार साउन महिनासम्म)* मा गाईभैंसी लेक ठाउँ *(सोलु र ओखलढुङ्गाको सिमाना)* तिर गोठ लाने र दशैं तिहारमा चाड मनाउनका लागि घरवरिपरि गोठ ल्याउने गर्थे । त्यसपछि जाडो मौसम *(कात्तिक देखि माघ फागुन महिनासम्म)* मा गोठ बेसीं ठाउँ तिर सँगै राख्ने गर्ने गर्थे । गोठालाहरुले सबैको बस्तुहरु चरन क्षेत्रमा मिसाएर चराउने गर्दथे । कसैलाई दुःख बिमार पऱ्यो भने एकले अर्कालाई सहयोग गर्ने चलन थियो । अहिले प्रायः दुवै जातिहरुले पशुपालन पेशा छाडेर नोकरी, व्यापार जस्ता पेशाहरु अँगाल्न थालेकाले पहिलाको जत्ति नजिक भएर बसेको जस्तो लाग्दैन । तर हामी बाहिङ र क्षेत्री जाति बीच कुनै सामाजिक सांस्कृतिक, धार्मिक विषयलाई लिएर झै झगडा गरेको देखेको सुनेको छैन । देख्न र सुन्न पनि नपरोस् भनि कामनाका साथ उहाँले बेलिबिस्तार लगाइ दिनु भएको थियो ।

## ५.२ संस्कृति, संस्कार र परम्पराहरु

सामान्यतया: मानिसका आवश्यकता पुरा गर्नका लागि मानिसद्धारा निर्मित भौतिक तथा अभौतिक प्रणाली वा पद्धतीहरुलाई नै संस्कृति भनिन्छ । हामी मानव जाति संस्कृतिका जननी हौं । संस्कृति संस्कार हामी मानव जातिको पहिचान हो । किनभने जब मानिसले समाजमा संस्कृति संस्कारहरुको अभ्यास गर्न थाले, तब मानिस असभ्यबाट सभ्य, एकलप्राणिबाट सामाजिक प्राणि बन्न पुगे । यसर्थ संस्कृति संस्कार मानव जातिको जन्मदेखि मृत्युपर्यन्तसम्म गरिने भौतिक वा अभौतिक अभ्यासहरु हुन् ।

शोध कार्यक्षेत्रका बाहिङ किरात जातिहरुको पनि जन्मदेखि मृत्युपर्यन्तसम्म गरिने विभिन्न प्रकारका सामाजिक सांस्कृतिक संस्कार तथा परम्पराहरु रहेका छन् । यी संस्कारहरुको शुरु कहिले भयो, कसले गऱ्यो भन्ने विषयमा इतिहास अज्ञात रहेको छ , तापनि यी संस्कारहरु परापूर्वकालदेखि बाहिङ पूर्खाहरुले अभ्यास गर्दै आएको र वर्तमान बाहिङ पुस्ताहरुले पनि निरन्तररुपमा मानिरहेका छन् । यसरी बाहिङ पूर्खाहरुले चलाएको संस्कृति संस्कारहरुलाई भविष्यका आफ्ना सन्तानहरुका निम्ती संस्थागतरुपमा संरक्षण र सम्बर्द्धन गर्नका लागि हाल बाहिङहरु एकजुट भएर लागि परेका छन् । *( बा.कि.मु)* कार्यक्षेत्रका बाहिङ किरात जातिहरुको सामाजिक संस्कृति संस्कारहरु धेरै रहेका छन् । त्यसमध्ये प्रमुख सामाजिक सांस्कृतिक संस्कारहरुको बारेमा कार्यक्षेत्र अध्ययन गर्दा प्राप्त गरिएका तथ्यहरुको आधारमा तल बुँदागतरुपमा विश्लेषण गरिएको छ ।

### ५.२.१ जन्म संस्कार (न्वारन)

कुनै पनि जातिमा बच्चा जन्मिए पछि उसको पहिचानका लागि आफ्ना जातीय संस्कार अनुसार कुनै विशेष दिन तोकेर त्यो बच्चाको नामाकरण (न्वारन) गर्ने चलन रहेको छ । जसलाई जन्मसंस्कार वा न्वारन भनिन्छ । समाजशास्त्रीय दृष्टिकोणबाट हेर्दा जन्म संस्कार सामाजिक संस्कार अर्न्तगत पर्दछ । तर फरक जातिमा फरक फरक संस्कृति हुने हुँदा प्रत्येक जातिले सामाजिक आधारबाट नभएर जातीय चलनचल्तीमा रहेको संस्कृतिका आधारमा जन्मसंस्कार गर्ने चलन भएकोले यसलाई संस्कृतिसंग नजिक राखेर विश्लेषण गरिएको छ । अध्ययन स्थलका बाहिङ किरात जातिहरुको जन्म संस्कार कसरी गरिन्छ भनी शोधकर्ताबाट छनौट गरिएको उत्तरदाताहरुसँग प्रश्न गरिएको थियो । त्यसको उत्तर प्राय: सबै उत्तरदाताहरुको एउटै रहेको थियो । उत्तरदाताहरुबाट प्राप्त उत्तरको सार यसप्रकार रहेको छ ।

जन्मसंस्कार अन्य जातिहरुको जस्तै बाहिङ किरात जातिहरुको पनि अनिवार्य संस्कार हो । यो किरात धर्म संस्कार अनुसार गर्ने चलन रहेको छ । जसमा जुन लिङ्गको बच्चा जन्मिए पनि जन्मिएको तीन दिनका दिन जन्मसंस्कार (न्वारन) गर्ने चलन रहेको छ, उक्त दिन समुदायका बच्चाको हजुरआमा र आमा नाता पर्ने सबैलाई निमन्त्रणा गरिन्छ । हजुरआमा र आमा नाता पर्नेहरु सबैजना बच्चाको घरमा उपस्थित भै सर्वप्रथम घर लिपपोत गरी चोखो पार्ने काम गर्दछन् साथै बच्चा र बच्चाको आमालाई नुहाई दिनु पर्छ । उनीहरुले आमा र बच्चालाई नुहाइ दिइसकेपछि आमा र बच्चा दुवैलाई तेलले मालिस गरिदिनु पर्छ । हजुरआमाहरुले बच्चाको घाँटीमा माला, दुबै हात, खुट्टामा कल्ली र कम्बरमा कन्धनीको रुपमा  सात डारी पहेलो धागो बाँधीदिनु पर्छ । यसो गर्नुको अर्थ बच्चालाई केहीले नछोओस्, नलागोस् भनी चार पाउँ बाँध्ने काम भनिन्छ । यती गरी सकेपछि हजुरआमाहरुले बच्चालाई कपडा आमाकै पुरानो कपडाहरुको आफ्नै हातले सिलाइ दिनु पर्छ । जसलाई “सुल्दुङ” भनिन्छ । यो बाहुला विनाको काँधमा बाँध्ने तुना राखिएको हुन्छ । यसरी न्वारनको दिन बच्चालाई आमाको पुरानो कपडा नै लगाइ दिनुको कारण बच्चालाई कसैको नजर नलागोस् भन्ने चलनचल्ती रहेकोले त्यही गरी आएको छ । जन्मसंस्कार (न्वारन) गर्दा बच्चालाई बोलाउने नाम हजुरआमा र आमाहरुले सल्लाह गरी सबैको सहमतिमा एउटा नाम राखी दिने चलन रहेको छ । न्वारनको अन्तमा बच्चालाई कोक्रोमा राख्ने चलन छ । जुन कोक्रोको बारेमा प्रमुखजानकार व्यक्ति तथा तुम्लोचा (मुन्धुमी) तेजलाल बाहिङका अनुसार, “यदि सम्भब भएमा बच्चाको लागि कोक्रो न्वारन कै दिन बुन्नु पर्छ, बुन्ने काम मात्रै होइन कि न्वारन कै दिन निगालो वा बाँस काटेर चोया काढ्ने, कोक्रो बुन्नु शुरु गर्ने र अन्त्य पनि गर्नु पर्ने पूर्खाहरुको चलन छ । कोक्रो बुनीसकेपछि कोक्रोको शिरान पट्टी यदि केटा हो भने कर्द (सानो खुकुरी), केटी हो भने खुर्पी शिउरी दिनुपर्छ, जसको अर्थ बच्चालाई देशान मसान, भूतप्रेत नलागोस् भन्ने चलन रहेको छ ।” न्वारनको दिन केटा हो भने भाले र केटी हो भने पोथी कुखुरा काटी साधारण भोज गर्ने चलन रहेको छ । जन्मसंस्कारलाई कार्यक्षेत्रका बाहिङ जातिहरुले चोखिने दिनका रुपमा पनि मान्ने गरेको पाइन्छ । किनभने बच्चा जन्मिए पछि बच्चाको जन्मसंस्कार नगरेसम्म बच्चाको घर र उसका वंशभित्र अशुद्ध (Unpure) मानिन्छ । यसरी अशुद्धलाई शुद्ध (Pure) वा न्वारन नगरेसम्म कुनै प्रकारको शुभकार्य वा पूजापाठहरु वंश भित्र चल्दैन ।

## ५.२.२ पास्नी

कार्यक्षेत्रका बाहिङ किरात जातिहरुमा छोरा छोरीको पास्नी गर्ने संस्कार विगतमा भए तापनि यो गर्नै पर्ने अनिवार्यता नभएकोले दिनप्रतिदिन यो संस्कारको महत्त्व घट्दै गएको शोध अध्ययनका शिलशिलामा उत्तरदाताहरुबाट जानकारी पाइयो । कार्यक्षेत्रका बाहिङ जातिहरुले पास्नीलाई बच्चालाई जाचोमोक्चो *(भातखुवाउने)* भन्दा रहेछन् । यो जाचोमोक्चो संस्कार छोरी हो भने जन्मिएको ५ महिनामा र छोरा हो भने जन्मिएको ६ महिनामा गरिने परम्परा रहेछ । यो संस्कार गर्दा बच्चाको आमाबुबाले आफन्तहरुलाई निमन्त्रणा दिएपछि आफन्तहरु कार्यक्रममा उपस्थित भै बच्चालाई टिका लगाइ दिइ चाँदिको मोहर पैसाले भात खुवाउने चलन रहेको छ । तर विगत केही वर्ष भयो गाउँमा कुनै परिवारहरुले बच्चाको जाचोमोक्चो कार्यक्रम गरेका छैनन् भनी उत्तरदाता विर बहादुर बाहिङले शोधकर्तालाई जानकारी गराउनु भएको थियो । यसबाट के निष्कर्ष निकालिएको छ भने पास्नी ( जाचोमोक्चो) संस्कार कार्यक्षेत्रका बाहिङ किरात जातिहरुमा अनिवार्य संस्कार नभइ स्वेच्छिक संस्कारको रुपमा मात्रै रहेको छ ।

## ५.२.३ छेवर

अध्ययन स्थलका बाहिङ किरात जातिहरुमा छोरा जन्मिएको ३ वर्षमा छेवर संस्कार गर्ने चलन अध्ययनका क्रममा तथ्य प्राप्त गरिएको थियो । तर छेवर पनि गर्नै पर्ने अनिवार्य संस्कारका रुपमा नरहेको उत्तरदाताहरुको भनाइ थियो । छेवर संस्कारमा के गरिन्छ भन्ने प्रश्नमा कति उत्तरदाताहरुलाई थाहा नभएको भन्ने उत्तर दिएका र नक्सो बुद्धि कुमार बाहिङले भने उत्तरमा यसो भनेको थिए, “यदि कुनै बाहिङ जातिले छोराको छेवर गर्नु पर्‍यो भने बच्चाको मामाले कपाल खौरी दिनु पर्छ । त्यसबेला बच्चाको चेली नाता पर्नेले टपरीमा एक मोहर पैसा राखी मामाले खौरी दिएको कपाल त्यो टपरीमा थाप्नु पर्छ । यसरी चेलीले थापेको कपाल फूलबारीमा लगी फूलको फेदमा राख्ने र टपरीमा राखिएको एकमोहर पैसा भने चेलीलाई दक्षिणाको रुपमा दिनु पर्छ । कपाल खौरीने बेलामा बच्चाको घाँटीमा दाम्लोले बाँधे जसो गर्नु पर्ने र सो दाम्लोलाई चेलीले नै समाए जसो गर्नु पर्ने परम्परा रहेको छ । यसो गर्नुको कारण परापूर्वकालमा बच्चाको छेवरका दिन कपाल खौरीदैं गर्दा बच्चा एक्कासी भागेर बेपत्ता भएको थियो । त्यसपछिदेखि छेवरका दिन बच्चा नभागोस भनेर यस्तो परम्पराको शुरुवात भएको

अनुश्रुति रहेको छ । कपाल खौरी सकेपछि बच्चाका चेलीले नयाँ टोपी लगाइ दिनु पर्छ भने छेवर मान्न उपस्थित आफन्तहरुले बच्चालाई टिका लगाइ दिइ इच्छा अनुसार दक्षिणासमेत दिनु पर्छ ।"

## ५.२.४ गुन्यूचोली

शोध कार्यक्षेत्रका बाहिङ किरात जातिहरुमा छोरी ७ वर्ष पुगेपछि गुन्यूचाली लगाइदिने संस्कार थिएछ । तर यो संस्कार वर्तमान समयमा लोप भैसकेको पाइन्छ । शोधकार्यका लागि छनौट गरिएका उत्तरदाताहरु मध्ये अधिकांशले छोरीलाई गुन्यूचोली दिनेको अर्थसमेत थाहा नभएको पाइयो । यसर्थ शोध अध्ययनलाई पूर्णता दिनका लागि ओखलढुङ्गा जिल्ला, ओखलढुङ्गा गा.वि.स. वार्ड नं. ४ निवासी बाहिङ किरातहरुका तुम्लोचा (मुन्धुमी) तथा मुन्धुमलाई लेख्यारुप दिइ प्रकाशन गर्नुहुने प्रमुखजानकार व्यक्ति तथा विद्वान बुद्धि कुमार ह्वाङ्गुसँग शोधकर्ताले मिति २०७० साल कात्तिक ८ गते उहाँकै निवासमा भेट गरी बाहिङका छोरीलाई गुन्यूचोली दिनुको अर्थको बारेमा कुराकानी गरेको थियो । त्यस समय उहाँले भन्नु भयो कि बाहिङ संस्कार अनुसार ६ वर्षसम्मका बाहिङ छोरीलाई बच्ची मान्ने । त्यो उमेरसम्म उसले जे लगाउँदा पनि हुने, जब ७ वर्षको उमेरमा लाग्छ, त्यसपछि छोरीलाई "कुमारी" छोरीका रुपमा मान्ने र त्यही वर्ष परिवारले आफन्त, नाताहरुलाई बोलाई सबैको अगाडि छोरीलाई नयाँ गुन्यूचोली एवं अन्य श्रृङ्गारका सामानहरुले सजाएर प्रस्तुत गर्ने परम्परा हो । तर अहिले राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक परिवर्तनका लहरसँगै बाहिङका छोरीलाई गुन्यूचोली दिने संस्कृति संस्कार पनि इतिहास बन्न पुगेको छ भनी जानकारी गराउनु भएको थियो । समग्रमा भन्नु पर्दा कार्यक्षेत्रका बाहिङ जातिभित्र छोरीलाई गुन्यूचोली दिने परम्परा रहेको भए तापनि आधुनिकताको प्रभावसँगै यो परम्परा अभ्यास गर्न छाडिएको कुरा अध्ययनबाट पाइयो

## ५.२.५ विवाह

समाजशास्त्री तथा मानवशास्त्रीहरुको भनाइ अनुसार विवाह एउटा सामाजिक संस्था (Social Institution) हो । यो शुरुमा रक्तसम्बध (Consanguinal) भित्रै सिमित थियो । मानवशाश्त्री लुइस हेन्री मोर्गान *(१९६५)* का अनुसार मानव सभ्यताको प्रारम्भिक कालमा मानिसहरु श्रीमती विनिमय गर्ने, ऋणमा श्रीमतीलाई धरौटीमा राख्ने प्रचलन थियो । त्यस बेला बाबुको महत्त्व थिएन । बच्चाहरुको पहिचान आमाले गरिदिन्थ्यो । *(अर्याल-२०६६)*

समाजका विभिन्न संस्थाहरुमध्ये विवाह एक महत्त्वपूर्ण संस्था हो, किनभने विवाहले महिला र पुरुषलाई एक सूत्रमा बाँधी उनीहरुबीच शारीरिक, जैविक, सामाजिक, सांस्कृतिक, आर्थिक आदि आवश्यकताहरु पूरा गराइ दिन्छ । विवाह विश्वका प्रत्येक समुदायमा अभ्यास गरिने हुँदा यो विश्वव्यापी संस्था हो । विवाह कति किसिमले हुन्छ वा गरिन्छ भन्ने विषयमा विश्व समुदाय बीच एक मत रहेको पाइदैन । किनकी विवाह जाति, धर्म, भौगोलिक क्षेत्र अनुसार फरक फरक तरिकाले गरिनुका साथ विवाहलाई कुनै जाति वा धार्मिक समुदायले सामाजिक संस्कार (Social Ritual) का रुपामा लिने गर्दछन् भने कुनैले विवाहलाई सामाजिक सम्झौता (Social Contract) का रुपामा लिने गर्दछन् ।

शोध कार्यक्षेत्रका बाहिङ उत्तरदाताहरुसँग उनीहरुको विवाह संस्कारका बारेमा बुझ्न स्थलगत अध्ययनका समयमा वार्तालाप गरिएको थियो । जुन प्रश्नको उत्तरमा उत्तरदाताहरुले विवाहलाई सामाजिक सांस्कृतिक संस्कारको रुपमा लिने गरेको बताएका थिए । किनभने उनीहरुले बाहिङ जातिमा छोरा छोरी जसको भएपनि विवाह गर्दा किरात धर्म र मुन्धुम अनुसार नै गर्नु पर्ने बताएका थिए । उनीहरुले मुलतः किरातका सन्तान खम्बु, लिम्बु र सुनुवार जातिभित्रका सजातीय विवाहलाई नै मान्यता दिने गरेको पाइयो । सजातीय विवाह गर्दा भने केटा केटीको दाप्सि/दाप्चि निङ *(गोत्रीय नाम)* फरक पारेर गर्नु पर्ने प्रचलन रहेको पाइयो । वार्तालापकै क्रममा उत्तरदाताहरुलाई अर्न्तजातीय विवाहलाई सकारात्मक वा नकारात्मक कुन रुपमा हेर्नु हुन्छ भन्ने प्रश्न सोधिएको थियो । ४० जना उत्तरदाताहरुमध्ये २७ जना वा ६७.५ प्रतिसत्ले सकारात्मक र १३ जना वा ३२.५ प्रतिसतले नकारात्मक दृष्टिकोणले हेर्ने गरेको उत्तर दिएका थिए । तर कार्यक्षेत्रका बाहिङ किरात जातिहरु आफ्ना जाति, धर्म, संस्कृति संस्कारप्रति निकै कठोर रहेको कुरा स्थलगत अध्ययनका क्रममा शोधकर्ताले अनुभव गरेको थियो । किनभने छोरा वा छोरी जसले अर्न्तजातीय विवाह गर्छ । उ र उसका परिवारसमेतलाई किरात धर्म अनुसार गरिने पित्री/पूर्खा पूजा गर्दा घरभित्र प्रबेश नगराइने, अन्य समयमा पनि घरभित्र चुल्होदेखि माथि जान नहुने, वा नपाइने, कुनै परिवारमा अर्न्तजातीय विवाह गर्ने सदस्य बसेको छ र उसले घरमा पित्री पूजा गर्नु छ भने सर्वप्रथम त्यो सदस्यलाई घरबाहिर निकाली घर लिपपोत गरी नक्सो र ङाबुचाहरुलाई बोलाई वाइलिङमो *(घरचोख्याउने)* गरे पछि मात्र पित्रीपूजाको काम गर्ने गरेको स्थलगत अध्ययनका क्रममा पाइयो । कुनै पनि किरात धर्म अर्न्तगतका संस्कारहरु गर्ने परम्परा परापूर्वकालदेखि चलिआएको र त्यसलाई अहिलेसम्म पनि जस्ताको तस्तै निरन्तरता दिइराखेकोले कार्यक्षेत्रका बाहिङ किरात जातिमा अर्न्तजातीय विवाहलाई अझसम्म स्वीकार गरेको

पाइन्न । जे जति कार्यक्षेत्रका बाहिङहरुले अर्न्तजातीय विवाह गरेका छन्, उनीहरु सामाजिक सांस्कृतिक बहिष्कारमा परिने पो हो कि भनेर समाज बाहिर विशेष गरी शहर बजारमा परिवारसहित बस्न बाध्य भएको तथ्यहरु अध्ययनका क्रममा पाइयो । यसर्थ ४० जना उत्तरदाताहरुमध्ये अर्न्तजातीय विवाहलाई २७ जनाले सकारात्मक हो भनी उत्तर दिए तापनि यो उनीहरुको अन्तरआत्मले चाहेको परिवर्तन र विश्व समुदायमा आएको सामाजिक सांस्कृतिक परिवर्तनको प्रभाव हो भन्ने अनुभव गरियो । तर यो कुरा कार्यक्षेत्रका बाहिङ जातिमा तत्काल लागू गर्न असम्भव प्रायः छ ।

कार्यक्षेत्रका बाहिङ जातिहरुमा विवाह कुनकुन तरिकाले गरिन्छ भनी सोधिएको प्रश्नमा उनीहरुको उत्तर यस्तो थियो कि विगतमा बाहिङ जातिभित्र मुख्यरुपले चार किसिमले विवाह हुन्थ्यो ।

**जसमा (१) मागी विवाह (२) चोरी विवाह**

**(३) प्रेम विवाह (४) जारी विवाह ।**

माथिका ४ किसिमका विवाहरुमध्ये बदलिदो समय, परिस्थिति र समयको माग अनुसार चोरी र जारी विवाह व्यवहारबाट लोप भै सकेका छन् । चोरी विवाह र जारी विवाह कस्तो किसिमको विवाह हो भन्ने विषयमा कार्यक्षेत्रका उत्तरदाता बिर बहादुर बाहिङको उत्तर यस्तो थियो । "चोरी विवाह भन्नाले पहिला पहिला कुनै बाहिङ केटासँग आफ्नै जातिभित्रका कसैको छोरी विवाह गर्दा हुने वा जोडी सुहाउँने गाउँले दाजुभाइ वा साथीहरुलाई लागेमा केटी हाटबजार वा मेलामा गएको बखत ललाइ फकाइ गरी केटाको घरमा भित्र्याइ विवाह गर्ने चलन हो भने जारी विवाह भन्नाले कसैको श्रीमतीलाई अर्कै केटाले भगाएर लगे पछि पञ्चभलाद्मीहरुको सामुमा पहिलो श्रीमानले आफ्नो श्रीमती लाने केटाबाट मलाइ यति नगद वा धन चाहिन्छ भनी माग गर्ने र माग गरे बमोजिम दोश्रो श्रीमानले चुक्ता गरी विवाह गर्ने चलन हो ।" हाल मागि विवाह र प्रेम विवाह मात्र प्रचलनमा रहेको पाइयो । त्यसमा पनि कार्यक्षेत्रका बाहिङ जातिमा प्रेम विवाह अत्याधिक प्रचलनमा रहेको पाइन्छ । यस कुराको पुष्टि कस्तो किसिमको विवाह मनपराउनु हुन्छ भन्ने प्रश्नको उत्तरमा ४० जना उत्तरदाताहरुले दिएको उत्तर तालिकामा दिइए अनुसार रहेको छ ।

तालिका नं. १८

**कार्यक्षेत्रका बाहिङ किरात जातिहरुमा प्रचलित विवाह मन पराउने उत्तरदाताहरुको संख्या**

| विवाहको प्रकार | उत्तरदाता संख्या | प्रतिसत् |
|---|---|---|
| मागी विवाह | ७ | १७.५० |
| प्रेम विवाह | ३३ | ८२.५० |
| जारी विवाह | - | - |
| चोरी विवाह | - | - |
| जम्मा | ४० | १०० |

श्रोत : *कार्यक्षेत्र अध्ययन-२०७०*

प्रस्तुत तालिकालाई विश्लेषण गर्दा कार्यक्षेत्रका अधिकांश बाहिङ जातिहरु प्रेम विवाहको पक्षमा रहेको अथवा कुल उत्तरदाताहरु मध्ये ८२.५० प्रतिसत उत्तरदाताहरुले प्रेम विवाहलाई रोजेका छन् भने १७.५ प्रतिसत उत्तरदाताहरुले मागी विवाहलाई रोजेका छन् । मागी विवाहप्रति रुची घट्नु र प्रेम विवाहप्रति बढ्नुको खास कारण भने आधुनिकता, स्वतन्त्रता, शिक्षा, आर्थिक, समय आदि रहेको पाइन्छ । किनकी वर्तमान युवायुवतीहरुलाई आधुनिक शिक्षा तथा सञ्चारका साधनहरु जस्तै टेलिभिजन, मोबाइल, फिल्म आदिले प्रेम विवाह गर्न गराउनमा विशेष भूमिका खेलेको पाइन्छ भने विवाह गर्ने वा नगर्ने ? गरे को सँग गर्ने ? जस्ता विषयको निर्णय लिने अधिकार तथा स्वतन्त्रता कार्यक्षेत्रका बाहिङ समाजमा छोराछोरी आफैंले लिने गरेको पाइन्छ । त्यसैगरी बाहिङ जातिको मागी विवाह गर्दा धेरै प्रक्रिया पुरा गर्नुकासाथ धेरै समय लाग्ने, धेरै मानिसहरुको सहयोग लिनु पर्ने हुँदा पनि धेरै जसो बाहिङहरुले छिटो छरितो आफैंले रोजेर विवाह गर्ने चलन दिनप्रतिदिन बढ्दो छ । आर्थिक हिसाबले हेर्दा पनि मागी विवाहको तुलनामा प्रेम विवाह धेरै सस्तो पर्न जाने हुँदा बाहिङ युवाहरु प्रेम विवाहप्रति आर्कषित हुने गरेको तथ्य स्थलगत अध्ययनका क्रममा उत्तरदाताहरुबाट जानकारी प्राप्त गरिएको थियो । मागी विवाह र प्रेम विवाहमा समय र आर्थिक भारका बारेमा उत्तरदाता बिर बहादुर बाहिङको भनाई यस्तो थियो । "कुनै छोराको मागी विवाह गर्नु पर्‍यो भने सर्वप्रथम छोराका बाबुआमाले आफ्ना छोराका लागि कसैको कन्या छोरीको विषयमा टोल छिमेकी भेला गरी के पाछा/दोचा, गोत्र हो ?, केटा र केटीका दाजुभाइ भित्र पहिलानै कुनै नातासम्बन्ध छ कि आदि सबै कुराको र्निक्यौल गरेर कन्या माग्दा हुने भएमा मात्र कन्या माग्न जाने निधो गरी पाका उमेरका मुन्धुम पनि भरसक उचारण गर्न सक्ने २

जना व्यक्तिहरुको छनौट गरिन्छ, जसलाई लमी भनिन्छ । ती २ जना लमीहरु पहिलो पटक कन्या दिन्छन् वा दिदैनन् भन्ने विषयमा कन्याका वंशभित्रका कसैको घरमा १-१ पाथी जति जाने २ कठुवा *(काठको दही जमाउने ठेकी जस्तो भाँडो)* रक्सी बोकेर जान्छन्, यसलाई सोधनी भनिन्छ । कन्या दिने छाँटकाँड भएपछि दोस्रो पटक ६ कठुवा रक्सी र नयाँ थैलीमा पाँच रुपैया पैसा हालेको बोकेर लमीहरु पहिला कोसँग कुरा गरेका थिए, त्यही व्यक्तीलाई साथ लिएर कन्याको घरमा जानु पर्छ, यसलाई मगनी भनिन्छ । मगनीमा कन्या राजी भइन् र उसका परिवारहरुले पनि विहे हुन्छ भनेमा विवाह पक्का भएको मान्नु पर्छ । अव केटापक्षका लमीले तुम्लो *(रीत)* कहिले बुझाउने ? भनी समय माग गर्नु पर्छ । कन्यापक्षले यो महिना, गते, बारका दिन ल्याउनु भन्नु पर्छ । यो समय छिटो हुन पनि सक्छ, नहुन पनि । कन्याको तुम्लो बुझाउँन जाँदा १६ कठुवा रक्सी र ११ मोहर पैसा लगेर जानु पर्छ । *(समय अनुसार पैसा थोरै भएपनि यो परापूर्वकालमा पनि यत्तिनै रहेको यसलाई अहिले विधिको रुपमा मात्र प्रयोग गरिएको)* कन्या पक्षले तुम्लो बुझिलिएको दिन नै केटा पक्षलाई यो दिन कन्या लिन आउनु । भनी मिति तोकिदिन्छन् । यसरी केटी पक्षले तोकेको दिन फेरि ६ कठुवा रक्सी र केटा पनि साथ लिएर कन्याको घरमा जानु पर्छ । त्यो दिन कन्याका आफन्तहरुले कन्या र एक जना केटी लोकोन्त *(कन्याको साथी)* केटा पक्षको साथ लगाएर बिदा गर्छन् भने त्यही दिन कन्या पक्षले हामी यो मितिमा जन्ती आउँछौ भनी केटा पक्षलाई खबर गर्नु पर्छ । तोकिएको मितिमा कन्या पक्षहरु केटाको घरमा बासबस्ने गरी जन्ती आउने हुँदा, त्यो दिन २ वटा सुँगुर काटेर २ छाक भोज खुवाउनु पर्ने परम्परा छ भने केटाको घरमा भोज सकिए पछि फेरि केटा पक्षहरु कन्याको घरमा दुरान *(अन्तिम जन्ती)* जाने काम हुन्छ । यहाँ पनि २ छाक भोजको आयोजना गर्नु पर्ने परम्परा रहेको छ । यसरी मागी विवाह गर्दा समय धेरै लाग्ने, आर्थिक रुपमा विवाह गर्ने घरलाई धेरै भार पर्ने हुन्छ । फेरि मागी विवाहमा केटाकेटीको मञ्जुरी भन्दा बढी आमाबाबु, दाजुभाइको दवाव र मान मार्यादा जोगाउनका लागि विवाह गर्नु पर्ने जस्तो भएकोले पनि वर्तमान बाहिङ युवाहरु आफैले रोजेको केटा केटी बीच प्रेम विवाह गर्ने प्रचलन दिनप्रतिदिन बढ्दै गएको हो । प्रेम विवाह गर्दा केटाकेटी एक आपसमा मिले पछि लमी छान्नु नपर्ने सोधनी, मगनीका लागि जानु नपर्ने, सिधै चोर्केश्वर *(तपाइको छोरी हाम्रो छोराले ल्याएछ, रीत बुझिलिइ हाम्रो चुल्हामा चलाउनका लागि अनुमति दिनोस् भन्ने)* लाने, त्यसपछि तुम्लो *(रीत)* बुझाउने, रीत बुझाई सकेपछि चुल्हामा चोखिनका लागि सामान्य भोज गर्दा हुन्छ ।"

कार्यक्षेत्रका बाहिङ किरात जातिहरुको विवाहमा अन्य जातिहरुको भन्दा अनौठो परम्परा के पाइयो भने छोराको विवाह गर्दा पहिला कन्या पक्ष केटाको घरमा जन्ती आउने, त्यसपछि कन्याको घरमा केटा पक्ष जन्ती गएर विवाह सक्ने परम्परा रहेको छ ।

## ५.२.६ मृत्यु संस्कार

संसारमा पाइने प्राणीहरुको जन्म मृत्यु प्राकृतिक नियम अनुसार हुने गर्दछ । त्यसमा पनि मानव प्राणी अन्य प्राणीहरुभन्दा विवेकशील र सभ्य प्राणी हो । मानवले आफ्नो विवेक प्रयोग गरी आफू बस्नका लागि सुन्दर समाजको निर्माण गरेका छन् । त्यस समाजमा विभिन्न संस्कृति संस्कारहरुको अभ्यास गरेका छन् । ती संस्कृति संस्कारहरु जन्मदेखि मृत्युपर्यान्तसम्मका हुन्छन् । ती मध्ये मृत्यु संस्कार पनि मानव जातिका महत्त्वपूर्ण संस्कारहरु मध्ये एक हो । यस संस्कारलाई अभ्यास गर्ने तरिका जात, धर्म, अनुसार फरक-फरक रहेका हुन्छन् ।

शोध कार्यक्षेत्रका बाहिङ किरात जातिहरुको मृत्युसंस्कार कसरी अभ्यास गरिन्छ भनी उत्तरदाताहरुसँग प्रश्न राखिएको थियो । यसको जवाफमा उनीहरुले मृत्युसंस्कारका बारेमा आफूहरुलाई भन्दा समुदायका नक्सो बुद्धि कुमार बाहिङलाई थाहा हुने कुरा बताए पछि मिति २०७० कात्तिक ८ गतेका दिन बाहिङ समुदायमा मृत्यु संस्कारको अभ्यास कसरी गरिन्छ भन्ने विषयमा उहाँकै घरमा शोधकर्ताले अर्न्तवार्ता लिएको थियो । अर्न्तवार्ताको क्रममा उहाँले दिनु भएको जानकारीको सारसंक्षेप यसप्रकार रहेको छ । कालगतिले कोही बाहिङको मृत्यु भयो भने जहाँ मृत्यु भए पनि उसको लास पित्रीपूज्ने घरभित्र ल्याई टाउको मुलढोकातिर पारी उल्टो गुन्द्रीमाथि उत्तानो सुताइन्छ । त्यसपछि समुदायका दाजुभाइ भेला भई एक समुहले हरियो बाँसको लास बोक्ने टाँड बनाइ त्यसमाथि लासलाई सेतो *(कात्रो)* कपडाले बाँधी गुन्द्रीसँगै सो टाँडमा राख्नु पर्छ । अर्को समुहले १ माना धान ओखलमा कुटी एकसरो नाङलोमा निफनी धानचामल नकेलाइ हाँडी भए हाँडीमा नभए थोत्रो भाँडामा भात पकाउनु पर्छ । यसलाई खुवालाप्खा *(अन्तिम खाना)* भनिन्छ । यसैगरी एक मुठी धानलाई नङ्ले कोट्याइ चामल बनाएर बाँसको ढुङ्ग्रोमा हाल्नु पर्छ , यसलाई बेर्तिलाप्खा *(मृतक भोकलाग्दा खाने सामलको रुपमा दिइने बस्तु)* भनिन्छ । एकएक मुठीका दरले धान, कोदो, मकै, गहुँ, जौ, तोरी आदि अन्नहरु एकै ठाउँ मिसाइ पोका पार्नु पर्छ । यसलाई वाचेरसुरा *(विउविजन वा सद्बीउ)* भनिन्छ । आगो ननिभेको ३ वटा अगुँल्ठो एकै ठाउँ बाँधी तयार गर्नु पर्छ । ची *(चोखो जाँड)* का लागि लिङ्खाम *(आफ्नै जातले*

*बनाएका मर्चा)* पनि थोरै र एक गाग्री पानी तयार गर्नु पर्छ । बाहिङ जाति मरेपछि लाश जमिनमा चिहान बनाएर गाड्ने परम्परा छ । यसका लागि खन्ने कोदालो, साबेल, गल, घन खुकुरी आदि पनि तयार गर्नु पर्छ । बाहिङ परम्परामा मान्छे मरेर गए पनि उसको आत्म जीवित हुन्छ भन्ने मान्यता छ । यसर्थ मान्छे मरेको दिन उसको चोपुनिङ *(वास्तविक नाम)* को सट्टामा बुलामनिङ् *(मरेपछि पित्रीपूजा गर्दा बोलाउने नाम)* राख्नु पर्ने परम्परा रहेको छ । यसका लागि लास उठाउनु भन्दा अगाडि नै नक्सो, ङाबुचा र पाका उमेरका मान्छेहरुले त्यो मान्छे जीवित हुँदाबखतको चरित्र, आनिबानी, काम आदिका आधारमा बुलामनिङ् तयार गर्नु पर्छ, जुन नाम लास उठाउने बेलामा सबै मिलेर मुन्धुम उच्चारण गर्दै एक स्वरमा लहै आजदेखि हामी दाजुभाइले तिम्रो बुलामनिङ ......................... राखेका छौ भन्नु पर्ने चलन रहेको छ । जस्तो, **जन्तरी विष्णुकुमारी चोपुनिङ** भएका बाहिङ महिलाको मृत्यु २०६६ सालमा काठमाडौमा भयो, त्यसबेला नक्सो, ङाबुचाहरुले उहाँको **बुलामनिङ् लुन्दुसेमा रिम्नि सेल्नीमा** राखेका थिए, जसमा **लुन्दुसेमाको अर्थ जन्तरी, रिम्निको अर्थ राम्री र सेल्नीमाको अर्थ गाउँ समाजभन्दा टाढा मृत्यु भएकोले आफै सम्हालिदैं पित्रीपूजामा आउनु** भन्ने रहेको छ । यसरी सबै आवश्यक वस्तुहरु जुटाइ सकेपछि दाहसंस्कारका लागि लास उठाएर चिहानतिर जानु पर्छ । चिहान बनाउने ठाउँमा ६ देखि ८ फिटसम्मको गहिरो खाल्डो खन्नु पर्छ । खाल्डोखनेपछि रीतपूर्वक च्याप्टो ढुङ्गा बिच्छ्याउनु पर्छ । त्यसमाथि मृतकका कपडाहरु शिरदेखि पाउसम्मको छुट्टाछुट्टै पारेर विच्छ्याउनु पर्छ र त्यसभित्र लाश हाल्नु पर्छ । लाश खाल्डोमा हालिसके पछि मृतक पुरुष हो भने १ थान खुकुरी, महिला हो भने १ थान खुर्पा शिरमा राखी दिनु पर्छ साथै मृतकले अर्को जुनीमा खाना थापीखाने भाँडोको रुप १-१ थान काँसको थाल, बटुको पनि लाशसँगै राखिदिनु पर्छ । अझ पहिला पहिला त मृतकले प्रयोग गर्ने सबै चिज वस्तु जस्तै सुन, चाँदीका गरगहना आदि चिहानभित्रै हाल्ने चलन थियो । तर अहिले त्यो चलन प्रायः बन्द भएको छ । किनभने पुराना चिहानहरु रातारात फोरेर पुराना सामानहरु झिक्ने चलन बढेको छ । यी सबै बस्तुहरु हालिसकेपछि मृतकले मलामी जानेहरुको सातो नलगोस भनी नक्सोले सातो झिक्ने काम गर्दछ । त्यसपछि मृतकका परिवारहरुबाट पानी खुवाउने काम गरिन्छ । यो काम सकेपछि लाशलाई माटोले पुर्न शुरु गर्नु पर्छ । यो काम पनि मृतकका परिवारबाटै शुरु गर्नु पर्छ र जे जति मलामीहरु छन्, ती सबैले देब्रेहातले एक मुठी माटो हाल्नु पर्छ । यस कामलाई मट्टीदिने भनिन्छ । मट्टीदिने काम सकेपछि चिहान जमिन भन्दा अग्लो घरजस्तो आकारको माटो उठाइ, सम्भव भए ढुङ्गाको गाह्रोसमेत लगाइ दिइ वरिपरिबाट बाँसको भाटाले बार हाली सफा पार्नु पर्छ । अन्तमा चिहान माथि घरबाट लगेको वाचेरसूत्रहरु छरी दिइ दाहसंस्कार समाप्त भएको घोषणा गरी दिनु पर्छ ।

दाहसंस्कारको काम सकेपछि सबै मलामीहरु मृतकको घरमा फर्कनु पर्छ । तर घर पुग्नु भन्दा केही अगाडि बाटोमा पुरानो कपडामा आगो बालेर धुँवा बनाइएको हुन्छ, साथमा ऐशेलु वा तितेपाती पनि राखिएको हुन्छ । त्यसलाई प्रत्येक मलामीहरुको खुट्टाले छोएरमात्र घर भित्र प्रबेश गर्नुपर्छ ।

मृतकको दाहसंस्कार गरेको दिनदेखि मृतकका परिवारले पाँच छाक र दाजुभाइले एक छाक नुन खानु हुँदैन । यसलाई नुनबार्ने वा जुठो बार्ने भनिन्छ । मृतकको छोराहरु भए कपाल खौरी सेतो टालो टाउकोमा बाँधेर ३ दिनसम्म किरियापुत्री बस्नु पर्छ । यदि छोरा छैन छोरीमात्रै भए एक जना छोरीले ३ दिन नै किरियापुत्री बस्नु पर्छ, तर किरियापुत्री बस्ने छोरीले कपाल खौरनु पर्दैन । यदि छोराछोरी कसैको मृत्यु भएमा बाबुले, बाबु नभएका दाजुभाइको मृत्यु भएमा जीवित दाजुभाइ मध्ये एकजनाले किरियापुत्री बस्नु पर्छ । तर श्रीमान मरे श्रीमतीले लुगा फेर्ने, जुठोबार्नु पर्ने चलन भने यो जातिमा छैन । तीन दिनदेखि पछाडि एक दिन दाजुभाइ, वंशभित्रका आफ्ना नातेदारहरु सबैलाई बोलाई मृतकको किरात धर्म संस्कृतिअनुसार किरिया गरीदिनु पर्छ । किरिया गर्ने खबर पाए पछि दाजुभाइ नातेदारहरु सबैले भ्याए आफैं, नभ्याँए अरु कोही मार्फत १ माना चामल, १ कठुवा रक्सी र एक टुक्रा राँगाको सुकुटी मृतकको नाममा अनिवार्य किरिया गर्ने दिनमा पुऱ्याउनु पर्ने प्रचलन रहेको छ । यसरी दाजुभाइ, आफन्तहरुले ल्याएको सबै चालम, रक्सी, सुकुटीहरु संकलन गरी थोरै चामलको भात पकाउने, सुकुटी उसिन्ने र मृतकको घरबाट एउटा राँगो वा सुँगुर काट्टोको नामदिइ बली दिने र त्यस जनावरको भित्री मासुको केही अंश टुक्रापारी उसिनेर घरको आँगन डिलमा हरीयो गोबरले लिपपोत गरी केराको पात राखी त्यसमाथि भात, सुकुटी, मासु, नुन, तेल, चि *(जाँड)*, रक्सी आदि मृतकको भाग भनी खन्याइ किरात धर्म संस्कृति अनुसार नक्सो ङाबुचाहरुले मृतकको बुलामनिङ र मुन्धुम उचारण गर्दै किरिया गरी दिने परम्परा छ । त्यसपछि मृतकको नाममा चढाएको भात मासुहरु कुकुरलाई खुवाइदिइ कार्यक्रमको अन्तमा भोज गर्ने परम्परा रहेको नक्सो बुद्धिकुमार बाहिङले शोधकर्तालाई जानकारी दिनु भएको थियो ।

बुद्धिकुमार बाहिङले वार्तालापकै क्रममा सबै ढिकुरेली बाहिङ किरातहरुको सामुहीक भेला गरी सबैको सहमतिमा २०७० साल भदौ महिनादेखि कसैको किरिया गर्दा काट्टोको नाममा पशु बली दिइ भोज गर्ने परम्परा अन्त्य गरिएको, अवदेखि कसैको किरिया गर्दा उपस्थित पाहुनाहरुलाई भोजको रुपमा आलु चिउरा दिने निर्णय नै लागूसमेत गरिसकेको जानकारी दिनु भयो ।

यसैगरी उहाँले भन्नु भयो कि दिउँसोको समयमा मृतकको किरिया गरेर सकिन्छ, र त्यही रात मृतकको घरमा आफ्नै जातिभित्रका बिजुवा झाम्चा *(धामी)* बोलाई झाम्चा बस्ने *(चिन्ता बस्ने)* काम अनिवार्य गर्नु पर्छ । किनभने बाहिङहरुमा मान्छे मरेर गए पनि आत्मा जिउँदै हुन्छ । जबसम्म मृतकको घरमा धामी राखेर मृतकको आत्मालाई यमलोकतिर पठाइदैन, तबसम्म मृतकको आत्मा उसको घर परिवार र आफन्तहरुमा विभिन्न रुप बनाएर घुमी रहन्छ, तर्साइ रहन्छ, दु:ख दिइ रहन्छ, शान्तसँग बस्न दिँदैन भन्ने विश्वास छ । त्यसैले मरेर गएको मान्छे कहाँ जानु पर्ने हो । त्यो बाटो झाम्चाले मात्र देखाउन सक्छ भन्ने परम्परा रहेको छ । त्यसैले मृतकलाई झाम्चाले बाटो देखाएपछि कुनै प्रकारको दु:ख दिदैन, तर झाम्चा बस्दा धामीले जेजे भन्छ, त्यो घर परिवार, दाजुभाइसबैले मान्नु पर्ने संस्कार बाहिङ किरात जातिमा रहेकोछ ।

शोधकार्य क्षेत्रका बाहिङ किरात जातिहरुको मृत्यु संस्कारकै बारेमा नक्सो बुद्धिकुमार बाहिङलाई नै के समुदायमा कहिले कही कसैको मृत्यु भवितव्य वा कुनै दुर्घट्नामा परी अकालमै मृत्यु भयो भने त्यसको दाहसंस्कार पनि यसरी नै गर्नु हुन्छ ? भनी सोधिएको प्रश्नमा उहाँले यस्तो उत्तर दिनु भएको थियो कि भवितव्य वा दुर्घटनामा परी अकालमै कसैको मृत्यु भयो भने नेपाल कानुन अनुसार मृतकको लाशलाई पोष्टमार्टमको लागि अस्पताल लाने, पोष्टमार्टम गरी सकेपछि बाटोमा कतै खोला किनार तिरै लासको दाहसंस्कार गर्नु पर्छ, तर मृतकका किरिया गर्नु भन्दा अगाडि आफ्नै जातिको बिजुवा झाम्चालाई मृतकको घरमा धामी बसाउनु पर्छ । झाम्चाले झाम्चा बस्दा मृतकलाई "तिमी अकालमै मऱ्यो, अब तिमी आफ्नो कुल पित्रमा आउनेकी नआउने ?" भनेर सोध्छ र मृतकले आउने भन्यो भने माथि कालगतिले मरे सरहको काजकिरिया गरिदिनु पर्छ । यदि आउदिन भन्यो भने घरदेखि केही टाढा दोबाटोमा मृतकको नाममा चौतारी बनाइ दिइ, त्यहाँ मृतकका परिवारले एकदिन नक्सो, ङाबुचा, बुढापाकाहरुलाई भेला गरी मुन्धुम अनुसार अब तिमी (मृतक) हाम्रो कुल पित्रीमा नआउने भएपछि, तिमी जुन बाटो जान चाहेका हौ, त्यही बाटो जाऊँ, फर्केर आउँदा यस चौतारोसम्म मात्र आऊँ र बस । तर यहाँदेखि यता नआऊँ । यो चौतारो आजदेखि तिम्रो हाम्रो साँध है भन्दै चौतारोको बीचमा कालोभाले काटेर त्यसको खुनले बाटो छेक्ने वा सिमाना लगाउने परम्परा रहेकोछ ।

नक्सो बुद्धि कुमार बाहिङसँगको अर्न्तवार्ताबाट के कुराको पुष्टि भयो भने बाहिङ किरात जातिहरु नेपाल सरकारले बनाएर लागू गरेको लिखित कानुन भन्दा बाहिङ पूर्खाहरुले चलाएको अलिखित संस्कार, प्रथा, परम्पराहरुलाई नै महत्त्वपूर्ण ठान्दा रहेछन् । किनभने सरकारी अस्पतालका

चिकित्सकले मृतक कसरी मऱ्यो भनी लाशको पोष्टमार्टम गरेर रिपोर्ट लेख्छ । त्यस रिपोर्टलाई प्रमाण ठानी प्रहरीप्रशासनले कार्वाही अगाडि पनि बढाउँछ । तर कार्यक्षेत्रका बाहिङ किरात जातिहरु पोष्टमार्टम रिपोर्टलाई भन्दा बिजुवा झाम्चाले मृतकको घरमा ड्याङ्ग्रो बजाएर चिन्ता गर्दा जे भन्छ त्यो कुरालाई महत्त्वपूर्ण ठानी सोही बमोजिम आफ्ना कार्य गरेको पाइनुले यस जातिमा झाम्चा वा धामीझाक्रीवाद (Shamanism) को प्रभाव अत्याधिक रहेकोछ ।

## ५.२.७. चाडपर्वहरु

कुनै पनि मानव समुदायमा बस्ने मानव जातिहरुले परापूर्वकालदेखि आफ्ना धर्म, संस्कृति अनुसार मनाउने पूजा, उत्सव वा उल्लासका अवसरहरुलाई चाडपर्व भनिन्छ । चाडपर्वहरु मान्नुको धेरै कारणहरु छन् । त्यसमध्ये आफ्ना परम्परादेखि चलिआएको धार्मिक, सांस्कृतिक प्रचलनहरुलाई निरन्तरता दिनु, वर्षभरीको कामको व्यवस्तताले आफन्तहरुसँग भेटघाट हुन नपाएको न्याश्रोपनलाई पूरागर्नु, थकान मेटाउने, दुःख भुलाउने, राम्रो लगाउने, खाने आदिका लागि चाडपर्वहरुलाई महत्त्वपूर्ण माध्यमका रुपमा लिइन्छ । कार्यक्षेत्र स्थलका बाहिङ किरात जातिहरुको पनि आफ्नै धार्मिक, संस्कृति परम्परा अनुसारका धेरै चाडपर्वहरु रहेका छन् । उनीहरुले मान्ने चाडपर्वहरुको बारेमा उत्तरदाताहरुसँग शोधकर्ताले गरेको कुराकानीका आधारमा निम्न बुँदाहरुमा राखी विश्लेषण गरिएको छ ।

## ५.२.७. १. पित्री/पूर्खा पूजा

आदिवासी जनजाति किरातहरु प्रकृतिपूजक (Nature Worshiper/Animist), पित्री/पूर्खा पूजक (Ancentor Worshiper) र धामीझाक्रीवाद (Shamanism) मा विश्वास गर्ने नेपालका प्राचीन जातिहरु मध्ये एक हुन् भनी विभिन्न समाजशास्त्री, मानवशास्त्री, इतिहासविद्, खोजकर्ता आदिले आफ्ना कृतिहरुमा उल्लेख गरेको पाइन्छ । व्यवहारिक रुपमा हेर्दा एकतिर वर्तमान किरातवंशीहरु मुख्य गरी प्राकृतिक वस्तुहरु जस्तै नदी, रुख, ढुङ्गा, भूमि आदिलाई भगवानको प्रतिकात्मक (Symbolic) रुप मानेर पूजा गर्दछन् भने अर्कोतिर किरात समुदायमा कुनै नयाँ र शुभकार्य जस्तै छोराछोरीको विवाह गर्नु अगाडि, अन्नबाली लगाउँदा वा भित्र्याएपछि वा आफ्नो कुनै मनोकाँक्षा पूरा गर्नका लागि वा बिमारी परी लामोसमय उपचार गर्दा पनि निको नहुने बिमारीले पित्री/पूर्खाहरु खुशी होओस् साथमा शक्ति प्रदान गरुन भन्ने उद्देश्यले पित्री वा पूर्खा पूजा गर्ने परम्परा रहेको छ । यदि वर्षदिनमा एक पटक

भनि आफ्नो किरात पहिचान देखाउनु आदि रहेको छ । पित्रीपूजा धेरै तरिकाले गरिन्छ । मुन्धुममा भएका सबै विधि विधानहरु पूरा गरेपछि मात्र यो पूजा गर्नु पर्छ । अन्य चाड पर्वजस्तो यो पूजालाई मनोरञ्जनका रुपमा लिनुहुँदैन । तुम्लोचा टेक बहादुर बाहिङका अनुसार ढिकुरेली *(शोध कार्यक्षेत्र)* बाहिङ किरातहरुले गर्ने पित्री पूजाहरु समय र महत्त्वका आधारमा निम्न रहेका छन् :-

(क) **वाइलिङ्मो**

(ख) **बकललुक्चो**

(ग) **मोसुम**

(घ) **ताम**

(ङ) **हङ सिली**

उक्त पित्रीपूजाहरुको विषयमा टेक बहादुर बाहिङसँग गरिएको कुराकानीका आधारमा यहाँ छुट्टाछुट्टै शिर्षकमा विश्लेषण गरिएको छ ।

## (क) वाइलिङ्मो

वाइलिङ्मोलाई नेपाली भाषामा शुरु घरचोख्याउने भनेर बुझिन्छ । हुनत यो अन्य पित्री पूजाहरु जस्तो वर्ष वर्षमा गरिरहनु पर्दैन । कोही बाहिङले नयाँ घर बनाइ लिपपोत, सफासुग्घर गरी त्यस घरमा विधिवत् रुपमा बस्न थाल्नु भन्दा अगाडि एकदिन नक्सो, ङाबुचा र समुदायका पाको उमेरका बाहिङ पुरुषहरुलाई बोलाई ती बोलाइएका व्यक्तिहरुले त्यसै समय अगेनामा तीनवटा ढुङ्गाको चुल्हो गाडी दिनुका साथ सरङ/भार *(दाउरा/बिष्कुन सुकाउन आगेनोमाथि बनाइएको टाङ)* बनाइ दिनुपर्छ । त्यसपछि आफ्नो जातिले बनाएको थोरै चोखो मर्चा बटुकोमा आधामाना जति पानीमा मिसाइ ची/जाँड विधिको लागि बनाइ अगेनाको छेउमा राख्नु पर्छ । त्यसपछि नक्सो वा ङाबुचा वा पाको उमेरका पुरुषले एउटा कुखुराको चल्ला अगेनामा पछारी मार्नु पर्छ र त्यसको खुन मुन्धुम उचारण गर्दै तीनवटै चुल्हा, मुलथाम, मुलढोका आदिमा दल्नुपर्छ र दलिसकेपछि त्यो चल्लालाई पाकाउमेरकाले खाए पनि हुन्छ वा फालिदिए पनि हुन्छ । त्यसपछि नक्सोले अगेनाको डिलमा राखेको चीले फेरि चुल्हा, मुलथाम, मुलढोका वरिपरि मुन्धुम उचारण गर्दै छर्कनु पर्छ । यी काम गरिसकेपछि वाइलिङमो सकिन्छ । बाहिङहरुले वाइलिङमो गर्नुको कारण घर बनाउने बाहिङले त्यो घरमा बस्न थाल्नु भन्दा अगाडि आफ्ना पूर्खाहरुको पूजागरी पूर्खाहरुलाई खुशी पारेर बस्न थाल्दा परिवारमा सुख शान्ति हुन्छ, अनि त्यो घरमा पित्री पूजा गर्दा पूर्खाहरुको आत्मा पूजामा आउँछन् भन्ने विश्वास रहेकोछ ।

## (ख) बकललुक्चो

बाहिङहरुको पित्री पूजा अवस्था हेरेर एकछिन, एकदिनदेखि सातदिन सातरातसम्मको हुन्छ । त्यसमध्ये एकछिन धुप *(धुपको रुपमा बदेलको सुकाएको छाला)* मात्रै गर्ने पित्रीपूजामा बकललुक्चो ( *चुल्होचोख्याउने)* पर्छ । घरमा सबैकुरा ठिकठाकै अवस्थामा छ, एकदिने पित्रीपूजा अघिल्लो वर्षमात्रै गरिएको छ भने पछिल्लो वर्ष नक्सो र डाबुचाहरुलाई मात्रै बोलाएर बकललुक्चो *(चुल्होचोख्याउने)* काम गरिन्छ । यो पूजा गर्दा पित्रीहरुका लागि १ माना चामल, १ पाउ जति अदुवा *(अदुवा बाहिङहरुको प्राकृतिक वस्तुहरुमध्ये चोखो र पित्री पूजा गर्दा नभै नहुने चिज)*, चारमाना जतिको चिण्डोमा ची ( *पित्रीपूजामा बाहिङहरुले चिण्डोलाई कलश र चोखो जाँडलाई अमृतको रुपमा मान्ने चलन*), २ माना जति गल *(रक्सी)*, ४-५ टुक्रा राँगा वा माछा, मृग आदिको सुकुटी घरधनीले तयार गरी सबै सामानहरु नक्सो, डाबुचाहरुलाई दिनु पर्छ । त्यसपछि नक्सो, डाबुचाले अगेनाको डिलमा बसेर मुन्धुम उचारण गर्दै, धुपबाली, चिण्डोको चीले चुल्हो वरिपरि छर्किदिनुपर्छ । यसपछि बकललुक्चोको कार्यक्रम समाप्त हुन्छ ।

## (ग) मोसुम पूजा

यसलाई मोसुम फुचो भनिन्छ । यो कुखुराको भाले वा सुँगुर बलिदिएर गरिन्छ । कुखुराको भाले बलिदिएर गरिने मोसुम प्रायः पित्रीपूजालाई निरन्तरता दिई पूर्खाहरुको आत्माले शान्ति पाइराखोस्, परिवारमा पूर्खाहरुको आर्शिवाद लागि राखोस् भन्ने उद्देश्यले गरिने पित्री पूजा हो । यस पूजामा पित्री भात पकाइएको हुन्छ । घरभित्र हेङमाला *(केराकोपात)* बिच्छ्याँइ पूजाथान बनाइएको हुन्छ । त्यहाँ ४ माना चामलको मोका *(पित्रीभात)*, भालेको ३ वटा करङदेखि टाउँकोसम्मको डल्लै मासु, पुपुम *(चिण्डो)* मा ची *(जाँड)*, पिरुम *(अदुवा)*, युक्सी *(नुन)* आदि ज्वाले *(डालोजस्तो बासको चोयाले बुनेको भाडो) मा* राखिन्छ साथै ४ माना चामल नक्सो सारीथार्मा *(नक्सोले पित्री पूजा गरीदिए बापत उपहार स्वरुप दिइने चामल)* पनि तयार गर्नु पर्छ । सबै सामानहरु पूजाथानमा राखेपछि नक्सोले चिण्डोको ची छर्कदै मुन्धुम उचारण गर्दै पूजा गर्छ । यो पूजा नक्सोले २-३ घण्टाभित्र मुन्धुमको एक अध्यायमा सकिदिन्छ । पूजा सकेपछि साधारण भोजको व्यवस्था गरिन्छ ।

सुँगुर बलिदिएर गरिने पित्रीपूजा भने एक दिनभरी लाग्ने पूजा हो । यो पूजा मुख्य गरी नयाँघर बनाउने व्यक्तिले बनाएको वर्ष घडेरीचिप्चो *(घरपैंचो)* वा छोराको विवहा गरेको पछिल्लो वर्ष विवाह भाग वा २ औसी २ पूर्णिमा भन्दा अगाडि कसैको मृत्युभएको रहेछ भने त्यसलाई सारी दि पिक्चो (

*पित्रीमा चढाउने*) वा कुनै परिवारमा बच्चा जन्मिएको ६ महिनाभन्दा बढी उमेरको भए त्यो बच्चाको आपी पाचो *(पित्रीहरुलाई सन्तान चिनाउने)* वा ३ वर्षभन्दा माथि उमेरको केटा बच्चा छ भने मोका गिचो *(पित्रीभात खुवाउने, यो भात खाएको दिनदेखि बाहिङ छोरामान्छेले खसीको मासु, सुँगुरको आन्द्रा खानु हुँदैन)* वा कोही पाका उमेरका मान्छे लामो समय बिमारी पर्दा पित्रीहरुलाई खुशी पारी उनीहरुबाट आशिष तथा बल मागि रोग निको होस् भन्ने कामनाका साथ पित्रीहरुको नाममा सुँगुर चढाएको भए वा कसैको घरमा पित्री पूजा नगरेको धेरै वर्ष भएमा आदि अवस्थाहरुमा सुँगुर बलि दिएर मोसुम पूजा गरिन्छ । यो पूजा नक्सोले मुन्धुमको २ अध्यायमा सकिदिन्छ । प्रथम अध्यायलाई सेरुम ( *सबै काँचो)* भनिन्छ । जहाँ पूजाका सामानहरु सबै नपाकेको अवस्थामा हुनु पर्छ । जस्तै घरभित्र मान्द्र बिच्छ्याइँ त्यसमाथि हेङमाला राखी पूजाथान बनाइन्छ, जहाँ ४ माना नक्सो सारीथार्मा चामल, २ पाथी मोकासेरी, १ माना पो लुक्चो *(सुँगर चोख्याउने)* चामल, अदुवा, चिण्डोमा ची, नुन, सुकुटी आदि राखिन्छ भने थानको नजिक जिउदै सुँगुर बाँधिन्छ र नक्सोले चिण्डोको ची छर्कदै २-३ घण्टा लामो मुन्धुम स्मरण गर्दै उचारण गर्छ । त्यसबेला नक्सोको दायाँ बायाँ दुईजना ङाबुचा *(मुन्धुम जान्ने नक्सोका सल्लाहाकार)* हरु बसेका हुन्छन् । जब नक्सोले मुन्धुम उचारण गर्दै जान्छ, त्यसबेला ङाबुचाहरुले सुनी राख्नु पर्छ । यदि नक्सोले मुन्धुममा भएको केही कुरा भन्न छुट्‌यायो भने यहाँ यस्तो हुनुपर्छ भनी सल्लाहा दिन्छन् । सेरुमको अध्याय सकेपछि पूजा थानको चामलको भात पकाइन्छ भने सुँगुरलाई बली दिइन्छ । सुँगुर बलिदिएपछि सुँगुरको मासुलाई मोसे *(पित्रीहरुका लागि मासु)* छुट्टाइ भाडामा खुन हराउने गरी ओल्साउनु पर्छ । मासु ओल्साइसकेपछि दोश्रो अध्यायका लागि केराको पातमाथि मोका जाचो *(पित्री भात)*, मोसे, अदुवा, नुन, चिण्डोमा ची राखी पूजा थान तयार गर्नु पर्छ । पूजा थान तयार गरी सकेपछि नक्सोले ची छर्कदै, मुन्धुम वाचन गर्दै पूजाको दोश्रो अध्याय शुरु गर्छ । यसलाई गलम (*पाकेको)* भनिन्छ । यो पूजा पनि २-३ घण्टा लामो हुन्छ । यो पूजा सकेपछि पित्री पूजा सकिन्छ । मो से *(पित्री मासु)* काटेर तरकारी पकाइन्छ र अन्तमा भोज गरिन्छ । सामान्यतया यसरी कार्यक्षेत्रका बाहिङहरुले मोसुम पूजा गर्ने गर्दछन् ।

## (घ) ताम

कार्यक्षेत्रका बाहिङ किरात जातिहरुले पित्रीपूजा गर्दा ग्रो/मानिमा *(भ्याम्टा)* बजाएर गरिने एकदिन भरिकै पूजा संस्कारलाई ताम भनिन्छ । यो पूजा हत्तपत्त गरिदैन । यदि कुनै बाहिङले आफ्ना पित्री/पूर्खाहरुलाई अति भक्तिभाव देखाइ पूजा गर्न मन लागेमा वा कोही पाका उमेरका बाहिङहरुलाई

पित्रीहरुले दुःख दिइ बिमारी परी राखेको अनुभव गरेमा पित्रीहरुको आशिष लागि बिमारीबाट मुक्ति पाउँ भन्ने कामना गर्दै सुँगुर पित्रीको नाममा चढाएको अवस्थामा ताम पूजा गरिन्छ । यो पूजा गर्ने दिन नक्सोले किरात परम्परागत जरोभ्कसी *(वस्त्रआभुषण)* ले सजिसजाउ हुनुपर्छ भने अन्य बाहिङ पाका उमेरका महिला पुरुषहरुले पनि किरात जरोभ्कसी लगाउनु पर्छ । तर अहिले नक्सो बाहेक अरुले जरोभ्कसी लगाउने चलन हराएको छ । तापनि ताम गर्दा विधिको रुपमा महिला पुरुषहरुले लगाउने सबै जरोभ्कसीहरु पित्री थानमा थुन्सेमा राख्नु पर्छ । किनभने जब नक्सोले मुन्धम वाचन गर्न थाल्छ अध्याय अनुसार ती जरोभ्कसीहरुको नाम पनि भन्दै जाँदा एक एक गरेर पित्री थानमा देखाउनु पर्छ । यो पूजामा अगाडि नै चढाएको सुँगुरलाई बली दिइन्छ । यो ताम पूजा पनि ३ प्रकारले गरिन्छ । ती हुन् :-

**(अ) नाग्ले ताम** :- यो ताम पूजामा नक्सोले पित्रीथानमा बसेर मोसुम पूजामा गरे जस्तै गरी मुन्धुम वाचन गर्नु पर्छ भने ग्रो/मानिमा र जरोभ्कसी थानमा राखिए तापनि बजाउनु र लगाउनु पर्दैन । यो लामो तर मुन्धुमको ४ अध्यायमा सकिन्छ ।

**(आ) मसी ताम** :- यो मुन्धुमको ८ अध्यायमा सकिन्छ । यस पूजामा नक्सोले पित्रीथान अगाडि मुन्धुम वाचन गर्दै, भ्याम्टा बजाउदै नाच्ने गर्दछ । यसबेला नक्सो दायाँवायाँमा बस्ने नक्सोका मुन्धुम सल्लाहकार *(ङाबुचा)* हरु र २ जना चिचा *(जाँडको रेखदेख गर्ने व्यक्ति)* हरु लगायत बाकी रहेको ग्रो/मानिमा नक्सोले बजाएको लयमा सबैले बजाउनु पर्छ । यो **एकप्रकारले बाहिङहरुको साकेला सिली (चण्डीनाँच) हो । यसर्थ बाहिङहरु पित्री पूजा गर्दा घरभित्रै चुल्हा वरिपरि साकेला सिली (चण्डी नाँच्ने) हुँदा उनीहरु जहाँ तही सकेला/चण्डी नाँच्ने गर्दैनन् ।**

**(इ) योङ्ले ताम** :- यो तामपूजा मसी ताम कै विधि भित्र पर्छ । केवल यो पूजा मुन्धुमको १६ अध्यायमा सकिन्छ ।

## (ङ) हङ सिली पूजा

हङ सिली *(नाँच)* पूजा बाहिङ किरात जातिहरुको सामाजिक, सांस्कृतिक, आर्थिक प्रतिष्ठाका आधारमा सबभन्दा ठूलो, लामो र महत्त्वपूर्ण पूजासंस्कार हो । किनभने हङ सिली पूजा समयका आधारमा सातदिन सातरात निरन्तर गरिने लामो पूजा हो । कतिपयले यसलाई हिन्दूहरुको सप्ताहसँग पनि तुलना गरेको पाइन्छ । आर्थिक रुपले यो पूजा गर्दा धेरै ठूलो धनराशी खर्च हुन्छ । यो पूजामा

आफ्ना वंश भित्रका सबै नातेदारहरु, थाहा भएका सम्पूर्ण गोत्रभित्रका बाहिङ नक्सो ङाबुचाहरुलाई निमन्त्रणा गरिएको हुन्छ । उनीहरुलाई सातदिन सातरातसम्म खाना बस्न सबै कुराको व्यवस्था हङ सिली पूजा गर्ने घरले गर्नु पदर्छ । यसका लागि पित्रीको नाममा चढाएको ६-७ वर्षको एउटा रागो बलिदिनु पर्छ भने ३-४ मुरी कोदोको ची *(जाँड),* दुई हजार लिटर जति कोदोको गल *(रक्सी),* ७-८ मुरी चामल, नुन, तेल आदि सबैको व्यवस्था गर्नु पर्दछ । हङ सिली पूजा सांस्कृतिक रुपमा पनि महत्त्वपूर्ण रहेको छ । किनभने यो पूजामा सहभागि नक्सो, ङाबुचा लगायत अन्य तुम्लोचा *(मुन्धुम जान्ने)* मानिसहरुले शुरुदेखि अन्तिम दिनसम्म आफ्ना बाहिङ भेषभुषामा सजिएर मुन्धुम अनुसार झ्याम्टा बजाइ नाच्नु पर्छ । **झ्याम्टा नहुनेहरुले हातमा भुली *(चौरीको पुच्छर, चमर)* वा लिफे *(काठको खुकुरीको नमुना)* लिएर साकेला सिली नाच्नु पर्छ। यो साकेला सिली *(नाँच)* महिला पुरुष दुवैले नाच्दा हुन्छ ।** नाच्ने क्रममा कुन गाउँको कुन गोत्रका बाहिङ नक्सो, ङाबुचा कति नाच्न जान्ने, कति ग्रो बजाउन सक्ने भन्ने एक प्रकारले उनीहरु बीच प्रतिष्पर्धा पनि हङ सिली पूजामा हुने गर्दछ । साथै यो पूजामा मुन्धुमका सबै अध्यायहरु पूरा गर्नु पर्दछ । सामाजिक रुपमा हङ पूजा गर्ने व्यक्तिको मान मर्यादा आफ्नो गाउँदेखि अन्य बाहिङ गाउँसम्म ठूलो हुन्छ ।

यो पूजाको उद्घाटनको दिन पित्री घरको आँगनको कुनापट्टी मुन्धुम अनुसारको विधि पुऱ्याइ बनाएको बुट्टेदार काठको चुरीखसी *(राँगो बाँध्ने किला)* गाडिन्छ । त्यस चुरीखसीलाई मुन्धुम अनुसार भालेकाटी त्यसको खुनले चोख्याउनु पर्छ । त्यसपछि त्यहाँ राँगो बाँध्नु पर्छ । राँगो बाँधेपछि राँगोलाई पनि चोख्याउने काम गरिन्छ । राँगो चोखाए पछि उपस्थित नक्सो, ङाबुचा, पाका बाहिङ महिला पुरुषहरु किरात भेषभुषा लगाएर आँगनमा लस्करै हातमा झ्याम्टा वा चमर वा लिफे समाएर मुन्धुमको प्रथम अध्याय वाचन गर्दै झ्याम्टा बजाउदै एक शूरतालमा साकेला *(चण्डी)* नाच्न थाल्छन् । जब मुन्धुमको प्रथम अध्याय सकिन्छ । त्यही बेला राँगोलाई धनुषबाण प्रहार गरी बलिदिइन्छ । **राँगोलाई बली दिइसकेपछि मुन्धुमको अन्य अध्याय अनुसार चरा, मृग, धानरोपेको, गोडेको, काटेको, झाटेको, भकारीमा हालेको आदि प्रकारका प्रतिकात्मक साकेला (चण्डी) नाँच नाच्दै सातदिन सातरातसम्ममा मुन्धुमका सबै अध्यायहरु वाचन गरेर हङ सिली सकिन्छ ।**

यसरी कार्यक्षेत्रका बाहिङ किरात जातिहरुले पित्री पूजा अर्न्तगत बकललुक्चो, मोसुम, ताम पूजा चाहि वर्षेनी गर्ने गरेको तथ्य स्थलगत अध्ययनका क्रममा पाइयो । तर हङ सिली भने हालसम्म कसैले पनि गरेको तथ्य पाइएन । यसर्थ उपरोक्त हङ सिलीको जानकारी कार्यक्षेत्र नजिकका गाउका प्रेम

बहादुर बाहिङको घरमा ५ वर्ष अगाडि गरिएको त्यसैको आधारमा बिर बहादुर बाहिङले तथ्य उपलब्ध गराइदिनु भै सोको सारांश यस शोध प्रस्ताबमा प्रस्तुत गरिएको हो ।

## ५.२.७.२ उद्यौली र उभौली (सूसू) पर्व

किरात जातिहरु प्रकृति पूजक (Nature Worshiper) हुन् । यी जातिका प्रकृति पूजाहरुमध्ये उद्यौली-उभौली प्रसिद्ध पर्व हो । यस पर्वलाई फरक भौगोलिक क्षेत्रका किरातहरुले फरक नामले पुकार्ने गरेको पाइन्छ । जस्तै चण्डी, साकेला, उद्यौली-उभौली, सूसू आदि ।

शोध कार्यस्थलका बाहिङ जातिहरुले उद्यौली-उभौली पर्वलाई **सूसू** पर्व भन्द छन् । यो प्रसिद्ध पर्वका रुपमा रहेको तथ्य शोधकर्ताले कार्यक्षेत्र अध्ययनको समयमा उत्तरदाताहरुबाट प्राप्त गरेको थियो । सूसू *(उद्यौली-उभौली)* पर्व किन मान्नु हुन्छ भनी प्रश्न गर्दा उत्तरदाताहरु मध्ये ५५ वर्षिय बिर बहादुर बाहिङको उत्तर यस्तो थियो कि परापूर्वकालमा बाहिङ पूर्खाहरुको मुख्य पेशा पशुपालन थियो । त्यसबेला मौसम अनुसार जाडोमा बस्तुहरुलाई उँधो बेंसीतिर र गर्मीमा उँभो लेकतिर बस्तु गोठ लाने ल्याउने गर्ने चलन थियो । जाडो मौसममा बेंसीतिर गोठ सार्दा प्रत्येक मंसीर महिनाको पूर्णिमाको दिन गोठालाहरुले आफ्ना बस्तुहरुलाई भूतप्रेत, रोगव्याधी आदि नलागोस्, प्रकृतिले बस्तुहरुलाई नठगोस्, बस्तुहरुको स्वास्थ्य राम्रो होस् भन्ने कामना गर्दै प्रकृति र इष्टदेवता *(पित्री)* हरुको पूजा गरिन्थ्यो । यो पूजा गर्दा गोठमा परिवारका जेष्ठ पुरुष वा नक्सौले अस्थायी पूजा थान बनाई त्यहाँ कुखुराको भाले बली दिइ, खीर पकाइ, बस्तु बाँध्ने किला वरिपरि धुप बालेर पूजा गरिन्छ । त्यही समयमा गोठालाहरुमध्ये कसैले भ्याम्टा बजाउँदै, कसैले स्याउली हल्लाउदै, कसैले खुकुरी हातमा समातेर हल्लाउदै धुमधामका साथ चण्डी/साकेला नाची पूजाआर्चन साथ मनोरञ्जन गरी मनाउने पर्वलाई उद्यौली वा सूसू पर्व भनिन्छ । यसै गरी गर्मी मौसम शुरु भएपछि गोठालाहरुले बस्तुहरुलाई बेंसीबाट उच्च पहाडी क्षेत्रको चिसो हावापानी पाइने ठाउँ लेकतिर गोठ सर्ने चलन थियो । यसरी बेंसीबाट लेकमा गोठ सारेपछि प्रत्येक वैशाख पूर्णिमाको दिन फेरि गोठालाहरुले बेंसीमा हुँदा मंसीर पूर्णिमाका दिन गरे जस्तैको कार्यक्रम धुमधामका साथ गोठमा गर्ने चलन थियो साथै जाडोयाममा चराचुङ्गीहरु लेकबाट बेंसी झर्ने हुँदा बेंसीमा रहदा स्वास्थ्य रहून र खेतीपाती राम्ररी भित्र्याउन सकेकोमा प्रकृतिलाई कृतज्ञाता अर्पण गर्दै मंसीरमा उद्यौली पर्व मानिन्छ भने गर्मिमा फेरि चराचुरुङ्गीहरु लेकतिर जाने र त्यहाँ गुँड बनाइ बच्चा काड्ने हुँदा उनीहरुको बच्चाहरुलाई कुनै प्रकारको रोगव्याधी नलागोस्,

लगाएको खेतीपाती राम्ररी सप्रियोस् भन्ने कृतज्ञताका साथ वैशाख पूर्णिमाका दिन उभौली पर्व मनाइन्छ । अहिले पहिलाको जस्तो बाहिङहरुले बस्तु पाल्दैनन् । बस्तु पाले पनि बढीमा एउटा भैंसी र एक हल गोरुमात्र पाल्छन् । त्यसैले पहिलाको जस्तो लेक बेंसी गोठ लाने ल्याउने चलन लोप भएको छ । तर पनि बाहिङ जातिहरुले सूसू *(उध्यौली उभौली)* पर्वका दिन प्रत्येक घरधुरीले करेसाबारीमा अस्थायी पूजाथान बनाई परम्परागत रुपमा सूसू पर्व परिवारसँग बसेर धुमधामका साथ मनाउँदै आएका छन् । समुदायबाट बसाइ सरी शहर बजारतिर बसोबास गर्ने किरात जातिहरुले विशेष गरी काठमाडौं उपत्याकामा बसोबास गर्ने सम्पूर्ण किरात वंशले ललितपुर जिल्लाको हात्तिवनमा रहेको साझा साकेलाथानमा मङ्सीर पूर्णिमा र बैशाख पूर्णिमाका दिन पूजा गरी यो पर्व १५ दिनसम्म संयुक्त रुपमा धुमधामका साथ साकेला/चण्डी नाच नाची मनाउने गर्दछन् साथमा नेपाल सरकारले पनि उद्यौली उभौली पर्वलाई किरात जातिहरुको राष्ट्रिय पर्व घोषणा गरी सार्वजनिक विदा दिने गरेको छ ।

### ५.२.७.३ भूमे/भूमि पूजा

कार्यक्षेत्रका बाहिङ किरात जातिहरुको अर्को चाड भनेको खेतीपाती लगाइसके पछि त्यो खेतीले राम्रो फसल देओस्, बाढी पहिरो, खडेरीले बाली नष्ट नगरोस् भन्ने कामना गर्दै बारीको डिलमा परिवारको जेष्ठ पुरुष वा नक्सोले अस्थायी पूजा थान बनाई त्यहाँ कुखुराको भाले बली दिइ धुप बाली भूमे/भूमि पूजा गर्ने परम्परा रहेको जानकारी उत्तरदाताहरुबाट शोध अध्ययनका क्रममा पाइयो ।

### ५.२.७.४ अन्य संस्कार एवं चाडपर्वहरु

कार्यक्षेत्रका बाहिङ जातिहरुको संस्कार, चाडपर्वहरु माथि विश्लेषण गरिएका भन्दा अरु केही छन् कि भनी उत्तरदाताहरुलाई प्रश्न गर्दा, उत्तरदाताहरुले साउने संक्रान्ती, दशैं तिहार, माघे संक्रान्ती मान्ने गरेको , तर यी चाडपर्वहरु मान्दा कुनै धार्मिक, सांस्कृतिक विधिहरु नअपनाई परिवारहरुसँगै बसेर मिठो मिठो खानाका परिकारहरु बनाई खाने, रमाइलो गर्ने मात्र गरिनुका साथै यी चाडपर्वहरु मान्नै पर्ने अनिवार्यता पनि नभएको र धेरै जसो बाहिङहरुले मान्न पनि छाडिसकेको कुरा शोधकर्तालाई सुनाएका थिए ।

## ५.२.८. वस्त्रआभुषण

शोध कार्यक्षेत्रका बाहिङ किरात जातिहरुको परम्परागत वस्त्रआभुषणहरु मध्ये महिलाहरुको छिटकोगुन्यु, सेतो वा पहेलो रङ्गको पटुकी, ढाका वा मखमलीको चौबन्दी चोली, ढाकाको मजेत्रो, साइग्रा *(कपाल बाट्दा लगाउने डोरी)* र पुरुषहरुको खाडीको कमिज सुरुवाल, भोटो, सेतो रङ्गको पटुका, टोपी आदि सामान्य घरव्यवहारमा बस्दा लगाइने वस्त्रहरु हुन् भने पियालक्चो *(श्रीपेच)*, चाम्फुरी *(पियालक्चोलाई वरिपरिबाट सजाउने झुम्का, जुन धागोमा सुनाखरी उनेको)*, मोक्ते *(नक्सोले लगाउने अल्लाको धागोबाट बुनेको कोट)*, सरङ्गेमा *(सानो बुट्टदार झोला)*, साइग्रा, पगरी *(फेटा)*, गाधा *( पित्रीपूजा गर्दा नक्सोले दुवै काँधमाथिबाट कम्बरसम्म बाध्ने पटुका)*, क्रिङ्माल्वागु *(पित्री पूजामा महिलाले लगाउने विशेष किसिमको चौबन्दी चोला)*, मजेत्रो आदि बाहिङ जातिहरुको मुन्धुम वस्त्र वा पित्री पूजा गर्दा अनिवार्य चाहिने परम्परागत वस्त्रहरु हुन् । *(नक्सो, बुद्धिकुमार-२०७०)* यसैगरी कार्यक्षेत्रका बाहिङहरुको गहनाहरुमा महिलाले लगाउने सुनको झुम्के बुलाकी *(उन्यूको पात आकारको)*, फूली, ढुङ्ग्री *(फुलीभन्दा ठुलो नाकमाथि लगाउने)*, माडवाडी *(कानमा लगाउने)*, नौगेडी *(पोतेमा नौवटा सुनको डल्ला उनेको)*, औंठी र चाँदीको कम्पनीहार *(पैसाको माला)*, काँडेचुरा, रङ्वे *(विनायो)* आदि रहेको पाइन्छ भने बाहिङ पुरुषहरुले लगाउने परम्परागत गहानाहरु कम्बरमा खुकुरी भिर्ने बाहेक अरु खासै नभएको अध्ययनको क्रममा जानकारी नक्सो बुद्धि कुमार बाहिङबाट प्राप्त भएको थियो ।

## ५.२.९ गीत संगीत

गीतसंगीत भनेको मानिसहरुको मानसिक दुःख पीडालाई भुलाउने महत्त्वपूर्ण साधन हो । हुनत यसको सिमा हुँदैन भन्ने भनाइ छ, तापनि गीतसंगीत क्षेत्र, जाति अनुसार फरकफरक रहेको पाइन्छ । शोध अध्ययन क्षेत्रका बाहिङ किरात जातिहरुको पनि आफ्नै मौलिक लोक परम्परामा आधारीत गीत र संगीतका साधनहरु छन् वा छैनन् भनी उत्तरदाताहरुलाई सोधिएको थियो । उत्तरदाताहरुबाट प्राप्त उत्तर अनुसार बाहिङहरुको लोकगीतहरु मध्ये दोलोकुम *(केटाको विवाह गर्दा अन्तिम दिन जन्ती विदा गर्नु भन्दा अगाडि आँगनबाट यो गीत गाउदै घरभित्रसम्म गाइने मुन्धुम गीत)*, लहबिरे *(पित्रीपूजा गरी सकेपछि पित्री घरमा बुढापाकाहरुले दुःख भुलाउनका लागि गाइने गीत)*, किमो *(विवाहमा जन्ती जाँदा राती जग्गेमा बसेर बुढापाकाहरुले गाउने गीत)* आदि रहेको र संगीतका साधनहरुमा ग्रो/मानिमा *( झ्याम्टो)*, विनायो *(बाँसको टुक्रा)* र मुर्चुङ्गा *(फलामको* टुक्रा), यलम्बर *(बाँसको टुक्राको मादल)* आदि

रहेका छन् । तर शोधकर्ता आफैले कार्यक्षेत्रका बाहिङ किरात जातिहरुको सांस्कृतिक कार्यक्रममा सहभागि भएर प्रत्यक्ष अवलोकन गर्दा उत्तरदाताहरुले भनेका गीत संगीत कुनै पनि प्रयोग नभएको र आधुनिक गीत संगीत मात्रै कार्यक्रमको शुरुदेखि अन्तसम्म प्रयोग गरिएको थियो । यसबाट के कुराको पुष्टि हुन्छ भने कार्यक्षेत्रका बाहिङ जातिहरुको संस्कृतिमा आधुनिकताले निकै ठूलो प्रभाव पारी सकेकोछ । यदि मौलिक लोकगीत संगीतहरुलाई समयमा नै संरक्षण सम्बर्द्धन गर्नमा बाहिङ जातिहरु अग्रसर नभए उनीहरुको मौलिक संस्कृतिहरु लोप हुने अवस्थामा रहेको देखिन्छ ।

## ५.३ सामाजिक सांस्कृतिक परिवर्तनको अध्ययन

समाजशास्त्रीय दृष्टिकोण अनुसार मानिसको जीवन पद्धति तथा सामाजिक ढाँचामा आउने परिवर्तन सामाजिक परिवर्तन (Social Change) हो, जुन परिवर्तन सार्वभौमिक नियम हो । यो असमान गतिमा हुने सामाजिक रुपान्तरण प्रक्रिया हो । सामाजिक परिवर्तनलाई प्राविधिक, आर्थिक, वातावरण, बसाइसराइ आदिले प्रभाव पारेको हुन्छ । यसैगरी मानिसका आवश्यकता पूरा गर्नका लागि मानिसद्धारा निर्मित भौतिक, अभौतिक जस्तै नीति नियम, मूल्यमान्यता, भेषभुषा, कला, साहित्य आदि पद्धति वा प्रणालीमा प्राविधिक, शैक्षिक आदि तत्त्वहरुले प्रभाव पारी परिवर्तन हुन्छ भने त्यसलाई सांस्कृतिक परिवर्तन (Cultural Change) भनिन्छ । सांस्कृतिक परिवर्तन पनि समयको गतिसँगै निरन्तर परिवर्त भैरहन्छ । सामाजिक सांस्कृतिक परिवर्तन एक अर्कामा अन्तर सम्बन्धित छन् साथै एकले अर्कालाई प्रत्यक्ष अप्रत्यक्ष प्रभाव पारेको हुन्छन् । तर पनि सामाज र संस्कृति बीच भिन्नता रहेको छ । सामाजिक परिवर्तनको क्षेत्र सिमित हुन्छ । जस्तो कुनै समुदायको संरचनामा आउने परिवर्तन । सांस्कृतिक परिर्वतनको सिमा असिमित हुन्छ । जस्तो एक समुदायको कला साहित्य, संस्कारहरुले अर्को समुदायको कलासाहित्य, संस्कारहरुलाई प्रभाव पार्नु । सामाजिक सांस्कृतिक परिवर्तनले समाजको सामाजिक संरचना, त्यहाँको संस्कृति संस्कार, कलासाहित्य, भाषा, परम्परा, भेषभुषा आदिलाई प्रत्यक्ष अप्रत्यक्ष प्रभाव पारेको हुन्छ ।

यसैप्रसंगमा शोध अध्ययनका लागि छनौट गरिएको कार्यक्षेत्र ओखलढुङ्गा जिल्ला, बरुणेश्वर गा.वि.स. वार्ड नं. ७ का बाहिङ किरात जातिहरुको सामाजिक सांस्कृतिक पक्षको अध्ययन गर्दा तिनीहरुमा विगत १५ वर्षको अन्तरालमा के कस्ता परिवर्तनहरु भएका छन् ? सामाजिक सांस्कृतिक परिवर्तनले समुदायमा के कस्ता प्रभाव पारेको छ ? सामाजिक सांस्कृतिक परिवर्तन हुनु उचित थियो

वा थिएन ? जस्ता प्रश्नहरु अर्न्तवार्ता अनुसूचीमै राखी उत्तरदाताहरुलाई अध्ययनका क्रममा सोधिएको थियो भने शोधकर्ता स्वयंले पनि घरधुरी सर्भेक्षण गर्दा अवलोकन गरी परिवर्तनका अनुभवहरु संकलन गरेको थियो । उत्तरदाताहरुबाट प्राप्त उत्तर र शोधकर्ताले अवलोकन गरी संकलन गरेको तथ्यहरुको आधारमा कार्यक्षेत्रको सामाजिक र सांस्कृतिक परिवर्तनहरुलाई छुट्टाछुट्टै शिर्षकमा राखी सार विश्लेषण गरिएको छ ।

## (क) सामाजिक परिवर्तन

उत्तरदाताहरुका अनुसार शोध कार्यस्थलमा १५ वर्ष अगाडि र अहिले धेरै सामाजिक परिवर्तन भएको छ । १५ वर्ष अगाडिको समुदायको सामाजिक संरचना र अहिलेको संरचनामा धेरै फरक आएको छ । उत्तरदाताहरु मध्ये जन्मेदेखि अहिलेसम्म यही समुदायमा बसोबास गर्नुहुने ४७ वर्षिय दिल कुमारी बाहिङको भनाइलाई यहाँ उदृढ गर्न सान्दर्भिक देखिन्छ । उहाँ भन्नु हुन्छ कि "१५ वर्ष अगाडि यस गाउँ *(शोध कार्यक्षेत्र)* मा यातायातको लागि सडक थिएन, अहिले छ । शिक्षाको लागि विद्याय थिएन, अहिले गाउँमै विद्यालय छ । खानेपानीको साह्रै दुःख थियो, विहान उठेर गाग्री बोकी घण्टौ टाढा कुवामा पानी लिन जानु पर्थ्यो, तर अहिले खानेपानी संस्थाले घुन्सा पातलबाट खानेपानी पाइपबाट घरमै ल्याइ दिएको छ । पहिला रामपुर वा ओखलढुङ्गाको हुलाकमा चिठी पठाउन जानु पर्थ्यो । तर अहिले सबैको हातहातमा मोबाइल फोन छ । घरहरु पहिला खरले छाएको पुराना थिए, अहिले ढुङ्गा वा टिनका छाना भएका नयाँ बनेका छन् । बिजुली भने अहिलेसम्म आएको छैन, तर त्यो पनि छिट्टै आउने सम्भावना छ किनभने गाउँमा सबैतिर राष्ट्रिय प्रसारण लाइन र मोलुङखोला साना जलविद्युत आयोजनाको विजुली पोलहरु गाडेर तारहरु पनि टाँगिसकिएको अवस्था छ ।" छोटकरीमा भन्नु पर्दा "१५ वर्ष अगाडि पैसा भएर पनि नबिक्ने गाउँमा अहिले पैसा र समयको धेरै महत्त्व रहेको छ ।" यसैगरी उत्तरदाताहरु मध्ये बाहिङ समुदायका पाका महिला ७२ वर्षिय दुजमाया बाहिङसँग सामाजिक परिवर्तनका बारेमा गरिएको कुराकानीका क्रममा उहाँले शोधकर्तालाई बताउनु भएको आफ्नो अनुभवहरु यस्तो थियो । उहाँका छोरा छोरीहरु सबै पहिलादेखि नै शहरतिर बस्ने गरेका, १५ वर्ष अगाडि आफ्ना छोराछोरीको हालखबर बुझ्नलाई गाउँका पढेलेखेका मानिसलाई बोलाई चिठी लेखाउनु पर्थ्यो । अनि भनेको बेला चिठीको जवाफ नआउदा साह्रै चिन्ता लाग्ने गर्थ्यो । जब पसलमा फोन राखे *(पसलको अर्थ कार्यक्षेत्रको एकमात्र सूर्य बानियाँको पसल),* त्यसपछि चिठी लेखाउन छाडी फोनमा कुरा गर्न थालिन, तर फोन गर्न गाउँका सबै मान्छे आउने हुँदा कहिलेकाही पालो पर्खदा बिहानदेखि बेलुकासम्म बस्नु पर्दा आफुलाई

खाना कता? बस्तुलाई घाँस कता? हुने गर्थ्यो । जब आफ्ना एक भाइ छोराले ५ वर्ष अगाडि मोबाइ ल्याइदिएर फोन आउदा उठाउने तरिका सिकायो । अहिले त काममा जाँदा होस् या घरमा बस्दा, गोजीमा मोबाइ हुन्छ । आफूलाई इच्छा लाग्यो कि छोराछोरीहरुसँग कुराकानी हुन्छ । यसैले १५ वर्ष अगाडिका समय भन्दा अहिलेको समय रमाइलो लाग्छ । यसैगरी विद्यालय टाढा भएकोले पढ्ने इच्छा हुँदाहुँदै पनि पढ्न छाडेको, रोजगारीको शिलशिलामा विदेश पनि गएका र विदेशमा शिक्षा नहुँदा दुःख पाएकोले आफ्ना छोरा छोरीहरुलाई जसरी भएपनि पढाउने इच्छा राख्नु हुने शोध कार्यक्षेत्रका उत्तरदाता ४५ वर्षका जग बहादुर बाहिङले पनि सामाजिक परिवर्तनका बारेमा आफ्ना अनुभव शोध कर्तालाई यसरी सुनाउनु भएको थियो । मैले पढ्ने बेलामा गाउँमा विद्यालय थिएन । छिमेकी गाउँमा एउटा गणेश प्राथमिक विद्यालय थियो । त्यहाँ कक्षा ५ सम्म मात्र पढाइ हुन्थ्यो । त्यहाँ मैले पनि कक्षा ५ सम्म पढे । त्यसपछिको कक्षा लिन गाउँदेखि २ घण्टा टाढा रामपुर वा ओखलढुङ्गामा जानुपर्थ्यो । तर मेरो घरायसी कारण त्यहाँ गएर पढ्ने वातावरण नभएपछि पढ्छु भन्दा भन्दै पनि पढाइ छाड्नु पर्‍यो । तर अहिले गणेश प्राथमिक विद्यालय पनि माध्यमिक तहको भएको छ भने आफ्नै समुदायमा पनि प्राथमिक विद्यालय स्थापना भएको छ  साथै गा.वि.स. भित्रै उच्चमाध्यमिक विद्यालय पनि छ । त्यसैले जसरी हुन्छ म आफ्ना छोराछोरीहरुलाई उच्च शिक्षा दिनेछु । किनभने अहिलेको समय शिक्षाको समय हो, शिक्षा भएन भने कही पनि बिकीदैन ।

उक्त उत्तरदाताहरुसँगको कुराकानीबाट के कुरा पुष्टि हुन्छ भने १५ वर्ष अगाडि कार्यक्षेत्र स्थलका बाहिङ समुदाय शिक्षा, यातायात, सञ्चार, खानेपानी आदि क्षेत्रमा एकदमै पिछडिएको अवस्थामा रहेको पाइयो । किनभने कुनै पनि सामाजिक संरचनाहरुको विकास भएको देखिदैन । तर अहिले कार्यक्षेत्र स्थलमा सामाजिक संरचनाहरुमा धेरै सुधार आएको छ,  परिवर्तन भएको छ । सामाजिक परिवर्तनबाट कार्यक्षेत्रका बाहिङ उत्तरदाताहरु सबै खुशी देखिन्छन् भने सबैले सामाजिक परिवर्तनलाई सकारात्मक लिएका छन् । सामाजिक परिवर्तन हुनु  उचित हो पनि भनेका छन् । यसरी सामाजिक परिवर्तन हुनुमा राष्ट्रिय प्रजातान्त्रिक राजनैतिक व्यवस्थाको प्रभाव स्थानीय स्तरमा पर्नु, शिक्षामा विकास भै मानिसमा आफ्नो समुदायको विकास आफैं गर्नु पर्छ, विकास निमार्ण समुदाय मिलेर गर्नु पर्छ भन्ने चेतना जागृत हुनु नै प्रमुख कारण रहेको पाइन्छ । तर शोधकर्ताले स्थलगत अध्ययन अवलोकन गर्दा कार्यक्षेत्रमा भएको सामाजिक परिवर्तनले सकारात्मक प्रभाव पारेको तथ्य प्रष्टै छ । यसका साथै सामाजिक परिवर्तनले त्यहाँ नकारात्मक प्रभाव पनि पारेको अनुभव शोधकर्ताले गरेको छ ।

किनकी विकासका नाममा सडक बनेको छ । तर सडक कच्ची अवस्थामा रहेकोले एउटा गाडी गुड्यो भने पूरै गाउँ धुलोले ढाक्ने, धुलोको कारण सडक छेउमा भएका घरहरु, बाली विरुवा सबै प्रदुषीत अवस्थामा रहेका छन् । अर्कोतिर जहातही सडक बनाउदा पहिरोजाने क्रम दिनप्रतिदिन बढ्दै गएको पाइन्छ । विजुली वत्ती ल्याउने भनेर गाउँभरी होचो खम्बामा नाङ्गो तार टागिएको छ । यदि यस्तै अवस्थामा विजुली आउने हो भने गाउँमा विजुलीको कारण दूर्घट्ना बढ्ने सम्भावना धेरै देखिन्छ । शिक्षा र सञ्चारमा विकास हुनु राम्रो पक्ष हो, तर शोधकर्ताले कार्यक्षेत्रका पढ्ने र पढाउने बीच के कुराको अभाव देख्यो भने ६-७ कक्षामा पढ्ने विद्यार्थीले मोबाइमा गीत सुन्दै पढिरहेको थियो । जुन कुरा शिक्षक, अभिभावक दुवैलाई थाहा छ । तर विद्यार्थीलाई पढ्ने बेलामा मोबाइल चलाउनु हुँदैन भनेर नत शिक्षकले सम्झाएको पाइयो नत अभिभावकले नै । यसरी पढाइ र मोबाइलसँगै प्रयोग गर्दा शिक्षाको स्थिति विद्यार्थीमा राम्रो हुन्छ जस्तो लाग्दैन । सामाजिक परिवर्तनको अर्को उदाहरण के छ भने पुरानो घर भत्काएर टिन वा ढुङ्गाको छाना हालेर नयाँ घर बनाउनु राम्रो पक्ष हो साथै बाहिरबाट हेर्दा सुन्दर पनि देखिन्छ । अध्ययनका क्रममा पुरानो घर भत्काएर नयाँ घर बनाउदा छानामात्रै परिवर्तन गरेको देखियो । किनकी पुरानो घरको गाह्रो ढुङ्गा माटो जोडेर बनाइएको हुन्थ्यो भने नयाँमा पनि त्यही बस्तु प्रयोग गरेको पाइयो । घरलाई दिगोपनका आधारमा मुल्याङ्कन गर्दा पुरानो र नयाँ घरमा केही फरक देखिदैन । तर पनि विगत १५ वर्ष बीचमा आएको सामाजिक परिवर्तनले कार्यक्षेत्र स्थलमा धेरै विकास निर्माणका कार्यहरु गरेकोले यसलाई नकारात्मक भन्दा बढी सकारात्मक प्रभाव नै देखिन्छ, साथै यस कार्यलाई निरन्तरता दिइ राख्नु पर्ने देखिन्छ ।

## (ख) सांस्कृतिक परिवर्तन

शोध कार्यक्षेत्रमा बाहिङ किरात उत्तरदाताहरुलाई तपाइहरुको संस्कृतिमा विगत १५ वर्षको बीचमा परिवर्तन भएको छ वा छैन । छ भने यसले समुदायलाई कस्तो असर पारेको छ ? जस्ता प्रश्नहरु अर्न्तवार्ता अनुसूचिमै राखी सोधिएको थियो । जसमा सबै उत्तरदाताहरुले आफ्नो संस्कृतिमा परिवर्तन भएको छ, परिवर्तनले संस्कृतिमा प्रभाव पारेको छ भनी उत्तर दिएका थिए । उत्तरदाताहरु मध्ये नक्सो बुद्धिकुमार बाहिङका अनुसार संस्कृतिमा भएको परिवर्तन भनेको समुदायमा कुनै शुभ अशुभ जुन संस्कार मान्दा पनि शुरुदेखि अन्तसम्म जाँड रक्सी बाँड्नु पर्थ्यो । धेरै जाँड रक्सीको प्रयोगले गर्दा प्राय: कार्यक्रममा विनाकारण झै झगडा, होहल्ला भै कार्यक्रम विथोलिने गर्दथ्यो । तर अहिले समुदायको कुनै पनि संस्कारगत कार्य गर्नका लागि **"ढिकुरेली बाहिङ समाज"** नामक स्थानीय गुठी

स्थापना गरिएको छ । यस गुठीको मुख्य काम समुदायमा शुभ *(विवाह)* अशुभ *(मृत्य)* संस्कार जसको घरमा मान्नु परे पनि कार्यक्रमको व्यवस्थापन गर्ने, जाँड रक्सी नियन्त्रण गर्ने, यदि कसैले जाँड रक्सी सेवन गरी कार्यक्रम बिथोल्ने काम गऱ्यो वा गर्न खोज्यो भने गुठीले सजाय वापत नगद जरिवाना र गुठीमा माफि माग्नु पर्ने जस्ता कार्वाही गर्ने नियम राखिएको हुँदा अहिले पहिलाको जस्तो संस्कार मान्दा झैं झगडा हुँदैन । छिटो छरितो शान्तिपूर्ण रुपमा कार्यक्रम सञ्चालन हुन्छ । बाहिङकै अनुसार बाहिङ जातिमा कोही मऱ्यो भने दाहसंस्कार पछि मृतकको किरिया गर्ने दिन काट्टोको नाम राँगो बली दिएर भोज दिने चलन यसै वर्ष *(२०७० साल भदौ)* देखि समुदायका सबै बाहिङ सदस्यहरुको सामुहिक सहमतिमा अन्त्य गरिएको छ । यसै गरी पहिला कुनै बाहिङको विवाह गर्दा जन्तीदेखि अन्य पाहुनाहरुलाई एकरात विवाह घरमै बास बसाइ बेलुकी र विहान दुईछाक भोज खुवाउने चलन छ। यो आर्थिक रुपमा धेरै महङ्गो भएकोले समय र परिस्थिति अनुसार एक छाक *(दिउसो)* मात्रै भोज खुवाउने चलन अहिले चलाउन थालिएको छ । अथवा पहिलाको दुई छाकी विवाह अहिले एक छाकी विवाहमा सिमित गर्न थालिएको छ । १५ वर्ष अगाडि समुदायमा पढे पनि नपढे पनि छोरालाई मात्रै विद्यालय पठाउने चलन थियो, तर अहिले छोरा छोरी दुवैलाई विद्यालय पठाइन्छ । पहिला कोही बिमारी भयो भने धामी झाक्री बोलाएर झारफुक गर्ने, अस्पताल नलाने, लग्यो भने पनि बिमारीको अन्तिम अवस्थामा मात्रै लाने चलन थियो । तर अहिले कोही बिमारी भयो कि गाउँले मिलेर तुरुन्त अस्पताल लाने चलन बढेको भएतापनि केहीले अझै परम्परागत चलनचल्तीमा रहेको धामीझाक्रीलाई नै विश्वास गर्ने गरेका छन् । पहिला महिलाहरु सुत्केरी घरमै हुने गर्दथे भने अहिले अस्पताल गएर अस्पतालमा बच्चा जन्माउने गरेको छन् । अस्पताल नजाने महिलाहरुका लागि गाउँमै सुडेनी तालिम प्राप्त महिलाहरुको व्यवस्था गरिएको छ । पहिला पाहुना जाँदा अनिवार्य रक्सी कोसेली बोक्नु पर्ने चलनलाई अहिले स्वेच्छिक वा फलफूल वा अन्य खानेकुराहरु लाने चलन चलेको छ । पहिला पाहुना जाँदा वा आउँदा अनिवार्य जाँड वा रक्सी दिनु पर्ने चलन थियो भने अहिले चिया दिए पुग्छ । १५ वर्ष अगाडि बाहिङ महिलाहरु घरधन्दा गरेर मात्रै बस्ने गर्दथे भने अहिलेका बाहिङ महिलाहरु पुरुष सरह बाहिरका आयमुलक काममा लाग्न थालेका छन् । पहिला अगेनामा दाउरा बालेर घरधुँवाधुँवा बनाएर खाना पकाउने चलन थियो भने अहिले धुँवारहित चुल्होमा खाना पकाउने चलन चलेको छ । यी विभिन्न सांस्कृतिक पक्षमा विगत १५ वर्षदेखि हालसम्मभएका सकारात्मक परिवर्तनहरु हुन् । यस परिवर्तनले कार्यक्षेत्रका बाहिङ जातिहरुलाई समय, आर्थिक, स्वास्थ्य आदि क्षेत्रबाट ठूलो फाइदा मिलेको देखिन्छ ।

बाहिङ जातिहरुलाई पहिचान दिने आफ्नै भाषा, भेषभुषा, गरगहना, गीतसंगीत, नृत्य आदि रहेको भएतापनि आधुनिकीकरण, विश्वव्यापीकरण, पश्चिमीकरण आदिको प्रभाव कार्यक्षेत्रका बाहिङ किरात जातिहरुमा पनि परेको पाइन्छ । यस विषयमा विगत १५ वर्षको अन्तरालमा भएको सांस्कृतिक परिवर्तनले पारेको नकारात्मक प्रभावका बारेमा पनि उत्तरदाताहरुबाट उत्तर लिने काम गरिएको थियो । जसमा सबै उत्तरदाताहरुबाट प्राप्त उत्तरहरुको समग्र विश्लेषण यसप्रकार रहेको छ । १५ वर्ष अगाडि बाहिङ जातिमा विवाह, वा कुनै सांस्कृतिक चाडपर्व मनाउदा आफ्नै परम्परागत गीत, संगीत, नृत्यहरु प्रयोग गर्ने गरिन्थ्यो, तर अहिले विवाह, चाडपर्व मनाउदा आधुनिक पाश्चात्य गीत, संगीत मात्र प्रयोग हुन थालेकोले बाहिङ पहिचानका लोक गीत, संगीतहरु प्रयोग र संरक्षणको अभावमा दिनप्रतिदिन लोप हुन गइरहेका छन् । यसैगरी शोध अध्ययनका क्रममा शोधकर्ताले उत्तरदाताहरुलाई प्रश्न सोध्दा नेपाली भाषालाई बाहिङ भाषामा रुपान्तरण गर्नु पर्ने अवस्था थियो । तर त्यही उत्तरदाताले आफ्ना बच्चालाई भने बाहिङ मातृभाषाको सट्टामा दोश्रोभाषा नेपाली भाषाबाट बोलाइ राखेको पाइयो । यसबाट के देखियो भने उनीहरु मातृभाषालाई भन्दा दोश्रो भाषालाई प्राथमिकता दिन थालेका छन् । यदि यो अभ्यासलाई निरन्तर अगाडि बढाउने हो भने निकट भविष्यमा उनीहरुको भाषा लोप हुनेछ र एकदिन बाहिङ किरात जातिहरु पनि भाषाविहिन जातिका रुपमा चिनिने छन् ।

प्रेम विवाह सबै जातिका वर्तमान युवाहरुको चाहनाका रुपामा विकास भएको छ । कार्यक्षेत्रका बाहिङ किरात जातिहरुमा पनि मागी विवाहलाई पछि पार्दै प्रेम विवाहले विवाहको महत्त्वपूर्ण स्थान लिएको तथ्य स्थलगत अध्ययनका क्रममा पाइयो । तर यस विषयमा उत्तरदाता बिर बहादु बाहिङ तर्क यस्तो थियो कि प्रेम विवाहलाई बढी प्राथमिकता दिनाले मागी विवाहमा गरिने संस्कारगत कार्यहरु लोप हुने अवस्थामा पुगेका छन् ।

अध्याय : छ

# सारांश, निष्कर्ष तथा सुझावहरु

## ६.१ सारांश

क्षेत्रफलका आधारमा नेपाल एक सानो मुलुक भएतापनि यहाँको भू-बनौट, हावापानी, जातजाति, भाषा, धर्म संस्कृति, भेषभुषा आदिका आधारबाट हेर्दा नेपाल विविधताले भरिपूर्ण एवं विशाल राष्ट्र हो । नेपाल विभिन्न जातजातिहरुको आश्रय स्थल हो । यहाँ बसोबास गर्ने अनेकौं आदिवासी जनजातिहरुमध्ये बाहिङ किरात जातिहरु पनि एक हुन् । यसर्थ, यी जातिहरुको नामाकरण कसरी भयो ? यी जातिहरुको उत्पत्ति स्थल कहाँ हो ? यिनीहरुको धर्म, संस्कृति, संस्कारहरु के के हुन् ? यिनीहरुको सामाजिक सांस्कृतिक पक्षको अवस्था कस्ता थिए र वर्तमान अवस्थामा कस्ता छन् ? यी विभिन्न सवालहरुको जवाफ खोज्ने उद्देश्य राखेर यो शोध अध्ययन कार्य गरिएको हो । यो शोधकार्य सम्पन्न गर्नका लागि विभिन्न समाजशास्त्रीय तथा मानवशास्त्रीय उपागमनहरु अर्न्तगतरही विभिन्न प्राथमिक तथा द्बितीय तथ्याङ्कशास्त्रीय अध्ययन विधिहरु प्रयोग गरिएको थियो । विभिन्न विधिहरुको माध्यमबाट सङ्कलन गरिएको तथ्यहरु विश्लेषण गरी अन्तमा ती विश्लेषणहरुको सारांश तल दिइए अनुसार गरिएको छ ।

### (क) बाहिङ किरात जातिहरुको परिचय

मानवशास्त्रीहरुले विश्वमा बसोबास गर्ने मानव जातिहरुलाई ककेसियाली आर्यन, मंगोल र निग्रो भनी तीनवटा रक्त समुहमा वर्गीकरण गरेका छन् । मंगोल रक्तसमूहहरुमध्ये इ.पू. मा बर्मादेखि मंगोलियासम्म फैलिएको मानवजातिहरुलाई मंगोल भनिन्छ । मंगोल जातिका विभिन्न शाखाहरु रहेको, त्यसमध्ये एक शाखा बर्मा मंगोलीया, चीन, तिब्बत हुँदै हिमालय पर्वत पार गरेर सिक्कीम हुँदै पूर्वी नेपाल प्रबेश गरेका थिए, जसलाई किरात जाति भनिन्छ । किरात जातिले पूर्वी पहाडी क्षेत्रलाई आफ्नो बसोबास स्थाल कायम गरी त्यस क्षेत्रलाई तीन प्रदेशमा विभाजन गरी शासन सत्तासमेत चलाएका थिए । ती तीन प्रदेशहरुको नाम क्रमशः वल्लो किरात प्रदेश, माँझ किरात प्रदेश र पल्लो किरात प्रदेश रहेका थिए, साथै किरातका तीन शाखा वा सन्तानहरु थिए । तिनीहरुलाई लिम्बू किरात, खम्बु ( राई) किरात र सुनुवार किरात भनिन्छ । यी किरातका तीन शाखा सन्तानहरु मध्ये आदिमकालदेखि नै

लिम्बू किरातले अरुण नदी पूर्व तमोर नदी वरिपरि बसोबास गरेका थिए । खम्बु किरातले अरुण नदी वरिपरि र अरुण नदी पश्चिम हालको ओखलढुङ्गा जिल्लासम्म आफ्नो बसोबास क्षेत्र कायम गरेको पाइन्छ भने सुनुवार किरातले लिखु (हिमगङ्गा) नदी वरिपरि आएर बसेको पाइन्छ ।

खम्बु किरातका सन्तानहरु अरुण नदी वरिपरिदेखि पश्चिममा वल्लो किरात प्रदेशको ओखलढुङ्गासम्म फरक भौगोलिक क्षेत्रमा बसाइँ सरेर बसोबास गर्दा, उनीहरुले आफूलाई चिनाउन फरक थर, उपथरहरु प्रचलनमा ल्याइ हाल ३२ थर भन्दा बढीमा विभाजित रहेका छन्, जसमा बान्तावा, चाम्लिङ् थुलुङ, कुलुङ, बाहिङ, वम्बुले, नाछिरीङ, दुमी आदि रहेका छन् । किरातहरुले बोल्ने भाषा टिबेटो बर्मन लिपीको रहेतापनि खम्बु किरातका सन्तानहरुले भने भौगोलिक क्षेत्र अनुसार फरक थर, उपथरहरु राखे जस्तै बोल्ने मातृभाषा पनि टिबेटो बर्मन लिपि अर्न्तगत रहेर स्थानीय उपभाषाको विकास गरेकाले एक थरले बोल्ने भाषा र अर्कोथरले बोल्ने भाषा बीच फरक रहेको छ । तर धर्म भने किरातहरुको एउटै **साझा धर्म प्रकृति र पूर्खा पूजा गर्ने, धामीझाक्रीमा विश्वास** गर्ने रहेको छ, जसलाई **"किरात धर्म"** र उनीहरुको धर्मशास्त्र अलिखितरुपमा रहेको **"मुन्धुम"** हो ।

कार्यक्षेत्रका बाहिङ किरात जातिहरु खम्बु किरातका शाखा वा सन्तानहरु हुन् । किनभने खम्बु किरातका दुई सन्तानहरु रोड्बु र खालुवा आदिमकालमा नै वल्लो किरात प्रदेश अर्न्तगत हालको ओखलढुङ्गा जिल्लामा पर्ने रुम्जाटारमा आइ बसोबास गरेका पाइन्छ भने रोड्बुका सन्तानमध्ये मिजे नामक एक भाइ मिझिम देल *(लामसोती गाउँ)* मा बसाइँसरी बसोबास गरेको र उनको एकभाइ सन्तान **"धोयुङ्मा"** शोधकार्य स्थल ओखलढुङ्गा जिल्ला, बरुणेश्वर गा.वि.स. वार्ड नं ७ को ढिकुरे, खिस्तोमा आदिमकालमै बसाइँ सरेर बसोबास गरेको र उनैका सन्तानहरु हाल ३७ घरधुरीमा रहेको स्थलगत अध्ययनबाट तथ्य पत्ता लागेको छ । यी **धोयुङमाका सन्तानहरुको उपथर दिलिङपाचा/बाचा र देम्दिवा दोरिवा वाबुलु वायुङमा दाप्चिनिङ** *(गोत्रीय नाम)* रहेको छ । सोही पाचा, गोत्रमा ३ घरधुरी **नेचाली बाहिङ खाल्केपाका सन्तानहरु** पनि समाहित भएर हाल शोध कार्यक्षेत्रमा जम्मा ४० घरधुरी रहेका छन् ।

## (ख) सामाजिक पक्ष

कार्यक्षेत्रका बाहिङ जातिहरुको जनसंख्या बनौट कूल ४० घरधुरीमा ८९ जना महिला र ८८ जना पुरुष गरी जम्मा १७७ जनसंख्या एकल परिवारमा रहेको शोध अध्ययनका क्रममा पाइएको छ ।

नातेदारी प्रणाली रक्तसम्बन्ध र विवाहसम्बन्धबाट बनेको छ, जसमा रक्तसम्बन्धले बाबुपट्टीका शाखा सन्तानहरुलाई **"हाडफोरा"** भनी जनाउने गर्दछ । यो नाता सात पुस्तासम्मलाई एकै वंश गोत्र मानिने र विवाहसम्बन्ध आमापट्टीका सन्तानहरुलाई **"दूधफोरा"** भनी जनाउने गर्दछ । यो आमाका माइतीहरु र बाबुका सन्तानहरु बीचमा मात्र नाता कायम गर्दछ । यिनीहरु आफूलाई खम्बु किरात वंश कै रोङ्बु र खाल्केपा *(नेचाली)* का सन्तान भनी चिनाएका छन् । कार्यक्षेत्र स्थलमा यिनीहरुका पूर्खा धोयुङ्मा र खाल्केपा आदिमकालमै बसाइ सरी आएर बसोबास गरेको तथ्य पाइन्छ । यिनीहरुको आफ्नै मौलिक "बाहिङ भाषा" रहेको छ भने यो भाषालाई पित्री पूजा गर्दा नक्सो *(पूरोहित)* र तुम्लोचा *(मुन्धुमी)* हरुले बोल्ने तुम्लो *(मुन्धुम)* भाषा र सामान्य कामकाजमा सबैले बोलिने साझा भाषा गरी दुई किसिमको टिबेटो बर्मन लिपि कै उपभाषा बोल्ने गर्दछन् । धर्मको दृष्टिकोणले यी जातिहरु प्रकृति र पूर्खा पूजा गर्ने साथै धामिझाक्रीमा विश्वास राख्ने हुँदा यिनीहरु किरात धर्मलम्बी हुन् भने उनीहरुको धर्मग्रन्थ अलिखित मुन्धुम रहेको छ । सामान्यतया खानपान, लवाइखवाइको आधारमा कार्यक्षेत्रका बाहिङ जातिमा लैगिक स्थिति समान पाइए तापनि समय, आर्थिक र स्वास्थ्य आदिको आधारमा महिला र पुरुष बीच असमान स्थिति रहेको पाइन्छ । यस जातिको शैक्षिक स्थिति विगत १५ वर्षसंग तुलना गर्दा धेरै प्रगति भएको तथ्य पाइयो । स्वास्थ्य स्थितिमा पनि विगत १५ वर्ष अघि बिमारी पर्दा धामीझाक्रीमा मात्रै विश्वास गर्ने गर्थे भने वर्तमानमा बिमारी पर्दा अस्पताल जाने गरेकोले सुधारोन्मुख देखिन्छ । कार्यक्षेत्रका बाहिङ जातिहरुको मुख्य पेशा परम्परागत कृषि भएतापनि समुदायमा पूर्वाधारहरुको विकास हुन थालेकोले व्यापार, नोकरीतर्फ पनि लाग्न थालेको पाइन्छ । उनीहरु छिमेकीहरुसंग सामाजिक, सांस्कृतिक, आर्थिक आदि कुरामा सरसहयोग गर्ने गरेका र कृषि कार्यमा "पर्म" गर्ने र आर्थिक लेनदेनमा नगद "सापटी" र अन्य वस्तुहरुको "पैंचो वा सट्टापट्टा" गर्ने परम्परा अझैं अभ्यासमा रहेको पाइन्छ ।

## (ग) सांस्कृतिक पक्ष

कार्यक्षेत्रका बाहिङहरु धार्मिक रुपले भन्नु पर्दा किरात धर्म संस्कृति मान्ने आदिवासी जनजातिहरु हुन् । किनभने उनीहरुले मान्ने चाडपर्व, पूजा आदि सबै आफ्नै जातीय पुरोहित नक्सोबाट मुन्धुम अनुसार सम्पन्न गर्ने चलन रहेको पाइन्छ । यी जातिहरुले जन्म, विवाह, मृत्युलाई अनिवार्य मान्नु वा गर्नु पर्ने सामाजिक, सांस्कृतिक तथा धार्मिक संस्कारका रुपमा लिएका छन् भने बच्चाको पास्नी, छेवर, गुन्युचोलोलाई भने स्वेच्छिक संस्कारका रुपमा मात्रै लिएका र ती संस्कारहरु प्रायः

प्रचलनबाट हटिसकेको पाइन्छ । यस जातिमा प्रेम विवाह र मागी विवाह प्रचलनमा रहेको छ भने मान्छे मर्दा जमिनमा खाल्डो खनेर मृतकको लाश गाड्ने र मृतकको घरको रुपमा चिहान बनाइ दिने परम्परा रहेको छ । बाहिङ जातिहरुले अन्य जातजातिहरुले जस्तै विभिन्न प्रकारका सामाजिक, सांस्कृतिक, धार्मिक चाडपर्वहरु मान्ने गरेका छन् । यी जातिहरुले प्रमुख र अनिवार्यरुपमा पूर्खा/पित्री पूजाहरु *(वाइलिङ्मो, बकललुक्चो, मोसुम, ताम, हङ सिली),* उद्यौली, उभौली र भूमि पूजाहरु संस्कारगतरुपमा मान्ने गर्छन् भने साउने संक्रान्ती, दशैं तिहार, माघे संक्रान्ती चाडलाई भने स्वेच्छिक एवं मनोरञ्जनका रुपमा मान्ने गरेका छन् । यी जातिहरुको आफ्नो छुट्टै पहिचान दिने भेषभुषा तथा लोकगीत संगीतहरु पनि रहेको अध्ययनका शिलशिलामा तथ्यहरु पाइएको थियो ।

## (घ) सामाजिक सांस्कृतिक परिवर्तनहरु

शोध अध्ययनका लागि कार्यक्षेत्रका बाहिङहरुको सामाजिक, सांस्कृतिक परिवर्तनका बारेमा बुझ्न १५ वर्षको फरक समय राखिएको थियो, जसमा १५ वर्ष अगाडिको सामाजिक संरचनामा परम्परागत खरको छाना भएका घरहरु भएको, यातायात, शिक्षा, स्वास्थ्य, सञ्चार, खानेपानी आदिको विकास नभएको देखियो भने वर्तमानमा टिन वा ढुङ्गाका छाना भएका नयाँ घरहरु बनेका, यातायातमा पनि सडक विस्तार भएको, शिक्षाको लागि विद्यालय समुदायमै स्थापना भएको, सञ्चारका लागि मोबाइ सेवा विस्तार भएको, खानेपानीका लागि पाइपबाट गाउँमा धाराको व्यवस्था भएको जस्ता सकारात्मक सामाजिक परिवर्तनहरु देखिए तापनि वायुप्रदूषण, वर्षायाममा पहिरो जानु, सञ्चारका साधनहरुको दूरुपयोग आदि जस्ता नकारात्मक सामाजिक परिवर्तनहरु पनि रहेको पाइएको थियो ।

सांस्कृतिक परिवर्तमा कार्यक्षेत्रका बाहिङ जातिहरुले कुनै पनि सामाजिक, सांस्कृतिक, धार्मिक संस्कारहरु मान्दा समय र परिस्थिति अनुसार चुस्त समयमा, न्युन खर्चमा, शान्तिपूर्वक तरिकाले सम्पन्न गर्ने उद्देश्यका साथ *"ढिकुरेली बाहिङ समाज"* नामक गुठी संगठनको स्थापना गरिएको, मृत्यु संस्कारमा मृतकको किरिया गर्दा राँगो काटेर भोज खाने चलन समयको मागअनुसार अन्त्य भएको, विवाह गर्दा दुई छाक भोज खुवाउने चलनबाट एकछाकमात्र भोज खुवाउने चलन चलाइ आर्थिक भार कम गरिएको, जाँडरक्सी सेवन गर्नेले समुदायमा अशान्ति फैलाउने हुँदा, त्यसलाई कम गर्नका लागि गुठिले नियमहरु बनाइ लागू गरेको, पाहुना जाँदा वा आउँदा अनिवार्य रक्सी कोशेली बोक्ने चलनलाई हटाइ फलफूल तथा अन्य वस्तुहरु बोक्ने परम्पराको शुरुवात गरिएको, पाहुनालाई अनिवार्य जाँडरक्सी

दिने चलनलाई चियामा सिमित गरिएको, महिलाहरु धुँवामा बसेर खाना पकाउने चलनलाई धुँवारहित चुल्होमा खाना पकाउने चलन चलेको, बिमारी हुँदा धामीझाक्रीमा विश्वास राख्नेहरुको संख्या घटी अस्पताल जानेहरुको संख्या बढेको आदि जस्ता सकारात्मक सांस्कृतिक परिवर्तनहरु पाइयो भने बाहिङ युवा युवतीहरु आधुनिकताको पछि लाग्नले मौलिक एवं परम्परागत बाहिङ भाषा, लोकगीत, संगीत, वस्त्रआभुषण, आदि लोप हुने अवस्थामा दिनप्रतिदिन गइरहेको छ प्रेम विवाहलाई समय र आर्थिकभारको कारण देखाइ अभिभावकहरुले समेत निरन्तर प्राथमिकता दिदा परम्परागत मागी विवाहमा गरिने संस्कारहरु लोप हुने सम्भावना शोध अध्ययनका क्रममा पाइयो ।

## ६.२ निष्कर्ष

शोध कार्यस्थल ओखलढुङ्गा जिल्ला, बरुणेश्वर गा.वि.स. वार्ड नं. ७ का बाहिङ किरात जातिहरुको सामाजिक सांस्कृतिक पक्षसँग सम्बन्धित विषयहरुमा गरिएको यस शोध अध्ययनबाट निम्न निष्कर्षहरु निकालिएका छन् :-

१. कार्यक्षेत्रका बाहिङ किरात जातिहरु मंगोल मुलका आदिवासी जनजातिहरु मध्ये एक हुन् ।

२. बाहिङ जाति किरात खम्बु/राई का सन्तानहरुमध्ये रोङ्बु र खालुवाका शाखा रहेको, जो अरुण नदी वरिपरिबाट आदिमकालमै वल्लो किरात प्रदेश वा हालको ओखलढुङ्गा जिल्ला अर्न्तगत पर्ने रुम्जाटार भन्ने ठाउँमा आई बसोबास गरेका, जसले गर्दा रोङ्बुको नामबाट अपभ्रम्स भै **"रुम्जाटार"** नामाकरण भएको भन्ने अनुश्रुति पाइएको छ ।

३. बाहिङहरुको जातीय संगठन **बाहिङ किरात मुलुखीम** संस्थाको प्रारम्भिक अनुशन्धानमा बाहिङ जातिहरु देश विदेशमा गरी लगभग ५०-६० हजारको संख्यामा रहेको भनिए तापनि राष्ट्रिय जनगणा-२०६८ अनुसार जातको आधारमा १,६५२ महिला र १,४४४ पुरुष गरी जम्मा ३,०९६ जनसंख्या रहेका छन् भने भाषाको आधारमा ६,२४१ महिला र ५,४१७ पुरुष गरी जम्मा ११,६५८ जनसंख्या रहेका छन् । यसैगरी शोधस्थलका बाहिङहरु मिति २०७० साल कार्तिक २६ गतेसम्म जम्मा ४० घरधुरीमा ८९ महिला र ८८ पुरुष गरी जम्मा १७७ जनसंख्या कार्यक्षेत्र अध्ययनबाट तथ्य सङ्कलन गरिएको ।

४. कार्यक्षेत्रका बाहिङहरुको पारिवारिक बनौट रक्तसम्बन्ध र विवाहबाट स्थापना भएको र ४० घरधुरी मध्ये ३२ घरधुरी एकल र ८ घरधुरी संयुक्त परिवारले बनेको छ भने अधिकारका आधारमा

पितृसत्तात्मक, निवासका आधारमा पितृस्थानीय र वंशको आधारमा पितृवंशीय परिवार रहेको पाइन्छ । नातेदारी प्रणालीमा बाबुपट्टीका हाडनाता र आमापट्टीका दुधफोरा भनी चिनिन्छ ।

५. किरात खम्बु/राई का सन्तानहरु फरक भौगोलिक क्षेत्रमा बसोबास गर्दा फरक भाषा बोल्ने र फरक थर उपथरले चिनिन्छन् जस्तै बान्तावा, चाम्लिङ, थुलुङ, कुलुङ, बाहिङ, वम्बुले आदि । यसैगरी बाहिङ भित्रपनि रोङ्बु र खालुवाका सन्तानहरुको पनि फरक फरक पाछादोचा (उपथर) रहेको जस्तै हजुपाछा, युन्बुचा, दिलिङवाचा, थाम्रोचा आदि । यिनीहरुको आफ्नै दाप्सीनिङ (गोत्रीयनाम) रहेको, जसमा **कार्यक्षेत्रका बाहिङहरु रोङ्बुका शाखा अर्न्तगत दिलिङवाचा उपथर र देम्दिवा दोरिङवा वाबुलु वायुङमा दाप्सीनिङ** रहेको छ ।

६. वर्तमान समयमा बाहिङ किरात जातिहरु आफ्नो पुरानो बासस्थान रुम्जाटारलाई छाडेर ओखलढुङ्गा, सोलु, खोटाङ जिल्ला लगायत मुलुकका अन्य स्थानहरुमा र मुलुक बाहिरसमेत बसाइँ सरेर बसोबास गर्ने गरेका छन् भने कार्यक्षेत्रका बाहिङहरुको पूर्खा पनि रुम्जाटारदेखि मिझिम *(लाम्सोती)* गाउँ र लामसोतीदेखि एकजना **धोयुङमा** नामक **दिलिङवाचा बाहिङ** ढिकुरे *(कार्यक्षेत्रको नाम)* मा आएर बसोबास गरेको, उनैका सन्तानहरु हाल ३७ घरधुरीमा रहेको तथ्य ।

७. बाहिङहरु सामान्य कामकाजका लागि साझा (पारिवारिक) र पित्रीपूजा गर्दा तुम्लो (मुन्धुमी) भाषा गरी दुई प्रकारको भाषा बोल्ने गरेको, जुन टिबेटो बर्मन परिवार अर्न्तगतको उपभाषा तथा कथ्यरुपमा रहेको ।

८. कार्यक्षेत्रका बाहिङहरु हिन्दु, बुद्ध, किरात धर्म मान्ने गरेको भएतापनि मुख्य रुपमा यी जातिहरु प्रकृति पूजक (Nature Worshiper/Animist), पूर्खा पूजक (Ancentor Worshiper) तथा धामीझाक्रीवाद (Shamanism) मा विश्वस गर्ने भएकोले यिनीहरु **किरात धर्मलम्बी** रहेको । मुख्य रुपमा यी जातिहरुको धर्म आत्मावाद र धामी झाक्रिवादको समिश्रणबाट बनेको पाइन्छ भने यिनीहरुको धर्मग्रन्थ अलिखितरुपमा रहेको **मुन्धुम** हो ।

९. कार्यक्षेत्रका बाहिङहरुमा महिला पुरुष बीच सामान्यरुपमा समान रहेको भएतापनि अवलोकनका क्रममा परिवारको प्रमुखको भूमिका, आर्थिक निर्णय आदि विषयमा महिलाको तुलनामा पुरुषको भूमिका बढी रहेको पाइन्छ ।

१०. अध्ययन स्थलका बाहिङ किरात जातिहरुको स्वास्थ्य, क्षिक्षा, पेशा आदिको विषयमा बुझ्नका लागि दिर्घकालिन अनुशन्धान ढाँचा भित्र रहेर १५ वर्षको समय अन्तरालको तुलनात्मक अध्ययन गरिएको थियो । जसमा शिक्षा क्षेत्रमा १५ वर्ष अगाडि २ जना बाहिङ पुरुषमात्र उच्च शिक्षा हासिल गर्ने थिए भने हाल १७७ जनसंख्या मध्ये १६ महिला र १४ पुरुष गरी जम्मा ३० जना बाहिङहरु उच्चा शिक्षा लिइरहेकोले प्रगतिउन्मुख रहेकोछ । स्वास्थ्य क्षेत्रमा १५ वर्षभन्दा अगाडि बिमारी पर्दा धामीझाक्रिमा मात्रै विश्वास गर्ने गर्थे भने अहिले अस्पताल जाने र जानुपर्छ भन्ने चेतना वृद्धि भएको । पेशाको हकमा अध्ययन क्षेत्रका बाहिङहरु १७७ मध्ये ११४ जना परम्परागत निर्वाहमुलक कृषि पेशामा, २८ जना नोकरीमा र ५ जना साधारण व्यापारमा संलग्न रहेको र बाँकी १० वर्षभन्दा मुनिका बालबालिका र ७० वर्षभन्दामाथिका बृद्धबृद्धाहरु परनिर्भर समुहमा रहेका छन् ।

११. बाहिङहरु आफ्नो छिमेकीसँग सामाजिक, सांस्कृति, आर्थिक तथा अन्य जातजातिसँग आर्थिक लेनदेन तथा सरसहयोग गर्ने गरेको जसमा बस्तु पैंचो, रुपैया पैसा सापटी र कृषिकार्यमा पर्म गर्ने प्रथा रहेको ।

१२.कार्यक्षेत्रका बाहिङ जातिहरुको जन्मदेखि मृत्युपर्यन्तसम्म धेरै किसिमका संस्कृति संस्कारहरु रहेको जस्तै न्वारान, पास्नी, छेवर, गुन्युचोली, विवाह, मृत्यु संस्कार आदि, जुन संस्कारहरु किरात धर्मशास्त्र मुन्धुम अनुसार गर्ने परम्परा रहेको । विवाह अर्न्तगत मागी र प्रेम विवाह प्रचलनमा रहेतापनि वर्तमानमा प्रेम विवाह बढी प्रचलनमा रहेको । मृत्युभएको मानिसको लास जमिन खनेर गाडी चिहान बनाउने प्रचलन रहेको पाइन्छ ।

१३.चाडपर्वमा कार्यक्षेत्रका बाहिङहरुको प्रमुख पित्री/पूर्खा पूजा रहेको, जसमा एकछिन, एकदिनदेखि सातदिन सातरातसम्म मुन्धुमको अध्याय अनुसार गरिने जस्तै वाइलिङ्मो, बकललुक्चो, मोसुम, ताम, हङ सिली रहेको । ताम पूजा र हङसिलीमा विधिपूर्वक साकेला नाँच अनिवार्य नाचीने हुँदा अन्य किरात जातिहरुभन्दा फरक । यसबाहेक उधौली उभौली (सूसू), भूमि पूजा आदि चाडपर्व मान्ने गरेको साथै हिन्दू धर्म अर्न्तगतका दशैं र तिहार पनि मान्ने गरेका छन् ।

१४. बाहिङहरुको पहिचान दिने आफ्नै परम्परागत वस्त्रआभुषण, लोकगीत संगीत आदि रहेको छ ।

१५. पन्ध्र वर्षको अन्तरालमा कार्यक्षेत्रको सामाजिक संरचनामा धेरै सकारात्मक परिवर्तन आएको, जसमा सडक यातायात, शिक्षा, खानेपानी, सञ्चार, भवन आदिको निर्माण भएको । यस परिवर्तनबाट वायु प्रदुषण, पहिरो आदि जस्ता नकारात्मक असर पनि देखा परेको ।

१६. सांकृतिक पक्षमा पनि १५ वर्षको अन्तरालमा धेरै सकारात्मक तथा नकारात्मक परिवर्तन आएको, जस्तै सांस्कृतिक संस्कारहरु मान्दा गरिने फजुल खर्चमा कटौती, जाँडरक्सी प्रयोगमा न्यूनिकरण, मरेको मान्छेको किरिया गर्दा दिइने पशुबलीको अन्त, धामीझाक्रीप्रति गरिने विश्वासमा कमि आदि जस्ता सकारात्मक परिवर्तन भएको, तर बालबालिकालाई बाहिङ मातृभाषाको सट्टामा दोश्रो भाषामा बोल्न लगाउने, प्रेम विवाहको कारण मागि विवाहमा गरिने संस्कारहरु लोपोन्मुख हुने सम्भावनाका साथै आधुनिक तथा पश्चिमी भेषभुषा, गीतसंगीत, कलासंस्कृति आदिको बढ्दो प्रयोगले परम्परागत भेषभुषा, लोकगीत संगीत दिनप्रतिदिन लोपोन्मुख रहेको देखिन्छ ।

## ६.३ सुझावहरु

शोध कार्यक्षेत्रका बाहिङ किरात जातिहरु नेपालका आदिवासी जनजाति अर्न्तगतका एक जातिका रुपमा रहेकाछन् । शोधकार्यका लागि यी जातिहरुको सामाजिक सांस्कृतिक पक्षको अध्ययन गरिएको थियो । यी जातिहरुको सामाजिक सांस्कृतिक पक्षभित्र शोध अध्ययनका क्रममा शोधकर्ताले पत्ता लगाएका केही कमिकम्जोरीहरु छन् । यदि ती कमिकम्जोरीहरुलाई सुधार गर्न सकेमा बाहिङ जातिहरुको अझ प्रगति उन्नती हुने भएकोले सुधारका लागि निम्न बुँदाहरुमा सुझावहरु प्रस्तुत गरिएको छ :-

(१) बाहिङ जातिहरुले मागि विवाहको साथ प्रेम विवाहलाई पनि मान्यता दिएका छन् । यो राम्रो पक्ष मानिए तापनि अर्न्तजातीय विवाहलाई धार्मिक र सांस्कृतिक रुपमा मान्यता नदिएकाले अर्न्तजातीय विवाह गर्नेहरु दिनप्रतिदिन अन्य धर्म संस्कृतितिर लाग्न थालेको पाइन्छ, जुन भविष्यका बाहिङ जातिहरुको धर्म संस्कृतिका लागि ठूलो चुनौति बन्न सक्ने देखिन्छ । यसर्थ समय र परिस्थित अनुसार अर्न्तजातीय विवाह गर्ने मुल व्यक्तिहरुलाई नभए पनि उनीहरुका शाखा सन्तानहरुलाई बाहिङ धर्म संस्कृतिभित्र स्वीकार गरेमा भविष्यसम्म बाहिङ जातिहरुबीच एकता रहने देखिन्छ ।

(२) आफ्नै जातिभित्र कुनै भवितव्य वा दुर्घटनामा परी मृत्यु भएमा त्यसको दाहसंस्कार तथा किरिया धामीले भने अनुसार गर्ने परम्परा समय सान्दर्भिक देखिदैन । किनभने दाहसंस्कार भन्ने कुरा मानिस

मरेपछि, उसलाई उसका परिवार आफन्तहरुले अन्तिम पटक गर्ने मान, सम्मान, सत्कार हो । यसर्थ मानिस जुनसुकै तरिकाले मरे पनि मरेपछि गरिने संस्कार भने कसैको भनाइ अनुसार नगरी समानरुपमा गरे मर्ने मानिसको आत्माले अवश्य शान्ति पाउने छ साथै अन्य जातजातिहरुबाट पनि प्रशंसा पाउन सकिन्छ ।

(३) शोध कार्यक्षेत्रका बाहिङ जातिहरुलाई जातीय पहिचान दिने बाहिङ भाषा हो । तर एकतिर यस भाषाको अहिलेसम्म लेख्यारुप थोरैमात्र पाइन्छ भने अर्कोतिर बाहिङ युवाहरुले आफ्ना बालबच्चाहरुलाई मातृभाषा बोल्न सिकाउनको सट्टा दोश्रो भाषा बोल्न सिकाइरहेको अध्ययनका क्रममा पाइयो । यदि बाहिङ भाषालाई तत्काल लेख्यारुप दिएन र बोल्न जान्नेले बालबालिकाहरुलाई बोल्न सिकाएन भने भविष्यमा यो भाषा लोप भै बाहिङ जातिहरुको जातीय पहिचान हराउने सम्भावना देखिन्छ । यसर्थ भाषालाई जीवित राख्नका लागि शोधकर्ताले अध्ययनका क्रममा महसुस गरेका उपायहरु मध्ये, बाहिङ समुदायभित्र अनिवार्य आफ्नो भाषामात्र बोल्ने र बाहिङ गुठीले आफ्ना कार्यक्रमहरु गर्दा बाहिङ भाषामा मात्र गर्ने साथै कुनै चाडपर्वको अवसर पारेर बाहिङ विद्यार्थीहरुलाई भेलागरी बाहिङ भाषामा लोकगीत संगीत, कविता वाचन, कथा, निवन्ध लेखन, वादविवाद आदिजस्ता प्रतियोगिता सञ्चालन गरेमा भाषा भविष्यसम्म जीवित रहने छ ।

(४) कुनै सामाजिक सांस्कृतिक संस्कारहरु मनाउदा मासु र जाँडरक्सी नै चाहिन्छ भन्ने अनिवार्यतालाई हटाएर स्वेच्छिक बनाउनु पर्ने देखिन्छ । यसो गर्दा निम्न आय भएका घरधुरीले पनि सजिलै आफ्ना संस्कारहरु मान्न सक्दछन् ।

(५) बाहिङ जातिमा जीवित हुँदा चोपुनिङ *(वास्तविक नाम)* बाट बोलाइने र मरेको दिन बुलामनिङ *( पित्रीनाम)* राखी त्यो दिनदेखि चोपुनिङको सट्टा बुलामनिङबाटमात्र बोलाउनु पर्ने संस्कार रहेकोले बाहिङहरुको वंशहरुको नाम छुट्टाउन धेरै गाह्रो हुनुका साथ वंशावली लेख्दा कसैको चोपुनिङ, कसैको बुलामनिङ प्रयोग हुने र कसैको प्रयोग भएको नाम चोपुनिङ हो वा बुलामनिङ ? फरक छुट्टाउन कठिनाइ हुने भएकोले अवदेखि सबै सहमत भई मरेपछि पनि चोपुनिङ नै राखे वंशावली लेख्न सजिलो हुने देखिन्छ । किनभने १६ वर्ष भन्दा माथिका प्राय: सबैको चोपुनिङ अनुसारको नागरिकताको प्रमाणपत्र नेपाल सरकारबाट पाएकै हुन्छन्, जुन नागरिकता वंशावली तयार गर्नमा आधिकारिक प्रमाण पनि हुन्छ।

(६) आधुनिकताको प्रभाव कार्यक्षेत्रका बाहिङ युवा युवतीहरुमा पनि परेको देखिन्छ, जसका कारण बाहिङहरुका परम्परागत भाषा, भेषभुषा, कला, गीत, संगीत जस्ता जातीय पहिचानका वस्तूहरु लोपोन्मुख अवस्थामा रहेको पाइयो । यसर्थ यी वस्तुहरुलाई समुदाय वा गुठी संगठनले संकलन गरी सुरक्षित रुपमा संरक्षण र सम्बर्द्धन गर्नु पर्ने देखिन्छ ।

# अर्न्तवार्ता - अनुसूची

## बरुणेश्वर गाउँ विकास समिति वार्ड नं. ७ का बाहिङ किरात जातिको सामाजिक सांस्कृतिक पक्षसंग सम्बन्धित प्रश्नहरु :-

(१) उत्तरदाताको नाम, थर :- ............................................ उमेर :- ...............

लिङ्ग :- ........................ शिक्षा :- ..................... पेशा :- .......................

विवाहित वा अविवाहित ठेगाना :- .......................................................

धर्म :- ............................. मिती :- .....................................

(२) पारिवारिक विवरण :-

| क्र.सं. | नाम | लिङ्ग | उमेर | घरमुलीसंगको नाता | शैक्षिक योग्यता | पेशा | धर्म | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

(३) तपाइको पारिवारिक संरचना कस्तो छ ?

(क) एकल ............ (ख) संयुक्त / बृहत ..............

(४) समुदायमा प्रचलित विवाह ?

(क) मागी ............ (ख) प्रेम ...........

(ग) जारी ............ (घ) अन्य ................

(५) विवाहलाई कस्तो संस्कारका रुपमा लिनु हुन्छ ?

(क) सामाजिक ...................... (ख) सांस्कृतिक ............. (घ) दुवै ....................

(६) तपाइको समुदायमा अन्तरजातीय विवाह प्रचलनमा छ वा छैन ?

(क) छ ............ (ख) छैन ................

(७) तपाइले अन्तरजातीय विवाहलाई कुन दृष्टिकोणले हेर्नु भएको छ ?

(क) सकारात्मक .......... (ख) नकारात्मक ..........

(८) यस ठाउँमा तपाई कहिलेदेखि बस्दै आउनु भएको हो ?

(क) पुर्खाहरुको पालादेखि...... (ख) बाबुको पालादेखि.........(ग) आफ्नै पालादेखि ........

(९) तपाईलाई आफ्ना पूर्खाहरुको नाम थाहा ?

(क) छ ............. (ख) छैन .............

(१०) पूर्खाहरुको नाम थाहा भए कति पुस्तासम्मको थाहा छ ?

(क) १ पुस्ता ........ (ख) ३ पुस्ता ........ (ग) ४ पुस्ता ...... (ग) ५ पुस्ताभन्दा माथि .........

(११) तपाइको मातृभाषा कुन हो ?

(क) राई .......... (ख) बाहिङ .......... (ग) नेपाली ..........

(१२) तपाइको मातृभाषा लिखित वा अलिखित के छ ?

(क) लिखित ................ (ख) अलिखित ............

(१३) तपाईको परिवारमा प्रमुखको भुमिका कसले निभाउछ ?

(क) महिलाले ................ (ख) पुरुषले ............. (ग) दुवैले बराबरी .......

(१४) तपाइको परिवारमा छोरा र छारी वीच भेदभाव छ छैन ? छ भने के के कुरामा छ ?

..............................................................................................................

(१५) तपाइको परिवार र छिमेकी वीच कस्तो सम्बन्ध रहेको छ ?

(क) राम्रो ...... (ख) नराम्रो ............... (ग) सामान्य ................

(१६) तपाइको परिवारले छिमेकीसंग केके कुरामा सहयोग लेनदेन गर्ने गरेको छ ?

(क) आर्थिक ............. (ख) सामाजिक ............ (ग) सांस्कृतिक ...............

(१७) तपाइको समुदायमा तपाइको जाति बाहेक अन्य जातजातिहरु पनि बस्छन्?

यदि बस्छन् भने कुनकुन जातिहरु बस्छन् ?

..............................................................................................................

(१८) तपाइको अन्य जातजातिसंग कस्तो सम्बन्ध रहेको छ ?

(क) राम्रो .......... (ख) नराम्रो ..................... (ग) सामान्य ................

(१९) तपाइको जातिलाई अन्य जातिहरुभन्दा छुट्टै पहिचान दिने गरगहना, भेषभुषाहरु छन् ?

(क) छन् .......... (ख) छैनन् .......... (ग) थाहा छैन ..........

यदि छन् भने के के छन् ?

| महिलाले लगाउने गरगहना, भेषभुषाहरु | पुरुषले लगाउने गरगहना, भेषभुषाहरु |
|---|---|
| | |

(२०) तपाइको जातिका आफ्नै लोकगीत संगीतहरु ?

(क) छन् ............. (ख) छैनन् ...............

(२१ यदि छन् भने, तपाइलाई थाहा भएका के के हुन् ?

.....................................................................................................................

(२२) तपाइको समुदायमा प्रचलित मुख्य परम्परागत चाडपर्वहरु केके हुन् ?

.....................................................................................................................

(२३) यी मुख्य चाडपर्वहरु बाहेक अन्य चाडपर्वहरु छन् ? छन् भने के के हुन् ?

.....................................................................................................................

(२४) मुख्य र अन्य चाडपर्वबीच के अन्तर रहेको छ ?

.....................................................................................................................

(२५) तपाईले कुनै आफ्ना परम्परागत चाडपर्व मनाउन छाड्नु भएको ?

(क) छ .......... (ख) छैन .......... (ग) समयअनुसार परिवर्तन ..........

(२६) तपाईको जातिमा सामाजिक सांस्कृतिक संस्कारहरु मनाउदा खर्च कतिको हुनेगर्छ ?

(क) सामान्य .......... (ख) धेरै ............ (ग) अतिधेरै ...............

(२७) सामाजिक-सांस्कृतिक संस्कारहरुमा गरिने खर्चहरुमा तपाई कटौति गर्न चाहनु हुन्छ वा हुदैन ? र किन ?

.................................................................................................................................

.................................................................................................................

(२८) तपाइको समुदायभित्र जन्मसंस्कार कसरी गरिन्छ ?

.................................................................................................................................

.................................................................................................................................

...................................................................................................

(२९) तपाइको समुदायभित्र मृत्युसंस्कार कसरी गरिन्छ ?

.................................................................................................................................

.................................................................................................................................

...................................................................................................

(३०) हाल प्रायः मानिसहरुले आफ्ना परम्परागत तथा धार्मिक चाडपर्वहरु मनाउन छाड्दै गएका वा परिवर्तन गरिरहेको अवस्था छ । तपाईको विचारमा मानिसले चाडपर्वहरु मान्न छाड्नु वा परिवर्तन गर्नुको कारण के होला ?

(क) आर्थिक........ (ख) धार्मिक ......... (ग) राजनैतिक .......... (घ) शिक्षा ......

(३१) तपाइको समुदायमा भएको सामाजिक परिवर्तनले समुदायलाई कस्तो किसिमको प्रभाव पारेको छ?

(क) सकारात्मक .................. (ख) नकारात्मक ............. (ग) दुबै .............

(३१) तपाइको समुदायमा भएको सांस्कृतिक परिवर्तनले समुदायलाई कस्तो किसिमको प्रभाव पारेको छ?

(क) सकारात्मक .................. (ख) नकारात्मक ............. (ग) दुबै .............

(३२) सामाजिक-सांस्कृतिक परिवर्तनलाई तपाइ के भन्नु हुन्छ ?

(क) उचित ................ (ख) अनुचित ............... (ग) समयको माग ...........

(३३) तपाइको जाति भित्र रहेको सामाजिक सांस्कृतिक संस्कारहरुमा विगत १५ वर्षभित्र परिवर्तन भएका छन् कि छैनन् ? यदि छन् भने, तपाइलाई थाहा भएका सामाजिक सांस्कृतिक परिवर्तनहरु बताइ दिनुहोस् ।

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..............................................................................................................

(३४) आधुनिकिकरणले विश्व युवासमुहलाई प्रत्यक्ष प्रभाव पारेको सन्दर्भमा तपाईको समुदायका युवाहरुलाई प्रभाव पारेको छ कि छैन ? यदि प्रभाव पारेको भए सकारात्मक कि नकारात्मक ?

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

...........................................................................................

# सन्दर्भग्रन्थ-सूची


अधिकारी, हेमाङ्गराज,२०६८ : **प्रयोगात्मक नेपाली शब्दकोश**, *विद्यार्थी प्रकाशन प्रा.लि.काठमाडौं.*

अर्याल, भोजेन्द्र, २०६६ : सामाजिक संस्था र प्रक्रियाको विश्लेषण, *ज्ञानकुञ्ज प्रकाशन, काठमाडौं*

के.सी., टङ्क, २०६६ : प्राचीन धर्म संस्कार आधुमिक अलङ्कार *लोकसंगीत कला प्रतिष्ठान, नेपाल*

*गुरुङ्, डा. हर्क, २००० : नेपाल जनजाति महासंघ स्मारिका, , काठमाडौं*

नेपाली, गोपाल सिंह, १९६५ : नेवारहरु : हिमाली समुदायको प्रजाती समाजशास्त्रीय अध्ययन, *युनाइटेड एशिया पब्लीकेशन, बम्बे*

प्रपन्नचार्य, स्वामी, १९५२ : किराँतको प्राचिन इतिहास, *काठमाडौं*

बानियाँ, राम, २०६५ : बाहिङ किरात महिलाहरुको सामाजिक, आर्थिक, राजनैतिक क्षेत्रमा पितृसत्तात्मक संरचनले पारेको प्रभाव, *शोध पत्र त्रि.वि.*

बाहिङ, तेजलाल, २०६४ : बाहिङ लोरा तुम्लो, *राँगाद्धिप-२, ओखलढुङ्गा*

राई, बल बहादुर, *२०६३ :* बाहिङ किरातको इतिहास, *बाहिङ किरात मुलुखिम*

राई, मुगामाया, २०५५ : बाहिङ जातिमा प्रचलित लोककथाहरुको संकलन र अध्ययन, *शोधपत्र त्रि.वि.*

राई, मोहनराज, 2011 : Socio-Economic Condition of Bahing Kirat Community *Thesis, T.U.*

शर्मा, नगेन्द्र, २०४९ : नेपाली जनजीवन, *साझा प्रकाशन*

शर्मा, प्रयागराज, १९७७ : जात सामाजिक गतिशिलता र संस्कृतिकरण नेपालको पूरानो बैधानिक ऐनको एक अध्ययन, *कैलाश पत्रिका*

विष्ट, डोर बहादुर, *२०३२ :* सबै जातका फूलबारी, *साझा प्रकाशन कामाडौं*

ह्वाङ्ग, बुद्धिकुमार, २०६९: किरात बाहिङ (वायुङ) तुम्लो, *बाहिङ किरात मुलुखिम काठमाडौं*

David, Holmberg H., 1989: Order in Paradox: Myths, Ritual and Exchange among Nepal's Tamang, *Cornell University*

Dahal, D.R., 2003: Social composition of the population: Caste/Ethnicity and religion in Nepal population of monograph of Nepal.

Chapter-3: Vol.I (pp. 87-135. *Kathmandu, CNAS*

Driem, V. Goerge, *1880*: Bahing and the Proto Kiranti Verb, London, UK.

Eppele, John, *2003*: Kathmandu valley survey: Bahing, Thulung and Wambule Rai.

Fisher F. James, *1986*: Culture Tran-Himalayan Traders : Economy, Society and in Northwest Nepal, *University of California Press*

Fisher F. William, *2001*: Fluid Boundaries : Forming and Tranforming Identity in Nepal, *Columbia University Press*

Gaenszle, Martin,2000 : Origins and migrations : Kinship, Mythology and Ethnic Identity among the Mewahang Rai of Eastern Nepal, *Madala*

Gunaratne, Arjun,*2002*: Many Tongues One People : The Making of Tharu Identity in Nepal, *Cornell University Press, Ithaca*

Hitchcock, John T. Spirit Possession in The Himalayas : *Vikas Publishing House Pvt.Ltd. India.*

Lee, Moureen B. *2005*: Bayung Rai : A Sociolinguistic Survey : Centre for Nepal and Asian Society, T.U.

Liechty, Mark ,2008 : Suitably Modern, Making Middle Class Culture in a New Consumer Society. Kathmandu, *Martin Chautari.*

McDougal,1979: The Kulung Rai : A Study in kinship and Marriage exchange bibliotheca Himalayan Series-3 Vol.14,*Ratnapustak Bhandar, Kathmandu*

Ortner, Shery B.,1978: Sherpa's through Their Rituals, *Cambridge University Press.*

Convention on Indigenous and Tribal People : *International Labour Organization (No. 169, 1998), Book Points, Kathmandu, Nepal.*

निप्सुङ, २०४८, किरात राई यायोक्खा, काठमाडौं ।

नेपालको अन्तरिम संविधान-२०६३ (आठौ संशोधन), *कानुन व्यवस्थापन समिति, काठमाडौ।*

बायुङ बर्नमाला नुङ रेक्चोम् तरिकाके सेन्चोम लोद, २००९, *बाहिङ किरात मुलुखिम केन्द्रिय कार्यालय, काठमाडौं ।*

बाहिङ के मिम्खा, २०६३, *बाहिङ किरात मुलुखिम केन्द्रिय कार्यालय काठमाडौं ।*

बाहिङ के मिम्खा, २०६८, *बाहिङ किरात मुलुखिम केन्द्रिय कार्यालय काठमाडौं।*

राष्ट्रिय जनगणना, २०६८, *केन्द्रिय तथ्याङ्क विभाग, राष्ट्रिय योजना आयोग सचिवालय काठमाडौ ।*

# परिशिष्ट-१

## १. रोङ्बु/रुम्दाली, खालुवा तथा नेचाली बाहिङ भित्रका पाछ्रा (दोचा)हरु र तिनीहरुका दाप्चि/दाप्सि निङहरुः-


| क्र.सं. | पाछ्रा (दोचा) | दाप्चि/दाप्सि निङ (गोत्रीय नाम) |
|---|---|---|
| १ | **रोङ्बु/रुङ्बु** | **हनिसे, जुम्नीसे, भक्पालु सिरिक्सा, थाम्लेवा, वालेखा, नाम्बुमा, रिम्निवा, द्याम्निवा दोरिङ्वा, वातुलु वायुङ्मा, बुदुलु दरिता, खारुतेम्बा बालायो** |
| २ | हजुपाछ्रा | जुम्नीसे ह्वनुसे भम्पलु सीरीकसा ु। |
| ३ | थाम्रोचा | थाम्नीवा वालाका रीम्नीमा नाम्बोमा । |
| ४ | दिलिङपाछ्रा (बाचा) | देम्दीवा दोरीवा वावुलु वायुङ्मा । |
| ५ | दिर्वुचा | बुदुलु हारीता खारीते वायेलोङ्मा । |
| ६ | युन्वुचा | देम्दीवा दोरीवा लोनीवा लोनीता । |
| ७ | दुङमोचा | दुनीसे साङाका भक्पलु सीरीक्सा । |
| ८ | रोकेचा | रकह्व नकह्व खोसीङ्वा रोरीङ्वा । |
| ९ | खारादिवुर्चा | खाराह्व लिप्लीह्व तयह्व तपुह्व । |
| १० | मुपुचा | मुप्दुलु सिरिम्सा । |
| ११ | खारायुल्चा | तङ्दीसे तमोका तुन्दिसे तिरिका खाराह्वा लिप्लिह्वा । |
| १२ | **खालुवा/खालिवा** | **ओङ्खोलु खोरोक्पा, तेपायु सिरोङ्मा, ओङ्खोलु खोरोक्पा, तेपायु नायुङ्मा, ओङ्खोलु खोरोक्पा, सिबिसे फियोङ्** |
| १३ | तोलोचा | ओङ्खोलो खोरोक्पा सिबिसे फियुङ्मा । |
| १४ | मोब्लोचा | ओङ्खोलो खोरोक्पा लुरीपा साङाखा । |
| १५ | रिपोचा | ओङ्खोलो खोरोक्पा बानुसे लुनिसा रिदुली सुपुर्मा । |
| १६ | नीथाला रिपोचा | ओङ्खोलो खोरोक्पा ह्वानिसे तङेदीसे जुम्नीसे । |
| १७ | तोनिमी | ओङ्खोलो खोरोक्पा साङापा लुरिपा लिन्दीसे याखेपा । |

| | | |
|---|---|---|
| १८ | सुस्तोचा | ओङ्खोलो खोरोक्पा साङापा लुरिपा बाराले हियुङ्मा नाम्रीङ्मा पिछले । |
| १९ | मुनारी | ओङ्खोलो खोरोक्पा साङापा लुरिपा सिबिसे धोनिता । |
| २० | ह्वालिन्दी | ओङ्खोलो खोरोक्पा साङापा लुरिपा सिबिसे फियुङ्मा । |
| २१ | जोइलिङ्ग | ओङ्खोलो खोरोक्पा साङापा लुरिपा तङ्दुसे वालेखा । |
| २२ | मुलुवा | ओङ्खोलो खोरोक्पा मुलुवा लेसावा साखुपा लेखुवा । |
| २३ | पियाचा | ओङ्खोलो खोरोक्पा साङापा लुरिपा सिबिसे लुरिपा हुन्दुलु दुखुङ्मा पितुलु पितुक्सा । |
| २४ | ह्वाङ्गुचा | ओङ्खोलो खोरोक्पा लोतेसा पाइवा दुङ्मोवा खालुवा रिम्मावा मुलुवा लेसावा साखुवा लोखुवा |
| २५ | रिनाम्साचा | ओङ्खोलो खोरोक्पा तङ्दिसे लोरिक्पा साङाखा । |
| २६ | **नेचालीदके बुम्था** | **मामायो लुनायो सालायो साप्लायो** |
| २७ | नाम्र्यासाचा | नाम्दुलु ह्वखा दुन्दुलु दुलेता |
| २८ | सेचोचा | तङ्दीसे तमोका तिङ्दीसे तिरीका । |
| २९ | रल्लोचा | रोनिसे साङाका दुनिसे ह्वाखा । |
| ३० | बोनो | हान्ताकु लोरिमा चिताकु प्लिङ्मायो मिन्तीकु लुक्साले । |
| ३१ | नोपो बोनो | आयोहो नपोहो सबुन्दुवा बुन्दुवा चितायो प्लिङ्मायो । |
| ३२ | जुगुले बोनो | हाहारी हावारी ढँढँरी ढरिता हान्ताकु लोरिका । |
| ३३ | सल्लो बोनो | सन्चालो साती चितायो प्लिङ्मायो । |
| ३४ | प्रोङ्मोचा | प्रोङ्दलु हारिता जेप्देले सेलेता । |
| ३५ | दुफ्लोचा | दुदुले दुफ्लेता पिछालु देसोङ्मा । |
| ३६ | तेम्लोचा | तेन्दुलु ङेचाखा बिनासे लोरिङ्मा । |
| | ............आदि | ........................................ आदि |


श्रोत: *लि-२००५, तेजलाल-२०६४, ह्वाङ्ग-२०६९*

## परिशिष्ट-२

# शोध अध्ययनसँग सम्बन्धित केही तस्विरहरु ☞




तस्बिर नं. १ पचहत्तर जिल्ला भित्र ओखलढुङ्गा जिल्ला ☝





तस्बिर नं. २ ओखलढुङ्गा जिल्लाको नक्सा




**तस्बिर नं.३** ओखलढुङ्गा सदरमुकाम नामाकरण गरिएको ढुङ्गा




**तस्बिर नं.४** बाहिङ पूर्खाहरु रोङ्बु र खालुवाको बसोबास स्थल "रुम्जाटार"




तस्बिर नं.५ शोध कार्यस्थल, बरुणेश्वर गा.वि.स. वार्ड नं. ७ ढिकुरे, ढुस्के



तस्बिर नं. ६ परम्परागत बाहिङ घर





तस्बिर नं. ७ आधुनिक बाहिङ घर



तस्बिर नं. ८ *बाहिङ नक्सो बुद्धिकुमार,* साथमा अन्य उत्तरदाताहरु बिर, टेक, कृष्ण, खड्ग, भुपाल, किसान, शान्ता




तस्बिर नं.९ ताम पूजाको लागि तयारी गरिदैं




तस्बिर नं.१० मोसुम पूजा थान




तस्बिर नं.११ ताम पूजामा विमारीले नक्सोबाट आशिष थाप्दै




तस्बिर नं.१२ "कठुवा" बाहिङहरुको विवाह, पित्रीमा अनिवार्य चाहिने वस्तु



**तस्बिर नं.१३** पित्री पूजामा उपस्थित बाहिङ महिलाहरु




तस्बिर नं.१४ सामुहिक छलफलमा उपस्थित बाहिङहरु





तस्बिर नं. १५ सदरमुकामबाट कार्यक्षेत्र जोड्ने सडक



तस्बिर नं .१६ परम्परागत भेषभुषामा बाहिङ महिलाहरु



तस्बिर नं.१७ बाहिङ महिलाहरुको गरगहना



तस्बिर नं.१८ बाहिङ जातिमा दशैं ✍



तस्बिर नं.१९ बाहिङ जातिमा तिहार ✍



तस्बिर नं.२० उत्तरदाता आश्लक्ष्मी (८४), बिर बाहिङ (५५) साथमा शोधकर्ता ।




तस्बिर नं.२१ कार्यक्षेत्रका बाहिङ वंश सम्बन्धी ज्ञाता ८७ वर्षिय इन्द्र ब. बानियाँ।




तस्बिर नं. २२ सामुहिक छलफलमा उपस्थित बाहिङ अग्रजहरु देश ब.  जय ब. बाहिङ ।





तस्विर नं. २३ शोधकर्ताका स्वर्गीय बुबा आमाद्वय भैरब बहादुर तथा विष्णु कुमारी

# परिशिष्ट-३


१. ओखलढुङ्गा जिल्ला, बरुणेश्वर गा.वि.स. वार्ड नं ७ ढिकुरेमा बसोबास गर्ने रोङ्बु बाहिङका सन्तानहरु (वंशावली)

धो योङ्मा / धोयुङ्मा, ............................................ ?
सूरबिर ................................................................ ?
मनजिते............................................... ?





मणिधन (कारबारी कान्छा टोल)
माइतीलाल
माइला (नाम नखुलेको)
तुलाजोर
सार्कीधन
जसभागी
भैरब
बडाजित (मरेको)
डोमा (छोरी)
लामाजित
टेकु (छोरी)
कुलजित
असारजित
कृष्ण ब.
बम(छोरी)
जोर(छोरी)
बिमला (छोरी)
आशा(छोरी)
रमा (छोरी)
रमेश
श्याम
रुकमन
समिता (छोरी)
बिमला (छोरी)
शर्मिला (छोरी)
अशिम
रोशिका(छोरी)
चन्द्र प्र.
पृथ्वी ब.
सृजना (छोरी)
बुनु (छोरी)
आशिष
शान्ता
रुद्र
पूर्ण
योगेन्द्र
सुवास
अमृत
यम
नन्दा(छोरी)
श्याम(छोरी)
बिन्दु(छोरी)
स्वास्तिका(छोरी)
युवराज
नवराज
निशा(छोरी)
दिलकुमारी(छोरी)
मनकुमारी (छोरी)
टि.डी./गंगा
मैनाकुमारी (छोरी)
तिर्थलक्ष्मी (छोरी)
अंकित रुम्दाली


# मोस्टे/मोस्ते (टोल)



माइतीलाल (राज)
बिर्तुमन
बुद्धिराज
धनहर्क (नि:सन्तान)
सत्त ब.
साहिला(नामनखुलेको)
धन ब.
चन्द्र ब.
गोन्जु
हर्क (छोरी)
इन्द्र
तिलकजङ्ग
बाला(छोरी)
सजना(छोरी)
गंगाराज
नन्दा(छोरी)
मन(छोरी)
राम
लक्ष्मी(छोरी)
अविनाश
फूल(छोरी)
शुष्मिता(छोरी)
देव
अमृता(छोरी)
मनिका(छोरी)
सुजता(छोरी)
अमित
सञ्जीता(छोरी)
सञ्जीना(छोरी)
सञ्जीव
रियाना(छोरी)
रचित
भुपाल
पञ्च(छोरी)
भिम(छोरी)
बम
कृष्ण(छोरी)
सानो(छोरी)
गोपाल
प्रजित
पवित्र(छोरी)
पवन
आयुष
इनिज
प्रवेश
चतुरमन
पुस्मे
जितबिर
कान्छा (नामनखुलेको)
कर्ण
माहिला(नामनखुलेको)
अमृत
कान्छा (नामनखुलेको)
मेख
डल्ली(छोरी)
भिम
सुर्य
सन्त
सिता(छोरी)
दंदी(छोरी)
राज(छोरी)
नैना(छोरी)
डिक(छोरी)
सानो(छोरी)
तिर्थराज
गिरिराज
बिर
काली(छोरी)
कल्पना(छोरी)
अनिता(छोरी)
सुनिता(छोरी)
चमना(छोरी)
मजुना(छोरी)
ममता(छोरी)
राजन
राजेश
ज्ञानेन्द्र
मनिला(छोरी)
सनिला(छोरी)
सृजना(छोरी)
अस्विन
अमित
सबिना (छोरी)
सोनिया(छोरी)
समिर


हर्क ब.
बलधन
पिन्चु(छोरी)
हस्त(छोरी)
जस्तोड(छोरी)
टेकधन
देश ब
बुद्धि कु.
दुर्गा(छोरी)
विष्णु(छोरी)
सबिन
डिक(छोरी)
ज्ञानेन्द्र
पुष्पराज
तारा
कन्चन(छोरी)
सुवाडे(टोल)
तुलबिर
हिमा(छोरी)
धर्मे
चर्तुसिं
अष्टलक्ष्मी(छोरी)
जोरजित
हुचे(मरेको)
बजिरधन
हर्कलक्ष्मी(छोरी)
आश्लक्ष्मी(छोरी)
बिर ब.
फागु (छोरी)
हर्कमाया(छोरी)
दिगा(छोरी)
हान्ती(छोरी
पार्वती(छोरी)
गोमा(छोरी)
सार्की(छोरी)
बेञ्जु(छोरी)
लिला(छोरी)
आशा(छोरी)
प्रकाश
मिलन
सुकरत्ता(छोरी)
आस्मन(टोल)
ध्वजे
साङ्गे
कृष्ण
डोमा(छोरी)
कान्छी(छोरी)
सूर्य
रितेश
सिता (छोरी)
सोनाम

## खाल्केपा (नेचाली टोल)




श्रोतः *कार्यक्षेत्र अध्ययन (भुपाल, गंगाराज, दुजमाया, जय ब., टेक ब, बिर ब, कृष्ण ब., दिलकुमारी, बुद्धिसरी, आश्लक्षी बाहिङ तथा इन्द्र बानियाँ, २०७०।०६।२४ देखि २०७०।०७ २६ गतेसम्म)*